यो असलि हिन्दुस्थाना हो । आफ्‌ना कुलाधर्म नछोडनु ।
राष्ट्रनिर्माता पृथ्वीनारायण शाह

बाइबल र माओवाद

अर्जुन ज्ञवाली
पेशलकुमार निरौला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

लेखकका बारेमा

अर्जुन ज्ञवाली विगत १५ वर्षदेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय पत्रपत्रिकामा लेखरचना लेख्दै आइरहनुभएको छ। उहाँका ५ सयभन्दा बढी लेख रचना प्रकाशित हुनुका साथै दरबार हत्याकाण्डको रहस्य (सचेतनामञ्च) (Thunder of the Maoist Revoluation) (निरन्तर प्रकाशन), राष्ट्रसंघको छातामुनि सीआईए लगायत अनेकौं पुस्तक प्रकाशित छन्। उहाँ हाल विश्व हिन्दू महासंघ (अन्तर्राष्ट्रिय) केन्द्रीय समिति सल्लाहकार संयोजक हुनुहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सनातन वैदिक धर्म यति जरो गाडेर बसेको छ, कसैले केही नाप्न सक्दैन, २-४ जना बाहुनहरू बिग्रिएर यो उखेलिनेवाला छैन । वैदिक सनातन हिन्दू धर्म त्यसलाई प्रतिपादन गर्ने ग्रन्थहरू यति गाढा छन्, त्यो कसैले केही असर पुऱ्याउन सक्दैनन् । केही बाहुनहरू बिग्रिएर मन्द पार्न सक्छन् ।

डा. स्वामी प्रपन्नाचार्य (काले राई), सिर्जना र दृष्टिकोण, पेज नं. ६१०

परम आदरणीय संस्कृत एवं संस्कृति अध्येता
श्री सुबोध शुक्लाज्यूमा सादर !
२०७२।६।१५
पेशल कुमार निरौला
सिनामंगल त्रि.वि. कीर्तिपुर
९८४१५८८३४६

बाइबल
र
'माओवाद'

अर्जुन ज्ञवाली

पेशलकुमार निरौला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाइबल र माओवाद

लेखन/संकलन र सम्पादन : अर्जुन ज्ञवाली/पेशलकुमार निरौला

संस्करण : २०७० असोज (पहिलो)
: २०७१ बैशाख (दोस्रो)
: २०७२ बैशाख (तेस्रो)
प्रकाशक : विश्व हिन्दू महासंघ तथा विश्व बौद्ध सम्मेलन

सर्वाधिकार : लेखकमा सुरक्षित

भाषा-सम्पादन : शम्भुहरि बास्तोला
आवरण/लेआउट : केदार अधिकारी ९८५१०७२११६
मुद्रक : आवृत्ति छापाखाना
बागबजार, काठमाडौं
मूल्य : ने.रू. २७५।- (साधारण)
: रू. ४००।- (संस्थागत)

पुस्तक वितरक : प्रगति पुस्तक सदन, बागबजार, ०१-४२४०८१५, भिजन बुक्स पब्लिकेशन, शंकरदेवमार्ग, ९७४१०१६३३९, हिमालय बुक स्टल, डिल्लीबजार, ०१-४४२१६२९, जागरण बुक हाउस, अद्वैतमार्ग

विशेष आभारः यो पुस्तकको विषयवस्तु र प्रकाशन गर्न निरन्तर घचघच्याइरहनुहुने आदरणीय मित्रहरू माननीय संस्कृतिमन्त्री कृपासुर शेर्पा, विष्णुप्रसाद शर्मा (डिल्लीबजार), प्रकाश कार्की (सोलुखुम्ब), श्रीलाल थापा (सोलुखुम्बु), डा. बद्रीनारायण गौतम (सिनास), उपप्राध्यापक अभिलाल शाह (सिनास), डा. जेवी पाठक, मिलन पोखरेल (चितवन), डा. मिठाराम विश्वकर्मा, पूर्वमन्त्री हरिशंकर परियार, बलभद्रनाथ योगी, नवराज अधिकारी (अन्तर्राष्ट्रिय मञ्च), रामसिह रावल, विदुर लामा (कीर्तिपुर), सभासद् सुवर्ण ज्वाहरचन, दयालबहादुर शाही, ध्रुव बस्नेत (कीर्तिपुर), बालकृष्ण शिवाकोटी, अधि(वक्ता बासु शर्मा, श्री नदनकुमार शर्मा (दाङ), ई. रामशरण सापकोटा, मानवअधिकारकर्मी तथा लेखक महामुनिश्वर आचार्य, वरिष्ठ साहित्यकार सूर्य सुवेदी, समाजसेवी गोविन्द निरौला, द्रोणप्रसाद अधिकारी (गोरखा), पृथ्वीविचारका लेखक खगेन्द्र सिटौला, कवि मातृदास, प्रदीप योगी (गोरखा), यादव पाण्डे (नुवाकोट), बजिर थापा (गुल्मी, तम्घास), केशरबहादुर खड्का (सिन्धुपाल्चोक), मनोज सार्थक (जनआज्ञा मासिक), एनएस लामा (सम्पादक क्राइम टुडे), पुस्तकको सज्जा र प्रकाशनमा सहयोग गर्नुहुने केदारजीप्रति आभारी छौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो संस्करणको भूमिका

धर्म नमान्ने तत्वलाई प्रयोग गरे

अर्जुन ज्ञवालीद्वारा लिखित बाइबल र माओवाद आद्योपान्त पढें, म माओ विचार वा मार्क्सवादको विद्यार्थी हुँ, बाइबल ससम्मान पढ्छु । तर म यी दुबै होइन ।

यथास्थान सम्मान सबै धर्मको गरिन्छ, अनुशरण आफ्नै धर्मको गरिन्छ । कसैले पनि अर्काको धर्मप्रति अनुदार र कुदृष्टि राख्नु अधर्म हो । धार्मिक मान्छेले आफ्नो धर्म मान्नेको संख्या बढी गराउने यत्न गर्दैन । संख्या बढी हुनुले धर्मको महिमा कायम भइहाल्ने होइन ।

यस प्रसङ्‌गमा यहाँ म अधिक भन्दिन किनकि ज्ञवालीजीको यो लेखन वस्तुतः धर्म-अधर्मसित छैन, किन्तु धर्मको अपव्याख्या र त्यस्तै माओवादको नाममा माओको विचार कदाचित् उपहास जसरी भइरहेको छ, त्यसको सूक्ष्म तर तिखो सत्यतथ्य उद्‌घाटन हो । पूर्वीय दृष्टिकोणमा धर्म सामाजिक, भातृत्वको विस्तार गर्ने आचार-विचार हो, सम्प्रदायवाद होइन । सम्प्रदायको स्थापना विना नै वादविवाद, पक्ष विपक्षको शृखला कायम गर्न सकिन्छ, त्यसैलाई हाम्रा आचार्यहरूले दर्शन भने । यो शृंखला निरन्तर रहिरहन्छ, यसैलाई गतिशीलता भनिन्छ । तर सम्प्रदायवादीहरू त्यस्तो निरन्तरतालाई रोकिदिन्छन्- अहिले संसारमा तिनकै चल्ती छ । ईसाई धर्मका अनेक रूप छन्, किनभने अनेकलाई आफू मठाधीश हुनु परेको छ । बाइबल एउटै छ, जिसस क्राइस्ट एउटै थिए । मुहम्मद एउटै हुन् । उनले सिया, सुन्नीको कल्पना पनि गरेनन् होला, कुरानको अर्थसित अहिले त्यति प्रयोजन राखिन्न, मुहम्मदका अनेक सम्प्रदाय छन्, तिनका मठाधीशले के भने त्यसैमा रगमगिनु,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमुख कार्यक्षेत्र बनेको छ। कुन हो इस्लाम ?

यो हो संसारकै कथा। अब नेपालमा अर्को अनर्थ देखियो- ईसाईहरू लगभग तीन सय वर्षदेखि नेपालमा ईसाईयत फैलाउन उद्योग गर्दैआएका हुन्। तर फैलिएन। यस शताब्दीको प्रारम्भमा आइपुगेपछि उनीहरूले नयाँ उपाय गरे।

धर्म नमान्ने राजनीतिक तत्वलाई ईसाई मठाधीशहरूले आफ्नो धर्म स्थापनाको निमित्त सहयोग गरे। उपयोग गरे, त्यो कुटिल चाल त धेरै सफल भयो, माओवादीको यो देन त कायम रहने देखिन्छ, तर खुद कथित माओवादको भविष्य त तुहिँदै जान थालेको अहिले स्पष्ट भइहाल्यो। त्यो वास्तवमा माओको विचार पनि थिएन, तुहिनु स्वाभाविक हो। तर मार्क्सिज्मको एउटा धारा कहिल्यै सुक्दैन- त्यो धारा एक थरी सही क्रान्तिकारीले बोकिरहेकै छन्। ज्ञवालीजीले यसलाई विस्तृत रूपमा र विज्ञतासाथ अनुसन्धानद्वारा प्रतिपादित गरी देखाउनु भएको छ। उहाँको उत्तरोत्तर लेखन चलिरहोस् भन्ने कामना गर्दछु।

छुवाछुत उल्लेख छैन

सम्प्रदाय र पन्थको मतभेदले जहाँ हिन्दूहरूको उदार भावना देखियो, त्यहीं ठूलो हानी भएको देखिन्छ। वैदिककालिक हिन्दूहरूमा सम्प्रदाय र पन्थ थिएन। महाभारतकालदेखि केही देखिन्छ। तर वर्ण विभाग ऋग्वेदकालदेखि नै देखिन्छ। मूल वैदिक ग्रन्थहरूमा छुवाछुतको उल्लेख पनि पाइँदैन।

- डा. स्वामी प्रपन्नाचार्य

वेदमा के छ ? (पेज नं. १५०)

राजेश्वर देवकोटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रिश्चियन निशानामा बहादुर शाह

नेपालको राष्ट्रियता माथि अहिले चौतर्फि आक्रमण भइरहेको जगजाहेरै छ। यसै परिप्रेक्षमा पश्चिमा क्रिश्चियन साम्राज्यवादीहरूले बाइबलमार्फत नेपाल र नेपालीलाई गुलाम बनाउन विभिन्न ब्यानर प्रयोग गरिरहेको तीता तथ्यहरूलाई लामो समयसम्म राजनीतिक क्षेत्रमा संलग्न भएर अनुभव बटुल्नु भएका ब्यक्तित्व श्री अर्जुन ज्ञवालीजीले आफ्नो पुस्तक 'बाइबल र माओवाद' मा उतार्नुभएकोमा हार्दिक बधाई दिन चाहन्छु।

नेपालको पछिल्लो कालखण्डको भनौं वा आधुनिक इतिहासको अध्ययन गर्दा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान चलाएर काठमाडौं उपत्यकालाई नेपाली सार्वभौमभित्र समेटिसकेपछि यहाँबाट फिरंगी (क्रिश्चियन साम्राज्यवादी) का दूत पादरीलाई उपत्यका छोडाइएको घटनाका साथसाथै विदेशी साहू-महाजन, धर्म संस्कृतिलाई राष्ट्रभित्र आउन नदिनु, यो 'असली हिन्दूस्तान' हो भन्ने दिब्योपदेशमा उल्लेख गर्नुले नेपाली राष्ट्रिय एकताको आधारस्तम्भ सनातन हिन्दू धर्म संस्कृति भएको तथ्यलाई उजागर गरेको छ। त्यसबेला पनि क्रिश्चियनहरूले आफ्नो साम्राज्यवाद विस्तार गर्न बाइबल प्रयोग गर्ने गरेको देखिन्छ।

तत्कालीन नेपाल एकीकरणको अगुवाई गर्ने ब्यक्तित्वहरूले यस तथ्यलाई समयमै बुझिदिएकाले नेपाल स्वतन्त्र राष्ट्रका रूपमा रहन सफल भएको देखिन्छ। तर दुर्भाग्य नै भनौं, नेपाल एकीकरण अभियान चल्दा चल्दै आफूलाई पनि राज्य दिनुपर्छ भनेर माग राख्ने महोद्दम कीर्ति शाह, दलमर्दन शाह, दलजीत शाह लगायत तत्कालीन भारदारहरूलाई देश निकाला गरिएपछि उनीहरू पटना र बेतियातिर गए। यी तीन जनासहित अन्य मानिसहरूलाई क्रिश्चियन पादरीहरूले लोभ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के हुन् बाबुराम आचार्य ?

नेपालका इतिहासशिरोमणि बाबुराम आचार्यले आफ्नो सही इतिहासलाई बिर्सेर कल्पनाको बाटो लिए । नेपालको इतिहास पुराणहरूले नै प्रष्ट गरेर बताएको छ । आचार्यले पशुपति पुराणको श्लोक उदृत गरेर साचो इतिहासमाथि अनावश्यक फतुर लगाएका छन् । (डा. स्वामी प्रपन्नाचार्य वेदमा के छ ?, पेज नं. १०६-१०७, साझा प्रकाशन, काठमाडौं) बाबुराम आचार्य स्वयं ब्रिटिस हिमायती थिए । यहाँसम्म कि नेपाल पुनएर्कीकरणका नायक बहादुर शाहले ब्रिटिस सुराकी सर्वजीत रानाको सफाया गर्नु गलत थियो भन्दै ब्रिटिस आडमा भएको कोतपर्वलाई त्यसको निरन्तरतामा जोडेर इतिहासको हत्या गरेका छन् । (बाबुराम आचार्य, अब यस्तो कहिल्यै नहोस्, पेज नं. ५, अन्तर्राष्ट्रिय मञ्च, प्रकाशन)

लालच देखाएर तत्कालीन इष्ट इण्डिया कम्पनीका दलाल (एजेन्ट) बनाएर तिनीहरू मार्फत नेपालमा चलखेल गर्न थालेको पाइन्छ ।

पृथ्वीनारायण शाह जीवित छउञ्जेल तिनीहरूको प्रभाव शून्य रहेको देखिन्छ । उनको देहवसानपछि महोद्दम कीर्ति शाह, दलमर्दन शाह र दलजीत शाह यी तीन जना लगायतका केही मानिसहरू नेपाल फर्किएका भएपनि बहादुर शाहको नायवी चलुन्जेल उनीहरूले नेपालभित्र भाँडभैलो मच्चाउन नसकेका मात्र होइनन् कि नेपालको एकीकरण अभियानलाई अवरूद्ध पार्नसमेत सकेनन् । यसरी प्रत्यक्ष रूपमा तिनीहरूले ठोस प्रभाव देखाउन नसकेका भएपनि तत्कालीन नेपालका केही भाइ भारदारहरूबीच फाटो र बैमनष्यता बढाउने दुश्कर्म भने गर्दैरहे । अन्ततः यिनीहरूले नेपाल आमाका वीर सपूत (वर्तमान नेपालको दुई तिहाई भाग गुमेको नेपालको सम्पूर्ण भाग एकीकरण गर्ने सफल अभियानको शीर्ष नेतृत्व बहादुर शाह लाई जेल नेल ठोकेर, तातो तेल छ्यापेर मराउन सफल भए । तत्पश्चात नेपालको केन्द्रमा पश्चिमा क्रिश्चियन साम्राज्यवादीहरूको प्रभाव बढ्दै गयो । फिरंगीका यी दलालहरूले बहादुर शाहको पालामा नेपालमा खोलिएको हतियार कारखाना बन्द गराए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाइभारदारहरू बीच ब्यापक गुट-फूट र वैमनश्यता बढेर अन्ततः आफैले पटक-पटक परास्त गरेको क्रिश्चियन साम्राज्यवादीसँग सुगौली सन्धी गरेर नेपालले आफ्नो दुई तिहाई भू-भाग गुमाउने अवस्था निर्माण भयो । यसरी महोद्दाम कीर्ति शाह जस्ता भारदारहरू मार्फत नेपालमा पसेका क्रिश्चियन साम्राज्यवादी (एजेण्ट)हरूको संख्या दिन-प्रतिदिन नेपालमा बढ्दै गयो। त्यसपछि तत्कालीन क्रिश्चियन ब्रिटिश साम्राज्यवादले उनीहरूमार्फत सच्चा देशभक्त नेपाल आमाका सपूतहरूलाई मार्ने, मराउने, विस्थापित गराउँदै लगेर वि.सं. १९०३ मा जंगबहादुर मार्फत कोतपर्व गराई सत्ता हत्याउन सफल भए ।

त्यसपछि राणाहरू मार्फत आफ्नो साम्राज्यवादलाई चुनौति दिने नेपालीका सन्तानहरूलाई समाप्त पार्नका लागि नेपालका तामाखानी, फलामखानी लगायत सम्पूर्ण उद्योग बन्द गराउने, नेपालीलाई शिक्षाबाट वञ्चित गराउने र अन्धकारको युगमा धकेल्ने काम गर्न सफल भए । उनीहरूका दलालहरूलाई विभिन्न सेवा सुविधा उपलब्ध गराएर मख्ख बनाउन सोभन्दा बाहेकका हामी सम्पूर्ण नेपालीलाई निरंकुश जहानिया शासनको जञ्जिरले बाँधेर राख्न सफलता प्राप्त गरे । ब्रिटिश (बाइबल) साम्राज्यवादीहरूलाई भारतमा भएको स्वतन्त्रता आन्दोलन र त्यसपछि नेपालमा चलेको प्रजातान्त्रिक आन्दोलनले केही अस्थिर र अन्यौलको अवस्था श्रृजना गरायो । तिनै ब्रिटिश क्रिश्चियन लिगेसी बोकेका राणाहरू मार्फत शाहहरूलाई उक्साएर वि.सं. २०१७ मा बहुदलीय ब्यवस्थालाई

हिन्दूपछि चिनियाँ ग्रन्थ

विश्वको पुरानो साहित्यमा, हिब्रु, लैटिन, चीनी आदिसँग धेरै दिनसम्म विवाद भएपछि चिनियाँहरूको धर्मग्रन्थ प्राचीन हो भन्ने कुरा प्रष्ट भयो । ती 'शुकिङ्ग' भन्ने ग्रन्थको काल ईसाभन्दा २४०० वर्ष पूर्व भएको हो । र, 'शिकिङ्ग' भन्ने ग्रन्थको रचनाकाल ईसादेखि १७६६ वर्ष पूर्व मानेका छन् । तीभन्दा हजारौं वर्षका पारसियनहरूको 'जेन्दा-अवस्ता' ग्रन्थमा हिन्दू शब्दको उल्लेख छ । अनेकन प्रमाणले पनि हिन्दू पुरानो सभ्यता भएकाले अल्पज्ञानी विवादको अर्थ छैन ।

- डा. स्वामी प्रपन्नाचार्य
वेदमा के छ ? (पेज १२६)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किनारा लगाउन सफल भएपछि वि.सं. २०१८ मा क्रिश्चियन साम्राज्यवादीका विना वर्दिका सेनाको टुकुडी 'पिसकोर' मार्फत संस्थागतरूपमै नेपाल प्रवेश गरे । नेपालका गाउँगाउँ, बस्तीबस्तीमा पसेर के गर्दा नेपालीलाई आफ्नो साम्राज्यवादी जालभित्र फसाउन सकिन्छ भनेर रणनीति बनाई नयाँ शिक्षा पद्दती (२०२८), गुठी साट्ने बेच्ने कानुन आदि इत्यादि गतिविधि गर्दै अगाडि बढेर बुद्ध धर्मको आवरणमा दलाई लामालाई प्रयोग गरेर चीनलाई ध्वस्त गर्ने रणनीति बनाएजस्तै हिन्दू धर्मको खोल ओढेका घोर दक्षिणपन्थीहरूलाई प्रयोग गरेर नेपाली मौलिक धर्म संस्कृति समाप्त पार्दै नेपाललाई आफ्नो गुलाम बनाउने रणनीतिमा केही हदसम्म मात्र सफल भए । त्यसलाई पूर्णता दिनका लागि चर्च मार्फत लगानी गरेर माओवादका नाममा धर्मनिरपेक्षता लादेर ॐकार परिवारभित्रका सनातन धर्म संस्कृतिलाई समाप्त पारेर त्यस ठाउँमा क्रिश्चियानिटी संस्थागत गर्ने प्रयत्न भएको कुरालाई लेखकले उजागर गर्ने साहस गर्नुभएको छ । यो आफैंमा चुनौतीपूर्ण छ । उहाँको यो पुस्तक नेपाल राष्ट्रको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने अभियानको कोशेढुंगा सावित हुने छ ।

देवीप्रसाद आचार्य
(लेखकः नेपालको यथार्थ इतिहास)

CC-0. Nepal Sanskrit Academy ,Kathmandu Collection

मार्क्सवाद बदनाम गर्ने खेती

बढो संवेदनशील शैलीमा बिगतदेखि वर्तमान सम्मका हाम्रो समाजलाई प्रभावित पार्दै आएका घटित घटनाक्रमको गहिराइमा पुगि आफ्नो पहुँच र प्रयास सहित सत्य तथ्य उद्घाटित गर्ने साहस र लगन स्थापित गर्न सक्नु लेखक अर्जुन ज्ञावालीजीको नेपाली प्रेस जगतमा मात्र नभई राजनीतिक क्षेत्र, साथीभाइ सर्वसाधारण सम्म खुला सम्बन्धमा बनिसकेको परिचय हो ।

उल्लेखित धर्म र राजनीतिलाई कुत्सित राजनीतिक प्रयोगको रूपमा फ्याँकिएको पासा कमजोर आर्थिक सामाजिक राजनीतिक धरातलबाट गुज्रिएका राज्य र समाजहरूमा थोपरिएका बाफबाट कसरी ध्वंसात्मक अतिक्रमण एवं हस्तक्षेपको सिकार बन्न पुगिरहेका छन् भन्ने सन्दर्भको खुलासा खिष्टानीकरण गर्न माओ विचारलाई "माओवाद"को अतिशयोक्तिपूर्ण रूपमा प्रस्तुत गर्दै उग्रवादी व्यानर खडा गरी मार्क्सवादको बदनाम गर्ने खेती चलाउने प्रयास तथा सामाजिक स्थिरता खल्बल्याउने धर्मनिरपेक्षता, जातीय संघीयता, भौगोलिक विखण्डन, लैङ्गिक विभेद आदि जस्ता एजेण्डा मार्फत विभिन्न विकृतिजन्य अभ्यासका पासो थाप्दै, सनातन धर्म संस्कृतिका सार्वभौम मर्यादा विपरित साम, दाम, दण्ड र भेदको नीति अवलम्बन गर्दै अतिक्रमण तीव्र पार्ने चेष्टाबाट प्रष्ट हुन्छ । यस क्षेत्रतर्फ भइरहेका निम्न कोटिका योजनाबद्ध कुण्ठित गतिविधिको विश्वव्यापी रिहर्सल सँगै नेपाली परिवेशसँग फिरंगी देखि राष्ट्र विखण्डन सम्मको धावा बोल्ने संगठनात्मक क्षमता विकाससम्मको शिलशिला उद्घाटित गर्ने जमर्को र केही आधार यस संग्रहको रूपमा संयोजित पुस्तकले दिन खोजेको पाईन्छ ।

यस्ता संवेदनशील तथा गम्भीर विषयमा प्रस्तुत गरिएको यस पुस्तकको महत्व र यस अभियानको उठान गर्ने लेखकको मेहनत र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साहसलाई प्रबुद्ध बुद्धिजीवि वर्ग एवं सबै पाठक समूहबाट सकारात्मक थालनीको रूपमा प्रोत्साहित गरिने छ । मुलुकले भोगिरहेको विषम परिस्थितिमा भइरहेका यावत अभ्यासलाई चिर्न होष्टेमा हैंसे गर्दै सबै सचेत र जागरूक जनपङ्क्तिबाट थप प्रयासको अपेक्षा राख्नु स्वभाविक नै हुन जान्छ । लेखनलाई अझ उत्कृष्ट गहिराइमा पुगी सत्य तथ्यको थप उजागर गर्ने अभिभारा सहित यस पुस्तकको सार्वजनिकीकरणबाट नयाँ चुनौति पनि थपिन पुगेको छ । यसले प्रभाव पार्ने भूमिका पाठकवृन्दले दिने नै छन् । यस्तै गहन विषयमा मेहनत र प्रयासको लागि लेखकलाई थप प्रेरणा मिल्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्र सापकोटा
महासचिव
पुष्पलाल अध्ययन समाज

नेपाल संवत्को रहस्य

अहिले मानिएको नेपाल संवत् कमभन्दा कम संहिताकालबाट मान्न योग्य छ । नभएपनि महाभारतकालदेखि यता मान्नै नपर्ने हो । तर पाश्चात्य (पश्चिमा) हरूको पीरमर्काले मानेका होलान् ।

- डा. स्वामी प्रपन्नाचार्य,
वेदमा के छ ? (पेज नं. १५१)

ईसाईहरूकै रणनीतिअनुसार वि.सं.लाई हटाउन पद्मरत्न तुलाधरले प्रतिवेदन तयार पारे बाबुराम भट्टराईले त्यसलाई कार्यान्वयन गर्ने षडयन्त्र थियो, पहिले नै घटना र विचार साप्ताहिकले पर्दाफास गरिदिएपछि त्यो असफल हुन गयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो संस्करणका लागि

शुभ-कामना मन्तव्य

अरूको उपकार गर्नु धर्म हो । अरूको अपकार गर्नु पाप हो । साँच्चै भन्ने हो भने धर्मको मर्म पनि यही हो । अठाह्र पुराणको निचोडमा व्यासले केवल दुईकुरामा जोड दिनुहुन्छ । परोपकार पुण्याय पापाय परपीडनम् ॥

अष्टादश पुराणेषु व्यासस्य वचन द्वयम् ।

यही धर्मको मर्मलाई आत्मसात् गरी हाम्रा मनीषिहरूले प्राणीको भलाईको लागि आफ्नै ज्यान समेत अर्पण गरेका उदाहरणहरू हाम्रो हाम्रा धार्मिक इतिहासहरूको अध्ययनले यसलाई पुष्टि गर्छ । शरणागत एक परेवाको प्राण रक्षाको लागि राजा उशीनर, राजा शिविले बाजको सामु स्वयम् आफूलाई समर्पण गरेको आख्यान महाभारतमा छ । बौद्ध मतहरूमा पनि यसको प्रचार प्रखर छ । यस्तो अनुपम धर्म-संस्कृति माथि साम्राज्यवादीहरू, पश्चिमा संस्कृति र ईसाई धर्मको आक्रामक माध्यमबाट नेपालका परम्परागत धर्म-संस्कृति मास्न उद्यत छन् । राष्ट्र उनीहरूको प्रहारबाट आक्रान्त छ ।

अनन्तकालदेखि चल्दै आएको वैदिक सनातन हिन्दू धर्म ॐकार परिवारमा बौद्ध, किराँत, प्रकृति पूजक, जैन, शिख आदि पर्दछन् । मूलतः केही समयदेखि सनातन वैदिक हिन्दू, बौद्ध र किराँत धर्म-संस्कृति माथि सुनियोजित प्रहार हुँदै आएको छ । हाम्रा पूर्वजहरूले अनादि कालदेखि पूज्दै आएका आराध्यदेव भगवान पशुपतिनाथ (शिव)प्रति घृणा फैलाउँदै गाउँ गाउँ टोल टोलमा सनातन धर्मप्रति विद्वेषपूर्ण आक्रमण गरिरहेका छन् । त्यस्तै मच्छेन्द्रनाथ र अन्य देवि-देवताहरूलाई राक्षस र सैतानको नामाकरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिन्धु सभ्यता पछिल्लो हो

विश्वको एक मात्र हिन्दू राष्ट्रमा यसको चासो देखिँदैन । तर सीआईए र पश्चिमाद्वारा परिचालित धर्म निरपेक्षता महान् उपलब्धि भनिरहेका छन् । खाली मोहन जोदोडो, हडप्पा, सिन्धु घाँटी आदिको साक्षी दिएर सिन्धु घाँटीको सभ्यता नै प्राचीन आर्यहरूको वैदिक सभ्यता हो भनेर अड्डी मारेका छन् । तर यो सभ्यता वैदिक सभ्यतादेखि लाखौं वर्षपछिको हो । किनभने वेदहरूमा वर्णन गरेअनुसार त्यहाँका पूरातत्वहरू पाइँदैन ।

- डा. स्वामी प्रपन्नाचार्य

वेदमा के छ ? (पेज नं. क)

गर्दै निन्दा गरी वदनियतपूर्ण ईसाई कुटिल अभियान तीव्र छ । तिब्बती भाषामा लेखिएका बौद्ध धर्मका बहुमुल्य ग्रन्थहरू गुम्बा-घरहरूबाट निकालेर वन-बाटोमा फ्याँकिएका र पोलिएका छन् । ॐकार परिवारका आस्थाको केन्द्र पाशुपत क्षेत्रको श्लेषमान्तक वनमा क्रिश्चियनहरूको चिहान बनाई सो क्षेत्रको धार्मिक आस्था र इतिहासलाई नामेट बनाउन खोजिँदैछ ।

हामीले पूजा गर्ने गौमाता (गाई)को बध गरी मासु खाने खुवाउने दुष्कार्य गरिंदै छ । विभिन्न पर्चा, पम्प्लेट र प्रवचनको माध्यमबाट सहर, गाउँ, टोल, कुना काप्चा सबैतिर स्थापित सनातन धर्मको बदनाम गर्दै विभिन्न प्रलोभनमा पारेर नेपालीहरूलाई क्रिश्चियन बनाउने दुष्प्रयास भईरहेछ । ईसाईकरणका नाममा यस्ता प्रपञ्च र प्रलोभनद्वारा खुलेआम हाम्रो राष्ट्रिय गौरव मेटाउने दुष्प्रचार बढ्दै जाँदा समेत हाम्रा कथित राजनैतिक नेतृत्व वर्ग र राज्य संयन्त्र मूकदर्शक छ ।

यतिबेला मुलुक ठूलो संक्रमणमा छ । २०६२।०६३ को आन्दोलनको भावना विपरीत २०६३ जेष्ठ ४ गते घोषित "धर्म निरपेक्षता" ईसाईकरणसँगै नेपाललाई केन्द्र बनाई भारत-चीन दुवैतर्फ ध्वंशका तानाबाना बुनिदैछ । यसकारण अब बन्ने संविधानमा नेपाललाई "वैदिक सनातन हिन्दू राष्ट्र" कायम नगरिए त्यसबाट अन्त्यहीन द्वन्द निम्तिने र गृहयुद्ध चर्किने सम्भावना त्यत्तिकै छ ।

हिजोका उपनिवेशवादीहरू बन्दुकका बलमा अन्य राष्ट्र कब्जा गर्दथे । आज उनीहरूको रणनीति फरक छ । बन्दुकको सट्टा बाइबल प्रयोग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको छ । विकास र उपकारका नाममा कमजोर र गरिब राष्ट्रलाई तत्कालीन कब्जा होइन, दीर्घकालीन उपनिवेश बनाउन खोजिएको छ । हाम्रा परम्परागत धर्म संस्कृति समाप्त पार्ने गुरूयोजना अनुरूप काम भइरहेका छन् । तसर्थ यसतर्फ हामी सबै समयमै सतर्क हुनु अत्यावश्यक छ । स्वदेश तथा विदेशका हिन्दू धर्माबलम्बी ॐकार परिवार सबैसँग विश्वका करिव डेढ अर्ब हिन्दूहरूको स्वाभिमान र साझा चिनारी कायम राख्न अब बन्ने "नेपालको संविधानमा विश्वको एक मात्र हिन्दू राष्ट्र कायम राख्ने महान् अभियान"मा हामी जुटेका छौं । यस महान अभियानलाई 'बाइबल र माओवाद' नामक पुस्तकले धर्म-संस्कृतिको रक्षार्थ विगुल फुक्ने अपेक्षा सहित पुस्तकका सम्पूर्ण लेखकलाई धन्यवाद दिन चाहान्छौं । साथै यस्तो महत्वपूर्ण प्रकाशनको अभिभारा लिन पाएकोमा विश्व हिन्दू महासंघ गौरवको अनुभव गर्दछ । सुझाव एवं आलोचना सादर आमन्त्रण गर्दछु ।

रामचन्द्र अधिकारी

डा. रामचन्द्र अधिकारी

अध्यक्ष

विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो संस्करणका लागि शुभ - कामना

आधुनिक नेपाल राष्ट्र पुनःएकीकरणका मूल अभियन्ता श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाह हुनुहुन्छ । उहाँको अभियान भौगोलिक एकीकरण मात्र नभएर स्थानीय सनातन धर्म संस्कृतिको जागरण र संरक्षणको अभियान आफैमा विशिष्ट छ । "यो असली हिन्दूस्थाना रहेछ । आफ्ना कुलाधर्म न छोड्नु" भन्ने पृथ्वीनारायण शाहका विचारले नै प्रष्ट्याउँदछ । एकीकरणको सैनिक अभियानमा जय जय गोरखा, जय जय काली भन्ने वीरता र बलिदानी शंखघोषले बेलायती साम्राज्यवादी ईसाई शक्तिलाई परास्त गरेको गौरवशाली इतिहास छ । राष्ट्रियताको मूल र धर्म संस्कृतिको कूललाई यसले समग्रमा समेटेको छ ।

अहिलेको भारतमा करिब एक हजार वर्षदेखि मुगल, ईष्ट इण्डिया कम्पनी र ब्रिटिस सरकारले शासन चलाएको बेला परम्परागत रूपले यस हिमवतखण्डका राजाहरूले हिन्दू पनि असली हिन्दूस्तानका निर्माता, संसारको एकमान हिन्दू राष्ट्रको संरक्षक हिन्दू अधिराज्यका संरक्षक जस्ता उपाधिहरू ग्रहण गरी यस देशको परम्परागत सभ्यता, संस्कृति, गौरव आदि ज़ोगाए । साथै बाहिरी आक्रमणबाट आफूलाई जोगाउँदै छुट्टै धार्मिक साँस्कृतिक चिनारी दिए ।

राष्ट्रियतामा खतरा सहित नेपालको वर्तमान अवस्था हरेक क्षेत्रमा अत्यन्त दयनीय, अस्थिर र कमजोर हुन पुगेको छ । राष्ट्रकै अस्मितामाथि सुनियोजित रूपमा प्रहार हुनु र नेपालीपन माथि नै निरन्तर आक्रमण भइरहेछ । आफ्नो धर्म संस्कृति, सभ्यता, वीरतापूर्ण इतिहास, धार्मिक साँस्कृतिक धरोहर माथि पश्चिमा सभ्यता र ईसाई धर्मको प्रहार भइरहँदा हामी मूकदर्शक बन्न बाध्य र विवश छौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृति र सभ्यता समाजको केन्द्रविन्दू हो । यसैले धर्म, संस्कृति र सभ्यतालाई उपेक्षा गर्नेहरू राष्ट्र हाँक्न सक्दैनन् । मौलिक संस्कृति, प्राचीन धर्म, परम्परागत भाषाहरू, रीतिरिवाज, सभ्यता र पूर्खाले बचाएका असल कुरा मासेर हामीलाई वैचारिक दास बनाउन खोजिदै छ । यसैले पृथ्वीनारायण शाहका कालजयी विचारहरूलाई घर घरमा पुऱ्याउने जागरणको खाँचो अहिले टड्कारो रूपमा छ ।

बाइबल र माओवाद नामक पुस्तकले बढ्दो पश्चिमा संस्कृति र ईसाईकरणको आक्रमण अभियान विरूद्ध जागरणको शंखनाद गर्ने विश्वास मैले लिएको छु । लेखकद्वय अर्जुन ज्ञवाली र पेशल कुमार निरौला स्वयं पृथ्वीनारायण शाह जागरण र जागृतिका कर्मठ अभियन्ता हुन् । दुवै प्रति मेरो शुभेच्छा छ ।

भरत बस्नेत
संयोजक तथा अभियन्ता
पृथ्वीविचार अभियान, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

खण्ड १

- नेपालमा ईसाई आगमन र आक्रामक धर्मान्तरण — १९
- नेपालमा धर्मनिरपेक्षताको बहस किन? — ६०
- ईसाई धर्ममा नारी हिंसा — ९८
- ईसाई धर्ममा हिंसा — ११४

खण्ड - २

- क्रिश्चियनको संक्षिप्त इतिहास — १३१
- धर्मनिरपेक्षताको केन्द्रमा चीन — १७७
- नेपाली कांग्रेस भित्र क्रिश्चियन — १८८
- नेपाली सेनाभित्र क्रिश्चियन भूमिका — १९५

विविध खण्ड

- किन नाम लिदैछन् क्रिश्चियन माओवादीले पृथ्वीनारायण शाहको ? भरत दाहाल — २०७
- एक्काइसौ शताब्दीको वर्गसंघर्ष नै धर्म संघर्ष उपेन्द्र गौतम — २०९
- साम्राज्यवाद विरूद्ध धर्म संघर्षः नरेशबहादुर गिरी (सुमन) — २११
- सास्कृतिक अतिक्रमण विरूद्ध जुध्ने उपाय विजयसिद्धि बज्राचार्य — २१२
- क्रिश्चियन निशाना पृथ्वीनारायण शाह दिवाकर विक्रम शाह — २१६
- योगी नरहरिनाथद्वारा सम्पादित दिव्योपदेश — २२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देश जगाउने मन्त्र

पेशलकुमार निरौला

कपूतझैं भए नेता - बुद्धिजीवी भए दास ।
जनयुद्ध? ले बाइबल ल्यायो गर्न नेपाल नै नाश ॥
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।
नागरिक जागरण नै हो- देश जगाउने मन्त्र ॥

ईसाई राजनीति छ हाम्रै भारतवर्षा ? मा ।
लोकतन्त्रीय साम्यवादै - भयो नेपालमा धर्म ॥
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चय ।
नागरिक जागरण नै हो - देश जगाउने मन्त्र ॥

राजा-प्रजा सँगै बस्थे हाम्रै हिमवत् खण्डमा ।
वैदिक राष्ट्रको गौरव जगाई फेरी ल्याउन ॥
पाञ्चजन्यं हृषिकेशो देवदत्तं धनञ्जय ।
नागरिक जागरण नै हो - देश जगाउने मन्त्र ॥

मनमा बुद्धको शान्ति - कार्यमा रौद्र धारण ।
संस्कार, संस्कृति प्राप्ति राजा हो मूल कारण ॥
जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
नागरिक जागरण नै हो - देश जगाउने मन्त्र ॥

कवितामा प्रयोग भएका गीता श्लोकका अर्थः
श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनंश्रेयः परधर्मो भयावहः ॥ अ.३ पद ३५ ॥
राम्रो अरू धर्मभन्दा, दोषी श्रेष्ठ छ आफ्नु ।
मर्नु स्वधर्ममै श्रेय, अर्कोमा डर राखनू ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पराईका धर्मको आचरण सहजै (सुखपूर्वक) गर्न सकिन्छ भने पनि, त्यो भन्दा आफ्नो धर्म अर्थात् चातुर्वर्ण्य-विहीत कर्म नै ज्यादा श्रेयस्कर छ, चाहे त्यो विगुण अर्थात् दोषयुक्त पो किन नहोस्, स्वधर्म अनुसार चल्दा मरिन्छ भने पनि उसमा कल्याण छ, परन्तु परधर्म भयानक हुन्छ ।

हतो वा प्राप्यसिस्वर्ग जित्वा वा मोक्ष्यसे महीम् ॥
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चय : ॥ (अ.२ पद ३७)
मरे स्वर्ग, जितेदेखीन् पृथ्वीको भोग निर्भय ।
तसर्थ, उठ कौन्तेय ! युद्धमा गरी निश्चय ॥
मारियौ भने स्वर्ग जान पाउने छौ, जित्यौ भने पृथ्वीको राज्य भोग गर्न पाउने छौ । यसकारण हे अर्जुन ! युद्धकै निश्चय गरेर उठ (तैयार भएर अगाडि सर) ।
पाञ्चजन्यं हृषिकेशो देवदत्त धनञ्जय : ।
पौण्ड्रं दध्मौ महाशंख भीमकर्मा वृकोदरः ॥ (अ.१ पद १५)
श्रीकृष्णले पाञ्चजन्य, देवदत्त किराटले ।
पौण्ड्रनाम महाशंख बजाए वीर भीमले ॥
हृषिकेश (इन्द्रियहरूका स्वामी) भगवान् श्रीकृष्णले पाञ्चजन्य, अर्जुनले देवदत्त र भयानक कर्म गर्ने वृकोदर (भीमसेन) ले पौण्ड्र नामको ठूलो शंख बजाए ।
जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ॥
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥(अ.२ पद २७)
अवश्य जन्मने मर्छ, मर्नेको जन्म नित्य छ ।
नभई नहुने माथि तिम्रो शोक अयोग्य छ ॥
जन्मने मर्छ भने जो जन्मन्छ त्यंसको मृत्यु निश्चित छ, औ जो मर्दछ उसको जन्म निश्चित छ, यस निमित्र यस्तो नभई नछोड्ने कुराका उपर, यो माथि कहिएको तिम्रो मतको अनुसार पनि तिमीले शोक गर्न उचित हुँदैन । (पञ्चरत्नगीता, कोमलगीताः स्व. कोमलनाथ अधिकारी, यशोदा पुस्तकालय के. २२|५६ दुर्गाघाट (काशी), वाराणासी २०१८ साल मार्ग २०) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा ईसाई आगमन र आक्रामक धर्मान्तरण

प्रस्तावना : पेशलकुमार निरौला

मानव सभ्यताको उषाकालदेखि नै नेपाल सभ्यता र संस्कृतिको प्रमुख स्थल रहेको तथ्य यसको भोगोलिक बनौटले आधार प्रस्तुत गर्दछ । सत्ययुगमा यो देवस्थल थियो र त्यसबखत यसको नाम सत्यवती थियो । शिव (पारूहाङ) पार्वती (सुम्निमा) को निवासस्थल थियो, हिमालयको काखमा रहेको नेपाल । त्रेतायुगमा नेपाल ऋषि-महर्षिहरूको तपोक्षेत्र भयो । द्वापर युगमा मुक्ति प्राप्त गर्ने स्थल भई मुक्तिसोपान नाम रहन गयो । कलियुगमा आएर यसको नाम नेपाल रह्यो । देवी-देवता, ऋषि-महर्षि, सन्त-महन्तहरूको निवास स्थल हुनाले यो एक तीर्थस्थल पनि भयो । नेपालको नामाकरणमा नेमुनिको पौराणिक प्रसङ्ग पनि आउँछ । नेपाल नाम सम्बन्धमा नीप (किराँत) लगायत अन्य प्रमाणहरू रहेका छन् । सनातन धर्म-संस्कृतिका लागि सुरक्षित स्थल रहनु र हिन्दू-बौद्ध धर्मको तपोस्थल रहनु नेपालको लागि गौरवको विषय हो ।

नेपालको राजनीतिक छलफलमा 'हिन्दू' शब्दले दोहोरो भूमिका खेलेको छ, यस अर्थमा कि यस शब्दले आन्तरिक र बाहिरी स्रोताका लागि अलग माने राख्दै आएको छ । बखतअनुसार 'हिन्दूपति' (सन् १७००), 'असलि हिन्दूस्तानका निर्माता' (सन् १७७४), 'विश्वको एकमात्र हिन्दू राज्यको संरक्षक" (सन् १८६६) 'हिन्दू अधिराज्यका शासक' (सन् १९६०) वा 'हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य" (वि.सं. २०४७) भनिए पनि यो शब्दको प्रयोग शासकहरूले एकातर्फ वरिपरिका भूभागबाट आफूलाई अलग्याउन प्रयास स्वरूप गरेका थिए भने अर्कोतर्फ एक प्रकारले आन्तरिक स्वायत्तता लागू गर्ने चेष्टा स्वरूप गरेका थिए (सुधीन्द्र शर्मा : हिन्दू अधिराज्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- Burghart 1996; वन्त र अरू सन् २००१ पृ. ४६३ नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन) ।

ईसाको तेह्रौं शताब्दीमा जब उत्तर भारतका अधिकांश ठाउँहरूमा मुसलमानहरूको शासन मजवुद हुँदै गयो तब नेपालमा विस्तारै भारतको भन्दा भिन्नै तरिकाबाट राजतन्त्रको विकास हुँदै गएको पाइन्छ ।

ईसाको सत्रौं शताब्दीतिर आएर पहाडी भेगका स-साना अधिराज्यका राजाहरूले आफूलाई 'हिन्दू' भनी घोषणा गर्न थाले, जसको प्रारम्भिक अर्थ उनीहरू मुसलमान होइनन् भन्ने हुन्थ्यो । अर्कोतर्फ गङ्गामैदानलाई हिन्दूस्तानको सट्टा होच्याउने किसिमले मुगलहरूले शासन गरि अपवित्र पारेको क्षेत्र मानेर 'मुग्लान' भन्न थालियो ।

नेपालको इतिहासमा 'हिन्दूपति' शब्दको प्रयोग सबैभन्दा पहिले ईसाको सत्रौ शताब्दीको अन्त्यतिर भएको देखिन्छ । मकवानपुरका राजा हरिहरसेनले आफूलाई 'हिन्दूपति' भन्ने उपाधिको प्रयोग गरेका थिए । दिव्य उपदेश (राष्ट्र निर्देशिका) मा आधुनिक नेपाल राष्ट्रका संस्थापक पृथ्वीनारायण शाहबारे वर्णित एउटा खण्डमा पनि यो शब्द परेको छ । ईसाको अठारौ शताब्दीको अन्त्यतिर पृथ्वीनारायण शाहले मृत्युशय्याबाट आफ्ना भारदारहरूलाई दिइएको सल्लाहलाई दिव्योपदेश भनिन्छ । दिव्य उपदेशमा उनको कडा परिश्रमले आर्जन गरेको अधिराज्य नै 'असिल हिन्दूस्थान' एवं 'चार जात छत्तीस वर्णको फूलवारी' हो भनिएको छ । तत्कालिन शासकका दृष्टिमा तत्कालीन भारत हिन्दूस्थान नभएको हुँदा यस्तो उद्‌गार व्यक्त गरेको हुनुपर्दछ ।

हिन्दू र तिनको भूमि हिन्दूस्तानमा क्रमशः मुगल, ईस्टइन्डिया कम्पनि र ब्रिटिश सरकारले शासन चलाइएको बेला परम्परागत रूपले उपमहाद्वीपमा कमै महत्व राख्ने यस हिमाली भेगका राजाहरूले 'हिन्दूपति' 'असिल हिन्दूस्तानका निर्माता' 'संसारको एकमात्र हिन्दू राष्ट्रको संरक्षक जस्ता उपाधिहरू ग्रहण गरि यस देशको परम्परागत सभ्यताको केन्द्रसँग सम्बन्ध देखाएर आफ्नो जनतालाई प्रभाव पार्नुका साथै वाहिरियालाई आफू विदेशी आक्रमणबाट अछुतो रहेको कुरामा जोड दिन सफल भएका थिए । संसारभर एउटा छुट्टै विशिष्ट चिनारीको रूपमा उनीहरूले आफूलाई उभ्याएका थिए । अर्कोतर्फ नेपालमा प्रचलित हिन्दू धर्मले स्थानीय विश्वास र चालचलनहरू ग्रहण गरेको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिमालको छायाँमा आनन्दपूर्वक बसेको सुन्दर नेपाल उपत्यकामा १६ औं शताब्दीभन्दा अगाडि यिशुको नाम सुनिएको थियो भन्नेमा सन्देह छ । त्यतिखेर तिब्बत र भारतबीच रहेको नेपालको स्थितिले गर्दा एक शताब्दीसम्म त्यसको प्राकृतिक बाटो त्यो मनोरम ठाउँ जान आक्रामक यिशु मिशनले आउने जाने गरेर प्रयोग गरे । आफ्नो अधिकार क्षेत्रमा नेपाल वृहत्तर रूपमा मिशनले काम गर्ने थलोका रूपमा तिरस्कृत थियो भन्ने कुराको वर्णन "नेपालमा चर्चको इतिहास" नामक पुस्तकका ईसाई लेखक सिन्दि पेरीले गरेका छन् । तरपनि नवआगन्तुक ईसाई आक्रामक धार्मिक अभियानको प्रचार-प्रसारको ढोका ई.सं. १६४५ मा काठमाडौंमा स्थापित तिब्बत-नेपाल मिशनबाट सुरू भएको पाइन्छ ।

नेपालमा आउने ईसाई धर्म प्रचारक मध्ये यूरोपियन जेसुइट धर्म प्रचारक जोआ केब्राल हुन् । तिब्बतको उ-साँग प्रदेशबाट १६२८ मा फर्कदा उनी त्यहाँको राजाको पत्र ली नेपाल आएका थिए । उनी काठमाडौ आउँदा राजा शिव सिंह थिए (ज्ञवाली, सूर्यविक्रम, **पृथ्वीनारायण शाह,** १९७६, पृ. १)। प्रताप मल्लको शासन कालमा ग्रोवर र डोरबिल नामक दुईजना ईसाई पादरी चीनबाट ल्हासा गई कुतीको बाटो नेपाल झरेर । हिन्दूस्तान आएका (गएका) थिए । प्रताप मल्लले यिनीहरूको स्वागत गरे । पादरी गोबरले प्रताप मल्ललाई एक दूरबीन दिएपछि खुशी भएका प्रताप मल्लले ग्रोबरलाई काठमाडौमा बसी ईसाई धर्मको प्रचार गर्न अनुमति दिने विचार प्रकट गरेका थिए । परन्तु, यी पादरीहरु यस समय नेपाल अडेनन् भनि बालचन्द्र शर्माले नेपालको ऐतिहासिक रूपरेखामा उल्लेख गरेका छन् ।

यसै ताकाको पादरी जुशेप्पे फेलिचे दा मोररोको पत्र (काठमाडौ, जुलाई २९, १७१७) प्रकाशित भैसकेको छ । उनले उक्त पत्रमा "यी नेवारहरु जो आफूलाई नेपाली भन्छन् यिनीहरूले धर्मको कुनै भेउ पाउन सकेका छैनन् । यिनीहरूले मेरो उपस्थितिमा यिनीहरूको धर्मग्रन्थ जसलाई शाशाना (शाशाना= शास्त्र अनुसार गर्नु) भनिन्छ त्यसको (यिनीहरूको देउताले प्रयोग गर्ने भाषा) दुई हरफ पनि उच्चारण गरेका छैनन् । न त यिनीहरूले प्रभु मान्ने आफ्ना देवता हुन कि राक्षस त्यसको बारेमा नै केही वताउँछन् । -अझ एक पटक त मैले वादविवादको क्रममा यी पूरोहितको अगाडि उनीहरूको भ्रमपूर्ण देउताहरूको धेरै पटक खिल्ली उडाउँदा समेत यिनले म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिको सद्भाव कायमै राखेर अर्को पटक त तिमीहरूको देउता डेभिडको जस्तो टाउको भएका राक्षसहरु हुन् भन्न पनि चुकिन ।" यस प्रकार नेपाली स्थानीय धर्म, संस्कृतिप्रति धृणा फैलाउने काम तत्कालिन समयदेखि नै उनीहरूले गरेको पाइन्छ ।

यति मात्रै नभएर उनले यहाँका नेपाली नेवारहरु हिन्दू, बौद्ध धर्माबलम्बीहरूले मान्ने देवी-देवताहरूलाई राक्षसका रूपमा चित्रित गरेका छन् । माथि उल्लेखित पत्रमा नै "यस बाहेक केही राक्षसहरूको नाम पनि थाहा पाएको छु जसको नाम यसप्रकार छ, लोकोनाथ, मच्छेन्द्रनाथ, मीननाथ, लोकेश्वर, साकिसिंहवत्सगाथ, धर्मदाथु, चामलेश्वर इत्यादि । यिनीहरु के पनि मान्दछन् भने जब यस्ता राक्षसहरु पृथ्वीमा आए तव सवै देउताहरूले यिनीहरूको आदर र प्रार्थना गरे । हिन्दूस्तानी र यहाँका नेवारहरु के विश्वास गर्दछन् भने अब पछिल्लो अवतार जगन्नाथको नभई राक्षसको अवतार हुनेछ र यसको लगत्तै प्रलय हुनेछ । यो राक्षस अवतारको नाउँ कलंकी (कल्की) हुनेछ जसलाई मुसलमानहरूले मोहम्मदको दुश्मनको रूपमा र हामीले यशुको दुश्मनको रूपमा लिन्छौं" लेखिएको छ । यसरी हामीले मान्ने ईश्वरलाई राक्षसको रूपमा चित्रित गर्दै धृणा फैलाएका यस्ता अनेकौं प्रसङ्गहरु रहेका छन् । नेपाली संस्कृति, सभ्यता, कला, धर्मको उच्च विकास गरेको सुसंस्कृत, सभ्य र संगठित नेवार समुदायलाई नै यसरी आक्रमण गरेर कमजोर पार्न खोजेको स्पष्ट देखिन्छ ।

पृथ्वीनारायण शाहको आगमन भन्दा अगाडि विस्तारै-विस्तारै यस धर्मको प्रभाव पाटन लगायतका क्षेत्रहरूमा परेको र सुरुमा काठमाडौं र भक्तपुरमा २ वटा क्याथोलिक चर्च स्थापित भई ८० जना मानिस ईसाई भएकामा २४ जना सन् १७६९ अगाडि नै मरे भनि ईसाई लेखक सिन्दि पेरीले उल्लेख गरेका छन् । पृथ्वीनारायण शाहले स्थानीय धर्म संस्कृतिको संरक्षणमा जोड दिंदै "आ-आफ्ना कुला धर्म परम्परा मान्नु" भन्ने भनाइ र विजित प्रदेशकै धर्म संस्कृति संरक्षण गरेबाट वाह्य धर्मको आक्रामक अभियानलाई अप्ठ्यारो अवश्य नै परेको थियो ।

त्यस अवस्थाको चित्रण गर्दै पेरी लेख्छन् "फेरि शाहवंशीय शासनमा आएर एक पटक फेरि ढोका (ईसाई प्रचार) बन्द भयो । ई.सं. १७६९ मा क्रिश्चियनहरूको एउटा सानो समूह प्रवजन (वेतिया) मा जान बाध्य भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थियो, सबै विदेशी र ईसाईहरु माथिको वहिष्करणको नीति लागू भयो अनि आउँदा वर्षहरूमा त्यो झन् कडिकडाउ भएर गयो । यो झण्डै २०० (दुई सय) वर्षसम्म कायमै रह्यो", साथै उनले वि.सं. २००७ सालको परिवर्तनबाट ईसाईहरूका लागि ढोका खुलेको हुँदा त्यस वखतको नेपाललाई "नयाँ नेपाल" भनि चित्रित गरेको सन्दर्भ यहाँ स्मरणीय हुन आउँछ । यसैगरि पेरिले राजा महेन्द्रबाट स्थानीय परम्परागत धर्म संस्कृतिको संरक्षण गरेको नीति ईसाईहरूका लागि दुःखद् रह्यो भन्दै "ई.सं. १९६२ को संविधानले नेपाललाई एक-दलीय, एक-धर्मवाल राज्य बनायो" भनि कटु आलोचना गरेका छन् ।

पृथ्वीनारायण शाहले केपुचिन धर्म प्रचारकहरूलाई नेपालबाट निष्कासन गर्नु उचित थियो, किनभने ई धर्म प्रचारकहरूको राजनीतिसँग सम्बन्ध थियो । पृथ्वीनारायण शाहका विरूद्ध अंग्रेजलाई उचाल्न ई केपुचिनहरूले सकेसम्म चेष्टा गरेका थिए । यो कारणले राजकाजमा लागेका तथा आफ्नो शत्रुसँग मिलेका धर्म प्रचारहरूलाई आफूले नेपाल विजय गरेपछि देशबाट निकाल्न सर्वथा उचित थियो । पृथ्वीनारायण शाहले ता इनीहरूसँग धेरै दयाको व्यवहार गरे, किनभने यिनले इनका नेवार शिष्य क्रिस्तानहरूलाई पनि आफ्नो धनसम्पत्ति लिएर इनीहरूसँग जान दिये तथा ई धर्म प्रचारक औ इनका शिष्यहरूसँग कुनै प्रकारको अत्याचारपूर्ण व्यवहार गरेनन् । लासाबाट १७४५ मा केपुचिनहरु निकालिंदा नाना प्रकारका तिरस्कार तथा उत्पीडन इनीहरूले सहनु परेको थियो । इनका शिष्यहरु इनीहरूसित आउन पायेनन् तथा धर्म प्रचारकको लासामा सर्वस्व गरिएको थियो । इनीहरूसित कुनै प्रकारको कठोर व्यवहार नगरी इनीहरूलाई सुबिस्ता सित नेपालबाट निकाली पृथ्वीनारायण शाहले आफ्ना उदारताको परिचय दिएका थिए तर उनीहरूले उनको यो उदार व्यवहारको साटो भारत तथा अन्यत्र उनको निन्दा गरी तिरे (ज्ञवाली ऐ.पृ. १६६) ।

चीन र भोटमा कृस्तानहरूले कुन प्रकारको अपमान र पीडा सहेका थिए भन्ने सन्दर्भमा ज्ञानमणि नेपाल लेख्छन्:- चीन-भोटका मान्छेहरू युरोपेलीहरूलाई मन पराउन्नथे । अघि ईसाई धर्म प्रचारको लागि समुद्री मार्ग हुँदै चीन उत्रेका पादरीहरूलाई चीन सरकारले धर्म प्रचार त के बस्न पनि दिएको थिएन । ल्हासामा पनि आदर सत्कार नपाएका उनीहरू नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पसेका थिए । नेपालमा पहिले यिनले सात समुद्र पारबाट आएका साधु हुन् भनेर आदरै पाए, धर्म प्रचारका लागि तीन शहरमा चर्च पनि खोले । पछि धर्मको नाउँमा राजनीति गर्न थालेकाले पृथ्वीनारायण शाहले निकालिदिए । चीन-भोटमा यिनीहरूलाई रातो टाउके, समुद्री भूत भनिन्थ्यो । नेपालमा मर्कट फिरंगी भनिए । (हिमाल २९ चैत २०७१-बैशाख २०७२)

हिन्दूस्थानमा विधर्मी अंग्रेजहरूको राज्य स्थापित हुन लागेको समय र अघिका अनेक शताब्दीहरूमा पनि हिन्दूस्थानमा स्वतन्त्र हिन्दू राज्यको अभाव थियो । सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र हिन्दू राज्यको गौरव उनले भर्खर स्थापित गरेको नयाँ नेपाललाई प्राप्त भएको थियो । धार्मिक पक्षपात नगर्ने सिद्धान्त पनि यहाँ हिन्दूत्त्वका भावना सँगसँगै स्थापित भएको थियो । राष्ट्र निर्माता पृथ्वीनारायण शाहले एकीकरण गर्ने वित्तिकै आफ्ना-आफ्ना परम्परा अनुसार धर्मपालन गर्ने अधिकार नेपाल अधिराज्यका प्रत्येक नागरिकलाई प्रदान गरेको कुरा हाम्रा इतिहासको एउटा गौरवपूर्ण तथ्य छ ।

पृथ्वीनारायण शाह र कीर्तिपुरको प्रसङ्गमा ईसाई इतिहास लेखकका सन्दर्भमा फिरङ्गी जासुसको आशङ्कामा निकालिएका (जुन एडेन भेन्सिटार्ट नोट्स अन नेपालमा स्वीकार गर्छन्) र सिन्धुलीमा हारेर चुर भएका ईसाई इतिहासकारहरूले त्यसलाई पृथ्वीनारायण शाह विरूद्ध भयानक प्रोपोगाण्डाको सामग्री बनाए । जति मात्रामा नाक, काटियो उनीहरूको इज्जत गयो । त्यसमा तिनीहरूले आफ्नै नाकहरु पनि थप्दै र जोड्दै गए (सौरभ असहमती, २०७१ : २१५-१६) ।

यहाँ एउटा राणाकालको सुरूकै अवस्थामा ईसाई धर्मका प्रचारक र नेपाली धर्म संस्कृतिको जगेर्ना गर्ने अभियन्ता बीचको चर्चित शास्त्रार्थ प्रसङ्ग उल्लेख गर्नु सान्दर्भिक रहेको छ । जुन घटनाको उल्लेख जनकलाल शर्माले **नेपालमा जोसमनि सन्त परम्परा** भन्ने पुस्तकमा उल्लेख गरेका छन् ।

दार्जिलिङ्गबाट सिलिगुडी जाने राजमार्गको छेउमा जोरवंगला र सुनादहको बीचमा 'रंगवुला धाम' भन्ने ठाउँ छ भन्ने कुरा त्यतातिर पुगेका धेरैलाई थाहा हुन सक्छ । तर, त्यस ठाउँ पछाडि रहेको गाथा भने कमैलाई थाहा होला । नेपाली साहित्यको प्राथमिक कालतिर अर्थात् वि.सं. १९३४ सालतिर एकजना सन्त ज्ञान दिलदास प्रख्यात सन्त र साहित्यकार थिए । उनी आफ्नो धर्मको महत्ता गाउँदै नेपालबाट दार्जिलिङ्ग तिर लागेका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिनताक दार्जिलिङ्ग ईसाई पादरीहरूको तारो बनेको र उनीहरु धमाधम नेपालीहरूलाई ईसाई बनाउँदै थिए ।

ज्ञानदिलले त्यस्को वास्ता राखेनन् र उनी आफ्नू मतको प्रचारमा व्यस्त रहे । यो कुरा त्यस समयका मुख्य पादरी रेभरेण्ड ए.टर्नवुललाई मन परेन र उनले प्रशासनको अस्त्र प्रयोग गर्ने धम्की दिए । किन्तु, ज्ञानदिल किञ्चित पनि विचलित भएनन् । त्यहाँ नीच मार्नु उनको निम्ति बुद्धिमानी थिएन ।

टर्नवुलको बारबारको विरोधमा ज्ञानदिलले भने "तर्कसँगत कुरा हामी गरौ । तिमीहरूले प्रचार गर्नु हुँदा मैले किन नहुनु?" यो कुरा टर्नवुल कहाँ पुऱ्याउने मानिसले निकै बढाई-चढाइकन पुऱ्याए ।

ज्ञानदिललाई पनि पादरीतर्फको कुरा यसरी नै बराबर सुनाउन ल्याउँथे । यसले गर्दा आपसी कटुता बढ्नु स्वभाविकै थियो । फलस्वरूप टर्नबुलले ज्ञानदिललाई दार्जीलिङ छोडेर जाने अन्तिम धम्की दिइ मानिस पठाए ।

ज्ञानदिल दास आफ्ना कामका पक्का थिए । उनले आफू सत्यका पक्षमा रहेको विश्वासले किञ्चित विचलित भएनन् । "तिमीहरु प्रशासनका आडमा छौ त्यसकारण घमण्ड होला । तर म पनि सत्यको आडमा छु यो तिमीहरूले विर्सिनु हुन्न । यदि मैले दार्जीलिङ छोड्नै पर्छ भने पहिले तिम्रो टर्नवुल साहेबसित भेटेर दुई-चार कुरा गर्न चाहन्छु ।"

यो कुरा टर्नवुलकहाँ पुग्यो टर्नबुल अंग्रेजी साम्राज्यको आडमा भएकाले हच्किने कुरै भएन । उनले अझ होच्याउने शैलीमा "ईसाई मतमा दीक्षित भएर मेरो चेलो हुन्छ भने म उसलाई भेट्न तयार छु" भने ।

यो जुहारी शैलीको सम्पर्क सूत्रको संवाद अझै अगाडि बढ्यो भन्दै शर्मा लेख्छन्- ज्ञानदिलले मुस्कुराएर उत्तर दिए "अहिले को गुरू हुन्छ, को चेला हुन्छ त्यो छुट्याउन सकिन्न । शास्त्रार्थ गरौ, जो परिणाम होला त्यही गरौला ।"

पहाडको कुनाबाट आएको एउटा अकिञ्चन साधुले यसरी शास्त्रार्थको कुरा गर्दा टर्नवुललाई आश्चर्य लाग्नु स्वाभाविक थियो । उनका मनमा शास्त्रार्थको कुराले ज्ञानदिलसित भेट गर्ने आकर्षण पनि बढेछ नै । तैपनि उनले ज्ञानदिललाई अलि हिह्याए भनी शर्मा लेख्छन्– "शास्त्रार्थमा हाऱ्यो भने त्यसका सबै धर्मग्रन्थ पोल्नु पर्छ नि । यो कुरा ज्ञानदिललाई सुनाइ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देऊ" । ज्ञानदिलले टर्नवुलको कुरालाई दोहोरो शर्तमा स्वीकार गरे । अर्थात् जसले हारे पनि उसको धर्मग्रन्थ पोल्ने । यस शर्तलाई पादरी पक्षले स्वीकार गरी वादविवादमा आफू जित्ने विश्वासका साथ शास्त्रार्थ गर्न आएको प्रसङ्ग छ ।

यस शास्त्रार्थ प्रसङ्गलाई शर्माले रोचक रूपमा प्रस्तुत गरेका छन् । **"शास्त्रार्थका लागि स्थान र तिथि निश्चित गरियो। निश्चित समय र स्थानमा सबै जम्मा भए। एकातिर ज्ञानदिल र उनका अनुयायी, अर्कातिर टर्नवुल र उनका सहयोगी बसे। वादविवाद शुरू भयो र दुवै पक्षले आ-आफ्ना तर्क पेश गरे। वादबिवाद निकै चाखलाग्दो हुँदै गयो र लम्बियो। दुवै पक्षका व्यक्ति दिनदिनै निर्दिष्ट ठाउँमा विहान आउँथे र बेलुका फर्कन्थे। यसरी वादविवादले सात दिनको समय लियो। अन्ततोगत्वा ज्ञानदिल विजयी भए, हार्ने पक्षको धर्मग्रन्थ "बाइबल" पोलियो।"**

सन्त ज्ञानदिलदासले रंगवुलको ४।। एकड जमीन विर्ता पाए । आज पनि रंगबुला धामले त्यो गौरवमयको सम्झना गराइरहन्छ ।

यो घटना अगावै नेपाली भाषामा बाइबलको पहिलो अनुवादबाट नै भाषा माथि अतिक्रमण गरी सिध्याउने खेल कसरी रचियो भन्ने सन्दर्भ आज पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यो खेल त्यसताका दार्जिलिङ्ग आसपासका क्षेत्रमा भएपनि अहिले भने नेपालका विश्वविद्यालय, प्रज्ञाप्रतिष्ठान, कथित नेपाली भाषा प्रेमी आदि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा यस भाषालाई कमजोर पार्न प्रयोग भइरहेको सन्दर्भमा यो ऐतिहासिक परिप्रेक्ष झनै प्रेरणादायी बन्नेछ । त्यसैले यस प्रसङ्गलाई यहाँ डा.पारसमणि प्रधानद्वारा लिखित 'बाइबलको नेपाली भाषा (२७-९-५२) र नेपाली हाम्रो मातृभाषा (मई १९५३) का महत्त्वपूर्ण अंशलाई यहाँ राखिएको छ :

बाइबलको नेपाली भाषाका बारेमा केही जान्नु छ भने नेपाली संसारमा बाइबल कहिले कसरी आयो भन्ने प्रश्नको उत्तर खोज्नु आवश्यक छ । यो खोजी गर्नलाई नेपालीहरु बसोबासो गर्ने ठाउँमा बाइबलको प्रचार गर्ने प्रचारक (मिसनरी) हरु कहिले आए भन्ने प्रश्न उठ्छ । भारतमा सबैभन्दा पहिले प्रवेश गर्ने मिसनरीहरूमध्ये टामस स्टीवेनस, जन न्यूबरी, आल्फ्रेड र रेल्फ फिचका नाउँ पाइन्छन् । तिनीहरूले मोगल बादशाह अकबरको राजत्वकालमा भारतमा आएर गिर्जा-घर बनाएका थिए । त्यसपछि बादशाह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जहाँगीरका समयमा केही पादरीहरु आए तर औरङ्गजेवको राजत्वकालमा तिनीहरु हटाइए । दक्षिण भारतमा पादरीहरूले सोसाइटी अफ-जीसस नामक एउटा संस्था स्थापित गरे, औ श्रीरामपुरमा यस्तै एउटा विशाल केन्द्र स्थापित भयो (बाइबलको नेपाली भाषा, पृ. २०६) ।

श्रीरामपुरका पादरीहरूले भारतीय भाषामा- विशेष गरी हिन्दी र बंगलामा बाइबल उत्था गरेर छपाए ।• यसै शिलशिलामा तिनीहरूले नेपाली भाषामा पनि बाइबलको केही अंश उत्था गरी छपाए । यो बाइबलको अनुवादको नेपाली भाषा यस्तो थियो (ऐ. २०६) भन्दै उनी अगाडि लेख्छन्–

"यिशु खीष्टका जनम एस्तो थियो । उसकी आमा मारिया युसफलाई भाषा गऱ्यापछि उ दुई भेटनाका अघी उ धर्मात्मादेखि गर्भ जानी गई । उस्को स्वामी युसफ साधु भइकन अवर प्रकाशमा उसलाई कलंकीनी गराव्नेकन मर्जी नगरि कन उस्लाई लुकायकन छोडनकन मनमा आँट्यो तर उ उसमाथि सुर्ता गर्दा देख ईश्वरका दूतले स्वप्नमा उस्लाई दर्शन दिया अवर कह्यो कि हे दाउदका पुत्र युसफ आफ्नी स्वास्नी मारियालाई लीन्कन नडगरो, क्याहा तस्माँ जो जनम्यो उ धर्मात्माले छ । अरू पनि सो छोरा जनमाव्ली अवर उस्का नाम तं यिशु राखलिस, क्याहा सो आफ्ना लोगलाई उनका पापदेखि उद्धार गर्ला । .. तर उसका अघिला छोरा जन्मेका अघी उस्लाई स्वासनी भैँ जानेनन् । उस्पछि उस छोराका नाम यिशु राख्यो" (ऐ. पृ. २०६-२०७) ।

यस्तो नेपाली अनुवाद प्रकाशित भयो सन् १८२१ ईस्वीमा । यस्तो नेपाली भाषा त्यस बेला नेपाली संसारको कुनै ठाउँमा, कुनै कुनामा पनि प्रचलित थिएन । फलस्वरूप यो बाइबल कसैले रूचाएनन् । त्यसपछि डाक्टर अलेक्जाण्डर डफले कलकत्तामा सन् १८३० ईस्वीमा एउटा गिर्जाघर स्थापित गरे तर त्यहाँ नेपाली भाषामा केही काम गरिएन । सन् १८५९ ईस्वीमा गयामा अर्को संस्था स्थापित गरियो । त्यहाँ पहिले मिस्टर क्लार्क अनि पछि पाद्री म्याकफर्लेन नियुक्त भए । तिनीहरूले गयामा हिन्दी भाषा सिकेर त्यसैको माध्यमबाट क्रिस्तान धर्म प्रचार गर्ने आयोजना बनाए तर सफल भएनन् । पादरी साहेबले गयामा एउटा अनाथालय खोलेका थिए । दार्जीलिङतिरबाट एकजना कमाउने साहेव केप्टन जार्डनले गयाको अनाथालयमा केही नेपाली ठिटाहरु पठाए । यी ठिटाहरु फेरी बेग्लै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किसिमका थिए । पाद्री म्याकफर्लेन यी पहाडी ठिटाहरूका चाचलन, बोलीचाली इत्यादिमा मोहित भए र तिनले गयामा भन्दा यिनीहरूको मुलुकमा खीष्ट-धर्म प्रचार गर्न असल होला भन्ठाने । तिनको मन गयामा पटक्कै अडिएन र एक दिन यिनै पहाडी ठिटाहरूलाई साथमा लिई तिनी दार्जीलिङ आए । यो हो सन् १८७० सालको कुरा । तिनले दार्जीलिङमा एउटा एङ्लो-हिन्दी स्कूल खोले । पछि तिनले त्यस्तै स्कूल कालिम्पोङमा पनि खोले (ऐ. पृ. २०७) ।

सन् १८७४ ईश्वीमा नार्मल स्कूलका दुई नेपाली मास्टरहरु गंगाप्रसाद प्रधान र लक्ष्मण सिंह क्रिस्तान भए, त्यसपछि सुखमान सुब्बा र अरूहरु । सन् १८८० ईस्वीमा बेलायतबाट दुईजना अंग्रेज पाद्रीहरु थपिए–ती थिए पाद्री टर्नबुल र पाद्री सदर्ल्याण्ड । यसरी दार्जीलिङको पर्वत खण्डमा शिक्षा र सँगसँगै क्रिस्तान धर्मको प्रचार जोरशोरले हुनलाग्यो । सन् १८८३ ईस्वीको रिपोर्ट अनुसार गंगाप्रसाद प्रधानले नेपाली भाषामा धार्मिक पुस्तिकाहरु उल्था गर्न थाले । तिनले अनुवाद गरेका बाइबलमा भएको नेपाली भाषा धेरथोर तल लेखे बमोजिम थियो (ऐ. पृ. २०७) ।

"एक् जना मान्छेका दुइ भाइ छोरा थिये । अनि तिनीहरूमा को कान्छो चइँले बाबुलाई भन्यो– बाबै धन सम्पत्तिको मलाई पर्ने भाग मलाई देउ भनि । ... अनि त्यो उठयेर आफ्नु बाबु थांइ आयो (ऐ. पृ. २०७-२०८) ।"

यस्तो नेपाली बाइबलको प्रचार दार्जीलिङ जिल्लामा विशेष गरी पाद्री सदर्ल्याण्डका प्रयासले कालिम्पोङ इलाकामा जोरशोरले हुनथाल्यो । यस कामका निम्ति सन् १८८२ मा तीन जना प्रचारकहरु नियुक्त भए । यिनीहरूले नेपाली भाषामा खीष्टको धर्म नेपाली र लाप्चे जनतामा प्रचार गरे । यसको फलस्वरूप ख्रीस्ट धर्मलाई अपनाउनेहरूको संख्या वर्षेनी बढ्न लाग्यो औ नेपाली भाषाको बाइबलको माग बढ्यो । मिसनरीहरूले चलाएको प्रत्येक पाठशालामा केही समयसम्म बाइबलको शिक्षा लिनै पर्थ्यो, बाइबलको परीक्षामा बस्नै पर्थ्यो, औ क्रिस्तान धर्म सम्बन्धी गीत गाउनै पर्थ्यो । मैले पनि प्रारम्भिक शिक्षा यस्तै मिसन स्कूलमा पाएँ जहाँ मैले पनि अरू साथीहरूले झैँ बाइबल पढेँ औ उनीहरूको धार्मिक गीत गाएँ । यस्ता धार्मिक गीतहरूमध्ये एउटा गीत मलाई अझ कण्ठ छ । त्यो हो–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"गोखार्लीले मुक्ति पाउने ढोका खोलिदेऊ ।"

सन् १९१९ ईस्वीमा मा यस्तै एउटा विद्यालय अर्थात् स्काटिश मिसन युनिभर्सिटीज इन्स्टिट्यूसनमा नेपाली र संस्कृत भाषा पढाउने शिक्षक नियुक्त भएँ र मैले एक वर्षसम्म पढाउने काम गरें । मैले जानेको र सिकाउन थालेको विशुद्ध नेपाली भाषासित बाइबलको भाषाले मेल खाएन । यसकारण म खिश्चियन अधिकारीहरूका आँखामा बिझाउने भएँ । उनीहरूका बीचमा म काँढा भएँ । यसको फलस्वरूप बाइबलका उसबेलाको भाषाको विरूद्धमा एक प्रकारको आन्दोलन चल्यो औ आखिरमा बाइबलको भाषा बदल्ने विचार बाइबल सोसायटीले गऱ्यो । तर यति काम गर्न गराउनलाई ३२ वर्ष लाग्यो ! सन् १९२० मा थालेको संघर्ष सन् १९५२ मा सफल भयो (ऐ. पृ. २०९) ।

पूर्व हिमालय अर्थात् दार्जीलिङ, सिक्किम, भोटाङ र जलपाइगढीको नेपाली भाषाको रूप शुद्ध हुन नसकेको कारण मिसनरीहरूले गर्दा हो । यस क्षेत्रमा मिसनरीहरूको नेपालीहरूमाथि बढ्दो प्रभाव परेको थियो किनभने स्कूलहरु प्रायः उनीहरूकै अधीनमा थिए । नेपाली भाषाका व्याकरण र कोष बनाउने पनि उनीहरु नै भए । यस्ता मिसनरीहरूमध्ये टर्नबुल पाद्री साहेबको नाउँ उल्लेखनीय छ । तिनले पाद्री गंगाप्रसाद प्रधानका सहायताले जुन नेपाली व्याकरण बनाए त्यो दोषपूर्ण भएर पनि त्यसको प्रचार यथेष्ट भयो । अंग्रेजहरूको राजत्वकालमा मिसनरीहरु सर्वेसर्वा थिए । यसो हुँदा टर्नबुल पाद्री साहेबको नेपाली व्याकरण चियाकमानका अंग्रेज प्लान्टरहरूमा, सरकारी अफिसरहरूमा र गोर्खा पल्टनमा समेत अधिकारपूर्ण रूपले चल्यो । यसो हुँदा यो व्याकरणमा रहेका अशुद्ध रूप यसका शिष्यहरूले सिकेर त्यही रूपलाई शुद्ध मानेर जनतामा प्रचार गरे । त्यही नेपाली व्याकरणको आधारमा बाइबल अनुवाद भयो र लाखौको संख्यामा नेपाली जनतामा प्रचार भयो । **यो बाइबलको मुख्य अनुवादक थिए स्वर्गीय गंगाप्रसाद प्रधान, जसको शिक्षा र ज्ञान सीमित थियो-उच्च थिएन । ती यिनै पाद्री साहेबहरूका थैथैमा बढे यिनैका अधीनमा तिनले आफ्नो अमूल्य जीवन बिताए ।** १४९५ पृष्ठको '**पुरानु नियम्** र ५८१ पृष्ठको ...**नयाँ नियम्** ब्रिटिश र फारेन बाइबल सोसाइटीले प्रकाशित गरेका दुइ ठेली स्कट्स मिसनका बुक डिपोहरूमा सस्तो मोलमा किन्न पाइन्छन् । यी बाइबलहरु इब्रानी भाषादेखि नेपाली भाषामा उल्था गरिएको कुरा मुखपृष्ठमा लेखिएको छ तर स्वर्गीय गंगाप्रसाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रधानले इब्रानी भाषाको 'अ' पनि जानेका थिए कि थिएनन् सो कुरा यहाँ लेखिरहनु नपर्ला । उहाँले अनुवाद गर्नु भएको बाइबलको भाषाको नमूना पाठकहरूका मनोविनोदका निम्ति तथा भाषा-तत्त्वविद्हरूका निमित्त यहाँ दिइन्छ भन्दै प्रधान लेख्छन् :

"त जब तिनीहरूले मोज् गऱ्येका थिये तब येशुले शिमोन् पत्रुसलाई भन्यो ए योआनेस्को छोरो शिमोन् क्ये यिनीहरूले भन्दा बेसि मं सङ प्रेम गर्द छस् । ...अनि अरू पनि धेरै काम छन् जो येशूले गऱ्यो अनि ति एक् गरि लेखियेका हुँदा हुन् त मं विचार्द छु ति लेखीयेका पत्र संसार आफैमा पनि अटाउने थियेनन् ॥" (युहन्ना रचित् सुसमाचारबाट : नेपाली हाम्रो मातृभाषा पृ. २२५-२२७)

तर अहिले पूर्व हिमालयका नेपाली भाषा-भाषीहरूको भाषा धेरै परिमार्जित भइसकेको छ । मिसनरीहरूको प्रभाव दिनदिनै घट्दै जाँदैछ । नेपाली विद्वान्हरूले बनाएको आधुनिक नेपाली साहित्यमा नवयुवकहरु लहसिदैछन् । यो काम पत्रपत्रिका र पुस्तक-पुस्तिकाद्वारा अरू बढ्ता मात्रामा बढाउँदै लैजानु परेको छ । त्यसो भए मात्र जतातत‍ै छरिएका नेपाली मात्रलाई विशुद्ध नेपाली भाषाले एउटै सूत्रमा बाँध्न सकिएला—बाँध्नै परेको छ भन्दै त्यस्तो स्तुत्य कार्य गर्ने पारशमणि नेपाली भाषा र धर्म संस्कृतिका मणिका रूपमा के स्मरणीय छैनन् ?

यस्तै स्मरणीय घटना चन्द्रशमशेरका पालाको छ :

चन्द्रशमशेरको कार्यकालमा कालिम्पोंगमा रही शिक्षा र ईसाई धर्म प्रचारमा जीवन बिताएका बेलायती जोहन एण्डर्सन ग्राह्मले नेपाल सम्बन्धी टिप्पणी गरेका रहेछन् । त्यो अहिले अझ सान्दर्भिक हुने हुँदा यहाँ उल्लेखित छ । नेपाल विषय लिएर लेखेका उनको टिप्पणीमा उनले हिन्दू-धर्म र बौद्ध-धर्मको विषयमा लेखेका छन् । साथै नेपालमा क्रिश्चियन धर्म-प्रचारकहरूलाई आउन नदिएका कुराहरु पनि उल्लेख गरेका छन्ः

"बुद्धको जन्म नेपालमा भएको थियो अनि बौद्ध-धर्मले भारतमा जुन गरिमा गुमाएको थियो त्यो नेपालमा आजसम्म पनि हिन्दू धर्म साथसाथै कायम भइरहेको छ । हिन्दू मन्दिरहरू अनि बौद्ध- धर्मका आधार-शिलाहरू स्वयम्भूनाथ र बौद्धनाथका मूर्तिका आकारहरू एवं कर्मकाण्ड अथवा धार्मिक रीति-थितिमा धेरै सादृश्य पाइन्छ अनि यी उक्त धार्मिक स्थानहरूमा तिब्बत,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोटाङदेखि वर्षेनी असंख्या तीर्थयात्रीहरू जान्छन् । नेपाल खाल्डोका सम्पूर्ण मानिसहरूलाई धार्मिक रीति-थितिहरू अनि उत्सवहरूले बाँधेको छ जस्तो लाग्छ । यहाँका जात्राहरू एवं चाडपर्वहरू पनि खुबै रोचक हुन्छन् । राष्ट्रका यी धार्मिक आधारले गर्दा यहाँका शासकहरू अन्य कुनै धर्मको मत प्रचार गर्न इच्छुक हुँदैनन् । क्रिश्चियन धर्मको खुल्लम-खुल्ला प्रचार गर्न यहाँ निषेध गरिएको छ । कालिम्पोंगका एक शिक्षित क्रिश्चियन परिवारले नेपालमा क्रिश्चियन धर्म प्रचार गर्न सबै कुरा त्यागे । तिनीहरू आएको खबर महाराजलाई सुनाइयो । महाराजले उनीहरूलाई राम्ररी तर कडा शब्दमा फर्कने आदेश दिए अनि खर्च पनि निकै दिए । तीनतिरबाट नेपाल भित्र पसेर नेपालीहरूलाई खीष्टको सन्देश सुनाएर प्रभावित गराउन धर्म प्रचारकहरू प्रयत्नशील छन् । पूर्वी हिमालयका बहुसंख्यक क्रिश्चियनहरू प्रवासी नेपालीहरूका सन्तानहरू हुन्" (मिण्टो जेम्स आर. कालिम्पोंगका ग्राह्म बाजे, अनु. एम.बी. प्रधान सुजाता प्रकाशन कालिम्पोंग १९९०, पृ. २०४-२०५) ।

ब्रिटिश -इण्डिया र नेपालको राजनैतिक सम्बन्ध बारे पनि उनले लेखेको छन् "ब्रिटिश-इण्डिया र नेपालको सम्बन्ध कस्तो छ? यो प्रश्नको उत्तर भारत सरकारका एक सभासदले एक ब्रिटिश पत्रकारलाई दिइएको उत्तरबाट स्पष्ट हुन्छ । पत्रकारले उनलाई भारत सरकारले नेपालसित कस्तो नीति अपनाएको छ भनी प्रश्न राख्दा सभासदले उत्तर दिए– **"हाम्रो कुनै नीति छैन, केवल मित्रता छ ।" त्यहाँका ब्रिटिश राजदूतले कुनै कुरामा हस्तक्षेप गर्न पाउँदैनन्, किन्तु मित्रतालाई सुदृढ तुल्याउँछन्"** (ऐ. पृ. २०५) अंग्रेजकै कृपामा रहेर पनि चन्द्रशमशेरको कार्यकालमा उनको यस्तो आफ्नो धर्म संस्कृति जोगाउने नीति के अनुकरणीय थिएन ?

यी यस्ता इतिहासका घटनाबाट पाठ सिक्दै हामीले आफ्ना नेपाली परम्परागत धर्म-संस्कृति, भाषाको बचाउ पक्षको अभियानका रूपमा लाग्नु पर्ने बेला आइसकेको छैन ?

नेपालमा प्रजातन्त्रको आगमन (२००७ फागुन ७) सँगै राणा र राजा त्रिभुवनको मिलोमतोमा कसरी ईसाईलाई नेपाल भित्र्याइएको थियो भन्ने तथ्य "ब्राह्मणपुत्र क्रिस्तान स्कूलमा पढ्दा नयराज पन्तको मनमा लागेका कुरा" भन्ने लेखका महत्त्वपूर्ण अंशलाई यहाँ साभार गरिएको छ :

खास गरी अंग्रेजी भाषा र रहनसहनमा पोख्त बनाउन क्रिस्तान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्कूलमा आफ्ना सन्तानलाई भर्ना गर्ने लहर भारतका धनी-मानीमा चलेको थियो । नेपालमा यस्तो स्कूल नभएकोले यहाँका धनी-मानीका सन्तान भारतमा गई क्रिस्तान स्कूलमा पढ्ने गर्थे । जेज़युइट अर्थात् सेन्ट जेभियर्'ज स्कूल पटनमा पनि वि.सं. १९९६ माघ २ गते (ई.सं. १९४० जनवरी १५ तारीखमा) खुल्यो । त्यस स्कूलका प्रिन्सिपल फादर मार्शल डेनिस मोरान (वि.सं. १९६३-२०४८) भए । त्यस स्कूलमा पनि नेपालका केही धनीमानीहरूका छोराहरु पढ्ने गर्थे । नेपालको शिक्षा विभागका तात्कालिक डाइरेक्टर जनरल मृगेन्द्रशमशेर जङ्गबहादुर राणा (वि.सं. १९६३-२०३१) जाँचको कामको लागि पटना आउँदा फादर मोरासँग उनको उठबस भयो । यस्तै छाँटले नेपालका पढैया कहलिएका अरूहरूसँग पनि फादर मोरानको सम्बन्ध बढ्यो । सेन्ट जेभियर्'ज स्कूलका प्रिन्सिपल भई बसेका फादर मोरान पटना विश्वविद्यालयका अधिकारीहरूसँग विस्तारै नजीकिँदै गए । वि.सं. २००४ मा उनी पटना विश्वविद्यालयको सिनेटको मेम्बर पनि बने । यता फादर मोरान नेपाल जान निकै उत्सुक भएकाले र उता पटनाका प्रोफेसर त्यहाँ जान नखोज्ने भएकाले उनलाई पटना विश्वविद्यालयले जाँचको कामको लागि नेपाल पठाउने विचार गऱ्यो । अनि वि.सं. २००६ आश्विन १५ गते (ई.सं. १९४९ अक्टोबर १ तारीखमा) उनी नेपालतर्फ हिंडे । पटनादेखि नै चिनजान भएका, जनरल मृगेन्द्र शमशेरसँग फादर मोरानको अर्को भेट परीक्षा चलाउन काठमाडौमा आउँदा भयो । मृगेन्द्र शमशेर मार्फत् नै उनले श्री ३ महाराज मोहन शमशेर (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७) को दर्शन पाए । यसको अर्को वर्ष फेरि त्यही जाँचको कामको लागि काठमाडौ आउँदा नेपालमा जेज़युइट स्कूल खोलने कुरा उनले उठाए । मृगेन्द्र शमशेरको यसमा समर्थन भएपनि झ्याट्ट यो कुरा अघि बढाउने आँट उनको भएन । तर स्कूल कुन ठाउँमा खोल्दा उपयुक्त होला भनी ठाउँठाउँमा घुम्न हरेक शनिवार मृगेन्द्र शमशेर १ जना प्रोफेसरलाई फादर मोरासँग घुम्न खटाइदिन्थे । कहिले ककनी, कहिले नगरकोट, कहिले सुन्दरीजल, कहिले गोदावरी आदि गरी धेरै ठाउँमा फादर मोरान घुमे । यति गर्दा गर्दै नेपालमा बस्ने उनको समय सिद्धियो र अब पटना फर्कने बेला भयो । फर्कनुभन्दा अगाडि श्री ३ को दर्शन गर्न उनी जाने भए । यति बेलासम्म जनरल मृगेन्द्रसँग उनको घनिष्ठता भइसकेकोले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काठमाडौमा पनि जेजुयुइट स्कूल खोल्न पाएको खण्डमा नेपालीहरूलाई पटनासम्म गएर पढ्नु पर्ने झञ्झटबाट मुक्ति मिल्थ्यो भन्ने कुरा जनरल साहेबलाई उनले भने । आज श्री ३ महाराजसँग यहाँ स्कूल खोल्ने विषयमा कुरा गरूँ त भनी सोद्धा मृगेन्द्रले हुन्छ भने । अनि उनले यो कुरा श्री ३ मोहनलाई भने, उनले पनि समर्थनै गरे । गोदावरीमा स्कूल खोल्ने निधो गरी फादर मोरान फर्के । पटना फर्किएपछि उनले स्कूल खोल्ने विषयमा विधिवत् प्रबन्ध गर्न पाए हुन्थ्यो भन्ने भावले जनरल मृगेन्द्रलाई चिठी लेखे । नेपालमा जेज़ुयुइट स्कूल खोल्ने विषयमा श्री ३ सँग कुरा अगाडि बढिरहेको छ भनी जनरल मृगेन्द्रले छिटै जबाफ दिए ।

यसपछिका १ वर्षभित्र फादर मोरानकहाँ काठमाडौबाट आकल झुकल चिठी आइरहे पनि स्कूल खोल्ने विषयमा निधो गरी केही लेखिएन । वि.सं. २००७ कार्तिक १६ गते (ई.सं. १९५० नोभेम्बर १ तारीखमा) जनरल मृगेन्द्रले पटनामा फादर मोरानलाई भेटी जेज़ुयुइटहरूलाई गोदावरीमा स्कूल खोल्न दिन नेपाल सरकार तयार छ भन्ने खबर सुनाए ।

यसको पाँचौ दिन अर्थात् कार्तिक २१ गते श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११) हिन्द दूतावासमा शरण लिन पुगेको र कार्तिक २६ गते हवाई जहाजद्वारा उनी दिल्ली पुगेकाले राणाशासन डाँवाडोल भयो । गोदावरीमा जेज़ुयुइट स्कूलको भौतिक प्रबन्ध गर्न भनी यस्तै अवस्थामा फादर मोरान आफ्ना अधिकारीहरूसँग काठमाडौ आए । उनले हामीहरु आउँदैछौँ भनी जनरल मृगेन्द्रलाई खवर गरेका थिए र जनरलले उनलाई काम अघि बढाउन अनुमति दिएका थिए । देशको यस्तो अवस्थामा पनि विदेशी विधर्मी यहाँ आई आफ्नो छाँटले चलखेल गर्न सकेकाले नेपालको राजकाज त्यसैबेला कमजोर भइसकेको यताबाट देखिएको छ ।

वि.सं. २००७ पौष २३ गते श्री ५ त्रिभुवन र राणा पक्षको बीचमा सुलह भयो । अब राणापक्ष र विरोधी पक्ष दुवै भएको मन्त्रिमण्डल बन्ने भयो । फाल्गुन ४ गते श्री ५ त्रिभुवन दिल्लीबाट फर्के । वि.सं. २००७ फागुन ७ गते नेपालमा राणाशासन हटी प्रजातन्त्र शासन आएको भएपनि त्यस मन्त्रिमण्डलमा को को मन्त्री हुने भन्ने निर्णय अघिबाटै भएकोले होला, नेपालमा जेज़ुयुइट स्कूल खोल्ने फादर मोरानको प्रस्ताव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावी शिक्षामन्त्री नृपजङ्ग राणा (वि.सं. १९४४-२०१४) ले श्री ५ त्रिभुवन फर्केकै दिन अपरान्हमा औपचारिक ढंगले स्वीकार गरी उनीकहाँ **कम् याट् वन्स्** अर्थात् **तुरुन्त आउनुहोस्** भन्ने तार यहाँबाट गयो । मन्त्रिमण्डल नबन्दै नै भावी शिक्षामन्त्रीले क्रिस्तान स्कूल खोल्न अनुमति दिएकाले राज्यको बागडोर हात लाउन आफुसआफुसमा लुछाचुँडी गरे पनि विदेशी विधर्मीको अगाडि शासकहरू नतमस्तक हुने उदाहरण यसमा पाइएको छ ।

यो तार पाएको केही हप्तापछि दलबलसहित फादर मोरान यहाँ आई स्कूलको तयारी गरे । पटनाको सेन्ट जेभियर्'ज स्कूलमा पढिरहेका १० जना नेपाली विद्यार्थी पनि उनीसँगै आए । अब गोदावरमि खुल्ने सेन्ट जेभियर्'ज स्कूलको लागि दरखास्त माग्दा विद्यार्थीका आमाबाबुले दरखास्त हाले । यसरी ३०० विद्यार्थीको लागि दरखास्त पऱ्यो । त्यस दरखास्तको छनौट त्रिचन्द्र कलेजका प्रिन्सिपल सरदार रूद्रराज पाण्डेय (वि.सं. १९५७-२०४३), शिक्षा विभागका कर्मसचिव अर्थात् सेक्रेटरी नेत्रबहादुर थापा, शिक्षा विभागका सदस्य तारामान सिंह र त्रिचन्द्र कलेजका प्रोफेसर जगत्बहादुर बुढाथोकीले गरे । अनि वि.सं. २००८ श्रावण १७ गते (ई.सं. १९५१ अगस्ट १ तारीख) बुधबार गोदावरमि सेन्ट जेभियर्'ज स्कूल विधिवत खुल्यो । क्रिस्तान बनेका नेपाली चेला चपेटासमेत यहाँबाट पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१) ले धपाएका पादरीहरु त्यसको साढे एक सय एकासी वर्षपछि उनका जनातिका जनाति त्रिभुवन सर्वशक्तिसम्पन्न राजा हुँदा स्कूल खोली नेपालीहरूलाई चेला बनाउन भनी फेरि नेपाल भित्रिए ।

यथा राजा तथा प्रजा अर्थात् **राजा जस्ता हुन्छन्, प्रजा पनि त्यस्तै हुन्छन्** भन्ने सुक्तिअनुसार नेपालका शासकहरूले आफ्ना सन्तानलाई क्रिस्तान स्कूलमा भर्ना गरेकाले नै उनका भाइभारदारहरूले त्यसैको अनुशरण गरेका हुन् ।

गोदावरीमा सेन्ट जेभियर्'ज स्कूल खोल्नमा नजिकैबाट लागेका भनी प्रसिद्ध रूद्रराज पाण्डेय र नेत्रबहादुर थापा (डोनल्ड ए. मेसर्श्मिड्ट २०५३/५४: १११ मा १ सङ्ख्याको टिप्पणी) नामी अध्यात्मवादी र सन्त-महन्तका भक्त मात्र नभई अघिल्ला सन्त दर्शनका रचयिता (रूद्रराज पाण्डे २०५० र २०५१) र पछिल्ला गीता-सारशतीका रचयिता (नेत्रबहादुर थापा २०३०) थिए । उनीहरूको हिन्दू धर्ममा भक्ति र क्रिस्तान स्कूलमा आसक्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिलन कसरी भयो ? यो अनुसन्धेय छ । (को हुन् त नयराज पन्त संशोधन मण्डल २७ डल्लु आवासमार्ग काठमाडौ नेपाल २०७१ : पृ. १८८- १९२) ।

यसरी सन् १९५० (२००७) मा नेपाल ईसाई संसारबाट अलग रहेको स्थिति अन्त्य भयो र ईसाई संसारको लागि ढोका खुला भयो । त्यसको लागि ईसाई धर्म प्रचारकहरूले दशकौंदेखि योजना बनाएर त्यस्तो दिनको पर्खाइमा थिए । उनीहरूको दार्जिलिङस्थित आधारहरु र नेपालको सीमा क्षेत्रबाट भित्र पस्न तम्तयार अवस्थामा रहेका थिए । दार्जिलिङलाई एउटा पहाडी अखडाका रूपमा विकास गर्न सन् १८३५ मा अंग्रेजले सिक्किमबाट त्यस क्षेत्रलाई आफ्नो हातमा लिएको थियो । त्यसपछि पूर्वी नेपालका बासिन्दाहरु कामदारका रूपमा त्यतातिर बसाई सरेर गए । धर्म प्रचारका इतिहासविद् सिन्दी पेरीले त्यसरी सरेर गएका मानिसहरु ईसाई धर्मप्रति आम रूपले विश्वास गरेका थिए भन्ने लेखेका छन् । स्कटल्याण्डको चर्चले नेपाली र लेप्चा समुदायबीच बलियो आधार खडा गऱ्यो । अर्को शताब्दीमा दार्जिलिङ्ले नेपाल, भूटान र आसाममा चर्च स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेलेको कुरा पनि उनले बताएका छन् । दार्जिलिङ् महत्त्वपूर्ण भूमि हो तापनि नेपालको दक्षिणी र पश्चिमी सिमानाका ईसाई धर्म प्रचारकका विभिन्न समूहले रणनीतिक नाकाहरूमा बलियो पकड जमाएका थिए । काठमाडौ छिर्नको लागि रक्सौलको रेलमार्ग महत्त्वपूर्ण मानिएको थियो । नेपालमा ईसाई धर्म प्रचारकहरूको प्रभाव सन् १९२९ मा डनकेन अस्पताल खुलेपछि अरू बढ्यो । त्यस्तै ईसाई धर्म प्रचारकहरूले भारतमा अन्य सहरहरु जोगवनी, नौतुना, रूपैडिया, टनकपुर, पिथौरागढ र धार्चुला समेतमा यस्ता कामहरु गरे । यसबाट उत्साहित भएका धर्म प्रचारकहरूले नेपालमा ईसाई धर्मका गुप्त अनुयायि बनाउने अभियानमा लागे ।

नेपालमा राणा शासनको अन्त्यपछि् कसरी ईसाईहरूले काम गरे भन्ने कुरा सौभाग्य शाहले आफ्नो लेखमा उल्लेख गरेका छन्: (द गोस्पेल कम्स् टु द हिन्दू किंगडम हिमाल १९९३, सेप्टेम्वर-अक्टोवर, ३५-४०) ।

नेपालमा राणा शासनको अन्त्य भएपछि ईसाईहरूले नेपाली भूमिमा चर्चहरु तथा ईसाई मण्डलीहरु स्थापना गर्न थाले । डेभिड मुखियाले नेपाल धर्मोपदेश समूहमा काम गरेका थिए । पछि नौतुनामा रहेको इन्टरनेशनलले नेपाललाई ईसाईकरण गरेपछि उनी नै सन् १९५० पछि नेपालमा चर्च स्थापना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने पहिलो व्यक्ति थिए । उनले पहिलो चर्च पोखरामा स्थापना गरेका थिए । नेपाल धर्मोपदेश समूह भन्ने सन् १९३६ मा दुईजना धर्म प्रचारक पश्चिमी महिलाले स्थापना गरेका थिए । त्यसको उद्देश्य मानिसहरूलाई धर्म परिवर्तनका लागि तालिम दिने र तयार पार्ने रहेको थियो ।

रक्सैडिया सीमा क्षेत्रबाट ईसाई धर्म प्रचार र धर्मोपदेशको काम गरिरहेको वर्णवास राईलाई जिससको सभाले सन् १९३० देखि नै यस्ता काममा लगाएको थियो । त्यसपछि उनी नेपालगञ्जमा चर्चहरु स्थापना गर्न नेपाल पसे । त्यस्तै, जोगवनीमा रिजन वियोण्ड मेडिकल युनियन भन्ने संस्थामा काम गरेका तीरबहादुर देवान सन् १९५१ मा काठमाडौमा पहिला नेपाली पादरी बने ।

सन् १९५०-६० बीच पञ्चायती व्यवस्थाको प्रारम्भ अघिको अवधि धर्म प्रचारका लागि सहयोगी सिद्ध भएको थियो । गुप्त रूपमा ईसाई धर्म अँगालेका कैयौ मानिसले त्यस अवधिमा आफूहरूले ईसाई धर्म अँगालेको कुरा खुला रूपमा बताउन थाले । चर्चहरु बन्न थाले । तानसेन, बुटवल, गोरखा र ओखलढुङ्गामा चर्चहरु बनाइए । झण्डै दुई शताब्दीदेखि छिन्न भिन्न रहेका विदेशी धर्म प्रचारक संस्थाहरूले ईसाई धर्म प्रचारमा रोक लगाइएको नेपालमा सक्रिय भएर चर्च र मण्डलीहरु बनाउने थाले ।

नेपालमा ईसाई धर्मान्तरणको सन्दर्भमा वि.सं. २००७ देखि २०१७ र त्यसपछि २०४६ सालसम्म पनि नेपालमा नगन्य मात्रामा गिर्जाघर (चर्च) र ईसाईहरु थिए । नेपालमा बहुदलीय व्यवस्था पुनर्स्थापनापछि ईसाइको संख्या ह्वात्तै बढेको पाइन्छ । २०४६ सालसम्म नेपालमा २ सय ९२ वटा मात्र चर्च बनिसकेको पाइंन्छ । तर, २०६४ सालसम्म आइपुग्दा नेपालमा यो संख्या २ हजार ७ सय ९९ पुगेको देखिन्छ जबकि २०१९ सालसम्म नेपालमा २ वटा मात्र चर्च रहेको पाइन्छ । ईसाईले उपलब्धी हासिल गरेको निश्चित प्रमाण भनेकै यस धर्मका अनुयायीहरूको वृद्धि नै हो । वि.सं. २००७ सम्म आइपुग्दा नेपालभरमा ५० भन्दा कम मानिस यस धर्मका अनुयायी भएको कुरा अनौपचारिक रूपमा अनुमान गरिएको पाइन्छ भने वि.सं. २०४६ सम्म आइपुग्दा २५ हजारदेखि ३५ हजारसम्मको अनुमान गरिएको थियो । अहिले वि.सं. २०७० सालसम्म आइपुग्दा ईसाई धर्म मान्नेहरूको संख्या २५ लाख पुगेको दाबी गरिएको छ । यो प्रक्रिया तीव्र रूपमा अगाडि बढिरहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'नेपालमा राजतन्त्र कि गणतन्त्र' नामक पुस्तकमा लेखक पत्रकार युवराज गौतमले नेपालमा ईसाई सम्बन्धी केही महत्त्वपूर्ण तथ्यहरु उल्लेख गरेका छन् :

"नेशनल चर्चेज फेलोसिफ (एनसीएफ) का मनोज प्रधानले प्रत्येक वर्ष बाह्र प्रतिशतका दरले नेपालमा चर्चको संख्या थपिएको दावी गरेका छन् । २०४९ देखि २०५२ बीचको कालखण्डमा एक्काइस प्रतिशतका दरले चर्चहरु वृद्धि भए । राजधानीभित्र ललितपुर र राजधानी बाहिर मकवानपुरलाई ईसाईहरु उदाहरणीय क्षेत्र मान्छन्, जहाँ वि.सं. २०६५ सालमै ईसाईको संख्या ह्वात्तै बढेको थियो । त्यतिबेला ललितपुरमा १ सय ३८ चर्च र २७ हजार ८६ जना ईसाई थिए भने मकवानपुरमा १ सय ३६ चर्च र २४ हजार ८ सय ३१ जना ईसाई धर्माबलम्बी थिए । ईसाईहरुका अनुसार २०६५ सालपछिको अवस्थामा चर्च र ईसाईहरुको संख्या झन् बढेको छ ।"

यसैगरी नेपाललाई धर्मनिरपेक्ष बनाउने योजना नेपालीको नभई ईसाईकै भएको रहस्योद्घाटन समेत उक्त पुस्तकमा गौतमले गरेका छन् ।

"२०५९ साल पुस २० देखि २७ गतेसम्म बुढानिलकण्ठको पार्क भिलेज रिसोर्टमा भएको ईसाई (क्रिश्चियन) हरुको अन्तर्राष्ट्रिय भेलाले नेपाल, सिक्किम, भुटान र तिब्बतमा तीब्र रुपमा क्रिश्चियन धर्म फैलाउने, त्यसका निम्ति नेपाललाई धर्मनिरपेक्ष घोषणा गराउने रणनीति बनायो । हिमालयन पार्टनर्स नामको अन्तर्राष्ट्रिय संस्था (आईएनजीको) ले सो भेला आयोजना गरेको थियो । सोही रणनीति अनुरुप, नेवारी, राई, लिम्बू, तिब्बती, थारु, मैथली आदि बीसवटा मातृभाषामा बाइबलको अनुवाद गरियो ।"

नेपालमा अगापे फेलोसीप, जेहोवा विट्नेस, कोइनुनिया, न्यू लाइफ, इमान्युयल एसोसिएसन, फ्रेन्डस मिसन, विलियर्स, मेथोडिस्ट, युनाइटेड मेथोडिस्ट, एङ्लिकन, वाप्टिस्ट, प्रेस्वेटेरियन, नेपाल बाइबल सोसाइटी, नेसनल चर्चेज फेलोसीप नेपाल, राष्ट्रिय मण्डली परिषद्, नेपाल खिस्ट्रियन समाज लगायत थुप्रै क्रिश्चियन संघसंस्था धर्म प्रचारमा संलग्न छन् । चेपाङ, तामाङ, दलित आदि समुदायमा गएर काम गर्ने चर्चहरुले गोर्खा र धादिङका उत्तरी क्षेत्रलाई ईसाई बाहुल्य क्षेत्र बनाएको सन्दर्भलाई गौतमले उठाएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा ईसाई धर्म फैलाउने तिब्बत-बर्मेली समूह हो । त्यो समूहको बहुमतले धर्म परिवर्तन गरेको देखिन्छ । यिनीहरु परम्परागत पवित्र आत्माको पूजा गरेको अर्थात् तिब्बती लामा धर्म र हिन्दू धर्मको मिसावट धर्म मान्ने गर्थे/गर्छन् । चेपाङ, मगर, तामाङ, राई, लिम्बू र गुरुङ समुदायबाट ईसाई धर्म अँगाल्नेहरूको संख्या बढी भएको र माथिल्लो जसको १० प्रतिशत मात्रले धर्म परिवर्तन गरेको पाइन्छ । उनीहरु धर्म परिवर्तन गर्ने कुरामा सफल हुनसक्ने कारणका लागि तह विनाको परस्पर विपरीत प्रेतात्मा पूजा नै हिन्दू-बौद्ध धर्म बीचको अत्यन्त कमजोर बन्धन हो भन्न सकिन्छ । खुकुला र सजिला खालका धार्मिक आस्था भएकोले त्यस्ता आस्थाहरु आधुनिकीकरणको सामाजिक शक्तिको अधिनमा पर्न गए । त्यसले एक धर्म सशक्त एवं उच्चस्तरीय संरचना भएको ईसाई धर्म प्रचारकलाई सजिलो पारिदियो भनि सौभाग्य शाहले लेखेका छन् । विशेषतः पहाडी क्षेत्रमा ईसाई रातो झण्डा (क्रस) फैलाउने द्रूत अभियान बढिरहेछ । पहाडी क्षेत्रबाट आउने ईसाई बाढी भयावह देखिन्छ ।

२०६२।०६३ को आन्दोलन पनि सुनियोजित रूपमा नेपाली राष्ट्रियताका धरोहरहरु एवं स्थानीय धर्म संस्कृति मास्ने अभियानको रूपमा उठाइएको देखिन्छ । साथै कसरी विभिन्न सामाजिक, शैक्षिक, आर्थिक आदि सहयोगका नाउँमा आएका संस्थाहरूले नेपालमा के गरिरहेका छन् भन्ने प्रसङ्गमा "युनाइटेड मिसन टु नेपाल, वर्ल्ड भिजन नेपाल, मेरी स्टोप्स क्लिनिक मेडिकल क्रिश्चियन फेलोसिप, आड्रा नेपाल, नेपाल क्रिश्चियन एलायन्स, गोस्पेल रेकर्डिङ्, विश्वविद्यालय खिस्टियन विद्यार्थी संगति, बाइबल ट्रेनिङ्, एभानजेलिकल एलायन्स, नेपाल लेप्रोसी ट्रष्ट, क्रिश्चियन आर्टस एसोसिएसन्, गोस्पेल फर एशिया, क्याम्पस त्रुसेड फर क्राइस्ट, एभ्री होम त्रुसेड, प्रिजन फेलोसिप नेपाल, मूभमेन्ट फर युनिटी लगायत धेरै संघसंस्था नेपालको धर्म संस्कृति र परम्परा मास्ने मिसन अन्तर्गत कार्यरत छन् । राजतन्त्रले परम्परा, धर्म र संस्कृतिको संरक्षण, सम्वर्द्धन र सम्प्रेषण गर्ने भएकोले २०६२।६३ को आन्दोलनमा क्रिश्चियनहरूले पनि सक्रिय रूपमा भाग लिएको र राजतन्त्र विरोधी आन्दोलन चर्काएको कुरा राष्ट्रवादीहरूले राम्ररी बुझेका छन्" भनि गौतमले उल्लेख गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०४६ सालको जनआन्दोलन र पञ्चायती व्यवस्थाको अन्त्यपछि अझ ईसाई धर्मको प्रचार र आक्रामक धर्मान्तरणले सफलता पाउन थाल्यो । अझ, नेपालमा भएको २०६२/०६३ को जनआन्दोलन र राजसंस्थाको अन्त्यले ईसाईहरूका लागि धर्म परिवर्तन गराउने अभियान साँच्चिकै सफलतातर्फ बढिरहेछ । यसैले माथि पेरीले भने झैं "नयाँ नेपाल" को योजना कतै ईसाई नेपालमा त रूपान्तरण हुने त होइन भन्ने प्रश्न टड्कारो उठ्न थालेको छ । **नेपालका शाहवंशीय राजाहरू धर्म संस्कृतिको मियोको रूपमा रहेका हुँदा उनीहरूका लागि बाधक बनेको सन्दर्भमा राजसंस्थाको अन्त्य पनि कतै ईसाई अभियानकै एउटा पाटोको रूपमा त थिएन ? यो एउटा गम्भिर प्रश्न हो ।**

त्रिभुवन विश्वविद्यालय नेपाल र एशियाली अनुसन्धान केन्द्रले गरेको एक अनुसन्धानको प्रतिवेदन अनुसार हिमाली जिल्लाका उत्तरी भेगहरूमा ईसाई धर्मान्तरणको आक्रामक अभियान ज्यादै अगाडि बढिरहेको तथ्य देखाएको छ । ईसाईहरु अरू धर्मावलम्बीको धर्म परम्परा र संस्कृतिको खुल्लमखुल्ला निन्दा गरिरहेका छन् तर आज प्रश्न उठ्न थालेको छ ईसाई धर्मान्तरण गरेका कुनैपनि नेपाली जातजातिले आफ्नो पुर्ख्यौली संस्कृति छाड्नै पर्ने र त्यसको निन्दा वा कटु आलोचना गर्नै पर्छ । विशेषगरी हिन्दू, बौद्ध, किराँत, मस्टो, धामी, झाँक्री जस्ता सनातनी परम्पराको विरोधसँगै क्षेत्री बाहुनको विरोधमा पनि उनीहरूलाई लगाइरहेका छन् । पछिल्लो अवस्था हेर्दा नेपालमा जुन गतिमा आज ईसाईकरण वा ईसाई संस्कृतिको बढोत्तरी भइरहेछ यो वृद्धिदर विश्वको अन्य कुनैपनि राष्ट्रमा शायद नहोला । आज हाम्रो देश सांस्कृतिक अतिक्रमणको संक्रमणबाट गुज्रिरहेको छ । हाम्रा धार्मिक-संस्कृति र परम्पराहरूमाथि चारैतिरबाट निरन्तर आक्रमण भइरहेछ ।

नेपालमा भइरहेको परम्परागत स्थानीय धर्म, संस्कृतिको विनाशप्रति हिमाली बौद्ध धर्म संस्कृतिका अध्येता डा.रमेश ढुंगेल अत्यन्तै चिन्तित देखिन्छन् । नेपाली धर्म संस्कृति बचाउने नीति ल्याउनै पर्ने कुरामा ढुंगेलको जोड रहेको छ । संखुवासभाको उदाहरण दिंदै, ढुंगेलले संखुवासभा चौरासी गुम्बा रहेका र यिनीहरूको संरक्षणको अभावका कारण दिनानुदिन जीर्ण बन्दै गइरहेका छन् । साथै नव ईसाई धर्मका अनुयायीबाट त्यस्ता गुम्बाहरूमा पैसा दिएर दिसापिसाव गर्न लगाउने, बुद्ध धर्मप्रति घृणा फैलाउने र त्यतिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्र नभएर बौद्ध धर्मका पुराना ग्रन्थहरूका भित्री पानाहरु दोबाटोमा ल्याई जलाउने र त्यस कार्यबाट रोग निको हुन्छ भन्ने सम्मका कुत्सित काम भइरहेका छन् भनी सार्वजनिक मञ्चहरु मार्फत पटक पटक यस प्रकारका विचारहरु व्यक्त गरिरहेका छन् । माओवादीको उत्कर्षका बेला संखुवासभाकै चेपुवा गा.वि.स गुठी गुम्बा गाउँका लामा ग्यालजेन (ज्येनज्येन) लाई माओवादी र ईसाईहरु मिली अमानुषिक तरिकाले कुटपिट गरी खाल्डोमा हाली मर्‍यो भनी छाडेको र पछि गाउँलेको सहयोगमा उनी बाँच्नका निम्ति दार्जीलिङ गएर बस्नु परेको सन्दर्भलाई पनि ढुंगेलले बारम्बार उठाइरहेका छन् । दुई दशककै छोटो समयमानै संखुवासभामा एकसय भन्दा बढी चर्च रहेका र माओवादी झण्डा बोकेर हिंड्ने मानिस ईसाई भएको सन्दर्भमा यो ईसाईकरण के माओवादी अभियानबाटै आइरहेको त छैन ? भन्ने प्रश्न गर्छन, ढुंगेल । यस्ता घटना अन्य जिल्लाहरूमा पनि भइरहेको कुरा प्रकाशमा आइरहेका छन् । नेपालमा ईसाईकरणको मूल एजेण्डा बोकेर आएको भनि माओवादीप्रति कटाक्षा गर्दै "आदिधर्म सापेक्ष" लेखमा राजनीतिक विश्लेषक सौरभको धारणा यस्तो पाइन्छ :

> *नेपालमा धर्मनिरपेक्षताका निम्ति भेटिकनको वकिल बनेको नर्वेमा धर्म परिवर्तन सन् १००० मा सुरू भयो र ११५० मा त्यो कार्य सकियो । फलस्वरुप अहिले ७९ प्रतिशत इमान्जेलिकल लुथेरनहरु त्यहाँ छन् । त्यहाँका ईसाईहरूले प्रायः आफ्ना गिर्जाघर पुराना मन्दिर वा पवित्र स्थलहरूमा स्थापना गरे । गिर्जाघरको संवैधानिक प्रमुख नर्वेका राजा हुन्छन्, जसले संविधान अनुसार आफू लुथेरन भएको सावित गर्नैपर्छ, जसलाई नेपालमा गणतन्त्र स्थापना भइसकेपछि मार्च २००९ मा पुष्पकमल दाहालले दर्शनभेट गरेर आफूले नेपालमा दायित्व पूरा गरेकोमा हाजिरी दिँदै धन्यवादको लेनदेन गरे । यसरी लेनदेन र झुटो प्रचारलाई बढावा दिने हो भने भविष्यमा मन्दिर मात्र होइन, गुम्बाहरु पनि गिर्जाघरमा परिणत हुने निश्चितै छ । न फिदिममा फाल्गुनदको आश्रम, मेन्छायम धाम र साल्पा पोखरी नै बाँकी रहनेछन् । इन्टरनेटमा कसैले पनि नेपाल सम्बन्धी जोसुवा प्राजेक्टका फाइलहरु हेरे पुग्छ । अर्को डेनमार्कमा सन २००८ सम्ममा ८२ प्रतिशत इमाञ्जेलिकल लुथरेन थिए, जुन देशको संवैधानिक धर्म हो र राजा चाहिँ राज्यले*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मान्यता दिएको लुथेरन गिर्जाघरको सदस्य हुनैपर्छ । अर्को वकिल स्वीडेनमा ७० प्रतिशत इमाञ्जेलिकल लुथेरन छन् र फिनल्याण्डमा ७३ प्रतिशत । आइसल्याण्डमा ७९ प्रतिशत इमाञ्जेलिकन लुथेरन छन् र तिनलाई सन् १९४४ को संविधानले संरक्षण दिएको पनि छ (सौरभ, असहमति २०७१, पृ. ७२) ।

नेपालमा धर्मनिरपेक्षताका लागि पैसाको खोलो बगेको थाहा पाए पछि दिल्लीमा नेपाल सम्बन्धी चासो राख्ने बौद्धिक समूदायको विशेष बैठक बसेको चर्चा तत्कालिन अवस्थामा चलेको थियो । त्यहाँका राजनीतिज्ञहरु विशेषत हिन्दूधर्मका पक्षधरहरूमा देखिएको चासो पानीको फोका झैं क्षणिक बन्यो । नेपालमा धर्मनिरपेक्षताका लागि गरिएको पैसाको चलखेल सन्दर्भमा सौरभ लेख्छन्–

नेपालमा धर्मनिरपेक्ष संविधान बनाउन नेताहरूलाई बाडिएको ५ करोड डलर पछि धर्म परिवर्तन गराउन ७ अर्ब रूपैया खर्च भइसकेको थियो । अन्तरिम संविधानमा सम्बन्धित वाक्यमा काकपद चिन्ह हालेर माथिपट्टि 'धर्मनिरपेक्ष' लेखिदिन कति लाख लडर आयो, त्यो खोजीको विषय हो । मुद्दा लिम्बूवान लगायत एक मधेश एक प्रदेशको भन्दा पनि दक्षिणी सुडान जन्मनेतिर बढ्दै गइरहेको देखिन्छ । दक्षिण कोरियाली 'मैत्री अस्पताल' हरूले मङ्गोल अनुहार ओढेर सुरुदेखि नै धर्म परिवर्तनलाई सघाएकै हुन् । त्यसैले माओवादी राष्ट्रवाद कुनै पनि राष्ट्रकल्याणको निम्ति भन्ने बुझिदैन, अर्को एक ईसाई राष्ट्रको निम्ति भन्नेमात्र देखिन्छ । राजा यतिमात्रैका निम्ति फाल्नु थियो भेटिकनलाई, भलै गणतन्त्र भारतका निम्ति पनि सामरिक अनुकूल किन नहोस् । (सौरभ ऐ.पृ. ७२) नेपालमा पश्चिममा शक्तिहरूको मूल चाहना भनेकै धर्मनिरपेक्षता हो संघीयता किमार्थ होइन । उनीहरु धर्मनिरपेक्षतामार्फत ईसाईकरण अभियानलाई तिव्र पार्न चाहन्छन् । धर्मनिरपेक्ष नभए संविधान बन्न उनीहरु नदिनका लागि न्वारान देखिको बल लगाउन तयार देखिन्छन् ।

अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको पटक-पटक भइरहेको नेपाल भ्रमण सन्दर्भमा सौरभ अगाडि लेख्छन्–

संविधान धर्मसापेक्ष बन्दैन भने गृहयुद्ध हुने कुरा पक्का छ तर जातीयताको मुद्दा होइन, धर्मनिरपेक्ष राष्ट्रपति हुन नपाइने अमेरिकाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वराष्ट्रपति जिम्मी कार्टरको नेपालप्रतिको उग्रचिन्ता र दौडधुप त्यसैका निम्ति हो । धर्मनिरपेक्ष संविधान नबन्ला भनेर नर्वेका टोरे टोरेङ विशेषदूत बनेर आउँछन्, नर्वेका राजदूतको निवास स्थानमा वामपन्थीहरूको कवि गोष्ठी गराइन्छ । कसै-कसैलाई डलर उपहार दिइन्छ । माओवादीको ईसाईधार त्यसै स्वार्थको पहेरेदार मात्र हो र हाम्रा निम्ति यदि धर्मसापेक्ष बन्दैन भने संविधान नबनोस पनि । गृहयुद्ध र राष्ट्र विखण्डन भन्दा संविधान नबनेको धेरै राम्रो हो, नबनोस (सौरभ, ऐ. पृ. ७३) ।

सनातन धर्म-संस्कृति हमला हुनुमा पश्चिमाहरूले लामो समय देखि काम गरिरहेको सन्दर्भ यहाँ उल्लेख गर्नु वान्छनीय हुन्छ । "पोतलामाथि एक्लो धर्म 'धुजा" लेखमा उनी ईसाईकरणले चीनलाई कमजोर पार्ने रणनीति ल्याइरहेछ भन्ने कुरालाई स्पष्ट पार्दै लेख्छन्–

'गस्पेल अफ द गड' जमाथन लिन्डेले लेख्दा सम्ममा भेटिकन हिमालयको उत्तरी र दक्षिण ढालका सन्दर्भमा दुई निर्क्यौलमा पुगेको थियो, ईसाई धर्म विस्तारका निम्ति दुई तत्त्व ठूला बाधा छन् । पहिलो ब्राह्मण जसलाई तोड्न संस्कृतलाई पहिला नष्ट गर्नुपर्छ तिब्बत जसलाई तोड्न चीनबाट अलग गर्नुपर्छ (पृ. २६७) । र, अस्तित्त्वमै नभएको 'बाहुनवाद' को विरोध किन भइरहेछ भने बाहुनहरु सनातन धर्मका अग्रपङ्क्तिका पहरेदार हुन र उनीहरु ढलेका खण्डमा ईसाई धर्मको विस्तार सजिलो हुन्छ । र, ईसाई धर्म विस्तारको सजिलो उपाय रचिएको छ पूर्वी पहाडमा जनमुक्ति मोर्चाका साइनवोर्डहरूमा हामी हिन्दूहोइनौ, लेख्न लगाएर जसको रहस्य पद्मरत्न तुलाधरको मुखबाट निस्कन्छ- हामीले गाई खान पाउनु पर्छ भनेर (राजा, भारत र अमेरिका, पृ. १२४) । यहाँनेर २०३८ एउटा महत्त्वपूर्ण वर्ष हो । जुन वर्ष तिनै तुलाधर तत्कालीन राष्ट्रिय पञ्चायतमा रोए र अयोध्यामा तत्कालीन मालेहरूको पहिलो वैठक बस्यो । कालान्तरमा तिनले माओवादीसँग सहकार्य गर्दै गाई खान पाउनु पर्छ भनेपछि भित्रि उद्देश्यहरु छर्लङ्ग भए । यो भनाइ धर्मनिरपेक्षताको पक्षधर र कथित ब्राह्मणवादको विरोधी देखिए पनि माओवादभित्र शीर्ष नेतृत्त्वदेखि तल्लो पङ्क्ति सम्म एउटा छुट्टै ईसाईधार विद्यमान थियो । जसले धेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर नगई नागाल्याण्ड र मिजोरममा ईसाई लाल डेङ्गा र ललथन हौलाको पृथक्‌तावादी आन्दोलन र विहारको कोल्हान जिल्लामा ईसाईहरूको समानान्तर कोल्हानिस्तान संघर्ष थियो । त्यही नेर नेपालमा भइरहेको आत्मनिर्णयको अधिकारका मागलाई पृष्ठभूमिबाट हेर्दा के ख्याल गरिनुपर्छ भने इस्लाम संसारभित्र सम्प्रदाय र नस्लका आधारमा भौगोलिक सीमाहरु टुटेका छैनन जति ईसाई संसारमा टुटेका छन् । जानेर वा बुझेर नै हुनुपर्छ संस्कृत विरूद्ध बज्राचार्य र रिम्पोछहरु बोलेनन्, यद्यपि त्यो संयम पाली भाषाको जग हो भनेर भएको होइन । (सौरभ, पच्चीस वर्ष २०६९ : २६७) ।

श्रीलंकामा कसरी पश्चिमाहरूले जातीयताको आवरणमा ईसाईकरणलाई अगाडि बढाइएको रहेछ भन्ने कुरा अहिले छर्लङ्ग हुँदै आइरहेछ भन्दै उनी अगाडि लेख्छन्–

सन् १९८९ मा 'बर्लिन वाल' भत्कने वित्तिकै केही नेपालीले टिप्पणी गरिसकेका थिए, अबको युद्ध इस्लाम विरूद्ध ईसाई युद्ध हो । लाक्षणिक सुरूवात श्रीलङ्काबाट भइनै सकेको थियो । त्यो युद्ध सिंहाली र तमिलबीच थिएन, बौद्ध धर्मावलम्बी र ईसाईबीचको थियो । त्यसैले त्यहाँ नर्वे मध्यस्थताका निम्ति आयो, ७९ प्रतिशतको हाराहारीमा ***'इमान्जेलिकल लुथरन'*** *जनसंङ्ख्या भएको नर्वे र, त्यही कारण अन्ततः कोलम्बो सरकारले नर्वेलाई वार्ताबाट बर्खास्त गर्‍यो र डेनमार्कका विदेश मन्त्रीलाई भिसा दिएन । युनिसेफका प्रमुखलाई पनि वर्खास्त गर्‍यो । र, स्मरण रहोस्, नेपालमा भने त्यही वर्ग पैसाको भकारी बोकेर संविधानसभा, सभासद, शिक्षण तालिम र संविधान निर्माण सहकार्यमा पार्टीका ढोकाहरूमा धाइरहेको छ । नेपाल आएको ईयू ट्रोइकामा पनि स्वीस परराष्ट्र मन्त्रालयको प्रतिनिधित्त्व थियो, धर्मसापेक्ष उत्तर यूरोप खुलेरै नेपाली समाजविरूद्ध लागेको छ (ऐ. २६७–२६८) । नेपालमा कथित माओवादी आन्दलोलन भनेको ईसाई अभियानकै एउटा हिस्सा हो भन्ने सन्दर्भमा उनको भनाई स्मरणीय छ ।*

यहाँनेर स्पष्ट हुन्छ, माओवादीको नेतृत्त्व किन चाहेर पनि चिनियाँ नेतृत्त्वको पाँचौ पंक्तिसम्म पनि पुग्न सकेको छैन । चीन धर्म, नस्ल र भूगोलका आधारमा विखण्डनको प्रयास विरूद्ध लडिरहेको छ र माओवादीहरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैका 'मसिहा' हुन जो अर्काको भरिया बनेर चीन भित्रसम्म पनि त्यसलाई भित्र्याउने दूत बन्न सक्छन् (भारतमा चिनियाँ हतियार भित्र्याउने वाहक त बनि नै सके र त्यसपछिको विश्वासनीयता पनि गुमाइसकेका छन्) भलै तिनका दशहजार लडाकुहरु आफ्नै सुरले विशुद्ध आन्तरिक क्रान्तिका निम्ति दीक्षित र वचनवद्ध भएका होऊन । नभन्दै जो माओवादी आन्दोलनका हिमायती 'एभानजेलिस्ट' हरु हुन्, तिनै 'फ्रि टिबेट' आन्दोलनका लगानीकर्ता हुन, सर्वसाधारणले यी कुरा बुझेका छन् भने के चीनले चाँही बुझेको छैन होला ? तास्मानियामा अबोरिजन र अमेरिकामा रेड इन्डियनहरूको कस्तो जातीय संहार भयो भन्ने कुरा दरवार स्कूलको पाठ्यक्रममै कुनै बेला थियो । तिनले आइएलओ १६९ को बुँदा पसार्ने भनेको आफ्नो अनुहार हेर्ने मात्रै हो । त्यसमाथि के भने अमेरिगो भेस्पुसाई र क्याप्टेन कुकभन्दा रेड इन्डियन र एबो रिजिनल अघि त्यहा तैनाथ थिए भन्नलाई नृवंश शास्त्र नै चहिंदैन । आफ्नो पुच्छर चुडिए पछि अरूको पनि चुडिनु नयाँ फेसन हो भन्नु त इसपको कथाको धर्म नै हो (सौरभका पच्चीस वर्ष, पृ. २७१) ।

नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्ने काम माओवादी मार्फत वाह्य शक्तिले अघि सारेको एजेण्डा रहेछ भन्ने कुरा अहिले स्पष्ट हुँदै आइरहेछ । उनीहरूले अगाडि सारेको "नयाँ नेपाल" भनेको "ईसाई नेपाल" हो । **२०४७ सालताका पनि यो ऐजेण्डा अगाडि ल्याइएको थियो । २०४७ सालको संविधान बन्नु अघि नेपाललाई धर्मनिरपेक्ष बनाउने उद्देश्यले बेलायती संसदको प्रतिनिधि मण्डल नेपाल आएको थियो । उनीहरू नेपाल आउँनुको उद्देश्य तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई थाहा भइसकेको रहेछ । उक्त कुराको जानकारी प्रधानमन्त्री भट्टराईले तत्कालिन राजा वीरेन्द्रलाई गराई कतै राजाबाट कुरा फुत्कने हो कि भन्ने डरले आफैले उनीहरूसँग कुराकानी गर्नेभन्दा राजाले स्वीकार गरेछन् ।** उक्त संसदीय प्रतिनिधि मण्डल राजासँग भेट गर्न जाँदा पूर्व सल्लाह अनुसार राजाले आफूले अधिकार मन्त्रिमण्डललाई दिएको हुँदा प्रधानमन्त्रीलाई भेट्ने सुझाव दिएछन् र प्रधानमन्त्री निवास बालुवाटारमा उक्त प्रतिनिधि मण्डलले भेट गर्न गएछ । भट्टराइले प्रजातन्त्रको जननी मुलुकबाट आएका बेलायती प्रतिनिधि मण्डललाई राम्रो प्रशंसा र स्वागत गरेछन् । केहीवेरको भलाकुसारी पछि प्रतिनिधि मण्डलले 'नेपाललाई धर्मनिरपेक्ष' बनाउने एउटा मात्रै आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माग रहेको आग्रह गरेछ । प्रतिनिधि मण्डललाई भट्टराईले एउटा जिज्ञासा राखेछन्, तपाईहरु कहाँ सन् १६८८ को गौरवमय क्रान्तिपछिको संसद्को अधिकार पत्रको सम्झना गराइ अन्तिम बाह्रौ बुँदामा रहेको कैथोलिक अथवा कैथोलिक नारी (स्त्री) सँग विवाह गर्ने कुनै पनि व्यक्ति इंगलैंडको गद्दीको हकदार हुन नपाउने अर्थात् इंगलैंडमा प्रोटेण्टेण्ड धर्म मान्ने व्यक्ति मात्र राजा हुन पाउने नियम अहिलेसम्म परिवर्तन भएको छ कि छैन भनि प्रश्न राख्दा ती प्रतिनिधिमण्डलका सबै सदस्यहरु अवाक् भएछन् । ती मध्ये एकले उक्त प्रावधान अहिलेसम्म यथावत रहेको जानकारी गराएपछि भट्टराईले कुटनीतिक शैलीमा तेश्रो विश्वका हामीजस्ता मुलुक इंगलैंडलाई संसदीय प्रजातन्त्रको आदर्श मान्दछौ । यहाँहरूले आफ्नो देशलाई पूर्णरूपमा धर्मनिरपेक्ष राष्ट्र बनाउनुहोस्, त्यसपछि हामी तपाईहरूको अनुशरण गर्नेछौं भन्दा निरुत्तर भई उक्त प्रतिनिधि मण्डल फर्केको थियो र यस कार्यबाट राजा वीरेन्द्र अत्यन्त हर्षित होइबक्सेछ । यो महत्त्वपूर्ण प्रंसङ्गलाई रेडियो नेपालको घटना र विचार कार्यक्रमबाट पत्रकार पुरुषोत्तम दाहाललले सार्वजनिक गराईदिएको सन्दर्भ स्मरणीय छ । यस प्रसङ्गलाई सम्झँदा बेलायतका प्रधानमन्त्री तथा गद्दीको उत्तराधिकार प्रोटेस्टेण्ड क्रिश्चियन नै हुनुपर्ने वैधानिक परम्परा बेलायतमा अझै कायम रहेको र ऐतिहासिक युगमा क्याथोलिक महारानीले प्रोटेस्टेण्ड हुन चाहँदा राजाकै उपस्थितिमा अचानोमा राखी दुई टुक्रा पारी हत्या गरेको घटना स्मरणीय छ ।

बेलायतमा अहिले पनि एङ्लिकन चर्च र राज्यको भूमिका एवं काम कारवाहीलाई अलग पार्ने प्रयत्नको सीमा र जटिलताहरु निम्न प्रकारको व्यवस्थापनमा जटिलताहरु देखा परिरहेका छन् । राज्य प्रमुखले एङ्लिकन धर्ममा आस्था राख्नुपर्छ र क्याथोलिकसँग विवाह निषेध छ । राज्य प्रमुखले प्रधानमन्त्री मार्फत् एङ्लिकन चर्चका सर्वोच्च लगायत वरिष्ठ अधिकारीहरु नियुक्त गर्दछन् । एङ्लिकन चर्चका २६ जना वरिष्ठ अधिकारीहरु राज्यको माथिल्लो सदन (House of Lords) मा पनि रहन्छन्, जुन स्थान अर्को धर्मका प्रतिनिधिहरूले पाएका छैनन् । यद्यपि सन् १९२० देखि एङ्लिंकन चर्चलाई स्वायत्त पारिए पनि त्यस व्यवस्थाको सम्पूर्ण निकायहरूमाथि संसदले भिटो (Veto) प्रयोग गर्ने अधिकार कायमै छ (शर्मा, सुधीन्द्र, **हिन्दू अधिराज्य र धर्मनिरपेक्षता लेख पाद टिप्पणी** : ४५६-५७) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी अहिले पनि बेलायतमा एङ्लिकन चर्चले सरकारी मान्यता र सुविधा पाइनै रहेछ । त्यहाँको राजा मात्र होइन प्रधानमन्त्री पनि प्रोटेस्टेण्ट नै हुनुपर्दछ, बेलायतका टोनी व्लेयर क्याथोलिक भएकोले प्रोटेस्टेण्ट भएर मात्र प्रधानमन्त्रीको शपथ खाए र प्रधानमन्त्रीको पदावधी सकिएपछि पुनः क्याथोलिक मतमा फर्किए । एङ्लिकन चर्च (चर्च अफ इङ्ल्याण्ड) को रमाइलो प्रसङ्ग के छ भने आफूले चाहेको पारपाचुकेलाई पोपले स्वीकृत नगरेपछि हेनरी आठौले यसको स्थापना गरेका थिए । यसैगरी "ईश्वरले रानीको रक्षा गरून्" यो बेलायतको राष्ट्रिय गानको प्रसिद्ध पंक्ति हो । जे होस् प्रजातन्त्रको जननी पछि अर्को संसारकै एक मात्र प्रजातन्त्रको ठेकेदार राष्ट्र अमेरिकामा धर्मको नीति कस्तो रहेछ त्यो बुझ्न जरुरी छ । बेलायतमा रहेकी कृत्तिवास लुइटेल (सदस्य, शान्तिदेवी लुइटेल प्रतिष्ठान, ३४ ह्यागडेन लेन, वाटफोर्ड लण्डन) लेख्छिन्– म बेलायतको नागरिक हुँ । मैले अमेरिकामा के देखे त्यो यहाँ लेख्दै छु । अमेरिकाका राष्ट्रपति, धर्म र राजनीतिको कस्तो सम्बन्ध छ, त्यो हेरौ । बाराक ओबामा पहिलो पटक राष्ट्रपति हुँदा २० लाखभन्दा बढी मानिसको उपस्थितिमा भएको समारोहमा अमेरिकाको ४४ औं राष्ट्रपतिको रूपमा सपथग्रहण गर्नुअघि पादरी रिक वारेनले करिब पाँच मिनेटसम्म प्रार्थना गरे । कार्यक्रममा प्रथम महिला मिसाल ओबामाले राष्ट्रपति अब्राह्म लिंकनले प्रयोग गरेको बाइबल लिएकी थिइन । त्यसै बाइबलमाथि बाया हात राखेर ओबामाले अमेरिकी सर्वोच्च अदालतका प्रधान न्यायाधीशसँग राष्ट्रपतिको सपथ ग्रहण गरे । अमेरिकी समाजमा चर्च र प्रार्थना अभिन्न अंग जस्तै छ । के भन्न अतिशयोक्ति हुँदैन भने अमेरिकी सहरहरूको बनावट र बस्तीमा हरेक एक कोशमा एउटा चर्च अवश्य भेटिन्छ । किनभने यहाँको समाजमा करिव ४४ प्रतिशत प्रोटेस्टेन्ट, २४ प्रतिशत क्याथोलिक, ७ प्रतिशत ऐतिहासिक जातिको आफ्नै धर्म छ । २ प्रतिशत यहुदी छन् भने १६ प्रतिशत अमेरिकी कुनै पनि धर्मसँग असम्बन्धित छन् । अरू त अरू संयुक्त राज्य अमेरिकाको सिक्कामा समेत 'भगवानमा हामी विश्वास गर्छौं' भन्ने वाक्यांश उल्लिखित छ (कान्तिपुर दैनिक, २०७०, १९ वैशाख) ।

वर्तमान अमेरिकी राष्ट्रपतिको पूरा नाम बाराक हुसैन ओबामा हो, पूरा नाउमा शपथ लिँदा मुस्लिम भएको देखिने हुँदा दोस्रो पटक बाइबलको सपथ बाराक ओबामाको नाउमा खाए (लिए) । यसैगरी अमेरिकी राष्ट्रपतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उम्मेदवार बन्नका लागि अमेरिकामा जन्मेको र क्याथोलिक धर्मको अनुयायी हुनु अनिवार्य जस्तै हुन्छ । त्यो कथित धर्मनिरपेक्ष तपाई-हामीलाई ढाँट्ने उसको स्वाँग शिवाय केही होइन ।

अमेरिकी राष्ट्रपतिको सपथ कानूनी शासन, मानव अधिकार, प्रजातन्त्र प्रतिको प्रतिवद्धता भन्दा ईसाई कानून बाइबल प्रति रहेको स्पष्टै हुन्छ ।

अमेरिकाको सिनेट र काँग्रेसलाई धर्म सम्बन्धी कुनै पनि निर्णय गर्ने अधिकारको निषेध गरेको छ । सबै धार्मिक निर्णय गर्ने काम परिषदबाट हुने गर्छ । जहाँ नेपालमा हिन्दू राष्ट्र हटाउने काम केही सभासदले ताली पिटेर गरे । धर्मको निर्णय धर्म गुरूहरूले मात्र गर्छन्, त्यो विश्वको मान्यता हो । नेपालमा मात्र धर्मको बारेमा नबुझेका, नजानेका नेताको पगरी गुथेका व्यक्तिको लहडी तालमा निर्णय हुने गरेको छ, जुन आम नेपालीका लागि दुःखद कुरा हो (अर्जुन प्रसाद बास्तोला **अन्नपूर्ण पोष्ट** कार्तिक २५, २०६९) ।

अमेरिकामा रहेका आदिवासीको अवस्था औल्याउँदै महाथिर लेख्छन् :

संयुक्त राज्य अमेरिकाका आदिवासी 'रेड इण्डियन' हरु कहिल्यै पनि अमेरिकाका स्वामी भनेर अन्तर्राष्ट्रिय रूपमा मानिएन । अमेरिकाका विभिन्न भागमा बसोबास गर्न जाने सबै सुरुसुरुमै 'एङ्लो सेक्सन' मूलका थिएनन्, प्रशस्त डचहरु न्यू एमस्टेर्डम (पछि न्यू योर्क) मा गएर बसे । त्यस्तै, दक्षिणमा पर्ने लुजियाना फ्रेन्चहरूले बसाएका हुन् । ब्रिटिश मूलका १३ राज्य मात्र थिए । आफ्नो अत्याधिक बढी संख्याको शक्ति र युद्ध र सम्झौताका माध्यमबाट 'एङ्लो-सेक्सन' मूलका मानिसहरूले यूरोपेली आप्रवासीहरूको बारम्बारको आगमनले विशुद्ध ब्रिटिश-मूललाई चाँडै अल्पमतमा पाऱ्यो तर त्यो आप्रवासनलाई यसरी व्यवस्थापन गरियो कि अंग्रेजी भाषा र संस्कृति अमेरिकी परिचयको आधारभूत पक्ष रहिरह्यो । (मुहमद, महाथिर विन 'द मलया डिलेमा' (मले द्विविधा) अनु. कोमल भट्टराई तथा यमनाथ बराल, २०६७, पृ. १२२) ।

यसैगरी संयुक्त राज्य अमेरिका भित्रिए पछि कसरी आप्रवासीहरूलाई आफ्नो मूल भाषा, सभ्यता, संस्कृति आदिलाई विर्सन बाध्य पारिन्छ भन्ने प्रसङ्गलाई पनि महाथिरले मार्मिक रूपमा उल्लेख गरेका छन् ।

वास्तवमा जुनबेला उनीहरूले अमेरिकी हुनुको मान्यता पाउँछन्, त्यसबेला नै उनीहरु आफ्नो भाषा र मूल देशका बारेमा विर्सने कोशिस गर्न थाल्छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र आफ्ना झुग्नी- झोपडीबाट आङ् तन्काउँदै बाहिर निस्केर आम अमेरिकी जस्तो व्यवहार गर्न थाल्छन् । त्यसपछि तिनीहरु अमेरिकनभन्दा उग्र अमेरिकन हुन थाल्छन् र अमेरिकन हुनुको गर्वका साथ साधनहरूको रक्षा, कानूनको पालना, शिक्षा नीतिको वकालत र खास गरि आप्रवासनसम्बन्धी कानूनको तरफदारीतामा सबभन्दा अगाडि हुन्छन् र यसरी अमेरिकन हुनुको स्वीकृत मान्यताका पहरेदार बन्दछन् (ऐ.पृ. १२२) । यसबाट हामीले सिक्नुपर्ने महत्त्वपूर्ण कुरा भनेको विशुद्ध विज्ञानका क्षेत्रमा बाहेक पश्चिमाले नेपालका बारेमा समाजशास्त्र, राजनीति, इतिहास आदि आदि यावत क्षेत्रमा गरेका शोध, अनुसन्धान र कृतिलाई पूर्ण अविश्वासका साथ पुनर्लेखन गरी आफ्नै बाटो नलिने हो भने त्यसले यो राष्ट्र रहन दिने छैन ।

यथार्थ के हो भने संसारमा अहिले सबैभन्दा बलियो शक्ति सैनिक शक्ति र अर्थ शक्ति हो । त्यसपछि तेस्रो शक्ति भनेको धर्मशक्ति हो । अमेरिका अहिले संसारको एक मात्र शक्ति राष्ट्र हो । तर अमेरिका जस्तो धर्मान्ध राष्ट्र संसारमा कुनै छैन । उसलाई जसले चुनौति दिइरहेको छ, जसलाई इस्लामिक टेरोरिजम भनिएको छ, त्यो पनि धर्मभै आधारित छ । अर्थात् यो तथ्य हो र यसलाई स्वीकार गरी एउटा नेतृत्त्व क्षमता बन्ने सम्भावना छ (सि.के. लाल मिथिला मन्थन, नेपाल मधेश फाउण्डेशन २०७०, पृ. ११-१२) । अमेरिकामा राष्ट्रपतिले ईश्वरको नाममा सपथ ग्रहण गर्ने, क्याथोलिक हुने र बेलायतमा महारानी इङ्लिकन चर्च प्रति प्रतिवद्ध हुनुपर्ने र उनीहरु संसारकै आदर्श प्रजातान्त्रिक राष्ट्र कहलिने, तर नेपालका राजनीतिज्ञ, बुद्धिजिवी, पत्रकार, नागरिककर्मी कथित धार्मिक संघ/संस्था आदिलाई नेपाल 'हिन्दू अधिराज्य' हुँदा प्रजातान्त्रिक नहुने तथ्य आजको सोचनीय पक्ष हो । यो भन्दा नकारात्मक सोच र विडम्वना अरू के हुन सक्ला? कथित नयाँ नेपालमा ।

२०४७ सालको तत्कालिन अवस्थामा **भट्टराईको** दूरदर्शिता, ऐतिहासिक ज्ञान एवम् कुटनीतिक कौशलताबाट यस्तो घातक एजेण्डा असफल भएको थियो । तर पछिल्लो समय त्यस्तो जिम्मेवार एवम् दूरदर्शी नेतृत्त्व रहेन । कही नभएको जात्रा हाँडीगाउँमा भने झैं, विदेशीको दवाव र आर्थिक प्रलोभनबाट नेपाल धर्मनिरपेक्ष राष्ट्रको रूपमा घोषित भइ नै छाड्यो । पछिल्लो समय नेपाली काँग्रेसको नेतृत्त्व गैहृजिम्मेवार रहेको तथ्यप्रति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौभाग्य शाहले औंल्याएका छन्– "विसौं शताब्दीको अन्तिम दशकमा मात्र ईसाई धर्म प्रचारक र धर्म परिवर्तनका लागि उक्साउनेहरूले मल्लकालमा जस्तै सहज वातावरण मेट्न पाएका हुन् । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा बीबीसीले सोधेको प्रश्नको जवाफ दिंदै मैले धर्म परिवर्तन गर्न चाहे भने कसले रोक्न सक्छ नै भनेका थिए । नेपालको सरकार प्रमुखले नै यसबारे त्यसरी बोलेको थिए" (शाह, ऐ.) । राष्ट्रवादमा भाषा, धर्म-संस्कृति, एवं भौगोलिक स्थितिमा आधारित भावनालाई सम्बन्धको प्रमुख स्थान दिएको पाइन्छ । यसप्रकारको चेतना बुझ्ने नेतृत्त्वको अभावबाटै नेपालमा पछिल्लो समय राष्ट्रियताको मूल चिनारीका रूपमा रहेको स्थानीय धर्म-संस्कृतिको निरन्तर ह्रास भइरहेछ ।

नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्ने काम माओवादी मार्फत् वाह्य शक्तिले अघि सारेको एजेण्डा रहेछ भन्ने कुरा अहिले स्पष्ट हुँदै आइरहेछ । धर्म निरपेक्षताको आवरणमा माओवादीले ईसाईकरण अभियानलाई अगाडि बढाइएको सन्दर्भमा रामप्रसाद उपाध्याय (राप्रउ) पोखरेल लेख्छन्– **जनयुद्धको क्रममा गाउँगाउँका मन्दिरहरू भत्काइए, देवमूर्तिहरू भञ्जन गरिए बाहुन, क्षेत्रीलाई गाईको मासु कोचाए, नखानेलाई मृत्युदण्डसम्मको सजायँ दिए । ग्रामीण जनजीवनलाई चलिआएको कुलधर्म र रीतिथिति मान्न दिइएन । क्रियापुत्री बसेकाको हत्या गरे । संस्कृत विश्वविद्यालय र त्यहाँका बहुमूल्य संस्कृत ग्रन्थहरूलाई आगोमा झोसे । पछिल्लो कालमा कर्णालीका जिल्लाहरूमा महिलाहरूलाई चुरा, पोते, सिन्दूर लगाउन नपाउने उर्दी लगाए । त्यस्तो उर्दी गर्ने माओवादीका क्रिश्चियन कार्यकर्ता रहेछन्** (धर्मनिरपेक्षता कि धार्मिक विस्तारवादः अर्किड बुक्स काठमाडौं, २०७१ : पृ. ४७) ।

उनी माओवादी र पश्चिमा सम्बन्ध बारे अगाडि लेख्छन् :

अमेरिकाले विश्वको एकमात्र भाग्य निर्धारक शक्तिका रूपमा अचेल आफूलाई प्रस्तुत गरेको छ । कम्यूनिष्टको 'क' पनि मन नपराउने उसको खास परिचय हो । तर प्रत्यक्ष वा परोक्ष रूपमा उसैको डलरबाट सञ्चालित एनजीओ (गैर सरकारी संस्था) र आइएनजीओहरू किन माओवादीलाई भरपर्दो समर्थन पुग्ने काम गर्दैछन्? यी कुरा सम्झिँदा अनौठो र रहस्यमय लाग्ला । यसका पछाडिका कारण के हुन सक्छन्? माओवादीसित अमेरिका र यूरोपेली युनियनको कुनै तारतम्य हुनुपर्ने खण्ड प्रत्यक्षमा देखा पर्दैन । बरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजनीतिक सिद्धान्तको हिसावले हेर्दा तिनमा ३६ को सम्बन्ध हुन पुग्छ । तर, यसो विचार गर्दा एउटा एजेण्डामा भने ती देशहरूको माओवादीसित ६३ को सम्बन्ध हुन सक्ने देखिन्छ । त्यो एजेण्डा हो नेपाललाई हिन्दू राज्यको पहिचान मेटाएर धर्मनिरपेक्ष राज्य बनाउने । पछि परन्तु क्रिश्चियन राज्य बनाउन मिल्ने पृष्ठभूमि तयार गर्ने । रिलिजन (धर्म) लाई अफिम मान्ने कम्यूनिष्टलाई धर्मनिरपेक्षतातर्फ उक्साउनु त्यति गाह्रो काम पनि होइन पनि । त्यसमा पनि विपुल धनराशिको सहयोगले माओवादीलाई त्यो निर्णय गराउन थप दवाब परेको हुन सक्दा मानवअधिकारको नाममा अन्तर्राष्ट्रिय समुदायबाट जनआन्दोलनमा समर्थन जुटाउन सजिलो पनि भयो । त्यस सहयोग बापतको मूल्य त तिर्नैपर्ने हुन्थ्यो । त्यो मूल्य नेपाललाई हिन्दू राज्यबाट क्रिश्चियन राज्यमा परिणत गर्ने वातावरण बनाएर बुझाउने काम गरिएको छ (ऐ. पृ. ४७-४८) ।

यसैगरी माओवादी पार्टीप्रति कटाक्ष गर्दै युवराज गौतम लेख्छन्ः राष्ट्रियता, धर्म, परम्परा र संस्कृतिलाई अनावश्यक ठान्ने माओवादी नामक क्रिश्चियन मसिनरी (भाडाका सिपाही) हुन् (अन्नपूर्ण पोस्ट् २०७१ २ चैत्र) भन्ने भनाइ अहिले चरितार्थ भइरहेछ ।

नेपाललाई २०६३ जेठ ४ गते धर्मनिरपेक्ष घोषणा गरेपछि पुष्पकमल दाहाल, माधव कुमार नेपाल, झलनाथ खनाल र बावुराम भट्टराई जस्ता कम्यूनिष्ट (बाहुन)हरूले सरकारको नेतृत्त्व गरेकोले ईसाईहरूलाई झनै सजिलो भयो । संविधानसभामा धर्मनिरपेक्षताको प्रस्ताव प्रस्तुत गर्दा सुवास चन्द्र नेम्वाङ सभामुख हुनुका साथै तत्कालिन शक्तिशाली नेताहरु गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहाल (प्रचण्ड)को तत्परता बेगर नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा हुन सक्ने देखिंदैन । वास्तवमा दुःखका साथ भन्नु पर्छ नेम्वाङ्ग वाहेक सबै बाहुन नेताहरु नै मूल नेतृत्त्वमा रहेका बेला नेपालमा धर्मनिरपेक्ष जस्तो घातक एजेण्डा पास हुनु दुःखद कुरा हो । अहिलेको नेपालमा ढुङ्गा-ढुङ्गामा देवताको बास छ भनेको साँस्कृतिक मान्यता हो भन्ने कुरालाई चिन्तन मनन गर्ने कुनै पनि क्षेत्रको बौद्धिक नेतृत्त्व देखिएन । अझ अचम्भित किसिमले पछिल्लो समयमा हाम्रो मौलिक धर्म, संस्कृति, परम्परालाई कमजोर पार्ने कार्यको नेतृत्त्व पनि कथित बौद्धिक वर्ग एवं बाहुनहरूले नै गरेको पाइन्छ । नेपाललाई चिनाउने आफ्नै मौलिक स्थानीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म, संस्कृति, परम्परा नाश गराउने कार्यमा ठूलो धनराशीको खेल भएको हुन सक्ने आशङ्का तत्कालिन अवस्थामा धेरैले गरेका थिए ।

मानवशास्त्री सौभाग्य शाहले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएपछि क्रिश्चियन प्रचारकहरूलाई सहज भएको विश्लेषण गर्दै ईसाईले नेपालको सामाजिक संरचना, सभ्यता, संस्कार र संस्कृति बिथोल्ने चेतावनी दिएका थिए । स्व.शाहको चेतावनीलाई कसैले पनि गम्भीर भएर आत्मसात गरेको पाइँदैन । तर फ्रान्सेली अनुसन्धाता जेराई तोफाँले "नेपालमा समस्या त ईसाई धर्म विस्तारको हो । सन् १९९० (२०४६) बाट यो धर्म विस्तार हुन थाल्यो । पहिले धर्म परिवर्तनमा बन्देज थियो । त्यसैले गर्दा हिन्दूधर्मका केही समूह अहिले नेपालमा धर्मनिरपेक्ष देश भएकोमा खुशी छैनन् । २० वर्षदेखि धर्म परिवर्तन गरेर ईसाई धर्म लिने चलन बढेकाले गर्दा नेपालमा धार्मिक समस्या छ" (ददि सापकोटा, **त्यो नेपाल**, जगदम्बा प्रकाशन २०६८ पृ. ७२ **दरबारदेखि दरबारसम्म**) भनि चिन्ता प्रकट गरेका छन् । ईसाई धर्मान्तरणप्रति चिन्ता प्रकट गर्दै आयोदधौम्य लेख्नुहुन्छ "**तपाई ईसाई बनेपछि हरिबाट ह्यारीमा, प्रतापबाट पिटरमा र परशुरामबाट पर्लमा चेन्ज हुनुहुन्छ । दशैंको साटो क्रिसमस मनाउन थाल्नुहुन्छ, बुद्ध जयन्तिको साटो् येशु चिहानबाट वौरिएको दिन उत्सव मान्नुहुन्छ, जनै वा मालाको साटो घाँटीमा क्रस झुण्ड्याउन थाल्नु हुन्छ र शंख-घण्ट बजाएर आरती गर्नु भन्दा गिटार बजाएर प्रे गर्नु होला खै कहाँ रह्यो नेपाली संस्कृतिको निरन्तरता नि? भाषादेखि लिएर भावसम्म सबैमा पराइपन आइगयो नि**" (ब्राह्मणवाद विरूद्ध घृणावाद, निरन्तर प्रकाशन प्रा.लि. काठमाडौं, २०६५ : १३८- ३९) ।

यसैले नेपालीकै परम्परागत स्थानीय धर्म संस्कृतिको पक्षपोषक गर्नु प्रत्येक स्वाभिमानी नेपाली नागरिकहरूको परम कर्तव्य हो । यसरी कर्तव्य पालन गर्दा कुनै प्रकारको विरोध व्यवधान भए डटेर मुकाविला गर्नुपर्ने परिस्थिति श्रृजना भइरहेछ ।

ईसाईहरु कसरी आक्रामक रूपमा प्रस्तुत हुन्छन् भन्ने कुराका केही उदाहरणहरु उल्लेख गर्नु सान्दर्भिक हुन्छ । ... "परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई बस्न दिनुहुने कुनैपनि शहरमा कतिपय दुष्ट मानिसहरु गएर त्यहाँका बासिन्दाहरूलाई कहिल्यै नचिनेका देवताहरूलाई पुजौ भनी बहकाएका तिमीहरूले सुन्यौ भने सोध-खोज गरेर केरकार गर्नु र त्यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घृणित काम भएकै रहेछ भनि प्रमाण मिल्यो भने तिमीहरूले त्यस शहरका बासिन्दाहरूलाई अवश्य काट्नु । औ त्यस शहरलाई नाश पार्नु र त्यहाँ भएका गाई-वस्तु समेत सबैलाई तरबारले मार्नु । त्यहाँका सबै मालमत्ता समेत त्यस शहरलाई जलाई दिनु र परम प्रभु तिमीहरूका परमेश्वरका निमित्त त्यो होम बलि भैँ हुनेछ ।" (बाइबल व्यवस्था पुस्तक) ।

"... र जिसस आए र मानिसहरूलाई भने स्वर्ग र यस पृथ्वीको सम्पूर्ण अधिकार मलाई दिएको छ । त्यसैले ल तिमीहरु जाऊ र संसारभरका मानिसहरूलाई पिताका नाममा, पुत्रका नाममा र पवित्र आत्माका नाममा सम्वोधन गरी शिष्य बनाऊ र मैले जे भन्छु त्यो पालना गर्न सिकाउ ...।" (बाइबल मेथ्यु) ।

यी माथिका दुबै भनाइहरु संसारमै शान्तिको सन्देश फैलाउने भनिएको पवित्र बाइबलका हुन् । यस प्रकारको हिंसालाई खुलम्खुल्ला समर्थन गरेको कुरा शायदै कम होला । बाइबलमा रहेका यस्ता अत्यन्त कठोर वैचारिक आदेशबाट अरूको धर्म, संस्कृति, सभ्यता नष्ट गर्दै अरू धर्म परिवर्तन गराउने सन्दर्भ कति निर्मम रहेछ भन्ने कुरा छर्लङ्ग हुन्छ । यसै चरित्रले गर्दा दुईहजार वर्ष अघि अत्यन्तै कम जानकारीमा रहेको र प्रताडित यहुदी सम्प्रदायिक समूहको परिवर्तित धार्मिक आस्था आज संसारका ठूला धर्म मध्ये एउटा धर्म बन्न पुगेको छ । तर शुरूदेखि नै यस धर्मले हिंसालाई आत्मसात गरेको कुरा यहोवाले चाहेका राजा डेविडद्वारा जितिएका देशहरु र नगरहरु सबै बासिन्दाहरूको केवल नरसंहार मात्र गरिने नभएर उनीहरूलाई सबै भन्दा बढी कष्ट दिएर मार्ने गरिन्थ्यो । उदाहरणको लागि बाइबलमा के भनिएको छ भने अमेनियाको रब्बा नगरको बिजयपछि डेभिडले "त्यहाँका बासिन्दाहरूलाई निकालेर आराले चिरी दुई टुक्रा पार्ने गर्दथ्यो र फलामको हेग (बेनि) उनीहरूमाथि घुमाउँथ्यो, फलामको बञ्चराले उनीहरूलाई कटाउँथ्यो अनि ईटाको भट्टीमा भौंसिदिन्थ्यो ।" अमोनियाका सबै नगरहरूमा त्यस्तै गरिएको थियो । यसरी यहोवाको त्यस्तो भीषण रक्तपातपूर्ण अवधारणा युद्धहरूकै उपज थियो भन्ने कुरा यहाँ स्मरणीय हुन आउँछ ।

यसैगरी बाइबलमा उल्लेख भए अनुसार इजरायलीहरूले आफ्नो निम्ति छोडिएका ती सजीव सामग्रीहरूलाई युद्ध अभ्यास गर्नका निम्ति भरपूर उपयोग गरेका थिए । पछि आएर सम्पूर्ण कैनान देश कब्जा गरेपछि पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनीहरूले शान्तिपूर्वक बस्ने बासिन्दाहरूको समेत अकल्पनीय रूपबाट निर्मम नरसंहार जारी राखेका थिए । यहोवाले उनीहरूलाई कत्ति पनि नरम व्यवहार गरेनन् र हरबखत कठोर दण्ड दिन उक्साइरहेका थिए । प्यालेस्टिनका मूल बासिन्दाहरूको निर्ममतापूर्वक संहार गरियोस् भन्ने त्यो देवताको आदेश थियो । लडाईमा जितिएको कैनानी नगर जेरिकलाई भूमिसात गरिएको तथा त्यहाँका बासिन्दाहरूको नरसंहार गरिएको कुरा पवित्र बाइबलमा उल्लेखित छ ।

यी र यस्ता अनेकौ हिंसात्मक घटनाहरु एवं हिंसालाई प्रेरित गर्ने कुराहरूको भरमार उल्लेख बाइबलमा रहेको छ । मूलतः यूरोपको आधुनिक इतिहास मात्र नभएर ११ औं शताब्दीदेखि नै जब धर्मयुद्धको नाउँमा हिंसा भित्रियो त्यसपछि गहिरो हिंसाबाट प्रताडित रहेको छ, यूरोप । अहिले चर्चामा रहेका अमेरिका, अष्ट्रेलिया, क्यानडा जस्ता देशहरु ईसाई धर्मकै ताडनाबाट विस्थापित भएका मानिसहरूको ठूलो हिस्सा ती देशहरूमा रहेको पाइन्छ । यसरी यी देशहरूमा ईसाई धर्मको जातीय उत्पीडन, दासताको व्यापार, साम्राज्यको उत्कण्ठा आदिबाट लाखौं लाख मानिसहरूको शरणस्थल बनि राष्ट्र बनेको कुरा छर्लङ्गै छ । यी सबै राष्ट्रको इतिहास २५० वर्षभन्दा बढी भएको छैन । यसरी यूरोपियन ईसाई समाजको चरित्र द्वन्दवादी (समन्वय विरोधी) रहेको र जो बिजयी हुन्छ त्यसको मात्र अस्तित्त्व कायम रहने र पराजित मानिस वा राष्ट्र नै नामेट हुने कुरा माथिका घटनाहरूबाट स्पष्टै हुन आउँछ ।

"*क्रिश्चियन धर्मले शुरुदेखि नै सबैलाई क्रिश्चियन बनाउन लाखौं निर्दोष मानिसलाई अमानवीय यातना दियो । कतिलाई जेलनेल ठोक्यो, कैयौंलाई जिउँदै आगोमा होम्यो, कैयौंलाई मानसिक प्रताडना दियो । तर पनि संसारभरिका मानिसहरूलाई क्रिश्चियन बनाउने कुरामा एक इन्च प्रगति भएन । यस्तो विना अर्थको जोर जबर्जस्ती र हिंसाको के प्रयोजन? संसारभरिका मानिसलाई क्रिश्चियन बनाउन खोज्दा क्रिश्चियन धर्मले विश्वको आधा जनसंख्यालाई ढाँटेर, छलेर, दिग्भ्रमित पारेर मुर्ख बनाउने दुष्प्रयास गऱ्यो भने आधा जनसंख्यालाई पाखण्डी बनायो*" भन्ने यी अभिव्यक्ति अमेरिकी संविधान निर्माता एवं राजनेता थोमस जेफर्सनका हुन् । जसलाई अध्ययन गर्दा नै क्रिश्चियनहरूको धूर्तता एवं पाखण्डीपन के रहेछ छर्लङ्गै हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी पश्चिमा चिन्तक मध्येका प्रतिष्ठित व्यक्तित्त्व **वट्राण्ड रसेल**को ईसाई धर्मको विरूद्ध मान्यता के छ भने यो धर्म मानिसको मूल प्रवृत्तिमा आधारित रूचि तथा कामनालाई पापको संज्ञा दिएर त्यसलाई कुण्ठाग्रस्त बनाइ दिन्छ । पादरी र धर्मका अन्य अनुयायी आम मानिसलाई सुख र आनन्दको अनुभवबाट बञ्चित गर्नमा कुनै कमि छाड्दैनन् भनी आफ्नो एउटा लेख "ह्वाई आइ एम नट ए क्रिश्चियन" मा रसेलले व्यक्त गरेका केही प्रसङ्गहरु यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

नारीका सन्दर्भमा चर्चको नैतिक प्रभावलाई उनी नकारात्मक मान्दछन् । उनका अनुसार नारीको दासता, उसलाई पापको भावनाले जोड्नु, विवाहेत्तर यौन सम्बन्धलाई भयङ्कर अपराधको दर्जा दिनु, नारीको सौन्दर्यलाई पुरूष पतनको मुख्य कारण सम्फनु आदि कुराहरू चर्चका नकारात्मक प्रभावका परिणाम हुन् । यसैगरी ईसाई मतमा रसेलले गुणको अनुपातमा अवगुणको मत (मात्रा) धेरै पाए । यो मतको आलोचना गर्ने क्रममा उनले ईसा मसीह समेतलाई छोडेनन् । उनी हाम्रो ध्यान यो तथ्यतिर तान्छन् कि अहिंसाको पाठ ईसाभन्दा धेरै वर्ष अगाडि बुद्ध तथा लाउत्सेले ५-६ सय वर्ष अघि नै प्रयोग गरेका थिए र उनको विचारमा कसैले तिम्रो गालामा एक थप्पड हान्यो भने तिमी अर्को गाला थापिदेउ भन्ने भनाई कुनै नयाँ कुरा होइन । यो त, वास्तवमा ईसाईहरूले स्वीकार गरेको सिद्धान्त होइन, अनुकरण मात्र गरेको हो ।

ईसाको आलोचना गर्दै उनी भन्छन् "अनन्त कालसम्म चल्ने दण्डमा विश्वास गर्ने मानिस त्यही हुनसक्छ, जसमा मानवताको गहिरो अभाव छ" रसेल ईसालाई एक साधारण मानिसको रूपमा हेर्छन् र सुकरातसँग उनको तुलना गर्दै भन्छन् "सुकरातले ती सबै व्यक्ति जसले उनलाई दण्ड दिए तथा जो उनको मतसँग असहमत थिए, तिनीहरूलाई क्षमा गरिदिएका थिए ।"

पाश्चात्य सभ्यतामा नारीलाई तल्लो स्थान दिएको छ । यसको कारणमा ईसाई धर्मलाई नै रसेलले प्रमुख रूपमा लिएका छन् । धर्मको कारण नै स्त्रीहरूलाई नर्कको द्वार र पुरूषलाई धर्मच्यूत गर्ने जादूगरको रूपमा हेरिएको छ । **"लाखौं अभागी महिलालाई वोक्सीको आरोपमा जलाइयो । धर्मका नाममा सबै खाले मानिसमाथि सबै प्रकारका क्रूरताको प्रयोग गरिन्थ्यो र त्यसलाई व्यवहारमा लागू गरिएको थियो ।"** चर्चहरूले गरेको अत्याचारको खिल्ली उडाउँदै रसेल लेख्छन् **"मलाई साँच्चै नै भन्न मन** लागेको छ कि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चर्चहरूमा संगठित ईसाई धर्म संसारमा विकास हुने नैतिकताको शत्रुका रूपमा देखिएको छ र अब पनि मुख्य दुश्मनका रूपमै रहेको छ ।" यी र यसप्रकारका गहन लेखहरु पढ्न नेपालका परम्परागत स्थानीय धर्म संस्कृतिका पक्षधरहरु लाग्न जरूरी भइसकेको छ ।

वास्तवमा उनीहरु (ईसाईहरु) अहिले पनि अन्य राष्ट्रहरूमा हिंसा एवं द्वन्द चर्काइदिएर कसैका विरूद्ध मानिस भड्काएर (अन्तरद्वन्दबाट) एउटा पक्षलाई आफूतिर तानि धर्मान्तरको प्रक्रिया अपनाउने मात्र होइनन् राष्ट्र नै विखण्डन गर्न सम्म पछि पर्दैनन् । अरूको देश विभाजन गरी खानु भनि इजकिए (बाइबल) पुस्तकको "देशको विभाजन" भन्ने शीर्षकमा "देश अधिकार गर्नलाई जहाँ इस्राएलका बाह्र कूलहरु बस्छन् । तिनका सीमाना यिनै हुन्, युसुफले चाहिँ दुईभाग पाउने छ । जुन देश दिनलाई मैले तिमीहरूका पितापूर्खाहरूसित मेरो हात उठाएर शपथ खाएको थिएँ, त्यो तिमीहरूले आपसमा बाँड्नु । त्यो तिमीहरूलाई गोला हानेर तिमीहरूका पैतृक सम्पत्ति गरि दिइने छ" भनि देश विभाजन गर्ने कार्यलाई गौरवका रूपमा उल्लेख गरिएको पाइन्छ, बाइबलमा । ईसाईहरूबाट देश विभाजन भएको पछिल्लो उदाहरण सुडान भएको छ । छैठौं शताब्दीदेखि मुस्लिम धर्म र ईसाई धर्मको खिचातानीबाट गुज्रिएको सुडान स्वतन्त्र भएपछि सन् १९५६ देखि सुरू भएको द्वन्दका कारण ४ लाख मानिसको हत्या हुनुका साथै २५ लाख मानिस विस्थापित भएबाट जनमत संग्रहको नाटक (षडयन्त्र) रचेर जनवरी २०११ मा सुडानको मुटुलाई दुई टुक्रा पारी दक्षिण सुडानको जन्म दिइयो । सुडानमा अरब मुलका मुसलमान, आदिवासी र ईसाई धर्माबलम्बी थिए भने उत्तर सुडानमा मुसलमानहरूको बाहुल्यता र दक्षिणमा अशिक्षित आदिवासीहरु ८० प्रतिशत थिए । सुडानमा पहिला ७० प्रतिशत मुस्लिम, २५ प्रतिशत आदिवासी र ईसाई जम्मा ५ प्रतिशत मात्र थिए । US Department of State Source 1980 को आधारमा दक्षिण सुडानमा ईसाईहरु जम्मा १० प्रतिशत मात्र थिए भने Pew Research Forum 2010 ले दक्षिण सुडानमा अहिले ६०.५ प्रतिशत ईसाई भएको जनाएको छ । अहिले फेरी दक्षिण सुडान टुक्रिने स्थितिमा पुगेको छ ।

सन् १९२४ देखि १९५६ सम्म सुडान बेलायतको अधिनमा थियो । दक्षिण सुडानमा मुस्लिमहरूको प्रभाव बढ्ने डरले बेलायतले सुडानलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर-दक्षिण रेखा कोरी उत्तर र दक्षिण भागमा विभाजन गरी शासन गर्न थाल्यो । यसपछि उत्तरका मानिसहरू दक्षिण र दक्षिणका मानिसहरू उत्तर जान नपाउने कानून बनाइयो । कारण हाँस्यास्पद थियो, मलेरिया लगायत अरू रोग सर्न सक्ने । तर वास्तविक कारण चाहिँ दक्षिणका आदिवासीहरूलाई ईसाई धर्ममा धर्मान्तरण गर्ने योजनाको कार्यान्वयनमा बाधा नपुगोस् भन्ने थियो । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने सजिलैसँग धर्म परिवर्तन गर्न सकिने समूह भनेको अशिक्षित/अर्धशिक्षित आदिवासीहरू हुन् । उनीहरूको योजना साकार भयो, जब दक्षिणमा ईसाईहरूको बहुमत बढ्ने वित्तिकै दक्षिण सुडानको स्वतन्त्रताको युद्ध सुरू भयो, बाइबलपछि बन्दुक दिएर । यो धुन्धुकारी प्रवृत्तिको युद्धले लाखौं मानिसको ज्यान लिनुका साथै लाखौं लाखलाई विस्थापित गरी ईसाई बहुमत राज्यको निर्माण गरियो ।

शान्तिका लागि प्रशस्त उपदेश भएको ईसाई धर्मग्रन्थका आधारमा अहिंसा र न्यायलाई टाढै राख्ने प्रयास गरेको पाइन्छ । तरपनि विडम्वना भनौं वा सृष्टिकै क्रूर नियति एघारौं शताब्दीमा आइपुग्दा ईसाई र इस्लाम धर्मबीच चलेको सयौं वर्षको निरन्तर युद्धले सारा मानव सभ्यतालाई नै स्तब्ध पारेको पाइन्छ । सन् १०९५ मा शुरू भएको उक्त धर्मयुद्ध (क्रुसेड) को नाउँले प्रसिद्ध छ । दुईसय भन्दा बढी वर्ष क्रुसेड चल्यो र अहिले पनि चलिरहेछ ।

मध्यकालमा आएर चर्चको ज्यादती विरूद्ध धर्म सुधार आन्दोलन जर्मनीका मार्टिन लुथरको नेतृत्त्वमा अघि बढ्दै Zwini (जिङली), Calvin (काल्विन) जस्ता सुधारकको नेतृत्त्वमा स्वीडेन, डेनमार्क, नर्वे, फ्रान्स, नेदरल्याण्ड, इङ्गल्याण्ड र स्कटल्याण्डसम्म फैलियो । यस अनुसार क्याथोलिक र प्रोटेस्टेन्टको रूपमा ईसाई धर्म विभाजित हुनुका साथै आपसी संघर्ष भइ नै रह्यो ।

क्याथोलिक सम्प्रदाय अन्तर्गतको जेस्वीट आक्रामक अभियानको थालनी स्पेनबाट शुरू भयो । स्पेनको लोयोला भन्ने एक सिपाहीले पुरोहितवर्ग संलग्न गरी **"जेससको सैन्य संगठन"** खोले । चर्चको सेवा गर्ने यी सैन्यलाई पछि जेस्वीट भनियो । यसैगरी प्रोटेस्टेण्ड सम्प्रदायबाट इभान्जलिष्ट आक्रामक धार्मिक समुदायको विकास भयो । यी दुबै समूहले संसारलाई एउटै मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मको छाताभित्र राख्नका लागि जुनसुकै उपाय अवलम्वन गरि धर्मान्तरको अभियानलाई तीव्र रूपमा अगाडि बढाइरहेको स्थिति छ ।

यसैगरी ईसाई संस्कृतिको प्रभाव फैलाएर विश्वमा ईसाई लहर ल्याउन प्रत्येक वर्ष पश्चिमा राष्ट्रहरूले करौडौ डलर खर्च गर्ने गरेका छन् । समाजसेवा, शान्ति, परोपकार, मानवअधिकार, स्वास्थ्य र शिक्षाका नाममा नेपालमा प्रवेश गरेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत् अप्रत्यक्ष रूपमा क्रिश्चियन गतिविधि बढिरहेकै छ । जुन नेपाल र नेपालीका लागि दूर्भाग्यपूर्ण छ ।

ईसाई धर्म प्रचार साम्राज्यवाद/उपनिवेशवादकै अर्को रुप हो । यसले घुमाइफिराई उही पश्चिमा साम्राज्यवाद/उपनिवेशवादकै पक्षपोषण गर्छ । नेपाली मूलका ईसाइहरु बढ्नु भनेको नेपाली मौलिक राष्ट्रियताका निम्ति घातक हुन्छ नै । यहाँका स्थानीय परम्परागत धर्म संस्कृति नेपाली संस्कृतिको मूल हो । सुरूवाती दिनहरुमा राज्यसत्तासँग पैठोजोरी खेल्नु परेपनि र राज्यद्रोहको आरोपमा यिशु (जीसस क्राइष्ट) लाई क्रुसमा टाँगिए पनि ततपश्चात ईसाई साम्राज्यवादी सम्प्रदायले आफूलाई सदा राज्यसत्ताको आडमा अघि बढाएको छ । **कहीँ बाइवललाई शिखण्डी उभ्याएर छुरा रोपियो (अफ्रिका) कहीँ व्यापारलाई पुल बनाएर राज्यसत्ता हड्पेपछि मात्र राज्यसत्तालाई सुरक्षाकवच बनाएर बाइवललाई फैलाइयो (भारत), कतै जबर्जस्ती अफिम जस्ता लागूपदार्थ कोच्याएर लठ्ठ पारी लुट मच्चाइयो (चीन), कतै मनोवैज्ञानिक त्रास, प्रलोभन र स्थानीय धर्म संस्कृतिप्रति घृणा फैलाई आक्रमक रूपमा धर्मान्तरणका कामहरू भइरहेका छन् (नेपाल) ।**

अझ चीन र दक्षिण एशियामा अमेरिकी प्रभाव विस्तार गर्ने क्रिश्चियनहरूले ठाउँ हेरेर धार्मिक समुदायसँग साँठगाँठ गर्ने गरेका छन् र नेपालमा करिब ९५ प्रतिशत हिन्दू सनातनीलाई कमजोर पार्न उनीहरूले साना धार्मिक समुदायलाई भड्काउँदै आएका छन्, जसमा तिब्बती शरणार्थीजस्ता अस्थायी बसोबास गर्ने समूह पर्छ । तिब्बतको कथित स्वतन्त्रतासँग पश्चिमाहरूलाई कहिल्यै कुनै रूचि हुन सक्दैन । नेपाल वा दक्षिण एशियामा शान्ति, स्थायित्व, जनअधिकार र विकाससँग पश्चिमाहरूलाई कुनै मतलब छैन । उनीहरू नेपालमा द्वन्द चर्काउनेदेखि तिब्बती शरणार्थीका आन्दोलन भड्काउनेसम्म आफ्ना नवऔपनिवेशिक स्वार्थ पूरा गर्नका लागि मात्रै यस्तो गर्दछन् भन्ने आम जनमानसले बिरलै बुझेका छन् । (प्रेम कैदी: अन्नपूर्णपोस्ट, २४ चैत्र २०७१) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसिद्ध उखानै छ "बाइबल सँगै बन्दुक आउँछ" यसै सन्दर्भमा अफ्रिकी नेता नेल्सन मण्डेला र विसप डेसमन्ट टुटु भन्छन्– "जब गोराहरु हाम्रो देशमा आएका थिए त्यसबेला उनीहरूको हातमा बाइबल थियो र हाम्रो हातमा जमीन र राज्यसत्ता, त्यसपछि हामीहरूले आँखा चिम्लिएर बाइबल समात्यौं, आँखा खोल्दा हाम्रो हातमा बाइबल थियो र गोराहरूको साथमा हाम्रो देशको शासनसत्ता र जमीन ।" यसरी दक्षिण अफ्रिकामा सबै प्रकारका स्थानीय भाषा, धर्म, सँस्कृतिको नाश गर्दै ईसाईहरूले सत्ता कब्जा गरेको पाइन्छ । यसरी हेर्दा ईसाई प्रार्थना युद्धका लागि मात्र देखिन्छ ।

भारतमा उनीहरु व्यापार (तराजु) लाई माध्यम बनाई राज्यसत्तामा पुगेपछि ईसाईकरण प्रक्रिया अगाडि बढाइएको देखिन्छ । अर्को छिमेकी मुलुक चीनमा अफिमलाई धन आर्जनको माध्यम बनाउँदै राज्यसत्ता कब्जा गर्दै ईसाई धर्मान्तरण नीति लिएको पाइन्छ । नेपालमा भने मनोवैज्ञानिक त्रास, प्रलोभन एवं परम्परागत स्थानीय धर्म संस्कृतिप्रति घृणा फैलाउँदै ईसाईकरणको आक्रमक अभियान अगाडि बढाइएको देखिन्छ । ईसाई धर्मले आफ्नो दुई हजार वर्षको इतिहासमा आफूलाई विस्तार गर्न धर्मोपदेश, धार्मिकसभाको आयोजना, अध्ययन-अनुसन्धानदेखि सैनिक शक्ति लगायत विभिन्न माध्यमको प्रयोग गरेको छ । तरीकाहरू अनेक भएपनि जतिसक्यो धेरै मानिसलाई ईसाईकरण गर्ने लक्ष्य भने एउटै रहेको छ ।

सुडान जस्तै नेपाल पनि धर्म परिवर्तनको चपेटामा परिरहेको छ । वि.सं. २०६२/२०६३ को जनआन्दोलन र राजसंस्थाको अन्त्य के ईसाईकरणकै लागि त भएको थिएन ? भन्ने प्रश्न उठ्न थालेको छ । यो आक्रमक धर्मान्तरणको प्रक्रिया रोक्न राज्यले स्थानीय परम्परागत धर्म संस्कृतिलाई बचाउने नीति नल्याउने हो भने सुडानको नियति नेपालले भोग्ने छ । नेपालमा करिब ३०-४० लाख नेपालीहरु ईसाई भए भने बाइबलपछि बन्दुकै समात्ने छन् र ईसाई राज्य नबनाइकन यो दुष्चक्रबाट नेपाल उम्कन पाउने छैन । र, यो ईसाई राज्यको टाउको दु:खाई दक्षिण एशियाका साथै चीन र भारतका लागि बढी घातक हुने कुराका संकेतहरु देखिन थालेका छन् । युद्धको परिस्थितिमा शस्त्र-अस्त्रको त्याग गर्नु भनेको विनाशलाई निमन्त्रणा गर्नु हो । यसबाट कुनै त्यस्तो आध्यात्मिक उद्देश्य पनि सिद्ध हुन सक्दैन, जसले क्षतिको पूर्ति गर्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटताको भनाई (मुनामदन) लाई साभार गरि यसको बिट मार्नु सान्दर्भिक हुन्छ ।

श्यामल धन नेपालको भन कसको वरदान ?
जलडोरे अनेक सभ्यता युगका कसको प्रदान?
उच्च र गुढ भावको क्षेत्र हृदय सङ्लाउने,
आश्चर्य के छ, भारत (भारतवर्ष) खोज्यो
त्यो दिव्य मीठो, आभास सधै, आत्मालाई जगाउने ।

सन्दर्भ सूची

१. **पवित्र बाइबल**, काठमाडौं : द बाइबल सोसाइटी इन नेपाल, वाई द बाइबल सोसाइटी अफ इण्डिया, सन् १९८७-३ एम् ।

२. कार्की, टेक बी. (संकलन तथा अनुवाद), **केही विदेशी पुस्तकमा नेपाल र नेपाली**, काठमाडौं : गंगा कार्की जि.पि.ओ. वक्स नं. ३५७४,

३. पेतेक, लुच्यानो (सं.), **तिब्बत र नेपालमा इटालियन धर्म प्रचारकहरू**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६० ।

४. शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसीः कृष्णकुमारी देवी, वि.सं. २०३३ ।

५. सिन्हा, हरेन्द्रप्रसाद, **धर्म-दर्शन की रूपरेखा**, दिल्लीः मोतीलाल बनारसीदास, सन् २०१२ ।

६. धौम्यआयोद **ब्राह्मणवाद विरूद्ध घृणावाद**, काठमाडौं : निरन्तर प्रकाशन (प्रा.) लि., वि.सं. २०६५ ।

७. गौतम, युवराज, **राजतन्त्र कि गणतन्त्र**, काठमाडौं : युवराज गौतम, वि.सं. २०६८ ।

८. सापकोटा, ददि, **त्यो नेपाल**, ललितपुर : जगदम्बा प्रकाशन, वि.सं. २०६८ ।

९. से, तोरारेव, **धर्मको इतिहास** (अनु. युवराज पन्थी), काठमाडौं: मालिका प्रकाशन, (मिति उल्लेख नभएको) ।

१०. रसेल, वट्राण्ड, **ह्वाई आइ एम नट ए क्रिश्चियन**, लण्डनः बी.बी.सी. सेवा, सन् १९२७ ।

११. पेरी, सिन्डी, **अ वायोग्राफिकल हिस्ट्री अफ द चर्च इन नेपाल**, ह्वीटेन इलिनोइस यूएसए, (सन्) १९८९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२. आचार्य, बाबुराम, योगी नरहरिनाथ (सं.), **बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य-उपदेश अन्तर्राष्ट्रिय मञ्च** प्रा.लि. काठमाडौं, २०७० ।

१३. सी.के. लाल, **मिथिला मन्थन** नेपाल मधेश फाउण्डेशन (दोस्रो संस्करण), २०७० ।

१४. यू.एस. डिपार्टमेन्ट अफ स्टेट सोर्स, सन् १९८० ।

१५. पी.यू. रिसर्च फोरम, सन् २०१० ।

१६. शर्मा गीतेश, धर्म के नाम पर राजकमल प्रकाशन नयाँ दिल्ली, सन् २००८ ।

१७. पन्त महेशराज, को हुन त नयराज पन्त, संशोधन मण्डल, २७ डल्लुआवास मार्ग, काठमाडौं, वि.सं. २०७१ ।

१८. मिन्टो आर. जेम्स (अनु प्रधान, एम्.बी.), कालिम्पोंगका ग्राह्म बाजे सुजाता प्रकाशन कालिम्पोंग १९९० ।

१९. सं. प्रधान, शिव, डा. पारसमणि अभिनन्दन-ग्रन्थ परिशिष्टाङ्ग १९८५ गान्तोक प्रंकाशन सिक्किम १९८५ ।

२०. ज्ञवाली, सूर्यविक्रम, पृथ्वीनारायण शाह नेपाल साहित्य सम्मेलन दार्जीलिङ्ग भाद्र, २०३३ (आगस्ट १९७६) ।

२१. सौरभ, असहमति अर्किड बुक्स काठमाडौं, नेपाल २०७१ ।

२२. सौरभ, सौरभका पच्चीस वर्ष अर्किड बुक्स काठमाडौं, नेपाल २०६९ ।

२३. शर्मा, जनकलाल जोसमनी सन्तपरम्परा र साहित्य साझा प्रकाशन, २०५२ ।

२४. मुहमद, महाथिर विन **द मलाय डिलेमा** (मलेद्विविधा अनु. कोमल भट्टराई तथा यमनाथ बराल) एशिया पव्लिकेसन्स् प्रा.लि., काठमाडौं २०६७ ।

२५. सं.मेरी डेशेन, प्रत्युष वन्त **नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन**, सोशल साइन्स वहा:का लागि हिमाल किताबद्वारा प्रकाशित, सन् २००७ ।

२६. शाह, सौभाग्य, द गोस्पेल कम्स् टु द हिन्दू किंगडम **हिमाल** सन् १९९३ सेप्टेम्वर-अक्टोवर (३५-४०) ।

२७. कान्तिपुर दैनिक, २०७१ वैशाख १९ ।

२८. अन्नपूर्ण पोष्ट दैनिक, २०६९ कार्तिक २५ ।

२९. अन्नपूर्ण पोष्ट् दैनिक, २०७१ चैत्र २४ ।

नेपालमा धर्मनिरपेक्षताको बहस किन?

पृथ्वीनारायण शाहले 'असली हिन्दूस्तान' विधर्मीबाट सुरक्षित तात्कालिक 'नेपाल' हो भनेका थिए । उनले आ-आफ्नो कुल र धर्म संस्कृतिको रक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुपर्छ भनेर यो राष्ट्र नेपाल जोगाएका हुन् । त्यसैले उनले नेपाली जनतालाई अनेक प्रलोभन र प्रपञ्चमा पारेर धर्म परिवर्तन गराउन खोज्ने फिरङ्गीहरूलाई डाँडा कटाएका थिए । अहिले राष्ट्रको कुनै धर्म हुँदैन भन्दै मुलुकलाई अधर्मी, पापी र पाखण्डीहरूको क्रिडास्थल बनाउन खोजिदैछ । जुन घोर आपत्तिजनक छ । सबै शब्दकोश हेरियोस 'निरपेक्ष' शब्दको अर्थ नास्तिक र नकारात्मक छ (अपिल, २०७० फागुन १५) ।

माथिका प्रसङ्ग विश्व हिन्दू महासंघ नेपाल, राष्ट्रिय समितिका अध्यक्ष डा. रामचन्द्र अधिकारीद्वारा वितरित अपिलमा उल्लेख गरिएका हुन् । उक्त पर्चामा यसबारे केही विस्तृत रूपमा उल्लेख गरिएका भनाईहरू अझ प्रासङ्गिक भएकोले साभार गर्नु उपयुक्त हुनेछ -

यतिबेला मुलुक ठूलो संक्रमणमा छ । २०६२-०६३ को जनआन्दोलनको भावना विपरित २०६३ जेष्ठ ४ गते घोषित धर्मनिरपेक्षता ईसाईकरणसँगै नेपाललाई केन्द्र बनाइ भारत-चीन दुवैतर्फ जातीयद्वन्द चर्काउने उद्देश्य रहेको बुझिन्छ । यसकारण अब बन्ने संविधानमा नेपाललाई 'वैदिक सनातन हिन्दू राष्ट्र' कायम नगरिए त्यसबाट अन्त्यहीन द्वन्द निम्तने र गृहयुद्ध चर्कने देखिन्छ । हिजो लोकतान्त्रिक पद्धति, संस्कार र संस्कृति विरूद्ध उग्रराष्ट्रवाद, नयाँ नेपाल र अग्रगमन भन्दै सशस्त्र द्वन्द मच्याएर हजारौ निर्दोष नेपालीको अनाहकमा ज्यान लिने, नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहको शालिक ढाल्ने, संस्कृत विश्वविद्यालय जलाउने, बौद्ध धर्मका आस्था केन्द्र गुम्बाहरु भत्काउने, पवित्र आस्था र भावभक्तिका साथ तीजको ब्रत बसेका नारीहरूलाई गाईको मासु कोच्याउने, नेपालका प्रत्येक गा.वि.स. मा दुई-दुई र नगर वडामा एक-एक चर्च स्थापना गर्ने ईसाईकरण अभियानका मतियार उग्रवामपन्थी शक्तिसँग तिनले गरेको नरसंहारको औचित्य पुष्टि नभएसम्म विद्यमान समस्याको निकास देखिदैन" भन्ने भनाई स्मरणीय छ ।

धर्मनिरपेक्षता ल्याएको सन्दर्भमा आँखा विशेषज्ञ डा. रामप्रसाद पोखरेल लेख्नुहुन्छ–केही लालची नेताहरूले पैसाको लोभमा जनताको भावना विपरित हिन्दू राष्ट्रलाई मासेर ठूलो पाप गरेका छन् । नेपाली जनतामा जस्तो धर्म सहिष्णुता, धर्मको नाममा कहिल्यै कुरा नउठेको ठाउँ जहाँ ८० प्रतिशत भन्दा बढ्ता जनता हिन्दू छन्, त्यहाँ नचाहिँदो रोग थपिदिएर नेपालका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेताहरू पैसामा कतिसम्म गिरेका रहेछन् भन्ने प्रमाणित गरिदिए (**कमाण्डर पोष्ट**, २०७१, पुस ६)।

आधुनिक युगलाई छोडेर पहिलेका तमाम युगहरूमा धर्म सबै ज्ञान विज्ञानको स्रोत र नियन्ता मानिन्थो ।

प्रारम्भिक धर्ममा बहुदेववादको प्रवृत्ति प्रधान थियो । ग्रीक धर्ममा ओरिसस, होरस, जीअस, अपोलो आदि देवता प्राकृतिक शक्तिहरू अथवा मानवीय गुणहरूको सर्वोत्तम प्रतिनिधित्व गर्दछन् । वैदिक साहित्यमा ऋषि इन्द्र, वरूण, सूर्य, अग्नि, शिव, जस्ता देवताहरूको वर्णन, अभिवादन गर्दछ । देवता समय र परिवेशका साथै विशेष र गौण हुन्छन् । ऋग्वेदमा बहुदेवतावादका साथै सर्वेश्वरवादको प्रवृत्ति पनि देखिन्छ । वरूण प्राकृतिक, मानवीय तथा सबै जैविक स्थितिहरूको नियन्ता मानिन्छन् । पुरूष एक छ अनेक हुन चाहन्छ (जेम्स, इ.ओ.(सम्पा.) कम्परेटिभ रिलिजन पृ. ९९, १२३, १४६, १४७) ।

जगतको सञ्चालन गर्ने शक्तिको नाम 'ऋतु' हो । त्यो 'पुरूष'को शक्ति हो तथा जगतको भित्रबाट नियन्त्रण गर्दछ । प्रकृति पुरूषको विस्तार हो, जगत्‌को अंग त्यसैको शरीरको अंग हो (पाण्डेय, गोरख; धर्मबारे मार्क्सवाद दृष्टिकोण पृ. ५८) ।

भारतीय उपमहाद्वीपभित्र अनेकौं संस्कृति विकसित भए । केही संस्कृति शाश्वत संस्कृति हुन् भने केही ऐतिहासिक । ऋतु अनुसारका संस्कृति शाश्वत संस्कृतिमा पर्दछन् । सनातन संस्कृति शाश्वत हो । भारतको अर्थ हुन्छ– 'भा' ले ज्ञानलाई बुझाउँछ । 'रत' ले ज्ञानमा लिन भएको अथवा लागेको जो छ– त्यसैलाई 'भारत' भनिन्छ । यसरी 'भा' मा लिप्त नै भारत भयो । भारत शब्दले जीवनशैली र दर्शनलाई पनि बोध गराउँछ । ज्ञानमय जीवनशैलीलाई भारतीय जीवन शैली भनिन्छ । त्यस्तै षट्शास्त्रलाई पनि भारतीय जीवन दर्शन भनिएको छ । भारतीमा 'भा' को अर्थ ज्ञान र 'रति' को अर्थ रत हुनु हो । यो स्त्रीवाचक शब्दले विद्याकी अधिष्ठातृलाई बुझाउँछ । महाभारतको अर्थ हुन्छ महायज्ञ महाज्ञान (पन्त वेदराज : दशैं, सविता प्रकाशन, २०७०, पृ.ज) ।

उपनिषद्‌हरूमा (श्वेताश्वरतरोपनिषद) कर्मकाण्डहरूको प्रवृत्ति कमै छ । जगत् मनुष्य तथा परम सत्ताका बारेमा सूक्ष्म चिन्तनले उसको ठाउँ लिन्छ । ब्रह्म विश्वको सञ्चालक, नियामक शक्ति हो र मान्छेको आत्मा पनि त्यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्नपूर्ण पोस्ट
राष्ट्रिय दैनिक

जिसस विवाहित ?

लन्डन : जिजस क्राइस्ट विवाहित थिए कि थिएनन् भन्ने प्रश्न फेरि उठेको छ। अहिले फेरि दुई लेखकले आर्मेनिक भाषामा लेखिएको ग्रन्थ 'लस्ट गोस्पेल' को अनुवाद गरेपछि जिसस विवाहित मात्र नभई दुई सन्तानका बाबु नै भएका दाबी गरेका छन्।

बहुचर्चित उक्त हस्तलिखित ग्रन्थ हाल [illegible] देखि बेलायती पुस्तकालयमा रहेको छ। प्रोफेसर ब्यारी विल्सन र लेखक सिम्चा ज्याकोबोविकले एक हजार पाँच वर्ष पुरानो उक्त किताबलाई कयौं महिनाको मेहनतले अनुवाद गरेका हुन्। अनुवादपछि जिससले वेश्यावृत्तिमा संलग्न म्यारी माग्डालेनसँग विवाह गरेको तथ्य बाहिर आएको हो।

जिसस र म्यारीका दुई सन्तान रहेका र सन्तानको हत्या प्रयास पनि भएको पाइएको छ। म्यारी जिससकी मिल्ने साथी भएको रूपमा पहिलेदेखि चित्रण हुँदै आएको छ। म्यारीलाई पहिले भगवान्को रूपमा पूजिने गरेको पाइएको छ।

अहिले वास्तविक भर्जिन म्यारी जिससकी आमा नभई पत्नी नै भएको पनि तथ्य आएको छ। 'लस्ट गोस्पेल' ले पहिलोपटक जिससको म्यारीसँग विवाहको दाबी गरेको भने होइन। यसअघि सन् १९५३ मा [illegible] द्वारा लिखित द लस्ट टेम्पटेसन अफ क्राइस्ट र डन ब्राउनको द दा भिन्ची कोडमा पनि यस्तै किसिमको दाबी गरिएको छ। धार्मिक व्यक्तित्वहरूले यो दाबीमा निकै शंका गरिरहेका छन्।

यसमा गहन अध्ययन हुनुपर्ने समेत बताइएको छ। लेखक सिम्चा ज्याकोबोविकले नयाँ तथ्य सार्वजनिक गर्ने क्रममा भनेका छन्, 'हामीले गहन पत्रकारिताअन्तर्गतको इतिहास र पुरातात्त्विक सम्पत्तिको अध्ययन गरेका हौं। पहिलेदेखि इसाई समुदायले जिससलाई दिव्य र मनुष्य दुवैको रूपमा विश्वास गर्दै आएका छन्।' – एजेन्सी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कान्तिपुर

श्रीमद्भागवत सप्ताहको प्रचारमा मुस्लिम समुदाय

[illegible]

अन्नपूर्ण

नेपालगन्जका मुस्लिम हिन्दु राष्ट्रका पक्षमा

नेपालगन्जमा हिन्दु राष्ट्रका पक्षमा नारा लगाउँदै मुस्लिम समुदाय।

[illegible]

धर्म परिवर्तनको वकालत गर्दै बेलायती राजदूत



[illegible]

kathmandupost

BAPTISM POND

■ I rejoiced in mulling over [illegible] Manandhar's comments ("True diversity," October 31, Letters). Writing on the fact that authorities opened Ranipokhari for Chhath in addition to its usual opening only for Bhai Tika, Manandhar writes, "[illegible] Christians [illegible] allowed to use the pond for baptism [illegible]. This will provide a true reflection of Nepal's diversity." As a devotee of Jesus Christ, I say 'Amen' to Manandhar's suggestion. Baptism is just an initiation rite, like bratabandha for Hindus; but Christians still have to suffer for it. This year on July 13, the day Myanmar's human rights activist and Nobel Prize winner Aung San Suu Kyi visited Nepal, the Boudha police [illegible] from Gyaneshwor Church for baptising 24 converts in the Bagmati at Sundarijal. The police handcuffed them as if they were murderers or rapists. No one could meet them at the Boudha police station until the next morning, when the officers reluctantly allowed me in because I happened to be a local person (from Arubari). Then, hundreds of Christians started visiting them! The police ashamedly released the leaders the next day, tacitly admitting that those people had done nothing wrong. Should the government allow baptisms in Ranipokhari, our famous pond could become like Israel's River Jordan where thousands from all over the world come for baptism. The government can even charge a fee!

Ramesh Khatry, Arubari

KANTIPUR PUBLICATIONS PVT LTD.
[illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो । माया या भ्रमका कारण आत्मा आफ्नो स्वरूपको पुनः उपलब्धी नै मोक्ष हो । प्रकृति पनि ब्रह्म नै हो । सर्व खल्विदंब्रह्म । आत्मा पनि ब्रह्म हो 'तत्त्वमसि' (पाण्डेय, ऐ पृ. ५८) ।

अझ धर्म के हो भन्ने सन्दर्भमा पूर्वीय मान्यताका केही प्रसङ्ग उल्लेख गरी यस विषयलाई अगाडि बढाउनु सान्दर्भिक हुन्छ । धर्म शब्द सर्वप्रथम ऋग्वेदमा प्रयोग भएको छ । धर्म धृ धातुमा मन् प्रत्यय लागेर बनेको छ । धृ-धातुको अर्थ हुन्छ– धारण गर्नु । यसप्रकार जुन धारणीय हुन्छ त्यसललाई धर्म भनिन्छ । धर्मको तात्पर्य सद्‌गुणको धारण गर्नु नै हो ।

धरति लोकान् धियते पुयात्मभि : इतिवा ॥

जुन लोकले धारण गर्छन् अथवा जुन पुण्यात्माहरूद्वारा धारण गरिएको हुन्छ त्यो धर्म हो । धर्म मनुष्यले जसरी प्रजा अर्थात् समाजको विधायक मानिएको छ । धर्मो धारयते लोकः (चाणक्य सूत्र २३४) । धारण गर्नका कारण नै त्यसलाई धर्मको संज्ञा दिइएको छ र त्यो धर्म हुन्छ । धर्मबाट नै प्रजाको धारण हुन्छ । "धर्म नै राष्ट्र हृदयको मर्मस्थल एवं मेरूदण्ड हो र त्यही जीवनी मुक्ति धर्म केन्द्रित छ" (विवेकानन्द) सोती वीरेन्द्र चन्द, भारतीय संस्कृति के मूलतत्त्व २०१०, ७१-७५ ।

महाभारतमा व्यासले धर्मको व्याख्या यस्तो गर्नु भएको पाइन्छ :

धारणद्धर्म इत्याहु धर्मो धारयते प्रजाः ।

यत्स्याद्धारण संयुक्त स धर्म इत्युदाकृतः ।

प्रजा एवं समाजलाई धारण गर्ने नियमलाई धर्म भनिन्छ । जुन तत्त्वले धारण गर्न सक्छ त्यही नै धर्म हो । यसैगरी व्यास अगाडि लेख्नुहुन्छ :

न जातु कामात्र भयात्र लोभाद् धर्म त्येज्जीवितास्यायि हेतो : ।

नित्यो धर्मः सुखदुःखे त्वनित्ये नित्यो जीवो धातुरस्य त्वनित्यः ।

भय, लोभ काम या प्राणिका लागि धर्म छोड्नु अनुचित छ । धर्म नित्य छ, सुख र दुःख क्षणिक छ । शरीर अनित्य छ र जीवन नित्य छ । (जोशी, प्रभाष, हिन्दू होनेका धर्मः राजकमल प्रकाशन भारत, सन् २०१० पृ. ९६-९७) । यसरी लोभ, भय, त्रास आदिका कारण धर्म परिवर्तन बर्जित देखिन्छ ।

हिन्दू धर्ममा कुनैपनि केन्द्रीय सत्ता हुँदैन, मन्दिरको महत्त्व अपेक्षाकृतः परम्पराद्वारा स्थापित भएको पाइन्छ, न कि कुनै धार्मिक सिद्धान्तद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थापित गरिएको होस् । हिन्दू धर्ममा धार्मिक सञ्चालनका लागि कुनै केन्द्रीय भवन हुँदैन । यो एक उच्च स्वायत्त शासन हुने धर्म हो । जसमा पूजा मुख्यतः व्यक्तिगत अथवा घरमा गरिने कार्य हुन्छ । हिन्दू क्षेत्रको विचारलाई तीर्थ यात्रा, धार्मिक एवं पारम्परिक धर्म ग्रन्थद्वारा प्रशारित गरिएको हुन्छ (हुसैन माजिद, **मानव भूगोल**, १९९७ : १७९) ।

एक ईश्वर भएर पनि पञ्चब्रह्म हुनु भएको रूप जस्तै शिव, गौरी, गणेश, विष्णु र सूर्य यी पाँच रूपका सम्प्रदाय क्रमशः शैव, शाक्त, गाणपत्य, बैष्णव र सौर्य मार्गहरु चाहिं वैदिक सनातन धर्मलाई जनमानसमा सहज र सरल बनाउन परमेश्वर शिवले निर्माण गर्नु भएको हो । यी बाहेकका सम्प्रदायहरु र मतहरु धर्म होइनन् ।

धर्मको अर्को अर्थ स्वभाव पनि हो । आगोको धर्म पोल्नु वा जलाउनु हो । यदि आगोले पोलेन भने आगोलाई कसैले मान्दैन । पानीको धर्म भिजाउनु र प्यास मेटाउनुका साथै वनस्पति र प्राणीमा प्राण सञ्चार गराउनु हो । चन्द्रमाको धर्म शीतलता दिंदै धरतीका वनस्पतिमा फलफूल पुष्ट बनाउनु हो । माटोको धर्म झारपात, अनाज, सागपात उब्जाएर प्राणीको भोक मेटाउनु हो । बादलको धर्म गर्जनु, साथै वृष्टि गराउनु हो । यसैगरी मानिसको धर्म दया, दान, परोपकार, आत्मसंयम, सदाचार, शिष्टाचार, ज्ञानको खोजी, आस्था, श्रद्धा, ईश्वरमा भक्ति, प्रतिदिन ईश्वर चिन्तनमा अभ्यास, सात्त्विक भोजन ग्रहण गर्नु आदि हुन् ।

तर रिलिजन शब्दको उत्पत्ति रेलिगेयरबाट भएको हो । पहिले यसको मौलिक अर्थ थियो-बन्धन । यसरी दुई व्यक्तिहरूको हरेक सम्बन्ध (बन्धन) एउटा रिलिजन हो (पाण्डेय गोरख, धर्मबारे मार्क्सवादी दृष्टिकोण, पृ. १५९) ।

यसरी धर्म र रिलिजनको अर्थ नै विपरित छ । तर मनुष्य कर्म, भक्ति र ज्ञानको माध्यमबाट धर्म गर्छ । धर्म जीवनको बाहक र धारक हो भन्ने वैदिक मान्यता छ । धर्मको व्याख्या गरेर, विभिन्न पोशाक लगाएर, राष्ट्र र अन्तर्राष्ट्रिय जगतमा ख्याति कमाउन हाल नेपाल र भारत लगायत विभिन्न देशहरूमा धर्मगुरू भनाउँदा व्यक्तिहरु दौडधुपमा लागेका छन् । यो कार्य धार्मिक कार्य भन्न सकिंदैन, किनभने धर्मको व्याख्या र भाषण गर्ने धर्मगुरू भनाउँदाहरूको भित्री आचरण हेर्ने हो भने ९९ प्रतिशत तथाकथित धर्मगुरुहरु र धर्म चेलाहरूमा पाखण्डपन मात्र देखिन्छ (शिवगण नन्दि, **धर्म मार्ग निर्देशन**, २०७०: ४) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी धर्मनिरपेक्षता अर्थात् नास्तिक अभियानले नेपालमा हाम्रो सभ्यता, संस्कृति एवं राष्ट्रियता माथि सुनियोजित रूपमा प्रहार भइरहेछ ।

धर्मनिरपेक्षता घोषणा भित्र निहीत तथ्य स्पष्ट गर्ने क्रममा खुमबहादुर खड्काको नेतृत्त्वमा गठित नेपाली काँग्रेस सनातन हिन्दू राष्ट्र स्थापना महाअभियान २०७१ द्वारा वितरित पुस्तिकामा निकै मार्मिक विश्लेषण छ ।

नेपालमा धर्मनिरपेक्ष घोषणा गरिएको सन्दर्भ अहिले सर्वत्रचिन्ता र चासो हुन थालेको छ । नेपाली कांग्रेसकै एउटा शशक्त समूहले (नेपाली कांग्रेस सनातन हिन्दूराष्ट्र स्थापना महाअभियान केन्द्रीय सम्बन्ध समिति २०७१ काठमाडौ) २०६२।०६३ को जनआन्दोलनको परिणाम पुनःस्थापित संसदले नेपालको राजनीतिक यथार्थहरू, राष्ट्रियता र यसको संवेदनशीलता, हाम्रा परम्परागत, धार्मिक, सामाजिक एवम् सांस्कृतिक मूल्य, मान्यता र आम जनताको विचार र भावनाको पर्वाह नै नगरी परम्परागत रूपमा चलिआएको सामाजिक सद्भावलाई खलल पुग्ने गरी धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेपछि नेपालको परम्परागत धर्म र संस्कृति माथि सुनियोजित रूपमा आक्रमण गरी सामाजिक सद्भावलाई विथोलेर राष्ट्रियतालाई नै कमजोर बनाउन गरेको षडयन्त्र उपर गंभिर बन्दै ...... नेपाललाई हिन्दूराष्ट्र नेपाल बनाउने महाअभियान शुरू गरेका छौं भन्ने सन्दर्भ अहिले ज्यादै महत्त्वपूर्ण बन्दै छ ।

२०६२।०६३ को आन्दोलनबाट पुनःस्थापित प्रतिनिधिसभाले ४ जेठ ०६३ मा धर्मनिरपेक्षता सहितको घोषणा गरेको थियो, जसको प्रस्ताव मन्त्रिपरिषदले तयार गरेको थियो । मन्त्रिपरिषदबाट पारित प्रस्ताव प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा वैठकमा प्रस्तुत गरेका थिए । "मेरो स्वास्थ्य राम्रो नभएकोले यो मस्यौदा पढेर सुनाउन सभामुखलाई अनुरोध गर्दछु ।" प्रधानमन्त्री कोइरालाको अनुरोधपछि सभामुख सुवास नेम्वाङले घोषणापत्रको प्रस्ताव पढेर सुनाएका थिए । प्रधानमन्त्री कोइरालाको प्रस्तावलाई एमाले महासचिव माधव कुमार नेपाल, काँग्रेस उप-सभापति सुशील कोइराला, काँग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, राप्रपा अध्यक्ष पशुपति शमशेर जबरा, राजपाका अध्यक्ष सूर्यबहादुर थापा, जनमोर्चा नेपालका चित्रबहादुर के.सी. र परि थापा, नेपाल सद्भावना पार्टीका यज्ञजित शाह, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का महामन्त्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हृदेश त्रिपाठी र नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले समर्थन गरेका थिए । (**नयाँ पत्रिका**, २०७१ पुस १ गते) ।

कोइरालाको मन्त्रिमण्डलमा के.पी. (खड्गप्रसाद) ओली– उप-प्रधानमन्त्री एवं परराष्ट्र, गोपालमान श्रेष्ठ– भौतिक योजना तथा निर्माण, डा. रामशरण महत– अर्थ, महन्त ठाकुर- कृषि तथा सहकारी, कृष्णप्रसाद सिटौला-गृह, प्रभुनारायण चौधरी- भूमिसुधार तथा व्यवस्था (गोरखापत्र, २०६३ वैशाख २०) थिए । नेपाल एकीकरणका मूल अभियन्ता पृथ्वीनारायण शाह जसले नेपाल र नेपालीको चिनारी (पहिचान) लाई निरन्तरता दिएको त्यस्तो महत्त्वपूर्ण राष्ट्रिय पर्व "राष्ट्रिय एकता दिवस तथा पृथ्वीजयन्ती पौष २७" लाई खारेज गरेर फिरङ्गीहरूको नेपाललाई ईसाई राज्य बनाउन गरेको रणनीति अनुरूप यसै मन्त्रिमण्डलले "फिरङ्गी दिवस" (क्रिशमस) विदा दिएको सन्दर्भ कति खतरनाक रहेछ सचेत नेपालीले अहिले बुझ्न थालेका छन् ।

पछिल्लो समय नेपाली कांग्रेसभित्र धर्मनिरपेक्षताको ईसाई एजेण्डा मुखर रूपमा सुशील कोइराला, शेर बहादुर देउवा, रामचन्द्र पौडेल, विमलेन्द्र निधि, चन्द्र भण्डारी, गगन थापा आदि उनीहरूका प्रवक्ता बनि पैरवी गरिरहेको स्थिति छ ।

उनीहरू सनातन धर्म-संस्कृतिमा सभ्यता बास गरेको मूल तत्वलाई ध्वंश गर्न उद्दत देखिन्छन् । यसरी सनातन धर्म संस्कृति तथा सामूहिक सभ्यता-बोधलाई कमजोर पारी ईसाईकरण अभियानको बाटो सुगम बनाउने खेलका कुरूप कठपुतली झैं नाँचिरहेछन् । पार्टीका कथित धर्मनिरपेक्षतावादी क्रिस्तान समर्थक नेताहरू आफूखुसी विष पिउन सक्छन्, आत्महत्या गर्न सक्छन्, त्यो हाम्रो सरोकार र चासोको विषय रहेन तर नेपाली मात्राको आस्थाको धरोहर सनातन धर्म-संस्कृतिगत आस्थालाई ढाल्ने अधिकार कदापि रहँदैन । यिनीहरू प्रकृति, परमेश्वर र पूजनीय स्थलसँग खेलबाड गरिरहेका छन् । त्यो अक्षम्य अपराध हो ।

धर्मनिरपेक्षताप्रति कटाक्ष गर्दै जवाफदेही विनाको निरपेक्षतामा डा.बावुराम ज्ञवाली लेख्छन्– कालीबाबाले फागुन (२०६७) मा काठमाडौंको बनकालीमा पूजा लगाउँदा नेपाली कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराई (किसुनजी) त्यहाँ पुगेका थिए । पूजामा किसुनजीले भनेका थिए **"नेपाल फेरि हिन्दू राष्ट्र हुन्छ । नेपाललाई धर्म निरपेक्ष बनाउने नेताहरू अदूरदर्शी, पटमूर्ख र अविवेकी मात्र होइनन्, चण्डाल पनि हुन् । ८५ प्रतिशत**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिन्दू भएको मुलुक हिन्दू राष्ट्र नभए के हुने? नेपाल हिन्दू राष्ट्र थियो, आज पनि छ र भोलि पनि हिन्दू राष्ट्र नै रहनेछ (अन्नपूर्ण पोस्ट् २०७१, चैत्र १९)।

पछिल्लो समय नेपालको राजनीति र धर्म संस्कृतिको प्रहारप्रति नेपाली कांग्रेसका ओमकारप्रसाद श्रेष्ठ भन्नुहुन्छ : देश विकास हुनु कांग्रेस संगठित र मजबुत हुनुपर्ने मुलुकको राजनीतिक, सामाजिक र भूराजनीतिक परिस्थितिलाई कांग्रेस नेतृत्वले बुझ्नै सकेन । कांग्रेस कमजोर भएको मौका छोपी शुरू भएको माओवादी हिंसा, कांग्रेस फुटेर छियाछिया भएको अवस्थामा भएको १२ बुँदे सहमति र गणतन्त्र हुँदै संघीयता धर्मनिरपेक्षताजस्ता भयानक परिवर्तनहरू अस्थिर नै अस्थिरताबीच घोषणा भए । मुलुक समग्रमा धेरै वर्ष पछाडि फर्कियो । कांग्रेस कमजोर भएको बेला दरबार उचाल्नेदेखि सबैखाले देशी-विदेशी तत्वले मुलुको धर्म, संस्कृति, भाषा, परम्परा, पहिचान र अस्मितामाथि एकैचोटि प्रहार गरे । परिणामतः हामी भयानक भू-राजनीतिक सामाजिक आर्थिक र साम्प्रदायिक संकटको भूमरीमा रूमलिइरहेका छौ । (पेशलकुमार निरौला, महामुनीश्वर आचार्य, ओमकारप्रसाद श्रेष्ठ, विचार र रचना, २०६९) ।

वास्तवमा नेपाललाई धर्मनिरपेक्ष भनी घोषणा त सन् २००६ मै निर्वाचित प्रधानमन्त्रीको सिफारिशबाट विघटन भइसकेको संसदलाई राजा पुनर्गठन गर्न बाध्य भएपछि त्यसै संसदले गरेको थियो ।

वास्तवमा त्यस्तो घोषणा गर्न त्यस संसदलाई जनादेश नै थिएन । सन् १९९९ मा निर्वाचित संसद त नेपाललाई हिन्दू राज्य मान्ने संविधान अन्तर्गत स्थापना भएको थियो । पुनःस्थापित संसदको आत्मा बिलकुलै बेग्लै थियो । विघटित संसदका दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले संवैधानिक राजतन्त्रलाई सन् १९९० को संविधानमा 'अपरिवर्तनीय अङ्गका रूपमा मान्दै आएका थिए ।

अहिले यो महत्त्वपूर्ण मुद्दा कांग्रेस भित्रको एउटा समूहले उठाएको छ । उसले आफूलाई वी.पी कोइराला समर्थक पक्ष भन्दै घुमाउरो किसिमले उनका भाइ तथा उत्तराधिकारी गिरिजाप्रसाद कोइरालाद्वारा लिइएको धर्मनिरपेक्षको निर्णय अस्वीकार गरेको छ । तर राज्य सञ्चालन तथा संविधान निर्माण प्रक्रियामा धर्मनिरपेक्षता र सापेक्षता सँगै वीपीको चिन्तन र मान्यता विपरीत राजतन्त्र लगायतका विषयमा निर्णय लिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ । **जुन नियम र प्रक्रियामा प्रक्रिया विहिनताद्वारा 'धर्मनिरपेक्षता' घोषणा गरियो त्यो भन्दा कैयन अवैधानिक शैलिबाट गणतन्त्र घोषित भयो । धर्मनिरपेक्षता र गणतन्त्र एउटै 'प्याकेज डिल' अन्तर्गत कृष्णप्रसाद भट्टराईका शब्दमा आयातित बस्तु हुन्** । (घिमिरे युवराज, **अन्नपूर्ण पोस्ट्**, २०७१, २१ कार्तिक)

अहिले धर्मनिरपेक्षताको आवरणमा राजसंस्था मात्र समाप्त पारिएन यहाँका परम्परागत धर्म संस्कृतिलाई कमजोर पारी ईसाईकरणको प्रकृयालाई तिव्र पारिएको छ ।

खास गरी २०६३ सालपछिको नेपालमा ईसाई धर्मप्रचारकहरूले आफ्ना गतिविधि तिव्र पारेको कुरा यूरोप, अमेरिकाकै गिर्जाघर (चर्च) का प्रचार सामाग्रीले छर्लङ्ग पार्छन् । केही साताअघि अमेरिका, ओक्लो होमाको ग्रोभ चर्चका नक्स दम्पत्तिले नेपालमा हाँसिल गरेको अभूतपूर्व उपलब्धि' को चर्चा वेबसाइटबाट व्यापक प्रचारमा आएको थियो । नक्स दम्पत्ति भन्छन् 'सन् २००३ तिर नेपालमा जम्मा २-३ लाख ईसाई (क्रिस्तान) हुँदा हुन्, दश वर्षपछि त्यो संख्या अहिले २० लाखभन्दा माथि पुगिसक्यो । यी धर्मप्रचारकहरूका भनाइमा सन् २००६ मा भएको 'क्रान्ति'को क्रममा हिन्दूराजतन्त्र पाखा लागेपछि उनीहरूको 'काम' निकै सजिलो भएको छ । पहिले-पहिले त हिन्दू अधिराज्य, बुद्धको जन्मस्थल नेपाल एक अभेद्य किल्ला नै थियो । एक गहन चुनौति र जोखिमपूर्ण ठाउँ थियो (अधिकारी ध्रुवहरि **अन्नपूर्ण पोस्ट्** २०७१, २१ वैशाख) ।

धर्मनिरपेक्ष भनेकै ईसाई धर्मान्तरण भएको खुलासा नेपालका लागि बेलायती राजदूत एन्ड्रयू जेम्स स्पार्क्सले मानव अधिकार दिवसको अवसर पारेर २०७१ मंसीर २४ (२०१४, १० डिसेम्वर)मा संविधानसभाका सदस्यका नाममा खुलापत्र लेखे, जसमा उनले विना हिचकिचाहट नयाँ संविधानमा धर्म परिवर्तन गर्ने संवैधानिक प्रावधानको वकालत गरे । उनले त्यो खुल्ला पत्रमा भनेका छन्- "**धर्म परिवर्त गर्न पाउने अधिकार रक्षित भएको सुनिश्चित गर्न तथा विचार र अभिव्यक्तिको स्वतन्त्रता वलियो भएको पक्का गर्न हामी तपाईंहरूलाई प्रोत्साहन गर्छौं**" भन्नु ईसाईकरणमा खुलम्खुला लागिरहेको सन्दर्भ छ । स्पार्क्सप्रति कटाक्ष गर्दै नेपाल साप्ताहिक (२०७१, १३ पुस) मा सीताराम बराल लेख्छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

... राजदूत स्पार्क्सले कुटनीतिक मर्यादा उल्लंघन गरेकोमा कुनै शंका छैन । परराष्ट्र मन्त्रालयका पूर्व चिफ अफ प्रोटोकल (शिष्टाचार महापाल) गोपालबहादुर थापाको भनाई उल्लेख गर्दै राजदूतको खुल्ला पत्र हेर्दा उनी मिसन चिफ (राज दूतावास प्रमुख) होइन, मिसनरी चिफ (क्रिश्चियन धर्म प्रचारका प्रमुख) हुन् कि जस्तो लाग्ने र नेपाल सरकारले एक्सन लिंदैन भन्ने सोचाइका कारण राजदूत र कुटनीतिक कर्मचारीहरु अनियन्त्रित हुँदै गएको उदाहरण हो ।

यसै नेपाल साप्ताहिकमा विवेक पौडेल बेलायतकै प्रधानमन्त्री– डेभिड क्यामरून प्रति कटाक्ष गर्दै (प्रश्न, आफैलाई सोध्ने कि नसोध्ने?मा) लेख्छन्–

... बेलायतमै त्यहाका प्रधानमन्त्रीले केही समय अघि भनेका थिए, **"हाम्रो देशको विकास र साहिष्णुतामा हाम्रो धर्मको भूमिका छ र यसलाई हामीले अस्वीकार गर्नुपर्ने कुनै कारण छैन, त्यसकारण हामी ईसाई मुलुक हौ ।"**

हाम्रो धर्म संस्कृतिको विनाशक अरू कोही होइन हामी नै हौ भन्दै पौडेल लेख्छन्–

"सबैभन्दा पहिले आफ्नै पहिचान र परम्परामाथि आक्रमण गर्ने त हामी नै हौं । र, त्यस्तो कामको नेतृत्त्व गर्ने राजनीतिज्ञहरूलाई जवाफदेही बनाउन नसक्ने पनि हामी नै हौं । चाहेको धर्म अँगाल्ने स्वतन्त्रता स्वीकार गरिए पनि संस्थागत रूपमा धर्म परिवर्तन धेरै देशमा बर्जित छ । त्यसमाथि पूर्वीया धर्म परम्परा र अब्राहमिक (यहुदी, ईसाई आदि) धर्म परम्परामा एउटा ठूलो फरक छ, जसले संस्थागत धर्म परिवर्तन सम्बन्धी राजनीतिक मान्यतालाई पनि प्रभावित पारेको छ । अब्राहमिक धर्म अनुसार अन्य धर्मावलम्बीको धर्म परिवर्तन गराउनु पुण्यको काम हो । किनभने, पापको जीवन बिताइरहेका उनीहरूलाई मोक्ष दिलाउने तरिका हो । पूर्वीया धर्म अनुसार जनावरदेखि वनस्पतिसम्मलाई विना धर्म परिवर्तन मोक्ष हुने बाटो छ । त्यसकारण कुनै देशले संस्थागत रूपमा धर्म परिवर्तनलाई समर्थन गर्छ भने त्यस पछाडि यो सन्दर्भ र इतिहासलाई सम्झनु आवश्यक छ ।"

वास्तवमा पोपको एकाधिकार, धार्मिक साम्राज्य एवं कठोर दण्डका कारण यूरोपमा धर्मनिरपेक्षता (सेक्यूलर) आन्दोलनको विकास भएको थियो । मध्यकालमा चर्चले गरेको ज्यादतीको खिलाफमा विज्ञानका समर्थक एवं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नास्तिकहरूले यस आन्दोलनको नेतृत्त्व गरेका थिए ।

धर्मनिरपेक्षता नास्तिक चिन्तनको एउटा धार हो, जुन उन्नाइसौ शताब्दीको आरम्भमा स्वतन्त्र एवं प्रकृतिवादी चिन्तनवाट विकसित भएको थियो । सन् १८५१ मा ब्रिटेनमा जर्ज जैकाब होलीओफले रिजनर (तार्किक) नामबाट प्रकाशित आफ्नो लेखमा विशेष सन्दर्भमा सेक्यूलर शब्दको प्रयोग गरेका थिए । केही दिन पछि नै होलीओकले केन्द्रीय सेक्यूलर सोसाइटी गठन गरी त्यसको सिद्धान्त र उद्देश्यहरू घोषणा गरे । होलीओकले, थोमस कालिली (Thomas Calyles, सन् १७९५-१८८१), थोमस पाइन (Thomas Paine सन् १७३७- १८८१), आदि पुरोहित वर्ग र धर्म विरोधी, विधर्मी गणतान्त्रिक परम्परा एवं रावर्ट ओवेन (Robert Owen, सन् १७७१-१८५८) आदि प्रकृतिवादीहरूको सामाजिक, नैतिक, तर्कसम्मत परम्पराको आधारमा सेक्यूलर अर्थात् धर्मनिरपेक्ष विचारको आधार राखे (शर्मा, गितेश, धर्म के नाम पर, २००८ : १९६) । यसरी धर्मनिरपेक्षता भनेकै अधार्मिक एवं नास्तिक आन्दोलन हो (हुसैन, १६८) ।

हाम्रै छिमेकी मुलुक भारत धर्मकै आधारमा विभाजित भयो । गान्धी - नेहरु आदिले भारत विभाजन रोक्न सकेनन् । बरू दुर्बल नीतिका कारण परोक्ष सहयोगी भए । विभाजित भारतमा पाकिस्तान मुस्लिम राष्ट्र बन्यो भने भारत धर्मनिरपेक्ष बन्न बाध्य एवं विवश भयो । धर्मनिरपेक्ष राष्ट्र विदेशीको ईसारामा बनेको हुँदा अहिले पनि विभाजनकारी शक्तिले धार्मिक बखेडा झिकी नै रहेका छन् ।

यथार्थमा भारतमा धर्मनिरपेक्षता भन्ने अर्थमा प्रयोग हुने सेक्यूलर शब्दको अर्थ सांसारिक (लौकिक), हुन्छ जुन धर्मको विपरीत अर्थ बुझाउने लवज हो । भारतको धर्मनिरपेक्षता प्रति कटाक्ष गर्दै खप्तड स्वामी भन्नु हुन्छ–

राजनीतिक कोश (Political Dictionary) मा एउटा अर्को शब्दको वृद्धि भयो । राजनीतिक जगतमा यो नयाँ शब्दको नाम थियो सेक्यूलर यसको अर्थ गरियो धर्मनिरपेक्ष भन्ने । यस शब्दले शिक्षित व्यक्तिहरूको मष्तिस्कमा धर्मको विरूद्ध आफ्नो मन्द विष (slow poison) को प्रवेश गरायो । धर्मनिरपेक्ष भन्नाले त अँध्यारो नै भयो । निरपेक्षता त्यस वस्तुसँग हुन्छ, जुन अनुपयुक्त ठानिन्छ । धर्मनिरपेक्षताको नाउँ लिँदा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिँदा मनमा यो भाव स्थित हुन्छ कि धर्म खराब कुरा हो, यो उपेक्षयीय छ । नयाँ पुस्ताले यही शिक्षा ग्रहण गरिरहेछ । मजहब शब्द देखि त ऊ निकै पर छ, धर्म शब्द पनि पन्छिदै जान्छ र धर्मको नाम लिन समेत धेरै जसो हिन्दू युवाहरूका लागि पनि एउटा सङ्कीर्ण विचार प्रतिगामिताको प्रमाण मानिन्छ । आर्य संस्कृति एउटा यस्तो पर्यावरणमा हुर्केको थियो, जसलाई धार्मिक सिवाय अन्य कुनै शब्दले अभिव्यक्त गर्न सक्दैन । धर्मप्रति जुन मनोभाव उत्पन्न गरिदै आइरहेछ त्यसले हामीलाई त्यस संस्कृतिबाट परतिर लगिरहेको छ ।" (खप्तड स्वामी, ***धर्म-विज्ञान (नेपाली भाषानुवाद) चतुर्थ खण्ड*** *: २०५८, २६-२७) ।*

भारतीय राज्यव्यवस्था किन लामोसमय सम्म विदेशी अधिनतामा पऱ्यो भन्ने सन्दर्भमा प्रख्यात दार्शनिक ओशोले धर्मप्रतिको उपेक्षा नीतिलाई मानेका छन् । उनको धर्म एवं राजनीति शिर्षक लेखमा उल्लेख भए अनुसार–

हाम्रो जीवनसँग राजनीतिको ज्यादै अन्तर्सम्बन्ध हुन्छ । तर, भारतको दुर्भाग्य संझनुपर्छ हजारौ वर्षदेखि राजनीति र धर्मका बीच कुनै सम्बन्ध (साइनो) रहेको छैन । भारतमा राजनीति र धर्म एक अर्काका चरम विरोधी रहेका छन् । यो स्थिति आजै आएको भने होइन र यसको दुष्परिणाम हामी भोगिरहेका छौ । यो एक हजार वर्ष लामो दासताको परिणाम हो । हिन्दूस्तान गुलाम भयो किनकि हिन्दूस्तानमा रहेका धार्मिक मानिसमा मैले केही गर्नुपर्छ भन्ने कर्तव्यबोध कहिल्यै भएन । धर्मको राजनीतिसँग सम्बन्ध रहेन । धार्मिक मानिसलाई लाग्दथ्यो कोही राजा (शासक) होस त्यसबाट हामीलाई के हानि नोक्सानी गर्छ ? त्यसको प्रयोजन नै के छ र ? जुनसुकै सत्तामा रहोस् हामीले विचार गर्नु नै के छ र (ओशो, धर्म और राजनीति, २००४: ८८) ।"

यसरी एकहजार वर्षदेखि भारतमा भइरहेको धार्मिक-सांस्कृतिक अतिक्रमण र दासताले भारतीयहरूको शिर कहिल्यै उठ्न सकेन । भारतीय इतिहासको आलोचना गर्ने क्रममा भारतको एकहजार वर्षको इतिहास भनेकै दासताको इतिहास भन्ने पनि गरेको पाइन्छ । करीब सातसय वर्ष मुसलमान र तीनसय वर्ष अंग्रेजले भारतमा शासन गरेको सन्दर्भ छ ।

धर्मनिरपेक्ष के हो भन्ने सन्दर्भमा ओशो भन्नु हुन्छ - "यद्यपि राजनीति धर्मनिरपेक्ष कसरी हुन्छ ? राजनीतिलाई धर्मनिरपेक्ष बनाउनुको अर्थ हुन्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवनको पक्षसँग उसको कुनै प्रयोजन नहुनु नै हो । मनुष्य माथि उठ्ने जुन संभावना छ त्यससँग कुनै सक्रिय सम्बन्ध राख्नबाट वञ्चित गर्नु हो । धर्मनिरपेक्षताको अर्थ हुन्छ सत्यसँग निरपेक्ष हुनु, प्रेमसँग निरपेक्ष हुनु, जीवनको गहनतम ज्ञानसँग निरपेक्ष हुनु नै हो । कुनैपनि राजनीति यदि धर्मसँग निरपेक्ष हुन्छ भने त्यो मनुष्यको शरीर भन्दा अन्यत्र प्रवेश गर्दैन र त्यस्तो समाज केवल शरीरको आसपासमा नै जीउन थाल्दछ, त्यो समाजमा त्यसरी दुर्गन्ध फैलिन्छ, जुन मरेको लास (सिनो) बाट दुर्गन्ध फैलिएको हुन्छ । त्यसैले भारत स्वतन्त्र भएपनि दिनानुदिन पतित भइरहेछ (ऐ. ८८-८९) ।"

उनको विश्लेषण छ धर्म र राजनीतिको सम्बन्ध आत्मा र शरीर झैं रहेको हुन्छ । यी दुईको सम्बन्ध छुट्याउने सकिदैन भन्दै अगाडि लेख्छन् - धर्म आत्मा हो भने राजनीति शरीर हो । धर्म विचार हो भने राजनीति कर्म हो । धर्म आकाश हो भने राजनीति पृथ्वी हो । न त हामी आकाशमा मात्रै न त पृथ्वीमा मात्रै बाँच्न सक्छौ । हाम्रो शिर धर्मसँग सम्बन्धित हुनुपर्छ भने हाम्रो खुट्टा (पैर) राजनीतिसँग सम्बन्धित हुनुपर्दछ । हाम्रो जीवनको सबै क्रिया राजनीति बिना चल्न सक्दैन भने हाम्रो आत्माको विकास धर्म विना हुन सक्दैन (ऐ. १०४) ।"

आज नेपालमा भारतीय इतिहासको दुर्गति भोग्न बाध्य पारिदैछ । नेपाल अहिले, नेपाल र नेपाली जातिको चिनारी समाप्त गर्न धर्म-संस्कृति एवं परम्पराको ह्रास, छद्म धर्मनिरपेक्षवादी एवं तथाकथित साम्यवादी बुद्धिजीविहरूको दुष्प्रचारबाट भइरहेछ । नेपाल विश्वका प्राचीनतम १० राष्ट्रमध्ये एक र ३५०० वर्ष भन्दा बढी इतिहास बोकेको ऐतिहासिक राष्ट्र हो । विश्वमा अहिले ७१ वटा क्रिश्चियन धर्म अँगालेका र ५१ वटा मुस्लिम धर्म अवलम्बन गरेका राष्ट्र छन् । संसारको एउटैमात्र 'हिन्दू अधिराज्य' नेपालको चिनारी मासिदा कथित बुद्धिजीवि, मानव अधिकारकर्मी, नागरिककर्मी, राजनीतिकर्मी, पत्रकार आदि खुशी हुनु बुझिनसक्नु छ ।

कथित अन्तर्राष्ट्रिय दातृ संघ/संस्थाको सहयोगमा नितान्त निजी चुलो सञ्चालन गर्नका लागि राष्ट्रको चुलो नै बन्द गराउने खेलमा लागेका आन्तरिक फिरङ्गीहरूको दुष्प्रयास सबै चेतनशील नेपालीहरूले बुझ्न थालेको सन्दर्भले अहिले आशाको किरण जगाएको छ । **पृथ्वीनारायण शाहले बाह्य फिरङ्गी विरूद्ध लडी यो राष्ट्रको निर्माण गरेका थिए भने अहिले राष्ट्र जोगाउन आन्तरिक फिरङ्गी**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विरूद्धको अहिंसात्मक लडाईं लड्नु नै वर्तमानको यथार्थता हो ।

नेपाल दिनानुदिन अन्तर्राष्ट्रिय शक्तिको चपेटामा परिरहेछ । त्यसको प्रत्यक्ष तारोमा यहाँको हिन्दूधर्म, बौद्धधर्म, खससंस्कृति, किरात धर्म-संस्कृति आदि परिरहेछ । नेपालको एकमात्र हिन्दू अधिराज्य नेपाल सक्न ईसाईको भ्याटिकन सिटी लगायत् सम्पूर्ण शक्ति लागेको कुरा अब छर्लङ्ग भइसकेको छ । त्यो कथित धर्मनिरपेक्षताको आडमा अगाडि ल्याइएको रणनीतिक गुरूयोजना थियो । धर्मनिरपेक्षताको ईसाई अभियान तीन प्रवृत्तिबाट अगाडि बढिरहेछ । पहिलो प्रवृत्ति भनेको ईसाईकरण नै हो । उदाहरणका रूपमा त्यस प्रवृत्तिको नेतृत्त्व *पाश्टर डा. के.वी रोकायजस्ता व्यक्तिहरूले गरिरहेका छन् । उनी माओवादीको सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगको सदस्यका रूपमा रही काम गरिसकेका छन् । यसैगरी नेपाल राष्ट्रिय मण्डलीका महासचिव पाश्टर रोकायको अध्यक्षतामा गठित नेपाल बौद्धिक मञ्च नामक गैरसरकारी संस्थामा नेपालका बुद्धिजीवि, पत्रकार, राजनीतिकर्मी आदि क्रियाशील रहेका छन् ।*

अरू क्षेत्रको कुरा अहिले नगरौं, विद्यासम्बन्धी अन्वेषण गर्ने धेरैजसो संस्था विदेशी पैसाको बलले नै चलिरहेका छन् । विदेशीले यहाँ यसै पैसा खनाएका छैनन्, आफ्नो अभीष्ट सिद्धिको लागि नै उनीहरूले पैसा खर्च गरेका छन् भन्ने कुरा ती विद्वत् संस्थाका कामबाट थाहा नहुने होइन । नेपाल सरकारबाट रिटायर्ड भएपछि ठूलाठूला अधिकृतहरू विदेशीको कन्सल्ट्यान्ट बन्ने परम्परा जस्तै बनिसकेको छ । विश्वविद्यालयबाट रिटायर्ड भएका प्रोफेसरहरूका पकेटका अन्वेषण संस्था विदेशीकै पैसाले चलेका छन् (पन्त, महेशराज, "राष्ट्रियता, दूतावास र विदेशी पैसा" **राजधानी दैनिक, २०७१,** वैशाख १५) ।

मेरा साना दुषले आर्ज्याको मुलुक होइन. सबै जातको फुलबारि हो भन्दै पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१ राज्यकाल वि.सं. १७९९-१८३१) ले खडा गरेको, दक्षिण एशियाको यो प्राचीनतम राज्य अडाउने हो भने आइएनजीओ र एनजीओलाई मात्र होइन, राजदूतहरूको पनि चलखेल नियन्त्रण गर्न सक्ने सामर्थ्य हाम्रा शासकमा हुनुपर्छ ।

"असली हिन्दूस्थान" बनाउने चाहना भएपनि उनले ईसाई बाहेक अरू धर्ममाथि हस्तक्षेप गरेनन् । ईसाई धर्मावलम्बीहरूले संसारभर धर्म र व्यापारका नाममा प्रवेश गरेर उपनिवेशको विस्तार गर्दै थिए । त्यसलाई पृथ्वीनारायणले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रोकेकै हुन् । अपराध हो भने त्यो उनले गरेकै हुन् । अहिले विभिन्न जाति र संस्कृतिका नेपाली आ-आफ्ना मौलिक संस्कृतिको पुनर्जागरणमा रमाउन थालेका छौं । पृथ्वीनारायण शाहले उतिबेला ईसाईहरूलाई नरोकेका भए शायद अहिले कतिपय परम्परा संस्कृतिहरु दन्त्य कथा बनिसकेका हुने थिए । इतिहास साक्षी छ, बाइबल लिएर घुसेर धेरै मुलुकमा तिनले राजपाठ खोसेका थिए । संसारका थुप्रै मुलुकमा भाषा उपनिवेशकालमा तिनले समाप्त पारेका छन् । पराजित जातिको संस्कृति मेटाएका छन् । सबैभन्दा बढी तिनको पञ्जामा परेको जाति र धर्मलाई खोक्रो बनाइदिएका छन् । यिनलाई उतिबेला रोकेकैले नेपालमा विभिन्न जाति, भाषा, संस्कृति र धर्मको अस्तित्त्व बाँकी रहेको हो । यति स्वीकार गर्न हिचकिचाउनु पर्दैन (अधिकारी, गोविन्द, **नागरिक दैनिक**, २०७० पुस २२) ।

दोश्रो प्रवृत्ति भनेको यहाँका परम्परागत धर्म संस्कृति माथि अतिक्रमण गर्दै ईसाई धर्म, पश्चिमा संस्कृतिको महिमा मण्डित गर्ने यहाँका बुद्धिजीवी, पत्रकार, मानव अधिकारवादी साहित्यकार, नीति निर्माता, कर्मचारी आदि रहेका छन् । दोश्रो प्रवृत्तिका रूपमा यहाँ डा.सुरेन्द्र के.सी.का विचारलाई लिन सकिन्छ । यस्ता प्रवृत्तिका व्यक्तिको काम इतिहासको अपव्याख्या गर्ने, हिन्दूधर्म संस्कृति माथि तथानाम गालि गलोज गर्दै परोक्ष - अपरोक्ष रूपमा ईसाई धर्म, पश्चिमा-संस्कृतिको गुणगान गर्नु रहेको देखिन्छ । उनको भर्खरै प्रकाशित पुस्तक 'व्यथा मेरो कथा देशको' मा उनी लेख्छन्–

.... मानिसको एक मात्र इच्छा र आकाङ्क्षा भनेको सुख, समृद्धि र खुशियाली हो । आजसम्मका धार्मिक दर्शन र मूल्य हेर्दा क्रिश्चियन धर्म ग्रन्थ बाइबलले मात्र यस तथ्यलाई आत्मसात गर्न सकेको देखिन्छ । बाइबलले भन्छ 'जीवन ज्यादै महत्त्वपूर्ण छ ।' यसरी नै समयको पनि अति नै महत्त्वपूर्ण हुन्छ किनभने जीवन नाशवान छ । अतः यसको समुचित तथा भरपुर उपयोग गरिनुपर्छ । यसका लागि विकास, समृद्धि, श्रमशीलता र सुछिमेकीपन अनिवार्य तत्त्व हुन्छ । अतः कसैले पनि छिमेकीलाई कहिल्यै पनि पीडा दिनु हुँदैन । समयको महत्त्वलाई परिपालन गर्नुपर्छ । जो अल्छी छ, त्यसले नखानु नै वेश हुन्छ । यो मूल्य नै यस्तो कारक तत्त्व हो । जसले गर्दा क्रिश्चियन धर्मावलम्बी पाश्चात्य जगतले अपेक्षाकृत बढी विज्ञान, प्रविधि, खोज र विकासमा उल्लेख्य प्रगति हासिल गर्न सक्यो ।

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

चाहे त्यो अमेरिका होस् वा युरोप । त्यसमा पनि स्केन्डिनेभियन मुलुकहरूको समृद्धिले आज मानवीय आकाङ्क्षामा सबै सीमाहरू नाघिदिएको छ (के.सी., २०७०: पृ. ३३२) । संस्कृतिको मूल्यलाई भौतिक सफलताहरूद्वारा जाँच्न सकिँदैन । आध्यात्मिकतालाई त यो कसौटिमा घोट्न पनि सम्भव छैन ।

रोकाय र के.सी. जस्ता व्यक्तिहरूको बाह्य आवरण (मुखुण्डो) भनेको मार्क्सवादी प्रसिद्धी (चिनारी) हो । लोकाचारका लागि पारम्परिक मान्यता र आचरण तथा अभ्यासमा मानिने तथा अपनाइने धर्म प्रति मार्क्सले 'अफिम' (उनको आक्रमण ईसाई धर्म प्रति नै थियो) को सन्दर्भमा यी दुबै प्रवृत्तिले ईसाई अफिमको प्रसाद निरन्तर ग्रहण गरेको देखिन्छ ।

ईसाई धर्मबाट नै विकास हुन्छ भन्ने कुरा के.सी. का नवीन विचार भने होइनन् । यो त ईसाईहरूका गुरू योजनामा लेखाइएको सेमुएल पी. हन्टिङ्टनको पुस्तक 'तेश्रो लहर' (The Third wave: Democratization in the Late Twentieth Century) का हुन् । उनी लेख्छन् पश्चिमी ईसाई धर्म र प्रजातन्त्रका बीचमा एउटा प्रबल पारस्परिक सम्बन्ध रहेको छ । आधुनिक प्रजातन्त्र सुरूमा र सबैभन्दा बढी सशक्तरूपले ईसाई देशहरूमा भयो । ऐतिहासिक रूपमा प्रोटेस्टेन्टवाद तथा प्रजातन्त्र एक अर्कासँग गाँसिएका थिए । पश्चिमी संसारमा पहिलो प्रजातान्त्रिक प्रेरणा सत्रौ शताब्दीको प्रोटेस्टेन्ट शुद्धवादी क्रान्तिसँग आयो । (हन्टिङ्टन, धार्मिक परिवर्तनहरू, सन् १९९१, ६०-६२) यसैगरी उनी दक्षिण कोरियाको धर्म संस्कृतिमा प्रहार गर्न पनि पछि पर्दैन् । त्यस सन्दर्भमा उनी लेख्छन्–

> *ईसाई धर्मले राजनीतिक दमनको विरोध गर्न एउटा निश्चित सैद्धान्तिक र संस्थागत आधार पनि प्रदान गऱ्यो । एकजना दक्षिण कोरीयालीका भनाइअनुसार ईसाई धर्मले 'समानताको विचार र राज्यदेखि स्वतन्त्र कुनै अधिकारप्रति आदरलाई प्रोत्साहित गर्ने हुनाले प्रशस्त अन्तर ल्यायो । कन्फ्युसियन अधिनायकवाद र बौद्ध उदासीको ठाउँ ईसाई जुझारूपनले लियो (ऐ ६१: ११) ।*

यहाँ उनको विश्लेषणमा एक जना कोरियनको भनाइ भनेको जेम्स फालोज हुन् । उनी अंग्रेज ईसाई धर्मवलम्बी भएको हुँदा उनको भनाइले खासै महत्त्व राख्दैन । अर्को तर्फ कन्फ्युसियन धर्म संस्कृतिलाई अधिनायकवाद भन्नु उनको प्राज्ञिक दिवालीयापनबाहेक केही होइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तवमा ईसाई धर्मको विकास भएपछि नै संसारमा साम्राज्यवादी चरित्र र साम्राज्यवादी धर्मको रूपमा उसले आफूलाई व्यवहारमा देखाउदै आएको छ । साम्राज्यवादी ईसाई धर्मको जुझारूपन भन्ने उनको विश्लेषण नै काफि छ । ईसाई धर्मको दुई हजार वर्षको इतिहास भनेकै हत्या, हिंसा, युद्ध, लुट एवं अरू धर्म संस्कृति एवं नरसंहारमा व्यतित भइरहेको पाइन्छ

"पाश्चात्य दार्शनिक त्यो गिद्ध समान छ, जुन आकाशमा त उड्दछ, किन्तु त्यसको दृष्टि निरन्तर तल रहेको सडेगलेको सिनो (मासु) मा रहिरहन्छ। त्यो अज्ञातलाई पार गर्न सक्तैन, यसैले उ उडेर पनि तल झर्छ र सर्वशक्तिमान डलरको उपासना गर्दछ।" (भारत में ईसाई धर्म, विवेकानन्द साहित्य प्रथम खंड १९८९ (नवम्बर) २८३)

पूर्वीय र पश्चिमा सभ्यताको तुलना गर्नु यहाँ सान्दर्भिक हुनाले केही विषयलाई उठाइएको छ ।

पूर्वीय सभ्यता सुवर्ण युगबाट शुरू भएको थियो भने पाश्चात्य ढुङ्गे युगबाट आरम्भ भएको थियो ।

विश्वका प्राचीन सभ्यता नदी घाँटीबाट शुरू भएको थियो । नदी घाँटीमा उर्वर खेतिहरु भूमिको प्राप्ति, सिंचाई सुविधा, पशुपालनमा घाँसपानीको सुगमता, गृह निर्माणका लागि माटो र बालुवाको उपलब्धि, जल यातायातमा सुविधा, जलवायु उपयुक्तता- समशितोष्ण जलवायुको प्राप्ति आदि नै नदी घाँटीमा सभ्यता विकास हुनुका मुख्य कारणहरु हुन् । सबै नदीघाँटी सभ्यतामा कृषि कार्य हुन्थ्यो; व्यापारहरु हुन्थे । श्रमविभाजन भएका थिए । निजी सम्पत्तिको जगेर्ना प्रारम्भ भएका थिए । सबै भाषा र लिपि आ-आफ्नै थिए ।

प्राचीनतम् सभ्यता, दक्षिण-पश्चिम एशिया, अरब मरूभूमिको उत्तरी खण्ड, नील नदी निकट मिश्रमा फष्टाएको थियो । नाइल (मिश्र), टाइग्रीस-युफ्रेटश (मेसोपाटामिया), सिन्धु (उत्तर-पश्चिम भारत), ह्वाङ्ग-हो उपत्यका मध्य (चीन) का सभ्यता स्वतन्त्र रूपमा विकसित भएका नदीघाँटी सभ्यताका केन्द्रहरु हुन् । यी चार उपत्यकामा लेखनको सिर्जना धातुको प्रयोग, मुद्रा, सरकार र कानूनमा सुधार, ठूल-ठूला नगर निर्माण भएका थिए । एकापसको सम्बन्ध विना यी सभ्यता विकास भएका थिए । अमेरिकी संस्कृतिमा माया र इन्का सभ्यता पछि नै विकास भएपनि विशेषतापूर्ण मानिन्छन् । तर अफ्रिका र एशिया नै प्राचीन सभ्यताका केन्द्र बनेका थिए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(पाँडे, रामकुमार, **विश्व परिचयः** २०५०: ३७) ।

यसरी एशिया विशेषताहरूले परिपूर्ण महाद्वीप हो । यसले विश्वको तीन खण्डमा एक खण्ड जमीन ओगट्छ । एशियामा विश्वका ८,००० मि. उचाइका सम्पूर्ण शिखरहरु अवस्थित छन् । सर्वोच्च शिखर सगरमाथा ८,८४८ मात्र होइन उच्च चुलीहरूमा सर्वाधिक हिमचुलीहरु नेपालमा छन् ।

एशियाको शाब्दिक अर्थ उज्यालो हो । उज्यालोलाई सुखको प्रतीक पनि मानिन्छ । यो सभ्यताको केन्द्रका रूपमा रहेको पाइन्छ । सबै प्रकारका मूल ठूला धर्महरु वैदिक, बौद्ध, कन्फ्यूसियस, ईसाई, इस्लाम, जुडाई, जरथुस्त आदि यसै क्षेत्रमा उत्पत्ति, विकसित एवं विस्तारित भएको पाइन्छ । संसारभरि नै जमीनको विविधता, ठूलो जनसंख्या, जङ्गल, जलवायू, मानव नश्लको विविधता आदि आदि सबै विविधताहरूको केन्द्र पनि एशिया नै रहेको छ । प्राचीन सभ्यताको विकास एशियामा नै किन भयो भन्ने सन्दर्भ केलाउँदा भूमध्य रेखाको केन्द्रविन्दूको आसपासमा बढी सभ्यता विकसित भएको देखिन्छ । यसले सूर्य र सभ्यताको आपसी सम्बन्ध देखाउँछ । यसरी हेर्दा, यसको संरचना नै सभ्यता, धर्म-संस्कृतिको विकासका लागि अनुकूल रहेको विश्लेषण गर्दा समन्वय र शान्तिपूर्ण सहअस्तित्त्वमा आधारित एशिया अध्यात्मको घर भन्नु अत्युक्ति हुँदैन ।

एशिया र यूरोपको तुलना गर्दै स्वामी विवेकानन्द लेख्छन्- एशियाको आवाज सदैव धर्मको आवाज रहेको छ र यूरोप सदैव राजनीतिको भाषा बोल्दै आएको छ । आ-आफ्नो क्षेत्रमा दुबै नै महान छन् । यूरोपको यो भाषा प्राचीन् यूनानी विचारहरूको प्रतिध्वनि मात्र हो । यूनानीहरु आफ्नो समाजलाई नै सर्वश्व र सर्वोच्च मान्दथे । उनीहरूको दृष्टिमा अन्य सबै बर्बर र असभ्य थिए, उनीहरूलाई छोडेर फरक विचार (मान्यता) हरूलाई जीवत रहने अधिकार नै थिएन । उनीहरूको विचारमा ती स्वयंले जे गर्दथे, त्यही कर्तव्य थियो, त्यही श्रेष्ठ थियो । संसारमा अरू जे कुरा छ त्यो गलत हो र त्यसलाई नष्ट गरिदिनु पर्दछ । तसर्थ उनीहरु आफ्नो भावनाहरूमा प्रखर मानवीयतावादी, प्रखर प्रकृतिवादी र प्रखर कलाप्रिय हुन् । यूनानीहरु पूर्णतया यसै लोकमा बाँच्दछन् । उनीहरु स्वप्न देख्न चाहँदैनन् । उनीहरूको काव्य पनि व्यवहारिक हुन्छ । उनीहरूका देवीदेवता केवल मानव प्राणि मात्र नभएर हामीहरूका जस्तै सबै मानवीय आवेग र भावनाहरूले युक्त प्रखर मानव हो । यूनानी सौन्दर्यसँग प्रेम गर्छन् तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो सौन्दर्य बाह्य प्रकृतिको छ । हिमालय पर्वतका सोभित हिमराशीको, फूलहरूको, रूप र आकारको मानवीय मुख एवं त्यसको सौन्दर्यता नै प्रायः मानवीय आकृतिको सौन्दर्यसम्म नै सीमित छ । यो यूनानी परवर्ती यूरोपको आचार्य (गुरू) थियो । त्यसैले आजको यूरोपको वाणि यूनानको वाणिको एक प्रतिध्वनि मात्र हो ।

एशियाको आवाज भिन्न छ । एशियाबासीहरूको प्रकृति अरू केही हो । त्यो विशाल भू-खण्ड, त्यो विशाल महादेशको केवल कल्पना मात्र गरौ, जसको शैलशिखर (अग्ला चुचुरा) बादलहरूलाई छेडेर नीलो आकाशलाई चुमिरहन्छन् । जसको आगोस (अँगालो) मा एकातिर अनन्त बालुवाहरूको राशि रहेको छ, जहाँ एक थोपा पानी पनि पाउन पनि दुर्लभ छ, र अर्कोतिर अनन्त वन-जङ्गल एवं नदी-नालाहरु आपसमा नागवेली हुँदै समुद्रतर्फ बगिरहन्छन् । यो परिवेशमा एशियाबासीहरूको सौन्दर्य एवं स्वतन्त्रताको प्रतीक प्रेम एकदमै भिन्न दिशामा विकसित भएको हो । उनीहरु वहिर्दृष्टिलाई त्यागेर अन्तरदृष्टि परायण भएका छन् । उनीहरूका दृष्टिमा धर्मले नै मानव जातिलाई एक सूत्रमा बाँध्दछ । त्यो नै एउटा सम्मिलन भूमि हो । त्यसैकारण एशियावासीहरु, यो प्राचीन भूमिका निवासी जन्मजात कल्पनाप्रिय हुन्छन्, स्वप्नद्रष्टा हुन्छन् । झरनाहरूमा नाचिरहेको लहरहरु, झरनाको कलकल मधुर आवाज, सूर्य, चन्द्र, नक्षत्र आदिको सौन्दर्य उनलाई मनोरम प्रतीत हुन्छ । यसमा कुनै सन्देह छैन, तर प्राच्य मनको लागि यो पर्याप्त पनि छैन । ऊ यिनीहरूबाट परको स्वप्न देख्न चाहन्छ । प्राच्य भूमिको असली परिचय नै अनन्त विद्या, असीम शक्ति तथा अनेकौ साम्राज्यहरूको विशाल समाधि भूमि हो । (ईशदूत ईसा, १९०० ई. लँास **एंजिलिस**, कैलिफोर्निया भाषण, विवेकानन्द साहित्य सप्तम खंड, २१९-२२१) यसै गरी सूर्य र मानव उत्पत्ति, विकास, सभ्यता, संस्कृति, धर्म आदिको सम्बन्ध कसरी अन्योन्याश्रित रहेको छ भन्ने प्रसंगमा फ्रेडरिक विल्हेम हिगेलको इतिहाससम्बन्धी अवधारणा स्मरणीय छ ।

विख्यात जर्मन दार्शनिक फ्रेडरिक विल्हेम हिगेलको प्रवचन श्रृङ्खलालाई संग्रह गरिएको एउटा पुस्तकको नाम हो 'फिलोसोफि अफ हिस्ट्री' अर्थात इतिहासको दर्शन शास्त्र । यस किताबमा उनले सूर्य, मान्छे, र इतिहासको जीवन उस्तै हुन्छ भनेका छन् । सूर्यको पहिलो किरण जहाँ पर्छ, त्यहिँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलो मान्छे जन्मिन्छ, त्यहिँ इतिहासको शिशुकाल प्रारम्भ हुन्छ भनेका छन् । हिगेलको विचारमा सूर्यको पहिलो झुल्को पर्ने ठाउँ मंगोलिया हो । स्वभाविक छ, सूर्य पूर्वबाट झुल्किन्छ । मंगोलिया क्षेत्र पृथ्वीको सर्वाधिक पूर्वी क्षेत्र हो । तसर्थ चिनियाँ सभ्यता नै इतिहासको शिशुकाल हो । मंगोलियाबाट हिँडेको सूर्य आइपुग्ने दोस्रो ठाउँ दक्षिण एशिया हो । तसर्थ भरत वर्षको सभ्यता र संस्कृति इतिहासको बाल्यकाल हो । त्यसपछि मात्र सूर्य मध्यएशियामा पुग्दछ जहाँ पुगेर इतिहास किशोर हुन्छ र ग्रिसमा पुगेर इतिहास वयस्क हुन्छ । यूरोपमा पुग्दा सूर्य र इतिहास दुबै अधवैंशे भइसकेका हुन्छन् । अमेरिकामा पुग्दा बुढो हुन्छ । अमेरिकालाई जितेर चीन भर्खरै विश्वको पहिलो आर्थिक शक्ति हुन खोज्नु सायद त्यही इतिहासको चक्रको नियति हो । चीनपछि फेरि भारतवर्षको पालो आउनेछ । अमेरिकामा बुढो भएर अस्ताएको घाम फेरी चीनमा झुल्किदैछ । त्यो विस्तारै दक्षिण एशियातिर आउनै पर्छ । (खतिवडा, डम्बर हिन्दूत्त्व, क्रिश्चियानिटी र कम्युनिज्म । बहसः राजनीति र धर्मनिरपेक्षताको सीमा, २०७१ पौष १२)

अर्कोतर्फ ग्रीकेल (युनानी) सभ्यता नै यूरोपेली सभ्यताको मूल हो । ग्रीस- दक्षिण-पूर्व यूरोपमा अवस्थित छ । यो बालकन प्रायद्वीपको दक्षिण मेडिटरानियन समुद्रसम्म फैलिएको छ । ग्रीक सभ्यताका दुई केन्द्र स्पार्टा र एथेन्स थिए ।

स्पार्टाको शाब्दिक अर्थ सैनिक हुन्छ । सात वर्ष देखि नै हृष्टपुष्ट केटाहरु राज्यले पालेर तालिम प्राप्त गरिने हुँदा यिनीहरु युद्धका लागि कुशल सेना बन्थे । तर अस्वस्थ बालक समुद्रमा फ्याकिने बेर हुन्नथ्यो । सैन्य तालिम नै मूल शिक्षा थियो । तर यहाँका धेरै जनता दास थिए । यसले गर्दा अरूलाई युद्धकला र सरकारी काम गर्न सघाउ पुग्यो । राजा नै सैन्य प्रकृतिका हुन्थे । - एथेन्समा चाहिँ सैन्यवाद थिएन । यिनीहरूको समुद्रपोतको राम्रो व्यवस्था थियो । खनिजमा पनि यी सम्पन्न थिए । व्यापार र संस्कृति शहरी सभ्यताको थियो (पाँडे, ऐ.. ५८-५९) ।

ग्रीसको सभ्यताको विस्तार नै यूरोपको सभ्यताको विकसित रूप मानिन्छ । त्यसैले समग्र यूरोपलाई आज सबै विषयहरूमा प्राचीन युनानको छात्र र उत्तराधिकारीको रूपमा लिइन्छ । यो विविधतामा आधारित नभएर एकाङ्की रहेको छ । अधिकांश पश्चिमी यूरोप एक भाषी परिवार र धर्मको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दृष्टिले समरूप प्रदेश हो । यसैले नश्ल जाति, धर्म, सभ्यता भौगोलिक बनावट आदिमा बढी एकाङ्गीपन रहेको पाइन्छ । बढी शितोष्ण जलवायु, सैन्यवादको विकास, चरम गरिबी एवं पीडापूर्ण इतिहास, तुलनात्मक रूपमा सूर्य प्रकाशको अभाव, समुद्रको पीडा आदिबाट यिनीहरु बढी सताइएका थिए । एशियाका राष्ट्रहरु मूलतः धर्म-संस्कृतिबाट बनेको पाइन्छ भने यूरोपका राष्ट्रको निर्माण जातिबाट बनेको कारण नै उनीहरूले जातिलाई राष्ट्रको पर्यायवाची मानेका छन् । राष्ट्र वैदिक शब्द हो तर आधुनिक पश्चिमा राष्ट्र-राज्य एउटा अलग चीज हो त्यो हाम्रो वैदिक राष्ट्रभन्दा ज्यादै भिन्न रूप हो । राज्य एउटा राजनैतिक संस्था हो । हिन्दूत्त्वको सांस्कृतिक अर्थमा नेपाल हिन्दू राष्ट्र मानिन्छ ।

शक्तिपूजा नै पाश्चात्य धर्म हो । वामाचारीहरूको स्त्रीपूजा जस्तै उनीहरु पनि पूजा गर्दछन् जस्तो कि तन्त्रमा भनिएको छ- बाँयातर्फ स्त्री... दायातर्फ मदिराको प्याला... सामुन्ने तातो-तातो मझलायुक्त मांस... तान्त्रिकहरूको धर्म एकदमै गहन छ, योगी पनि उसलाई जान्न बुझ्न सक्दैनन् । यही वामाचार शक्तिपूजा खासगरी प्रकाश्य रूपले सर्वसाधारणमा प्रचलित छ ।

यो शक्तिपूजालाई सुरूसुरूमा यूरोपका 'मूर' जातिहरूले आरम्भ गरेका थिए । जुनबेला मुसलमान धर्मावलम्बीहरु र मिश्र अरब जातिबाट उत्पन्न भएका मूरहरूले स्पेनलाई जितेका थिए, त्यो समयमा उनीहरूले आठ शताब्दीसम्म राज्य गरे । त्यसै समयमा यो शक्तिपूजा प्रारम्भ भएको थियो । उनीहरुद्वारा यूरोपीय सभ्यताको उन्मेष (विकास) भयो र शक्तिपूजाको प्रादूर्भाव पनि भयो । केही समयको अन्तरालपछि मुरहरूले यो शक्तिपूजालाई बिर्सिए, त्यसैले उनीहरु शक्तिहिन भएर अफ्रिकाको एउटा कुनामा असभ्य अवस्थामा बस्न थाले । त्यसपछि उक्त शक्तिको सञ्चार यूरोपमा भयो, मुसलमानहरूलाई छोडेर 'माता' ईसाईहरूका घरमा गएर बसिन् । (पाश्चात्य देशवासीयों का धर्म शक्तिपूजा है, विवेकानन्द साहित्य दशम खण्ड १९८९ (नवम्बर) ९०, ९१)

यूरोपको शाब्दिक अर्थ अँध्यारो पनि हुन्छ । त्यो दुःखको प्रतीक पनि मानिन्छ । त्यसैले यूरोपमा भौतिक अभावका कारण विज्ञानको विकास भएको पाइन्छ । भौतिक सुखसुविधाको लागि उनीहरूले असिम दुःखको जोखिम उठाए । साम्राज्यको विस्तार र विज्ञानको विकासलाई त्यही रूपमा बुझ्न सकिन्छ । कच्चा पदार्थको अभावबाट नै साम्राज्य विस्तार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अगाडि बढ्यो । उनीहरूको विकासको केन्द्र देहको वरिपरि केन्द्रित रहेबाट यूरोपको सभ्यतालाई देहवादी (मूलमन्त्र भोग) सभ्यता मानिन्छ । पश्चिमा संस्कृति द्वन्दवादी संस्कृति हो । बाँच्नका लागि आफूले गर्नुपर्ने संघर्षका कारण अस्तित्त्वका लागि संघर्ष जस्ता भौतिकवादी सिद्धान्त र भौतिकवादी मानसिकताले काम गरेको छ । पश्चिमा ईसाई संस्कृति कतिसम्म भौतिकवादी र गिरेको देखिन्छ भने एउटा बच्चाले आमाको स्तनपान गर्दा आमाले यौनको आनन्द लिन्छे भन्ने सिगमण्ड फ्राइडको भनाईले दर्शाउँछ । त्यसले मातृत्वको महान आदर्शलाई लत्याएको छ । पश्चिमा जीवन आज पनि मुख्यरूपले युक्तिवादी विचारधारा तथा जडवादी प्रवृत्तिहरूद्वारा नै नियन्त्रित छ । यो असहिष्णु, अनुदार एवं हिंसाजन्य प्रवृत्तिबाट आक्रान्त छ । त्यसैले यो विविधता, सहिष्णुता, सहअस्तित्त्व भन्दा धेरै टाढा छ । पूर्वीय सभ्यतामा रहेको चार्वाक दर्शनको सेरोफेरोमा त्यो सभ्यता घुमेको देखिन्छ । सबै प्रकारले क्रिश्चियन धर्मको ज्ञान र आदर्श केही राम्रा भएर पनि मोक्ष, वर्णाश्रम धर्म, जप, होम, यज्ञ, योग आदि यसमा अबलम्बन गरिन्न, त्यसकारण यस धर्मबाट मोक्षचाहिँ हुँदैन, केवल संसारी सुखचाहिँ प्राप्त हुन सक्छ । जिसस क्राइस्टले आफूलाई नै मुक्ति दिन सकेनन् । **संस्कृतको 'प्रेत' शब्दबाट प्रे शब्द उत्पत्ति (प्र+इत : प्रेत) भएको हो । जीवात्माबाट निस्किएको त्यो भड्किएको आत्मा (प्रेत) आफ्नो पितृलोकमा पुग्न नसकिएको स्थितिमा क्रिस्तानका जिसस क्राइस्ट रहेका छन् । उनको प्रेतको भड्किएको आत्माका लागि 'प्रे' गरिन्छ, नेपालमा पनि क्रिस्तानहरूले 'प्रे' गरेकै बेला वि.सं. २०७२ बैशाख १२ गते शनिबार दिउँसो भूकम्पबाट उनीहरूको निधन भयो । यसरी मृत्यु भएका क्रिस्तानहरू जिसस क्राइस्टजस्तै प्रेत भएको विश्वास गरिएको पाइन्छ ।** राज्यको कोपभाजन अर्थात् लाञ्छित भई जिउँदै क्रुसमा तड्पिएर मर्नुपऱ्यो तर उनका कथित चेलाहरू त्यस्ताको पछाडि लागि मानव जातिकै जिसस क्राइस्टबाट मुक्ति प्राप्त हुन्छ भन्दै संसारभर भ्रमित दुष्प्रचार गरिरहेका छन् । यूरोपमा ठूलठूला वैज्ञानिक आइन्स्टाइन, गैलिलियो, कोपर्निकश, अरस्तु र डार्विन आदि जन्मिन्छन् ।

मानिस जीवित रहन संघर्ष गर्छ । साथै युद्धका ठूला-ठूला सेना नायकहरू शार्लेमँग्ने, जुसलियस सिजर, नेपोलियन, हिटलर, मुसोलिनी, स्टालिन, चर्चिल आदि जन्मन्छन् र पछि पनि जन्मिरहने छन् । त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभ्यताले पाण्डित्य परम्पराको खासै विकास गर्न सकेको छैन र पछि पनि विकास गर्ने सम्भावना न्यून मानिन्छ । वेदव्यास, यज्ञवल्क्य, जनक, विवेकानन्द, स्वामीदयानन्द सरस्वती, लाओत्से, कन्फ्यूसियस, बुद्ध, आदिशंकाराचार्य, मोजेज, येशु, मोहम्मद आदि जन्माउने त कुरै छाडौ एउटा योगी नरहरिनाथ र रजनीश (ओशो) पनि जन्माउन सक्दैन । तर आइन्स्टाइन भने पटक पटक जन्माइरहने छ । अनि सिजर, नेपोलियन, हिटलर आदि उनीहरूका आदर्श पात्र हुन् ।

अहिले पश्चिमाहरूको तारो एशियाको सभ्यता, धर्म-संस्कृति एवं अध्यात्मको केन्द्रलाई ध्वंश गर्न लागिरहेको सन्दर्भ छ ।

उनीहरु संसारभर एउटै धर्म (ईसाई) एउटै संस्कृति (पश्चिमा) एउटै जातिको वर्चश्व (यूरोपियन नश्ल), एउटै भाषा अंग्रेजी आदिको माध्यमबाट एशियाको आध्यात्मिक घर भत्काउने गुरूयोजना अनुरूप लागिरहेको सन्दर्भमा स्याम्युटल पी हन्टिङ्गटन एउटा प्रतिनिधि पात्र हुन् । त्यसैले पूर्व र पश्चिमको कहिल्यै मेल हुन सक्दैन भन्ने भनाई त्यसै आएको होइन यो मनन गर्नु आजका पुस्ताका लागि अपरिहार्य छ ।

यसै सन्दर्भमा एकजना भारतीय कवियत्रीको हिन्दी कविता जस्ताको तस्तै यहाँ साभार गरिएको छ ।

पश्चिमी सभ्यता मे रंगे
युवको को डिस्को करते देखकर
संस्कृत का अध्यापक ऊब गया
वोल उठा – सूर्य को भी देखो
पश्चिम मे ढला तो डूब गया ।

डा. सरोजनी प्रीतम, (भारतीय संस्कृति – ऐ. पृ. १८६)

यसरी उनीहरु लामो गुरूयोजना अन्तर्गत अध्यात्मको घर एशिया भत्काउने लागिपरेको सानो सन्दर्भ यहाँ राखिएको हो ।

अहिले चीन, भारत, जापान, इण्डोनेशिया, मलेशिया लगायत आदिले गरेको विकास, प्रगति एवं समृद्धि तर्फ आँखा चिम्लिएर बाइबलले मात्र विकास गर्छ भन्नु डा. सुरेन्द्र के.सी. को बौद्धिक उपनिवेशवाद (Academic Colonialism शिवाय केही होइन ।

भारतवर्षको र बाइबलको तुलनात्मक महत्त्व बुझ्ने महाकवि लक्ष्मीप्रसाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटाको भनाई यहाँ स्मरणीय छ–

"मलाई बाइबल साहित्य जस्तो लाग्छ, अलि मिठो, तर धर्म पुस्तक मेरा लागि वेद नै हुन । हामीलाई स्वदेशी भाइहरूसँग घमण्ड गर्न मनलाग्छ, अंग्रेजी साहेब देख्नासाथ ग्रयाजुएटका ठाडो शिर नून खाएको कुखुराको सिउर जस्तै झुक्तछन् । अंग्रेजी बोल्न र अंग्रेजसँग हात मिलाउनु नै आर्य जातिका सदस्यको शिक्षाको पराकाष्ठा सम्झिन्छ । हाम्रो ध्येय नूनरोटी सिवाय छैन । हामी पैसाका निमित्त बेचिन्छौं र दुनियाँका आत्मा बेचिरहेछौं" भन्ने सन्दर्भ अहिले हाम्रा लागि झनै सान्दर्भिक छ (देवकोटा, **लक्ष्मी निबन्ध संग्रह**, २०६७ : १२८, ४८, ४९) । यो बुझ्ने बौद्धिक जमात के अहिले हामीसँग छ?

यसले (पश्चिमा ईसाई संस्कृतिले) अन्य प्रत्येक संस्कृतिलाई निमिट्यान्न पार्न चाहन्छ । मानौ उसको संस्कृति नै एक मात्र सत्य हो वा त्यो नै जीवनको सम्पूर्ण सत्य हो र आत्मामा सत्य जस्तो कुनै चीज नै छैन । प्राचीन कालदेखि आत्माकै सत्यलाई धारण गर्ने भारत (नेपाल लगायत) ले यूरोपको यस्तो अभिमानपूर्ण दावा र आक्रमणको प्रतिरोध गर्नु जरूरी छ (श्रीअरविंद, भारतीय संस्कृतिके आधार, सन् १९९४, पृ. ५१) ।

तेश्रो प्रवृत्तिमा राजनीति क्षेत्रका नीति निर्माताहरू रहेका छन् । उनीहरू धर्मनिरपेक्षताको ईसाई एजेण्डाको व्याख्या विश्लेषण गर्दै त्यस अभियानलाई अगाडि बढाइरहेका छन् । त्यसको प्रतिनिधि पात्रका रूपमा नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेललाई लिन सकिन्छ । नेपाली कांग्रेस क्षेत्र नं. २, चितवनबाट प्रकाशित 'जय नेपाल' स्मारिका २०६९ पुस्तकमा नेपाली कांग्रेसका चारं आदर्श नामक लेखमा उनी सुरूमै जोड दिएर लेख्छन् ।

नेपाली कांग्रेसको झण्डामा अङ्कित चारतारा-चारस्वतन्त्रता, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, अभावबाट मुक्तिको स्वतन्त्रता र भयबाट मुक्तिको स्वतन्त्रमा मात्र सीमित छैनन । यिनले चार आदर्शलाई अर्थात् 'राष्ट्रियता, प्रजातन्त्र, समाजवाद र धर्मनिरपेक्षतालाई' समेत प्रतिविम्वित गर्दछन् । नेपाली कांग्रेसको पहिचान भन्नु नै राष्ट्रियता, प्रजातन्त्र, समाजवाद र धर्मनिरपेक्षताका आदर्श अँगालेर राजनीति गर्नु हो । (पृ ८)

नेपाली कांग्रेसभित्र कहिल्यै कुनैपनि निकायमा छलफल नै नभएको धर्मनिरपेक्षतालाई कांग्रेसको आधिकारिक सिद्धान्तको रूपमा उनको व्याख्या दुश्साहसपूर्ण छ । माथि उल्लेखित नेपाली कांग्रेस सनातन हिन्दूराष्ट्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थापना महाअभियान २०७१ ले उठाएका तीनवटा बुँदा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

१. नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउने सन्दर्भमा हालसम्म नेपाली कांग्रेसको केन्द्रीय समिति, महासमिति वा महाधिवेशन लगायत कुनै निकाय वा तहमा छलफल वा निर्णय गरिएको छैन ।

२. २०६२ साल मंसिर ७ गतेको १२ बुँदे सहमति र ०६२।०६३ को १९ दिने आन्दोलनको समयमा समेत हिन्दूराष्ट्र विरूद्ध कुनै माग वा आग्रह प्रकट वा अप्रकट रूपमा भएको थिएन ।

३. नेपाली कांग्रेस जस्तो व्यापक जन आधारमूलक (Mass Based) पार्टी ९४.२ प्रतिशत भन्दा बढी जनताको आस्था, विश्वास र भावनालाई उपेक्षा गरि राष्ट्रिय एकताका आधारहरू, आपसी सद्भाव, सहिष्णुता, सह-अस्तित्त्वको अभ्यासमा बल्ल पुग्ने गरी आकस्मिक र अपारदर्शी ढङ्गले पनि अनुचित र त्रुटिपूर्ण देखिएकोले त्यसलाई सच्याएर नेपाललाई हिन्दूराष्ट्र कायम गर्न .... चाहन्छौ ।

यसबाट स्थिति के रहेछ छर्लङ्ग हुन्छ । वास्तवमा कुनै बेला रामचन्द्र पौडेल कांग्रेसका संस्थापक नेता मध्ये एक कृष्णप्रसाद भट्टराईका निकट मानिन्थे । २०४७ सालको संविधान घोषणा पूर्व भट्टराईले धर्मनिरपेक्षवादीको दवावका वावजुद **हिन्दू अधिराज्य नेपाल** घोषणा गरेको सन्दर्भका पौडेल साक्षी हुन् । *तीनपुस्ते पाण्डित्य परम्परामा हुर्केका पौडेल, देवघाटको जल सिञ्चन गरि आफ्नो आदर्शपूर्ण राजनीतिक यात्रा सुरु गरेका थिए । तर त्यो उनका लागि एउटा ढोङ सिवाय केही रहेनछ । जीवनभर धर्मविरोधी कार्य गर्ने यी र यस्ता धर्मनिरपेक्षतावादी नास्तिकहरूका लागि मृत्युपछि गरिने संस्कार, पशुपतिनाथको आर्यघाट, ब्रह्मनाल, दागबत्ती, काजक्रिया आदि के विचारणीय छैन ? ।*

पश्चिमा ईसाईहरूको गुरुयोजना अनुरुप अहिले नेपालको राजनीति, प्रशासन, नीति-निर्माण, सञ्चारजगत, मानवअधिकार, विश्वविद्यालय, शैक्षिक जगत, एनजीओ/आइएनजीओ आदिमा रहेको नेतृत्त्व वर्गका प्रायः प्रभावशाली बाहुन र-क्षेत्री आदिलाई उनीहरूले किनेका छन् । त्यस्ता चुकेका र विकेका बाहुन-क्षेत्रीहरू धर्मनिरपेक्षताको ईसाई अभियान लगायत पश्चिमा स्वार्थका एजेण्डाहरूको प्रखर समर्थन गर्दै कार्यान्वनमा जोडदार वहस पैरवी गरिरहेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखिन्छन् । अर्कोतर्फ आदिवासी, जनजाति, दलित, पिछडिएको वर्ग र क्षेत्र आदिमा ईसाईकरणको आक्रामक धर्मान्तरण अभियान तिव्र छ । यसले नेपालका परम्परागत स्थानीय धर्म संस्कृति नामेट हुने स्थिति छ । यस्तो दूरगामि महत्त्व राख्ने मौलिक धर्म-संस्कृति जोगाउने नीति राष्ट्रले ल्याउनु पर्दछ । त्यसको कार्यान्वयनमा दुवै छिमेकी मुलुक भारत र चीनको सहयोग लिनु नेपाल र ती राष्ट्रको दूरगामी महत्त्व राख्ने हुँदा यस दिशामा अगाडि बढ्नुको विकल्प देखिँदैन ।

अहिले नेपाल तीन बी (थ्री बी) बाट प्रताडित भइरहेछ । पहिले बी भनेका कथित वर्णशङ्कर ब्राह्मणहरु हुन, ती भष्मासुरहरु नेपाल नै ध्वंश गर्न लागि परेका छन् । वास्तवमा राजनीतिक, न्यायालय, प्रशासन, पत्रकारितका, शिक्षाक्षेत्र, आदिमा वाहुनहरूकै वर्चश्व देखिन्छ । उनीहरु राज्यको केन्द्रमा रहेका बेला धर्म, सभ्यता, संस्कृति, इतिहास, भाषा आदिको अपूरणीय क्षति भइरहेको छ भने राष्ट्रिय अस्मिता कमजोर भइ देश विखण्डनको संघारमा पुगेको छ । यसतर्फ सबै चेतनशील जागरूक नेपालीको ध्यान जानु पर्दछ ।

नेपालको इतिहासमा किरात केन्द्रमा हुँदा नेपालको जग (आधार स्तम्भ) खडा भयो, उनीहरूले नै सर्वप्रथम वृहत् नेपालको खाका खडा गरे, नीप (किरात भाषा) बाट नेपाल नामाकरण भयो, त्यसकालमा राज्यको प्रारम्भिक प्रशासन, न्याय व्यवस्था आदि बन्यो । यसपछि केन्द्रमा लिच्छवीहरु आए, उनीहरूले धर्म संस्कृति, सभ्यता, कानूनी शासन आदि खडा गर्दै आर्थिक समृद्धि गरेको हुँदा 'स्वर्ण युग' मानिएको छ । उनीहरु पछि मल्लहरु आए यस परम्परालाई अझ अगाडि बढाउँदै कला, संस्कृति, कानूनी शासनको विकास गरी सभ्यतालाई अझै अगाडि बढाए । उनींहरूले निर्माण गरेका वास्तुकला, धर्म संस्कृतिले अन्तर्राष्ट्रिय परिचय पायो । शाहकालबाट आधुनिक युग शुरू भयो । उनीहरूले कहिल्यै नअस्ताउने बेलायती साम्राज्यवादको विरूद्ध लडी राष्ट्रको एकीकरण गर्दै, धर्म- संस्कृति, भाषा, साहित्य आदिको संरक्षण गरी राजनीतिमा आधुनिकता थपे । अहिलेको नेपाली राष्ट्रवाद उनीहरूकै देन हो । राणा केन्द्र मूलतः बेलायती साम्राज्यको दयामायामा टिकेको र निरंकुशताका कारण नेपालले खासै राम्रो उन्नति गर्न नसके पनि केही आर्थिक-सामाजिक लगायतका कामहरु भने अवश्य राम्रा थिए ।

दोश्रो 'बी'मा कथित बुद्धिजीवी (आन्तरिक फिरङ्गी) पर्दछन् । उनीहरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटा-भट्टराई संवाद

२०४७ को संविधान निर्माणको क्रममा मैले कृष्णप्रसाद भट्टराईलाई क्रिश्चियनहरूको चलखेल र पैसा बगिरहेको छ भनें । भट्टराईले क-कसले पैसा खाएका छन् खानेहरूले जानून्, मेरो लागि क्रिश्चियनहरूको पैसा खानु भनेको (नरक दिसा) खानु उस्तै हो । धर्मको विषयमा म सम्झौता गर्दिन । ढुक्क हुनुस् ।

- राजेश्वर देवकोटा, भेटघाट संवाद, २०७०, बैशाख १३

विश्वविद्यालय, गैरसरकारी संघ/संस्था, कर्मचारी, कलाकार पत्रकार आदिका आवरणमा काम गर्दै नेपालको मौलिक धर्म, संस्कृति, साहित्य, कला, दर्शन आदिको अपव्याख्या गरी तहसनहस पार्न लागि परिरहेका देखिन्छन् । अहिलेका ब्राह्मण एवं बुद्धिजीविको चरित्र हेर्दा अध्यात्म रामायणका अनुवादक रामकृष्ण मिश्रको व्याख्या सान्दर्भिक देखिन्छ :

विप्रा लोभग्रहग्रस्ता वेदविक्रयजीविनः ।
धनार्जनार्थमभ्यस्तविद्या पदविमोहिताः ।१२॥

लोभको वशमा परेर ब्राह्मण, वेद (ज्ञान बेच्दछन्) विद्या ज्ञानको निमित्त नभई धन कमाउन मात्र पढ्दछन् (माहात्म्य : २) । यसैले बुझपचाएर बोल्ने (लेख्ने) बुद्धिजीवि र बिउँ (बिजन) पचाउने (नउमार्ने) धरतीको कुनै काम छैन (विदुर तामाङ, २०७१ पौष १८) भन्ने भनाई स्मरणीय छ ।

तर इतिहासमा ब्राह्मणहरूको महत्त्व दर्शाउने क्रममा सिल्भाँ लेभीको भनाई उल्लेख छ "ब्राह्मणहरु त्यति असहज वा अप्ठेरा होइनन् । यिनीहरु कुनै कुरामा होम्मिएर प्रतिज्ञा गर्ने या जिम्मेवारी लिने काम गर्दैनन् । यिनीहरु स्वतन्त्र र मुक्त भएर आफ्नै किसिमले जीवनयापन गर्छन् र शताब्दीयौंदेखि चलिआएको रीतिथितिमा आफूलाई संलग्न राख्छन्, कुनै संघ बनाउँदैनन् र समुदायको घेराभित्र बस्दैनन् । तर यसरी एक्ला-एक्लै बस्ने ब्राह्मणहरु परम्परादेखि चलिआएका कुरा व्यवस्थित किसिमले धैर्यपूर्वक मानेर बस्ने कामदार जस्ता छन् । यिनीहरु परम्परागत शिक्षा मार्फत् आफूलाई पारंगत गरी परम्परादेखि मानिआएका सिद्धान्त, व्यवहार, चालचलनलाई शिरोधार्य गर्छन् (नेपाल पहिलो खण्ड अनु. डिल्लीराज उप्रेती, पृ. २०) । तर अहिलेका कथित ब्राह्मण वा बुद्धिजीवि हेर्दा सूर्यमुखी फूलको प्रवृत्ति व्याप्त छ, जता सूर्यको किरण झुल्कन्छ त्यतातिरै फुल्ने र सूर्य अस्त भए ओइल्याई झर्ने फूल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै जता शक्ति हुन्छ उतै दौडने र शक्ति नपाए अस्तित्त्व विहीन निरीह जस्ता देखिने अहिले नेपालका बुद्धिजीवि वा ब्राह्मणको मूल प्रवृत्ति देखिन्छ ।

अहिलेका ब्राह्मणहरूको चरित्र प्रति कटाक्ष गर्दै स्वामी प्रपन्नाचार्य भन्नु हुन्छ "सनातन वैदिक धर्म यति जरो गाडेर बसेको छ कसैले केही नाप्न सक्दैन । २/४ जना बाहुनहरु बिग्रिएर र ती बिग्रिएका बाहुनहरूले यसको जरै उखेल्छौ भनेर यो उखेलिनेवाला छैन । त्यो त्यति गहिरो छ । वैदिक सनातन हिन्दू धर्म र त्यसलाई प्रतिपादन गर्ने ग्रन्थहरु यति गाढा छन् त्यो कसैले केही असर पुऱ्याउन सक्दैनन् । केही बाहुनहरु बिग्रिएर पढाई-लेखाइमा मन्द पार्न सक्छन् । त्यति चाहि हो । सनातन हिन्दू धर्म र संस्कृतिलाई केही बिग्रिएका बाहुनहरूले खासै असर गर्न सक्ने छैनन् । केही समय अलि मन्द पार्ने छन् (सुवेदी, सूर्य, सिर्जना र दृष्टिकोण, हिमाल वुक स्टल, २०७०: ६१०) ।

तेश्रो 'बी' भनेको बाइबल हो त्यसको माध्यमबाट नेपालको चिनारीका रूपमा रहेको हिन्दू, बौद्ध, खस-संस्कृति, किरात धर्म संस्कृति लगायत यहाँको गौरवलाई धुलिसाथ गर्न प्रयोग गरिदैछ ।

नेपालमा धर्मनिरपेक्षताले उठाएको अप्ठ्यारो प्रति जेरार्ड तोफाँ (धर्म, जाति र प्रान्तमा) ले सचेत गराएका थिए । उनी लेख्छन्– नेपालमा हिन्दू संस्कृतिले प्रभाव जमाएको छ, तर यही देशमा बुद्ध धर्मका साथै थुप्रै जनजातिका स-साना समूह र समुदाय छन् । आआफ्नै भाषा र संस्कृति छन् । हामीलाई मन छुने र चाख लाग्ने कुरा पनि यही हो । **नेपालको समस्या त ईसाई धर्मको विस्तार हो** । सन् १९९० बाट यो धर्म विस्तार हुन थाल्यो । पहिले धर्म परिवर्तन बन्देज थियो । त्यसैले गर्दा हिन्दू धर्मका केही समूह अहिले नेपाल धर्मनिरपेक्ष देश भएकोमा खुशी छैनन् । _२० वर्ष देखि धर्म परिवर्तन गरेर ईसाई धर्म लिने चलन बढेकाले गर्दा नेपालमा धार्मिक समस्या छ । (ददि सापकोटा, त्यो नेपाल, २०६८ : ६७-७२) ।

धर्म परिवर्तनसँगै नेपालमा संघीयताले पनि विष्फोट ल्याउने उनको चेतावनी मननीय छ ।

नेपालमा अहिले संघीय राज्य बनाउने खुब चर्चा छ, तर म त संघीय राज्यका विरूद्ध छु । संघीय राज्यका राम्रा पक्ष पनि नभएका होइनन्, तर जातजातिका आधारमा बनाइने संघीय राज्य नेपालका लागि ठूलो खतरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ । त्यो विष्फोटक हुने छ । बरू पहाडका थुप्रै गाउँलाई तराईका गाउँ गाउँ जोडी बनाउने (कुप्ले) हो भने चाहिँ चाखलाग्दो हुन्छ । त्यसले एक अर्को गाउँका मानिसबीच मित्रता, भातृत्व, सद्भाव बढाउँछ । (ऐजन : ७३) ।

यसैगरी **नेपालमा धर्मनिरपेक्षताको खतरा** शीर्षकमा फ्रान्सेली अनुसन्धाता डा. डिडिए वेर्ना लेख्छन्– नेपालमा धर्मनिरपेक्षताको लागि ठूलो आन्दोलन भयो, तर मलाई भने व्यवहारिक रूपमा नेपाल त्यो घोषणा पूर्व नै धर्मनिरपेक्ष राष्ट्र थियो भन्ने लाग्छ । हिन्दू राष्ट्र भनेर घोषणा गरेपनि मुलुकभित्र सबै धर्मको प्रचार प्रसार, वकालत गर्न पाइने, अरू सबै धर्म मान्न र प्रचार प्रसार गर्न छुट पाइने अवस्था त्यहाँ थियो । एउटै शर्त के मात्र थियो भने आफ्ना छरछिमेकीको धार्मिक आस्था बदल्न पाइँदैन । अर्कोको मुलुकबाट कुनै चिज ल्याएर नलादे भयो । यस्तो कुरा कहाँबाट वुझ्नु फ्रान्सेलीले? धर्मबारे त्यस्तो खुला प्रावधान नेपालको सन् १९९० को संविधानमै थियो । अब धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेपछि के होला? कोही गाई पूजा गर्छन् त कोही काटेर खान्छन् । गाईको पूजा गर्नेकै अगाडि कसैले गाईको टाउको गिँडेको देखे भने के होला? त्यसले साँच्चै समस्या निम्त्याउँछ । (ऐजन, ३३)

केही मुसलमानसँगको वातचितको प्रसङ्गमा मार्क गावोरियो भन्छन्– नेपाल आएर धर्मनिरपेक्ष देश घोषणा भएको देखेर म एकदम अचम्मित (अँबिग) भएको छु । वास्तवमा नेपाल सन् १९४५ देखि नै धर्मनिरपेक्ष राष्ट्र हो । मैले नेपालमा मुसलमानहरूलाई सोधेको थिएँ– "तपाईहरु राजतन्त्र मुनि हिन्दूराष्ट्र नेपालमा बस्न रूचाउनु हुन्छ कि धर्मनिरपेक्ष गणतन्त्र भारतमा?" उनीहरूले हिन्दू अधिराज्य नेपालमा बस्न रूचाउने बताएका थिए । किन? भनेर सोद्धा त उनीहरु राजाको शासनमा बढी सुरक्षित महशुस गर्दा रहेछन् (मुसलमान नै किन? शीर्षक ऐ २७६) ।

अर्कोतर्फ यहाँका मुस्लिम जनजाति आदिको हिन्दूधर्मबारे के दृष्टिकोण रहेछ केही उल्लेख गर्नु यहाँ सान्दर्भिक हुन्छ ।

मुस्लिम धर्मगुरू एवम् नेपालको सबैभन्दा ठूलो मस्जिद मानिने जामे मस्जिदका मूल पुजारी (इमाम) सकिल अहमदको विचार यहाँ स्मरणीय छ ।

इस्लाम धर्ममा विश्वास गर्ने हाम्रै कतिपय साथी आपसमा मिलेर हिन्दूको महान पर्व वडादशैं धुमधामसँग मनाउने गर्छन । तर हामी उक्त चाडलाई धार्मिक रूपमा नभइ सामाजिक रूपमा अर्थात समाजका दाजुभाइले मानेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्वको रूपमा मनाउने गरेका छौं । हिन्दूराष्ट्र भएको बेलामा पनि सरकारले हामीलाई कुनैपनि किसिमको नराम्रो व्यवहार गरेको थिएन । त्यसैले हामीलाई नेपाल हिन्दूराष्ट्र हुँदा पनि नराम्रो थिएन। (अन्तर्वार्ता घटना र विचार, २०७१ असोज २९)।

नेपाल मुस्लिम संघका केन्द्रीय सदस्य अलिम अन्सारिले मुस्लिम भएपनि हिन्दू धार्मिक अनुष्ठान मानिदै आएको भागवतको प्रचारमा लाग्नुको कारण बताउँदै उनले भने 'पुराण' अब धार्मिक प्रचार मात्र रहेन यो लोक कल्याणकारी

भट्टराईको बोलीमा शर्मा ताली

दिल्ली युनिभर्सिटी दिल्लीमा तत्कालीन नेपालका प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईलाई डक्टरेट अफ फिलोसोफी होनोरिअस् कउसा (मानार्थ विद्यावारिधि) को सम्मान कार्यक्रममा बोल्दै भट्टराईले "हामी नेपालको संविधान बनाउने प्रक्रियामा छौं, कुनै पनि रूपमा हिन्दू धर्मलाई स्थान दिन्छौं ।' (जुन, सन् १९९०) उनले त्यसो बोल्दा भारतका तत्कालीन उपराष्ट्रपति डा. शंकरदयाल शर्माले उत्साहित हुँदै जुरुक्क उठेर ताली लगाएका थिए । शर्मा त्यस विश्वविद्यालयका पदेन कुलपति थिए । उक्त कुराको प्रसङ्ग भट्टराईले पछि अनौपचारिक रूपमा व्यक्त गरेका थिए ।

कार्यमा उपयोगी हुन थालेकाले यसको प्रचार प्रसारमा संलग्न हुनु नराम्रो काम होइन (कान्तिपुर, श्रीमद्भागवत सप्ताहको प्रचारमा मुस्लिम समुदाय, २०७१ पुस २१) ।

यसैगरी नेपालगञ्जका मुस्लिमले हिन्दू राष्ट्रका पक्षमा "हिन्दू राष्ट्र" जिन्दावादको नारा लगाएर सडकमा हरियो ब्यानर र झण्डा सहित उत्रिएका छन् (अन्नपूर्ण पोस्ट, २०७१ पुस १४) ।

यसैगरी लिम्बू परिवारमा जन्मिएर नेपाली भाषा साहित्यमा आफ्नो बेग्लै पहिचान बनाउनु भएका, नेपाल प्रज्ञा प्रतिष्ठानका कूलपति वैरागी काइलाको भनाइ यहाँ उल्लेखनीय छ । क्रिश्चियन हुनेलाई सारा चिजमा सघाउँछ, आर्थिक सहयोग पनि दिन्छ । तर उ मर्दा एउटा तामाङलाई घेवा गर्न दिदैन तराईमा लिम्बुलाई आफ्नो संस्कार अनुसार गर्न दिदैन । उनीहरूकै हिसाबले क्रुस राखिदिएर कफिन बनाएर गाड्न लगाउँछन् । यसरी क्रिश्चियनले त संस्कृति नै सखाप गर्यो । यो सबभन्दा खतरनाक छ । (अन्तर्वार्ताः नयाँ पत्रिका, २०७१; १७ जेठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मनिरपेक्षताको आडमा ईसाईकरणको प्रकृया तिब्र भइरहेको सन्दर्भमा माओवादी बुद्धिजीवि ऋषिराम बराल चिन्तित हुनुहुन्छ- नेपाली समाज यतिखेर दोहोरो मारमा छ । एकातिर नेपाली समाजले अंग्रेजी पढ, सभ्य बनको साम्राज्यवादी भूमण्डलीकृत आतंक खप्नुपरेको छ भने अर्कोतिर साम्राज्यवादी योजनालाई व्यवहारिक रूपमा दिन गरिएको क्रिश्चियन धर्मको प्रचार-प्रसार तीव्र बनेको छ । धर्मनिरपेक्षताका नाममा साम्राज्यवादीहरु पद, पैसा र अनेक प्रलोभनका साथ ईसाई धर्म प्रचार प्रसारलाई तीव्र पारिरहेका छन् । त्यसै गरी नेपाली समाजमा क्षेत्रीय हस्तक्षेप पनि तीब्र रूपमा बढेको छ । सबैको प्रहार नेपाली समाज, यसको विशिष्टता र मौलिकता, यसको समृद्ध इतिहास र वीरत्त्वपूर्ण संस्कृति र राष्ट्रिय अखण्डतामाथि नै छ (बराल, अधिकारी, **मार्क्सवाद र परिचयको राजनीति** २०७१: १४४-४५)

नेपालमा कथित, जनयुद्ध आवरणको माओवादी आन्दोलन नै ईसाई आन्दोलन रहेको सन्दर्भ अहिले चरितार्थ हुँदै आइरहेछ । जुन कुरा नेकपा माओवादीकै उपाध्यक्ष नारायणकाजी श्रेष्ठका भनाइबाट स्पष्ट हुन्छ । घटना र विचार साप्ताहिकमा **एमाओवादीमा पास्टर भन्दा पण्डित धेरै छन् 'शिर्षको अन्तर्वार्तामा उनी भन्छन् 'एमाओवादी कतिपय लिडर पास्टर छन्, कतिपय कट्टर हिन्दू पनि छन् । त्यसैले माओवादी विचारले नास्तिक हो । तर माओवादी पार्टीमा हुँदैमा सबै नास्तिक छन्, धर्म मान्दैनन् भन्ने होइन । हाम्रो पार्टीमा भएकाहरू कर्मकाण्ड गरिरहेका पनि छन्** । (२०७१, कात्तिक १९)

यसैगरी मोहनचन्द्र अधिकारी (नेपालका मण्डेलाका उपनामले चिनिने) भन्छन्- *'मैले साम्यवाद स्थापनामा सारा जीवन लगाएको छु । नेपालको राष्ट्रियतालाई निरपेक्षता खतरनाक छ र नेपाल हिन्दू राष्ट्र रहनुपर्छ भन्ने मैले बुझेको छु ।'* (डा. बाबुराम ज्ञवाली: अन्नपूर्ण पोष्ट्, १९ चैत २०७१) ।

उनको स्वीकारोक्ति हेर्दा वास्तवमा माओवादीले कथित जनयुद्धमा गरेका हिन्दूधर्म संस्कृति माथि गरिएको सबै खाले प्रहार र ईसाईकरणलाई अगाडि बढाइएको सन्दर्भले त्यसपार्टीका नेता पुष्पकमल दाहाल र वावुराम भट्टराई ईसाईकरणका प्रखर अभियन्ताको रूपमा बढेका र पछिल्लो समय धर्मनिरपेक्षताको आवरण बीच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

कुनै राक्षस राक्षसी अनुहार लिएर आउँछ भने त्यसलाई चिन्न मुश्किल पर्दैन किन्तु जब त्यो साधु-सन्यासीको मुखुण्डो लगाएर आउँछ भने त्यसले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सीता जस्ती नारीलाई झुक्याउन सजिलो हुन्छ भने झैँ नेपाल अहिले धर्मनिरपेक्षताको राक्षसी मुखुण्डोबाट प्रताडित भइरहेछ ।

अर्कोतर्फ विश्वको एकमात्र हिन्दू राज्य नेपाललाई गणतन्त्र बनाउन भारत सरकारले सात राजनीतिक दल तथा माओवादीलाई राजा विरोधी आन्दोलनमा सँगै ल्याउन दलाली (Brokerage) गरेको थियो । भारतमा विश्वमा सवभन्दा बढी संख्यामा हिन्दूहरु रहेका छन् । आफू धर्मनिरपेक्ष देश भएपनि यसरी नेपाललाई समेत धर्मनिरपेक्ष बनाउन भारतले ठूलो योगदान गरेको कुरोलाई कसैले विडम्बना भन्ठान्लान् । नेपाल धर्मनिरपेक्ष घोषणा हुने बेलामा, भारतका राष्ट्रपति मुस्लिम (कलाम), प्रधानमन्त्री सिख (मनमोहन सिंह) र काँग्रेस पार्टीको अध्यक्ष जन्मजात ईसाई (सोनिया गान्धी) थिए । त्यसबेला दिल्लीमा भारतीय जनता पार्टी सत्तामा रहेको भए त्यसो हुन दिन्थ्यो कि दिंदैन थियो भन्ने कुरा विचारणीय छ । त्यसको अतिरिक्त भारतको तत्कालीन सरकार सीपीएम जस्ता वामपन्थी पार्टीको सहयोगमा सत्तामा रहेको थियो । वामपन्थी नेता सीताराम येचुरी र वाम बुद्धिजीवि जवाहरलाल नेहरु युनिभर्सिटीका प्राध्यापक एस.डी. (राजस्थानको ब्राह्मण परिवारमा जन्मिएका सुखदेउ) मुनिको पनि नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्न ठूलो भूमिका थियो (प्रकाश ए.राज, नेपालमा पहिचानको संकट, २०७०: ३८) ।

यस्तै प्रसंगमा प्रेम कैदी लेख्छन्: क्रिश्चियन महिला सोनिया गान्धीको प्रत्यक्ष निर्देशन, केरलाका क्रिश्चियन धर्माबलम्बी नेता प्रकाश करात, सीपीएमका महासचिव, नेपालमा लामो समय शिक्षक रहेका थोमस वर्गिस, 'रअ'का तत्कालीन प्रमुख होर्मिस थाराकानको अगुवाईमा नेपालका ज्ञानेन्द्र शाहद्वारा अवैधानिक तरिकाले जीवित पारिएको मृत सांसद मात्र होइन ८३ जना आतंककारीका ट्याग लागेका माओवादीलाई प्रतिनिधिसभामा सदस्य बनाइयो र त्यसै संसदद्वारा रातारात हिन्दू अधिराज्य भनी तिनै नेताहरूले बनाएको संविधान खारेजै नगरी संसदमा विनाबहस नेपथ्यमा राष्ट्रलाई धर्मनिरपेक्ष भनी विधर्मीहरूलाई हाम्रो आस्था बेच्ने अपराध गरियो । हामीलाई कसैको दबाब र विस्तारवादी अतिक्रमण चाहिएको छैन । नेपालमा राजतन्त्र र हिन्दू राष्ट्र महाराज मनुमात्र होइन, भगवान् शिव र देवराज ईन्द्रका पालादेखि चलिआएको छ । यसलाई मेटाउन खोज्नेहरू राष्ट्रघाती हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(अन्नपूर्ण पोष्ट्, २४ चैत २०७१) ।

तत्कालीन अवस्थामा कसरी अन्तर्राष्ट्रिय गिरोह सक्रिय रहेको भन्ने सन्दर्भमा उनी अगाडि लेख्छन्: संयुक्त राष्ट्रसंघमार्फत पश्चिमाहरूले स्यामुयल ताम्राटलाई काठमाडौं र दिल्ली कुदाएको चार्ल्स मेन्डिजद्वारा पहिले राष्ट्रिय पञ्चायतको प्रायः सबै सदस्यलाई अमेरिकाका राष्ट्रपतिकहाँ नयाँ वर्षको प्रातःकालीन खाजा खुवाएको र पछि सामाजिक संस्थामार्फत करोडौ डलर छर्दै मान्छेहरू उकासेर नेपाल नरेशलाई जंगलतिर धपाएर जबर्जस्त गणतन्त्र घोषणा गरेकोमा त्यो आम नेपालीलाई मान्य हुन सक्दैन । आज पनि पश्चिमा नेपालमा त्यस्तै राजनीतिक षडयन्त्र तीव्र गतिमा चलाइरहेका छन् । युरोपेली संघकी प्रतिनिधि रेन्स्मे तिन्फी, डेनमार्कका राजदूत किर्स्टेन जिलानहरूले नेपालमा राज्य विप्लवमा मुद्दा चलिरहेको एक विघटनकारीलाई प्रत्यक्ष भेट्दै लाखौ डलरका पोका दिइरंहेको तिनीहरूकै बीचका सूत्रहरूले चर्चा गरेको पाइएको छ ।

मेरो छोराले सोध्यो– बाबा मेरो राष्ट्र खोई? मेरो केन्द्र खोई भन्दा म निरूत्तर भएँ । यहुदीको राज्य र केन्द्र जेरूसलम छ भने ईसाईको भ्याटीकन सिटी (पोप), इस्लामको मक्का र मदिना आदि हुन् । तर करिव डेढ अरब हिन्दूको न राष्ट्र नै छ न केन्द्र नै । नेपाल त थियो त्यसलाई सम्पूर्ण पश्चिमा फिरङ्गीहरु लागेर समाप्त पारे । हाम्रा राजनीतिक दलहरु जानेर वा नजानेर उनीहरूका सहयोगी बने । भारत वर्षको नबिटुलिएको (Vergin Land) हिमवत्खण्ड नेपाल भरत वर्षको शिर शैव तथा बौद्धको तपोभूमि निरूपाय देखिदै छ

नामाकरणबाटै संस्कृतिको खोज शुरू हुन्छ । जस्तो– राम, कृष्ण, बुद्ध, पारूहाङ, सुम्निमा आदिले भारत वर्षको संस्कृति र ठाउँलाई खोज्दछ । उनीहरूको पवित्र भूमि जम्बूद्वीप, भारतवर्ष र हिमवतखण्ड हो । अर्कोतर्फ पिटर, जुडस वा जिसस नामाकरणले पवित्र भूमि भ्याटिकन सिटी वा जेरूसलमलाई खोज्दछ । राष्ट्र एउटै भएपनि पवित्र भूमि भने फरक हुन्छ । पिटर वा जुडस आदिले पशुपतिनाथ, बौद्धनाथ, मुक्तिनाथ, लुम्बिनी, विश्वनाथ, रामेश्वरम् आदि खोज्दैन । ईसाईकरणले मानिसको चालचलन, रीति-थिति, व्यवहार, संस्कृति मात्र परिवर्तन हुँदैन, उसको पूण्यभूमि पनि परिवर्तन हुन्छ, त्यसैले ईसाई धर्म-संस्कृतिले हाम्रा धार्मिक-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सांस्कृतिक केन्द्रहरूलाई अन्ततोगत्वा समाप्तै पार्दछ । न मन्दिरमा घण्ट बज्दछ न शंख नै, न त पूजारी नै रहन्छ त्यसले सबै सखाप पार्दछ । साथै हाम्रो आयआर्जनलाई पनि लुट्दछ । १० प्रतिशत धार्मिक करले अनन्तकालसम्म नै लुटिरहनेछ ।

नेपालमा अहिलेका कथित संभ्रान्त र भुइँफुट्टा वर्गको ९० प्रतिशत हिस्सा युरोप-अमेरिकामा आश्रित छ भने जनतामा खुलेआम बाइबलको प्रचार-प्रसार अभियान तीव्र पारिएको छ । यिनीहरूबाट राष्ट्रको कल्याण, राष्ट्रियताको सम्बर्द्धन र नेपालको मौलिक धर्म संस्कृतिको रक्षा र जगेर्ना हुन्छ भन्नु सुँगुरले आकाश देख्छ भन्नु उस्तै हो । एकातर्फ अमेरिकी स्वार्थ र त्यसको एजेन्डा बोक्ने र अर्कोतर्फ हिन्दू एजेन्डा कदापि सँगै जान सक्दैनन् । राष्ट्रको धर्म, संस्कृति जोगाउने यो संकटपूर्ण घडीमा चेतनशील नागरिकले कठोर निर्णय गर्ने बेला आएको छ । राष्ट्र जोगाउन र सनातन हिन्दू धर्म-संस्कृतिको चेतनापूर्ण अभियानलाई आत्मसात गदै पश्चिमा साम्राज्यवादीका विरूद्ध लडी निर्माण गरेको राष्ट्र अक्षत रूपमा आफ्ना सन्ततिलाई हस्तान्तरण गर्ने गहन अभिभारा इतिहासले हामीलाई सुम्पिएको छ ।

एक हजार वर्षसम्म भारत वर्षका हिन्दू, बौद्ध, किरात धर्म-सँस्कृतिमाथि (राजनीति, व्यापार, धर्म आदिले) अमानवीय प्रहार भई थिलथिलो हुन गएको सन्दर्भमा भारतका प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदीको उदयले साँस्कृतिक जागरणको उद्बोधन गरेको छ । भारतवर्षको आत्मा एक राममा अडेको छ भन्ने भनाई सान्दर्भिक हुने कुरामा आशाको किरण जगाएको छ । वैदिक सनातन हिन्दू धर्मको प्राज्ञिक भण्डार भारतलाई मानिन्छ । काशी हिन्दू विश्वविद्यालय यसको ज्वलन्त उदाहरण हो ।

हिन्दू विद्यापीठहरू, मन्दिरहरू, शक्तिपीठहरू जसले हिमवत् खण्डको प्रतिनिधित्व गर्दछन् त्री अधिकांश भारतमै छन् । आधुनिक विश्वको सर्वोच्च शिखर सगरमाथा (व्योमुकुट) तथा बुद्ध जन्मस्थल रहेको नेपाल, बुद्ध कर्मस्थल रहेको भारत, केदारनाथ मन्दिरमा बाढी जाँदा नेपालसँग जोडिन्छ । धामहरू केही भारतमा छन् त केही नेपालमा छन् । भगवान् शिवको राजधानी मानिएका हिमशिखरहरू केही नेपालमा त केही चीन र भारतमा पर्दछन् । चार वेद, अठार पुराण, उपनिषद्, गीता, रामायण, महाभारत आदि ग्रन्थहरू र ऋषि-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महर्षि, महापुरूषहरू कैलाश पर्वतदेखि गंगाको मैदानसम्मका उपज हुन्। चीन र भारतबीच तुलनात्मक रूपमा भौगोलिक आकारमा सानो र शक्तिमा कमजोर राष्ट्र नेपालको हिन्दू धर्म फ्याँकिएको छ, राजा पदच्यूत गरिएका छन्। राष्ट्र राजनीतिक आर्थिक अस्थिरतामा छ।

महाभूकम्प २०७२ (बैशाख १२ गते ई.स. २०१५ अप्रिल २५) जस्तो प्रलयकारी विपतमा बाइबल बाँडिनु र गौहत्याको शृंखलाबद्ध सिलसिला र म्लेच्छको आक्रमण नेपालको भौगोलिक सनातन हिन्दू धर्म-संस्कृतिमाथि पर्न गएको छ। उल्लेखित पृष्ठभूमिमा भारतको भूमिका रहन्छ रहँदैन ? गाई, गंगा, गुरू, गायत्री, वेद, गीताका पूजक हिन्दूका हिसाबले विनम्र साथ प्रश्न गर्न चाहन्छौं। विश्व मानचित्रको हिन्दू तथा बौद्ध अग्रणी नेपाल तथा हिमवत्खण्डको संरक्षण भारतले कसरी गर्छ। स्वयं यसमाथि तलवितल पर्न जाँदा भारतलाई कस्तो असर पर्न जाला ? भारतको महानिर्वाचनको बेला गंगामाताले मलाई बोलाउनुभयो भनी वाराणसी निर्वाचन क्षेत्रमा नरेन्द्र दामोदरदास मोदीले आफ्नो भाषणमा प्रयोग गर्नुभएका शब्दहरू तथा उहाँ प्रधानमन्त्री बन्नु भएपछि गरिएको आराध्यदेव पशुपतिनाथको दर्शन र पूजापाठ हाम्रा मानसपटलमा ताजै छ। भारतले सनातन हिन्दू धर्म संस्कृतिको विषयमा आफ्नो तर्फबाट सकारात्मक भूमिका खेलोस्। पाप र धर्मको भागेदारी पनि बनोस्।

भारतका अनेक हिन्दूहरु विश्वको एकमात्र हिन्दू अधिराज्य नेपाल रहेको कुरा थाहा पाई गौरवान्वित हुन्थे । नेपालका राजाले भारतका रामेश्वरम् लगायत अनेक मन्दिरको भित्री भाग अथवा गोपुरम्मा जान पाउँथे । भारतका अनेक हिन्दूहरु नेपालको प्रसिद्ध मन्दिर पशुपतिनाथको दर्शन गर्न आउँछन् । पशुपतिनाथका मूल भट्ट दक्षिण भारतका पूजारी रही आएका छन् आदि धार्मिक-साँस्कृतिक महत्त्व नवुझ्ने राजनीतिक नेतृत्व कति अदूरदर्शी रहेछ भन्ने कुरा छर्लङ्ग छ ।

राष्ट्रलाई संकट पर्दा राष्ट्रले आफ्ना आदर्श वीर नायक खोज्न थाल्दछ भन्दै मनोजबाबु मिश्र यस्तो सुझाव दिन्छन्– जब जब देशलाई अराष्ट्रियताको क्यान्सर हुन्छ, देशको शरीर विखण्डित हुन लाग्दछ, देशलाई परदेशले नङ्ग्याउन लाग्दछ, देशको द्रव्य खोष्टा र खोया बन्दछ, देशका प्रतिभा पलायन हुन्छन्, शिक्षा 'क्षा' मा ओर्लन्छ, देश स्वाभिमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शून्य हुन्छ, राष्ट्रवाद सौदाका सामाग्री र मखुण्डोमा परिणत हुन्छ, विदेशी छातामुनि स्वदेश र स्वमहापुरूषलाई 'मूर्दावाद' भनिन्छ, आफ्नी आमाको ओढ्ने च्यातेर विदेशी झण्डा सिइन्छ, तब तब त्यो देश र देशका राष्ट्रभक्त स्वाभिमानी नागरिकहरु एउटा देशभक्त अधिनायकको खोजी गर्न लाग्दछन् । स्वदेशका वीर महापुरूषहरूलाई सम्झन पुग्दछन् । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दुहाई माग्दछन्, बहादुर शाह, वीर बलभद्र, भीमसेन थापा र जङ्गबहादुरजस्ता स्वाभिमानी राष्ट्रभक्तहरूको गुहार माग्दछन् । राष्ट्रभक्त महेन्द्रको पूजा गर्दै महेन्द्रगीता पढेर देश गुञ्जायमान पार्न लाग्छन् । तर उनीहरु आधुनिकतासँग जोडिएर आउँछन् । प्रत्येक दिन पनि आधुनिकै हो, अघिल्लो दिन जस्तो कुनैपनि आजको दिन हुन सक्दैन । जो जन्मन्छ आधुनिक समयमा नै जन्मन्छ, आधुनिकै भएर बाँच्छ र आधुनिक हुँदाहुँदै मर्छ (मिश्र मनुजबाबु, दुरान्तरण २०५३ : १४४) ।

तर अहिले नेपाल बाँदरीय राष्ट्रवाद (Moneky Nationalism) बाट ग्रसित छ । यो बाँदरले झैं आफ्नो घर बनाउँदै र अरूले बनाएको घर भत्काउनै उद्यत छ । इतिहास एउटा सिँढी हो । यसलाई टेकेर वर्तमानमा निर्माण गर्दै भविष्यका लागि मार्गदर्शन गर्नुपर्थ्यो । तर किर्ते राजावादीदेखि किर्ते गणतन्त्रवादीसम्मका मुखुण्डो लगाएकाहरू आपसमा निन्दा, गालीगलौज गर्दै र स्वयं अराजकताको भूमरीमा परी गौरवशाली परम्परा, वीरतापूर्ण इतिहास, राष्ट्रिय धरोहर र धर्मसंस्कृति मास्न उद्यत देखिन्छ । यो सिद्धान्त र केन्द्रविहीन छ ।

यसरी माथिका केही घटना एवं विचारहरूलाई मनन गर्ने हो भने आधुनिक नेपाल राष्ट्र पुनर्एकीकरणका अभियन्ता पृथ्वीनारायण शाह, साहित्यकार महाकवि लक्ष्मीप्रसाद देवकोटा एवं गोकुलमा जन्मिएर भारतवर्षको धर्म एवं साँस्कृतिक-राष्ट्रवादको उद्‌बोधन गर्ने युगचक्रचालक श्रीकृष्ण जस्तै नेपालको धर्म-संस्कृतिको महत्त्व एवं मर्म बुझ्ने राष्ट्रवादी कृष्णप्रसाद भट्टराइलाई मात्रै पनि चिन्तन-मनन गरी राष्ट्र अगाडि बढेमा अहिले भइरहेको ईसाईकरणको आक्रान्त अतिक्रमणबाट समस्या समाधानको दिशामा हामी अगाडि बढ्न सक्नेछौ ।' मेरो विचारमा अहिलेको समग्र परिस्थिति हेर्दा नेतृत्वमा रहेका बाहुनहरू सुध्रिए त्यसै दिन नेपाल सुध्रने र अरू जनजाति, दलित, मधेशी आदि सुध्रिदा एकसय वर्ष लाग्ने स्थिति छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथि उठाइएका विषयको निष्कर्ष भनेको नेपालीले बुझ्नु पर्ने कुरा के हो भने राष्ट्रियताका सन्दर्भमा हामीले उत्तरी छिमेकीलाई विश्वासमा लिनु र धर्म-संस्कृति जगाउन-जोगाउन दक्षिणसँग हातेमालो गरेर अगाडि बढ्नु हाम्रो भूराजनीतिक, ऐतिहासिक एवं वर्तमानको कटु यथार्थता हो ।

हिजोका राजावादीको अनुहार, व्यवहार, चरित्र र दृष्टिकोण आदि हेर्दा त गणतन्त्र नै ठीक भन्ने लाग्छ । साथै परिवर्तनको वाहक राजनीतिक शक्तिहरूलाई अलग्याएर समस्या समाधान हुन सक्दैन । अर्कोतर्फ परम्परागत शक्तिलाई मात्र चेपेर अगाडि बढेमा राजनीति अझ दलदलमा फँस्दछ । त्यसैले अहिलेको निकास भनेकै २०४७ सालको संविधानको मर्मलाई केन्द्रमा राखि राजसंस्थालाई इतिहाससँग जोड्दै, चिनारीको प्रतीक र राष्ट्रका लागि देन दिने संस्थाको रूपमा स्थापना गर्नु पर्दछ । धर्मनिरपेक्षता खारेज गरी सनातन धर्म-संस्कृति सापेक्ष आदर्श राष्ट्रको निर्माण आवश्यक छ । एकात्मक राज्यको मर्मभित्र शक्ति निक्षेपीकरणको सिद्धान्त अनुरूप समानुपातिक विकास र समृद्धिका लागि कोशी, गण्डकी, कर्नाली (कर्णाली) तीन वृहत् जलाधारलाई आधार मानेर राज्यको संरचना गर्नु वर्तमानको निकास र भविष्यका लागि समेत दूरगामि महत्त्व राख्ने हुँदा यसतर्फ हामी सबैको चिन्तन मनन हुनु अपरिहार्य छ । 'अरूको लाख, आमाको काख' । सत्यं शिवं सुन्दरम् ।

ईसाई धर्ममा नारी हिंसा

सृष्टिको प्रत्येक काल्पनिक कथामा नारीको गौण स्थितिको उल्लेख गरिएको छ । ईसाई धर्ममा पनि सृष्टिको बारेमा यही सिद्धान्त छ । पाश्चात्य सभ्यताले यस सिद्धान्तलाई पनि मान्यता दिएको पाइन्छ । ईश्वरले पुरुष र नारी यी दुईको सृष्टि एकसाथ गरेनन् । "एडम"को निर्माणमा जुन माटोको प्रयोग भयो, त्यसको प्रयोग स्त्रीको निर्माणमा भएन । प्रथम पुरुषको मांसल पार्श्वलाई लिएर 'ईभ'लाई रचियो । न त 'ईभ'को जन्म नै स्वतन्त्र रूपमा नै भयो न त ईश्वरले उसलाई उसैका लागि बनाए । प्रथम रूपमा ऊ पूजनीय बनाइएन । उसको सृष्टि पुरूषका लागि भयो । "एडम"को एकाकीपनलाई दूर गर्नका लागि ईश्वरले उसलाई 'ईभ' दिए । ईभको उत्पत्ति उसको साथीबाट भयो र त्यस साथीको लागि नारीलाई बनाइयो (वाउवा, सिमोन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दः द सेकेण्ड सेक्स अनु. रमेश सुनुवार प्रगति पुस्तक सदन डिल्लीबजार, २०६९, पृ. ५८) । अब ईसाई धर्मग्रन्थ बाइबल अनुसार पुरूष र नारी उत्पत्तिको कथा उल्लेख गर्नु सान्दर्भिक हुन्छ :

परमप्रभु परमेश्वरले उनी (पुरूष) निदाएको बेला उनका करङहरूमध्ये एउटा निकाल्नु भई त्यसको ठाउँमा मासु भरिदिनु भयो । जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नु भएको थियो, त्यसबाट एउटी स्त्री बनाउनु भई मानिसकहाँ ल्याउनु भयो (उत्पत्ति अध्याय २ पद ।२१।२२ ।।) ।

जुन ईश्वरले आदमलाई धुलोबाट बनाए भने उनकी (उसकी) नारीलाई किन धुलोबाट बनाएनन् ? त्यस्तै नारीलाई हड्डीबाट बनाए भने आदमलाई हड्डीबाट किन बनाएनन् ? त्यस्तै नरबाट उत्पत्ति हुनाले नारी नाम भएको हो भने नारीबाट निस्केर नर पनि हुनुपर्दथ्यो । त्यस्तै उनीहरूमा परस्पर प्रेम पनि रह्यो जस्तै स्त्रीसँग पुरूषले प्रेम गर्छन् । त्यस्तै नारी पनि पुरूषसँग प्रेम गरून् । विद्वान्हरू हेर ईश्वरको कस्तो पदार्थ विद्या अर्थात् फिलोसोफी छ । जुन आदमको एउटा करङको हड्डी निकालेर नारी बनाइयो भने सबै पुरूष (मनुष्य) हरूको एउटा हड्डी किन कम हुँदैन? र, स्त्रीको शरीरमा एउटा हड्डी मात्र हुनुपर्दछ, किनकि उनी एउटा हड्डीबाट मात्रै बनेकी हुन् । के जुन सामाग्रीबाट सबै जगत बनाइयो, त्यसै सामग्रीबाट स्त्रीको शरीर बन्न सक्दैनथ्यो? त्यसैले यो बाइबल सृष्टि क्रम वा सृष्टि विद्याको विरूद्ध छ (महर्षि दयानन्द सरस्वती, सत्यार्थ प्रकाश, पृ. ४०४) ।

परमप्रभु परमेश्वरले बनाउनु भएका वन, पशुहरूमध्ये सबैभन्दा धूर्त सर्प थियो । त्यसले स्त्रीलाई भन्यो– "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानु भनि भन्नु भएको छ?" स्त्रीले सर्पलाई भनिन् "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं? तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, त्यो चाहिं नखानु र नछुनु, नत्रता तिमीहरू मर्छौ ।" सर्पले स्त्रीलाई भन्यो तिमीहरू मर्दैनौ । किनकी परमेश्वर जान्नु हुन्छ कि जुन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वर जस्तै हुनेछौ ।"

"जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहर लाग्दो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए । अनि दुबैका आँखा खुले, र नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए । अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निमित्त तिनीहरूले वस्त्र (लुगा) बनाए । तब परमेश्वरले सर्पलाई भन्नुभयो, तैंले यसो गरेको हुनाले "तँ सबै पाल्तु पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछन् । पेटद्वारा तँ हिंड्ने छस् र तेरो जीवनभरी तैंले माटो खानेछस् । तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चा डस्नेछस् ।"

स्त्रीलाई उहाँले भन्नुभयो, "तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढाई दिनेछु । दुःखसँग बालक जन्माउनेछस् । तेसो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तँलाई अधीनमा राख्नेछ ।"

त्यसपछि आदमलाई उहाँले भन्नुभयो, तैंले तेरी पत्नीको कुरा सुनेर मैले नखानु भनेको रूखको फल खाएको हुनाले, "भूमि तेरो कारण श्रापित भएको छ । तेरो जीवनभरी दुःखसँग त्यसको उब्जनी तैंले खानेछस् । त्यसले तेरो निमित्त काँडा र सिउँडीहरू समात्नेछस्, र तैंले खेतको सागपात खानेछस् (उत्पत्ति अध्याय ३। पद १।२।३।४।५।६।७। १४।१५।१६।१७।१८) ।

ईसाईहरूका ईश्वर सर्वज्ञ हुन्थे भने त्यो धूर्त सर्प अर्थात् शैतानलाई किन बनाउथे? जसले बनाए उनै ईश्वर अपराधको भागीदार हुन्, किनकि उनले त्यस शैतानलाई दुष्ट बनाउँदैनथे भने दुष्टता किन गर्दथ्यो? उनले पूर्वजन्म मान्दैनथे भने नै अपराध बिना उसलाई पापी किन बनाए? साँच्चै भन्ने हो भने त्यो सर्प थिएन मनुष्य थियो । किनभने त्यो मनुष्य नभएको भए मनुष्यको भाषा कसरी बोल्न सक्दथ्यो? यदि तपाई हामीले भूठो (गलत) गर्‍यौं र अर्कालाई पनि झुटो बाटामा बढायौं भने त्यसैलाई शैतान भन्नुपर्दछ । त्यसैले यहाँ शैतान सत्यवादी हो त्यसैले उसले त्यो स्त्रीलाई वहकाएको होइन तर सत्य भनेको हो र ईश्वरले आदम र ईभ (हब्वा) सँग यो खानाले मर्दछौ भनि झुठ बोलेको हो । जब त्यो रूख ज्ञानदाता र अमर बनाउनेवाला थियो भने त्यसको फल खानामा निषेध किन? जसले निषेध गर्‍यो त्यही ईश्वर नै भूठो र वहकाउनेवाला ठहरियो । किनकि त्यो रूखको फल मनुष्यहरूका लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अज्ञान र मृत्युकारक नभएर ज्ञान एवं सुखको स्रोत थियो। जब ईश्वरले फल खानमा निषेध गर्नुथियो भने ती वृषहरूको उत्पत्ति नै किन गरिएको थियो? त्यो आफ्नो लागि थियो भने ईश्वर नै अज्ञानी र मृत्यु धर्मवाला थियो? त्यो अर्कैको लागि बनाइयो भने फल खानुमा अपराध त केही थिएन। आजकल कुनै पनि वृक्ष ज्ञानकारक, मृत्युनिवारक (अमर) भेटिएको छैन, के ईश्वरले त्यसको बिऊ पनि नष्ट गरिदिए? यस्ता कुराबाट मनुष्य छली कपटी हुन्छ भने ईश्वर त्यस्तै किन भएन? किनकि जो (ईश्वर) कसैले अर्कोसँग छलकपट गर्छ भने त्यो छलकपटी किन हुँदैन? जसले यी तिनैलाई श्राप दियो, त्यो विना अपराधको किन भयो? पुनः ईश्वर अन्यायकारी पनि भयो र त्यो श्राप ईश्वरलाई हुनुपर्दथ्यो। किनकि उसले झुठ बोल्यो र तिनीहरूलाई वहकायो। यो फिलोसोफी पनि हेर्नुपर्दछ। के विना पीडा (दुःख) गर्भधारण र बालकको जन्म हुन सक्दथ्यो? र, बिना श्रम कोही आफ्नो जीविका गर्न सक्दथ्यो? के पहिला काँडा आदि वृक्ष थिएनन्? र, जब सबै मानिसहरूलाई ईश्वरले भनेर सागपात खानु राम्रो वा उचित भयो भने पछिका प्रसङ्गमा मासु खानेकुरा बाइबलमा लेखियो अनि त्यो किन भूठो भएन। र, त्यो साँचो हो भने यो (सागपात) भूठो हो। जब आदमको कुनै पनि अपराध सिद्ध भएन भने ईसाईहरू सबै मानिसहरूलाई आदमको अपराधबाट सन्तान भएकोले अपराध किन मान्दछन्। त्यसैले यस्तो पुस्तक र यस्तो ईश्वर कहिल्यै बुद्धिमान् (विवेकी) हरूले मान्न योग्य हुन सक्छ? (ऐजन पृ. ४०५)।

तब परमप्रभु परमेश्वरले भन्नुभयो "मानिस हामी जस्तै असल र खराबको ज्ञान जान्ने भएको छ। अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्र भने त्यो सधैंभरि जीवित रहला।" उहाँले मानिसहरूलाई धपाइदिनु भएपछि जीवनको रूखतर्फको बाटो पहरा गर्नलाई उहाँले अदनका बगैंचाको पूर्वपट्टि करूबहरू (स्वर्गदूतहरू) र चारैतिर घुमिरहने ज्वालामय तरबार राखिदिनु भयो (उत्पत्ति अध्याय ३। पद ।२२।२३।२४।।)।

सोचौं ईश्वरलाई यस्तो ईर्ष्या र भ्रम किन भयो कि ज्ञानमा हाम्रो एकाधिकार हो ? के यो नराम्रो कुरा भयो, यो शंका नै किन लाग्यो? किनकि ईश्वर जस्तै कहिल्यै कोही हुन सक्दैन। तर यो लेखबाट यो पनि सिद्ध हुन्छ कि त्यो ईश्वर थिएन वास्तवमा एक मनुष्य विशेष थियो। बाइबलमा जहाँ कही पनि ईश्वरको कुरा आउँछ भने त्यहाँ मनुष्य सरह देखिएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आउँछ । यहाँ आदमको ज्ञान वृद्धिमा ईश्वर कति दुःखी भयो र फेरी अमर वृक्षको फल खाएकोमा कति ईर्ष्या गऱ्यो, जब उसले बगैचामा राख्यो तब त्यसको भविष्यको ज्ञान थिएन कि त्यस मनुष्यलाई फेरि निकाल्नु पर्नेछ । ईसाईहरूका ईश्वर सर्वज्ञ थिएनन् र त्यसैले त्यहाँ चमचमाउँदो खड्ग (तरबार) को जुन चौकिदारी राखियो । त्यो मानिसको काम हो ईश्वरको होइन । हामीलाई ठूलो आश्चर्य यो हुन्छ कि यस्ता गुण भएकालाई ईसाईहरु ईश्वर किन मान्दछन्? किनकि यी कुराहरु सबै मनुष्यको स्वभावमा घट्ने कुरा हुन् ईश्वरका होइनन् । यी र यस्तै उट्पट्याङ कुराहरूले बाइबल भरिएको पाइन्छ । बाइबलमा नारी समानताको कुरा विरलै पाइन्छ । त्यसैले होला सिमोनले नारीलाई दोस्रो दर्जामा राखिएको पश्चिमा ईसाई संस्कृतिको तिखो प्रहार गरेकी छिन् ।

यसैगरी सिमोन अगाडि लेख्छिन्– "पुरानो र नयाँ टेस्टामेन्टमा महिलालाई पुरूषको अधिनमा राखे । पुरूष महिलाका लागि बनेकी होइन, महिला पुरूषका लागि बनेकी हो ।" जसरी चर्चका स्वामी यिशु हुन्, त्यसैगरी स्त्रीको स्वामी पुरूष हो । यो धर्मले स्थूल मांसलाई घृणित मान्दथ्यो, अतः त्यसको लागि महिला शैतानको मासी थिई (ऐ. पृ. ४५) ।

यसैगरी बाइवलमा ईश्वरले आफ्नो आज्ञा नमानेको दण्ड नारीलाई दिए, उहाँले स्त्रीलाई भन्नुभयो "तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढाई दिनेछु । दुःखसँग तैले बालक जन्माउनेछस् । तेरो इच्छा पतितर्फ नै हुनेछ र त्यसले तँलाई अधीनमा राख्नेछ" (उत्पत्ति अध्याय ३।पद।१-७।११-१८।।) ।

ईसाई ग्रन्थ बाइबलमा आफ्नै बाबुसँग मद्यपान गरी (रक्सी पिएर) संभोग गर्ने कुरालाई खुलमखुला मान्यता दिइएको छ ।

"हामी आफ्ना बुबालाई मद्य खुवाएर उहाँसँग सुतौ, र आफ्ना पिताबाट सन्तान खडा गरौ । त्यसै रात तिनीहरूले आफ्ना पितालाई दाखमद्य खुवाए, र जेठी चाहिं आफ्ना पिताकहाँ गएर सुती । त्यो सुत्न आएको र उठेर गएकी लोत (पिता) लाई केही अत्तोपत्तो भएन । भोलिपल्ट जेठीले कान्छीलाई भनि हेर, हिजो राती म बुबासित सुतें । आज राती पनि उहाँलाई मद्य खुवाऔ, र तँ गएर उहाँसित सुत, र हामी आफ्ना पिताबाट सन्तान खडा गरौ । यसरी तिनीहरूले त्यस रात पनि आफ्ना पितालाई दाखमद्य खुवाए, र कान्छी चाहिं गएर उहाँसित सुती । त्यो सुत्न आएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र उठेर गएकी लोतलाई केही थाहै भएन । यसरी लोतका दुबै छोरीहरु आफ्ना पिताबाट गर्भवती भए" (उत्पत्ति अध्याय १९, पद । ३२-३६॥) । **"धेरै क्रिश्चियनहरू माछाले जस्तै धेरै जस्तै धेरै पिउँछन् र शनिबार राति आफ्ना श्रीमतीहरूलाई पिट्छन् । त्यसपछि आइतबार धर्मको मुकुण्डो ओढेर चर्चमा उपस्थित हुन्छन्"** (गुरूङ डी.बी., हिमालयका चित्कारहरू : नेपाली संस्करणबाट) ।

यसरी रक्सी पिएर खुलमखुला आफ्नै पितासँग नै यौनक्रिडा गरेबाट पश्चिमा ईसाई समाज बन्धन विहीन हुन पुगेको हुनुपर्दछ । संसारभरका प्रख्यात रक्सीहरु उत्पादन गर्ने त्यो समाजले वेश्यावृत्तिलाई ज्यादै बढावा दिने र त्यस्तो प्रवृत्तिलाई प्रोत्साहन गर्न फेसन शो, नारी सुन्दरता प्रदर्शन र त्यस प्रकारको छाडा संस्कृति र साहित्य प्रकाशनले भरिपूर्ण छ ।

बाइवलमा स्त्रीको तुलना दास, गधा, गोरू आदिसँग गरिएको छ :

"आफ्नो छिमेकीको घरको लालच नगर्नु । आफ्नो छिमेकी पत्नीको लालच नगर्नु, आफ्नो छिमेकीको कमरा, कमारी, गोरू, गधा वा त्यसको कुनै पनि लालच नगर्नु" (प्रस्थान, अध्याय २०, पद १७ ॥) ।

अहो ! त्यसैले त ईसाईहरु विदेशीको सामानमा मानिस पानीमा र भोको अन्नमा भुके जस्तै गरी भुक्दछन् । जस्तै यो केवल मतलबं सिद्ध गर्ने र पक्षपात कुरा हो, यस्तै नै ईसाईहरूका ईश्वर पनि हुन् । यदि कसैले भनोस् कि हामी सबै मनुष्यलाई छिमेकी (मित्र) मान्दछौ भने त मानिसहरु बाहेक अरू कुन स्त्री र दास आदि हुन् जसलाई अछूत वा छिमेकी भन्दा टाढाको गणमा गरौ । त्यसैले यी सबै कुरा स्वार्थी मनुष्यहरूले बनाएका हुन्, ईश्वरका होइनन् ।

ईसाई समाजमा विशेषगरि पश्चिमी देशहरूमा आंज नारी जातिले पाएको अधिकार र स्वतन्त्रता प्राप्तिमा ईसाई धर्मको कुनै भूमिका छैन । जबसम्म यूरोपियन एवं पश्चिमा देशमा ईसाई धर्मको निरंकुश वर्चश्व एवं एकाधिकार रह्यो, तबसम्म नारीहरूको स्थिति अत्यन्त दुर्दशापूर्ण रह्यो । अधिकार र स्वतन्त्रता शब्द नारी जातिका लागि बिडम्वनापूर्ण थिए । उनीहरूको चिनारी (पहिचान) र अस्मिताको त कुरै छोडौ उनीहरूको तुलना माथि भने झैं दास, पशुसँग गरिन्थ्यो । ईसाई समाजमा नारीहरूको वर्तमान स्थितिको श्रेय पन्धौ शताब्दीदेखिको मानवतावादी विवेकसम्मत परिवर्तनकारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्तिहरूले चार-पाँच शताब्दीसम्म निरन्तर चलाइएको नवजागरण हो । यस अभियानलाई ईसाई धर्मका धर्माचार्यहरूले निर्मम प्रहार गरे । साथै नवजागरणका अभियन्ताहरूले अमानुषिक यातना एवं मृत्युदण्ड पाए ।

बाइबलमा सदैव पुरूषको हक अधिकारलाई प्रवल मान्यता दिइन्छ । पुरूष दण्ड हुनुपर्नेमा उल्टै पुरूष पुरस्कृत भ्‍एको घटना पाइन्छ । एउटा बलत्कारी कसरी पुरस्कृत भयो ?

"कुनै पुरूष मगनी नभएकी कुमारीलाई बलत्कार गरेको फेला पर्‍यो भने, त्यस पुरूषले त्यस केटीको बुबालाई चाँदीका पचास सिक्का दिनुपर्छ । त्यस पुरूषले त्यस केटीलाई बलत्कार गरेको हुनाले त्यसलाई आफ्नी पत्नी बनाउनुपर्छ, र त्यसलाई जीवनभर त्याग गर्न पाउने छैन" (व्यवस्था अध्याय २२, पद २८।२९ ।।) ।

बलत्कार गर्ने बलत्कारी पुरूषलाई विवाह गर्न बाध्य पारी दण्डस्वरूप यो व्यवस्था गरिएको छ । वास्तविकता चाहिँ पुरूषको अपराधका कारण नारीलाई दण्ड मिल्यो । विवाहका लागि नारीको इच्छा-अनिच्छाको कुनै व्यवस्था छैन र जसले उत्पीडन दिएको छ त्यसैसँग विवाह गर्न बाध्य पारिन्छ । यसैगरी अपराधी (बलत्कारी) ले दिएको चाँदिका सिक्का उनले नपाएर उनका पिताले पाउँछन् अर्थात् पुरूषले नै पाउँछ ।

बाइबलमा सम्बन्धविच्छेद अर्थात् पुरूषले मात्र नारीलाई त्याग गर्ने अधिकार दिइएको छ । नारीलाई सदैव दोस्रो दर्जामा राख्दै उनीहरूप्रति घोर अपमान एवं निन्दा गरिएको छ :

"आफ्नो विवाह गरेकी स्त्रीमा केही खोट पाएर त्यससँग असन्तुष्ट भई त्यसलाई त्यागपत्र लेखिदिएर कसैले आफ्नो घरबाट निकालिदियो भने र यदि घर छोडेपछि त्यो अर्को मानिसको पत्नी भई र दोस्रो लोग्ने पनि असन्तुष्ट भई त्यसलाई त्यागपत्र लेखिदिएर त्यसलाई आफ्नो पत्नि तुल्याउन पाउने छैन । परमप्रभुको नजरमा यो एक घृणित काम हो । परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा दिनुहुने देशमा पापको कलंक (स्त्री पापको कलंक) नल्याउनु" (व्यवस्था अध्याय २४, पद ।१-४।।) ।

ओल्ड र न्यू दुबै टेस्टामेन्टमा रूढीवादी, अन्धविश्वास, अन्धपरम्परा र अविवेकी तथ्यहरु सर्वत्र पाइन्छ । नारी र पुरूषमा कस्तो प्रकारले भेदभाव गरिन्छ त्यो कुरा न्यू टेस्टामेन्टको भनाई उल्लेखित छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"तिमीहरूले यो बुझ भन्ने म चाहन्छु कि हरेक मानिसको शिर खीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि खीष्टको शीर परमेश्वर हुनुहुन्छ । प्रार्थना गर्दा वा अगमवाणी बोल्दा आफ्नो शीर ढाक्ने मानिसले आफ्नो शिरको अपमान गर्दछ । तर शिर खुला राखेर प्रार्थना गर्ने अथवा अगमवाणी बोल्ने स्त्रीले आफ्नो शिरको अपमान गर्दछे, किनकि यो तिनले आफ्नो केश खौरेको जस्तो हो । किनकि कुनै स्त्री शिर ढाक्दिन भने बरू तिनले केश काटोस् । तर केश काट्नु कि खौरनु स्त्रीको निम्ति शर्मको कुरा हो भनेता तिनले शीरमा घुम्टो हालोस् । किनकि पुरूषले आफ्नो शिर ढाक्नु हुँदैन, किनभने उ परमेश्वरको प्रतिरूप र गौरव हो । किनकि पुरूष स्त्रीबाट बनिएको होइन, तर स्त्रीचाहिँ पुरूषबाट बनिएकी हो । स्त्रीको निमित्त पुरूष सृष्टि भएको होइन, तर स्त्री पुरूषको निमित्त हो । यसैकारण स्वर्गदूतहरूका खातिर पनि स्त्रीले आफ्नो शिर घुम्टोले ढाकेको हुनुपर्छ" (१-कोरिन्थनी अध्याय ११ पद ३-१०) ।

नारीलाई चौपाया पशु सरह खरिद गर्न सक्ने कुरा बाइबलमा लेखिएको छ । "जब बोअज शहरको मूल ढोकामा गएर बसेका थिए । अनि केही समयपछि तिनले कुरा गरेका ती नजिकका मोल तिरेर छुटकारा दिने नातेदार त्यहीबाट भएर आए (रूथ अध्याय ४ पद १) ।

बाइबलमा व्यभिचारको प्रसङ्गमा केवल नारीलाई मात्र दोष दिइ पुरूष दोषको चर्चा कमै पाइन्छ । मानौ वेश्यावृत्ति पुरूष विना नै होस् । परमप्रभुको यो वचन म कहाँ आयो, हे मानिस, कुनै समय दुई स्त्री थिए– एउटै आमाका दुई छोरीहरु । तिनीहरूले मिश्र देशमा वेश्यावृत्ति गरे । तरूणी अवस्थामा हुँदाहुँदै तिनीहरूले वेश्यावृत्ति गरे । त्यहाँ तिनीहरूका स्तन मिचिएं र तिनीहरूको कुँवारी अवस्थाको स्तन माडिए । तिनीहरूमा दिदी चाहिंको नाउँ ओहोला र बहिनीको नाउँ ओहोलीबा थियो । – मेरो हुँदाहुँदै पनि ओहोलाले वेश्यावृत्ति गरी । आफ्ना प्रेमी अशूरहरूसित त्यो मोहित भई । तिनीहरु सबै बैजनी बस्त्र लाउने योद्धा, राज्यपाल र सेनापतिहरु थिए । ती सब सुन्दर जवान मानिसहरु घोडामा सवार गर्ने घोडचढीहरु थिए । – त्यसको कुवाँरी अवस्थाको स्तनमा हात लगाए र आफ्नो काम-वासना त्यसमाथि पोखाए । – यस्ता प्रेमीहरूसित त्यो मोहित भई, जसका लिङ्ग गधाहरूका जस्ता थिए, र वीर्य चाहिँ घोडाहरूका झै निस्कन्थ्यो । यसरी मिश्रिहरूले तेरो छातिमा हात

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लगाएका तेरा युवावस्थाका स्तन माडेका कुरा सम्झेर तँ आफ्ना युवावस्थाको कामुकताको कुइच्छा गर्दछेस्" (इजकिएल अध्याय २३, पद १-२१) ।

यो पुस्तकको व्याख्याले काम शास्त्रलाई नै लज्जित तुल्याए झैं लाग्छ । त्यसैले होला उन्नाइसौ शताब्दीमा बाइबलको अनुवाद चीनमा हुँदा अश्लिल साहित्य भनि निन्दा र प्रचार-प्रशारमा रोक लगाइएको घटना स्मरणीय छ ।

बाइबलमा कुमारी कन्या सम्बन्धी नियममा पनि महिलाले मात्रै आफ्नो कुमारीत्व जाँच्नु पर्ने नियम उल्लेखित छ र उक्त नियमअनुसार परीक्षामा उत्तीर्ण नगर्दा के दण्ड नारीले पाउँछिन् त्यो हेरौं: "कसैले विवाह गरेर स्वास्नीकहाँ जाँदा त्यसलाई ठीक लागेन र बदनाम गराउने नियतले स्त्रीलाई कुकर्मको दोष लगाउनलाई मैले ल्याएकी स्वास्नीसँग सुत्दा त्यस कन्या केटीको गुण पाइन" भनेछ भने त्यस कन्यामा आमा-बावुले शहरको मूल-ढोकामा बुढा-प्रधानकहाँ छोरीको कुमारीत्वको प्रमाण ल्याउनु । तब त्यस केटीका बाबुले बुढा-प्रधानहरूलाई यसो भनोस् "मैले मेरी छोरी यस मानिसलाई दिएँ, तर त्यसले यसलाई तिरस्कार गर्छ औ मैले तिम्रो छोरीमा कुमारीत्वको प्रमाण पाइँन भनेर यस मान्छेले अभियोग लगाउँदैछ, तर यसको कुमारीत्वको प्रमाण यहाँ छ" भनी केटीका बाबुले बुढा- प्रधानहरूकै सामने त्यो लुगा फिजाओस् । ... तर त्यस केटीमा कुमारीत्वको सबूत छैन भन्ने कुरा प्रमाणित भयो भने बाबुको घरमा कुकर्म गरेर इस्राएलमा बदनामी ल्याएको हुनाले त्यसलाई बावुकै घरको ढोकामा ल्याएर शहरका मानिसहरूले ढुङ्गा हानेर मार्नु" (व्यवस्था अध्याय २२ पद १३- २१) । यसरी सार्वजनिक स्थलमा नारीलाई ढुङ्गाले हानेर मार्ने चलन ईसाई समाजमा प्रचलनमा रही आएको र नारी माथि निर्मम दमनंका घटनाहरूले त्यो समाज कलङ्कित रहेको तथ्य इतिहासमा सर्वत्र पाइन्छ ।

टर्टयूलियनको भनाई राख्दै सिमोन लेख्छिन् "नारी शैतानको द्वार हो । जहाँ शैतान सीधा आक्रमण गर्नबाट हच्किन्छ, त्यहाँ उ महिलाको सहारा लिएर पुरुषलाई माटोमा मिलाई दिन्छ । यो त महिलाको गल्ती हो, जसबाट प्रभुको पुत्रले मर्नु पऱ्यो । तिमी महिलाहरूले हमेशा शोक-संतप्त रहनु पर्छ ।" यसरी महिला प्रति आक्रामक ढंगले बाइबल, ईसाई सम्प्रदाय एवं पश्चिमा सन्त महन्त एवं बुद्धिजीवि रहेको सन्दर्भ छ ।

अरस्तुले स्त्रीको परिभाषा यसो भनेर दिए कि "स्त्री केही गुणहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमीको कारण स्त्री बन्दछे । हामीले स्त्रीको स्वभावबाट यो बुझ्नु पर्दछ कि प्राकृतिक रूपले उसमा केही कमीहरु छन्, ऊ एक प्रासङ्गिक जीव हो । उस एडमको एउटा अतिरिक्त हाडबाट बनेकी छ । यसकारण मानवताको स्वरूप पुरूष हो र पुरूषले महिलालाई महिलाको लागि परिभाषित गर्दैन, बरू पुरूषसँग सम्बन्धित नै परिभाषित गर्दछ । ऊ महिलालाई स्वायत्त व्यक्ति मान्दैन । यहाँसम्म भनिन्छ कि महिला आफ्नो बारेमा सोच्न सक्दिन ऊ त्यही बन्न सक्छे, जस्तो पुरूषले उसलाई आदेश दिन्छ । यसको अर्थ यो हो कि ऊ अनिवार्य रूपमा पुरूषको लागि भोगको एक वस्तु हो र यसको अलावा ऊ केही पनि होइन । ऊ पुरूषको सन्दर्भमा नै परिभाषित र विभेदित गरिन्छे । ऊ आनुषंगिक हो, अनिवार्यको बदला नैमित्तिक हो, गौण हो । पुरूष आत्मा हो, बिजय हो । ऊ पूर्ण हो जवकि महिला मात्र 'अन्या' (दोस्रो दर्जा) हो" (ऐ. पृ. ३) ।

आफ्नो प्रातकालीन प्रार्थनामा यहुदी भन्छन् "प्रभु तिम्रो कृपा हो कि तिमीले मलाई आफ्नो इच्छाले बनाएका छौ ।" अर्थात् लोग्ने मानिस ईश्वरकै आदर्शमा निर्माण गरिएको उनकै प्रतिरूप थियो ।

प्लेटोले ईश्वरको सबभन्दा ठूलो कृपा यो मानेका थिए कि उसले स्वतन्त्र निर्माण गऱ्यो कि उनी दास थिएनन् र अर्को कृपा यो माने कि उनी पुरूष बने महिला होइन, तर पुरूषले आफ्ना यी सुविधाहरूको पूरा र अबाध भोग तबसम्म गर्न सक्दैन, जबसम्म कि आफ्नो श्रेष्ठतालाई उसले अधिकारको रूपमा राख्दैन (ऐ. पृ.७) ।

एक अर्को प्रसङ्गमा सिमोन फ्रेजरको भनाई उद्धृत गर्दै लेख्छिन्– "पुरूषले देवता बनाउँछ, महिला त्यसको पूजा गर्दछे" (ऐ. पृ. ३९) ।

पाइथागोरस भन्दछन् "शुभ सिद्धान्त छ, जसले पुरूष व्यवस्था एवं उज्यालोलाई जन्म दिन्छ तथा अशुभ सिद्धान्त छ जसले अव्यवस्था, अँध्यारो र महिलालाई जन्म दिन्छ" (ऐ. ४०) ।

सिमोन अगाडि लेख्छिन् केही लेखकहरूले यो सावित गर्ने चेष्टा गरे कि स्त्रीको आत्मा अमर हुन सक्दैन । अतः मध्यम वर्गीय स्त्रीहरूका बारेमा रूसो भनाई उल्लेख गर्दै लेख्छिन् : "स्त्रीको पूरा शिक्षा पुरूषको सन्दर्भमा हुनुपर्दछ । स्त्रीहरूले पुरूषको आज्ञा मान्नु पर्दछ र उसको अन्याय स्वीकार्नु पर्दछ" (ए. पृ. ४८) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अठाह्रौं शताब्दीका गणतन्त्रीय एवं वैयक्तिक आदर्श स्त्रीको अनुकूल भएर पनि पुरूषकै भूमिकामा बढी जोडदिन्थे भन्दै उनी अगाडि लेख्छिन्, मन्टेस्क्यू भन्दछन् "यो प्रकृति र तर्कभन्दा पर छ कि स्त्रीहरूलाई घरमा नियन्त्रण गर्न सकियोस् । - र न त उनीहरूले राज्यको संचालन गर्दछन" (ऐ. पृ. ४८) ।

स्त्रीको जीवन केवल परिवारको लागि हो, राजनीतिको लागि होइन । उसको जीवन क्षेत्र घर हो, सार्वजनिक संस्थाहरु होइनन् भन्दै सिमोनले अगस्ट कोम्टेको घोषणा उल्लेख गर्दै भन्छिन् "स्त्री र पुरूषमा आधारभूत अन्तर छ, उनीहरूमा शारीरिक, नैतिक र मानसिक, कुनै पनि रूपमा कहिं समानता छैन । स्त्रीत्वको एक प्रकारको प्रदर्शित बचपना थियो, जसले स्त्रीलाई जातिका आदर्शहरूबाट टाढा र मानसिक रूपले कमजोर राख्दथ्यो । नैतिकता र प्रेममा सम्भव छ कि स्त्री पुरूषभन्दा अगाडि होस्, तर पुरूष कर्ता हो, ऊ जगतमा सक्रिय छ, जवकि स्त्री घरमा पराश्रित" (ऐ. पृ. ४९) ।

फ्रान्सेली समाजमा स्त्रीको अवस्थाप्रति इंगित गर्दै सिमोन लेख्छिन् एक अनौठो कुरा त यो छ कि विवाहिता स्त्रीलाई समाजमा स्थान त मिल्यो तर स्वतन्त्र अधिकारहरूबाट ऊ वञ्चित थिइ । अविवाहित स्त्रीहरु, इमान्दार महिलाहरु या वेश्याहरु पुरूषको बराबर संवैधानिक अधिकारको बावजूद सामाजिक जीवनबाट बहिष्कृत रहे । महारानी इसावेला, महारानी एलिजावेथ र महान क्याथरिन जस्ता स्त्रीहरु न त स्त्री थिए र न पुरूष, वास्तवमा उनीहरु राज्यसत्ता थिए । उनीहरूलाई स्त्रीको रूपमा हेर्दै हेरिएन । महान व्यक्तित्व हमेशा जनताबाट पैदा हुन्छन् र परिस्थितिहरूद्वारा अगाडि धकेलिन्छन्, जब महिलाहरु सधैं समाजको किनारामा रहन्छन्, केन्द्रमा रहँदैनन् तथा परिस्थिति सदा उनीहरूको प्रतिकूल रहेको छ । खासगरी फ्रान्समा त स्त्री-विरोत्री प्रवृत्ति यति धेरै छ कि एक पुरूषले यदि महिलालाई घरको काममा केही सहायता गर्दछ भने, उसको अहंलाई ठेस लाग्दछ (ऐ. ५२-५५) ।

यसरी अहिले पनि पश्चिमा समाज बाइबल निर्देशित र नियन्त्रित रहेको पाइन्छ । त्यहाँका ठूलठूला दार्शनिकहरूमा रहेका माथिका भावनाहरूले त्यसलाई पुष्टि गर्दछ, नै ।

व्यभिचारका अनेकौं प्रसङ्गहरूमा स्त्रीहरूलाई मात्र कलंकित गर्ने गरेका अनेकौं प्रसङ्गहरु छन् । खुलमखुला "व्यभिचारिणीको चलाकी" भन्ने शीर्षकमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्री माथि निन्दाका भरमार प्रसङ्गहरु उल्लेखित छन्, बाइबलमा ।

"साँझमा जब दिन अस्ताउँदै जान्छ, रात अँध्यारो हुँदै जान्छ, झट्टै एउटी स्त्री त्यस (पुरुष) लाई भेट्न निस्कन्छे । वेश्याको वस्त्रमा, आफ्नो सबै फँसाउने चलाकीसाथ– फकाई-फुस्लाईकन त्यसले उसलाई डोऱ्याएर लगी, लोभ्याउने कुराहरु गरेर त्यसले उसलाई फँसाई लाटो मूर्खझैं ऊ त्यसको पछि लाग्यो, कसाई खानाको बाटोतिर लागेको गोरूझैं, पासोतिर लागेको मृग झैं, जालतिर वेग हानेर गएको चरा झैं काँडले त्यसको मर्ममा नछेडुञ्जेल आफ्नो ज्यान खतरामा हालेको उसले जान्दैन । – त्यसको पञ्जामा पर्नेहरु असंख्या छन् । त्यसको घर पातालको ढोका हो, जसले मृत्युका कोठाहरूतिर पुऱ्याउँछ (बाइबल, हितोपदेश पद ९-२७) । मानौ पुरूष वेश्यको घर स्वर्गको ढोका र स्त्री वेश्याको घर पातालको ढोका कस्तो महिमा छ ईसाई धर्म ग्रन्थ बाइबलमा ।

यसरी हेर्दा बाइबलमा नारी समानता र अधिकारको कुरा व्यार्थ देखिन्छ । यो मानव स्वभाव विरोधी एवं एकांकी छ ।

हामी सबभन्दा पहिले ओल्ड टेस्टामेन्ट माथि विचार गरौं । यसमा रूथ (४।१) को प्रसङ्ग आउँछ जसका अनुसार बुर्जले 'रूथ'लाई खरिद गरे । अर्थात् स्त्रीलाई किन्नु धार्मिक सहमति थियो । टेन कमाण्डेटस् (एक्सोडस २०।१७) मा पत्नीलाई, नौकर्नी, नोकर, बैल (गोरू) र गधाको श्रेणीमा राखेको छ । डेन्टोरोनोकी (२२।२।२९) मा लेखिएको छ । विवाहपछि यदि स्वास्नी अक्षतयोनी (कुमारीत्व) नभएको थाहा पाएमा पिताको घर अगाडि ढुङ्गाले हानेर मार्नुपर्दछ । यो नियम ईसाईहरूमा लामो समयसम्म चल्यो र पछि इस्लामले यसलाई अपनाइरहेका छन् । आज पनि इस्लाम समाजमा स्त्री जातिलाई दण्ड दिंदा यो प्रचलन रहेको पाइन्छ (शर्मा, ऐ. १७७) ।

बाइबलमा ठाउँ ठाउँमा स्त्रीहरूको विभत्स हत्या गरेका प्रसङ्ग पाइन्छ :

एकजना मोशा र इस्राएली समुदायकै सामने आफ्नो परिवारमा एउटी मिद्यानी आइमाईलाई ल्यायो । जब एलाजारको छोरो हारूनको नाति पीनहासले त्यो देखे, तब तिनले समुदायको मध्यबाट उठेर आफ्नो हातमा एउटा भाला लिएर त्यस इस्राएलीको पछिपछि भित्री कोठामा गएर त्यस इस्राएली र त्यस आइमाई दुबैको भुँडी रोपिदिए । त्यसपछि इस्राएलीहरूबाट त्यो विपत्ति हट्यो । विपत्तीमा मर्नेहरु चौविस हजार थिए (गन्ती अध्याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२५।पद ६-९) । ईसाई पैगम्बर मोशाले नारी उत्पीडन र हिंसालाई कसरी प्रश्रय दिन्थे भन्ने कुरा यसबाट नै प्रष्ट हुन्छ । यसले मोशाको हिंसक चरित्रलाई उदाङ्ग पारेको छ ।

यसप्रकार निर्दोष नारी वा मानिसको हत्यालाई खुलमखुला प्रश्रय दिएको पाइन्छ । हिंसाको महिमा मण्डित गर्नु बाइबलमा साधारण मानिन्छ । उनीहरूका पैगम्बर मोशा कुन प्रकारको क्रूरकार्य गर्न पछि पर्दैन थिए भन्ने मिद्यानीहरूमाथि विजयको प्रसङ्ग आउँछ ।

"इस्राएलीहरूले मिद्यानी स्वास्नीमानिसहरु र नानीहरूलाई कैद गरे, तिनीहरूका सबै गाई-गोरू भेडा-बाखा र धनसम्पत्तिहरु लगे । तिनीहरु बसेका जम्मै शहरहरु छाउनीहरु यिनीहरूले जलाइदिए । तिनीहरूले कब्जा गरेका मान्छे, पशु, प्राणी र धनमाल चाहिं लिएर गए । मोशाले तिनीहरूलाई भने "के तिमीहरूले सबै स्वास्नी मानिसहरूलाई जिउँदै राख्यौ? हेर, यिनीहरूले नै विलापको युक्तिद्वारा इस्राएलीहरूलाई पोरमा परमप्रभुको विरूद्धमा अपराध गर्न लगाएका थिए । यसैकारण सबै नाबालिकहरूमध्ये केटी जत्तिलाई र पुरुषको सम्पर्कमा आएका स्त्रीहरूलाई मार (गन्ती अध्याय ३१ । पद १५-१७॥) ।

जीसस क्राइष्ट भन्छन् : म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनि नठान । शान्ति ल्याउन होइन, तर तरबार चलाउनलाई म आएको हुँ । किनकि म मानिसलाई उसका बाबुको विरूद्ध र छोरीलाई तिनकी आमाको विरूद्ध र बुहारीलाई तिनकी सासूको विरूद्ध आए । मानिसका शत्रु उसको आफ्नो परिवार भित्रकैहरू हुनेछन् (मत्ती अध्याय १०, पद।३४।३५।३६) ।

यस्तो झगडा (फूट) गराएर लडाइँ-झगडा मच्चाएर, मानिसहरूलाई दुःख दिने र तरबार चलाउने, बाबु-छोरा, आमा-छोरी, सासु-बुहारी आदि फूट गराउने र परस्पर वैमनस्यता बढाउने आदि । यी सबै काम मनुष्यका लागि नराम्रा हुन् तर ईसाईहरूले यही उपदेशलाई धेरै प्रचार र प्रयोगमा ल्याएको पाइन्छ । जहाँ जहाँ यिनीहरु जान्छन् त्यहाँ नै बढी फूट वैमनस्य (शत्रुता) भएको पाइन्छ । मेलमिलापको नामैनिशान रहँदैन । यसै शास्त्रबाट आफ्ना छिमेकीहरूलाई आपसमा लडाएर धन सम्पत्ति हात पार्नु, कसैको छोरालाई बाबु-आमासँग छुट्याएर नष्ट गरिदिन सिकाई दिएको छ ।

बाइबल स्त्री सुन्दरताको विरोधी शास्त्र देखिन्छ । "यरूशलेममा विलासी स्त्रीहरूको दुर्दशा" मा उल्लेख भए अनुसार : "परमप्रभुले यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि भन्नुभयो, सियोनका छोरीहरु अहंकारी छन्, औ मण्टो ठाडो गर्दै, आँखा तर्काउँदै, कल्की पहिरी छमछम गर्दै स्वाँग पारेर हिँड्छन् । यसप्रकार परमप्रभुले सियोनका छोरीहरूका टाउकोमा लुतैलुतो भरिदिनु हुन्छ । परमप्रभुले गुप्त अङ्गहरु नाङ्गो गराउनु हुन्छ । त्यस दिन परमप्रभुले तिनीहरूका श्रृङ्गारका गहनाहरु अर्थात् शिरबन्दी, चन्द्रहार, झुम्का, चुरा, पछ्यौरा, मुकुट, घुम्टो, बाजु, पटका, अत्तरदानी र जन्तर, औठी र नत्थ, उत्सवका वस्त्र अलखा, शाल र थैली, हाते-ऐना र मसिनो मलमल, मजेत्रो र घुम्टोहरूको शोभालाई हटाउनु हुनेछ । सुगन्धित मसलाको सट्टामा सडेको दुर्गन्ध हुनेछ र पटुकाको सट्टामा डोरी, राम्ररी बाटेको कपालको सट्टामा मुडुली हुनेछ, सुन्दर बस्त्रको सट्टामा भाङ्ग्राको पटुका र सुन्दरताको सट्टामा डामैडाम हुनेछ । तेरा मानिसहरु तरबारले मारिने छन्, तेरो वीरहरु लडाइँमा नाश हुनेछन् । शरका मूल-ढोकाहरूले विलाप गर्नेछन् । तिनीहरु रूनेछन् । शहर उजाड भएर जमीनमा सोतर हुनेछ (यशैया अध्याय ३, पद।१६ देखि २५।।) ।

आफ्नै बच्चाको मासु ख्वाउन नारीलाई विवश पार्ने घटना बाइबलमा उल्लेख छ । यहोवाको आदेश नमान्नेलाई यसप्रकार दण्ड दिइएको छ :

"यदि परमप्रभुले नै तँलाई केही सहायता गर्नु भएन भने मैले तेरो निमित्त कहाँबाट सहायता पाउने? खलाबाट कि दाखकुण्डबाट? तिमीलाई के दु:ख भयो? त्यसले भनी, "यस स्त्रीले मलाई भनी, 'आज खानलाई तिम्रो बालक देऊ, र भोलि चाहिँ हामी मेरो बालक खाऔंला ।' तब हामीले मेरो बालक पकाएर खायौं, तर जब मैले भोलिपल्ट त्यसलाई भनें, आज खानलाई तिम्रो बालक ल्याऊ' त्यसले त्यसको बालकलाई लुकाई" (२-राजा अध्याय ६। पद: २७।२८।२९।।) ।

यस्तै प्रकार स्त्री जातिले आफ्नै बच्चा खाएको प्रसङ्ग विलाप भन्ने पुस्तकमा "सियोनको दण्ड"मा उल्लेखित छ :

"कोमल हृदयका स्त्रीहरूले आफ्नै हातले आफ्ना बालकहरूलाई पकाए । मेरो प्रजाको छोरीको सर्वनाशमा तिनीहरूका नानीहरू नै आफ्ना आहार भए (विलाप अध्याय४: पद ।१०।।) ।

अनिकाल र रिस्पाको कथामा लास खाने प्रसङ्गमा नारीले लास खाएको सन्दर्भ छ: "त्यस मानिसका सातजना छोराहरूलाई हामीकहाँ सुम्पिदिनुहोस्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र परमप्रभुका चुनिएका राजा शाऊलको गिबामा परमप्रभुकै सामने हामी तिनीहरूलाई तल हुत्याई दिएर मार्नेछौ । ... तिनले उनीहरूलाई गिबोनीहरूका हातमा सुम्पिएर, र तिनीहरूले उनीहरूलाई परमप्रभुको सामने पहाडदेखि तल हुत्याई दिए । ती सातैजना एकसाथ तल खसे । तिनीहरु जौको कटनीको शुरूमा फसलको पहिलो दिनमा मारिए । एयाहकी छोरी रिस्पाले भाङरा लिएर कटनीको शुरुदेखि जबसम्म आकाशबाट पानी तिनीहरूका मृत-शरीरमा तबसम्म आफ्नो निमित्त त्यस चट्टानमा ओछ्यानजस्तै बनाई । त्यसले दिनमा आकाशका पंक्षीहरु र राती जङ्गलका पशुहरूलाई ती लाशहरु खान दिइन्" (-२ शमूएल अध्याय २१, पद ६।९।१०।।) ।

अर्को एक प्रसङ्गमा नारी जातिलाई अजिङ्गरसँगको सम्पर्क र तुलना गर्ने काम ईसाइहरूको पुस्तक बाइबलमा गरिएको छः "...त्यसले जन्माएपछि त्यसको बालकलाई निल्नलाई, त्यो सुत्केरी हुनै लागेको स्त्रीको सामने, त्यो अजिङ्गरजस्तो पशु खडा भयो" (प्रकाश अध्याय, पद ।४।।) ।

...किनकी "म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आए ।" (मत्ती अध्याय ९, पद ।१३।।) ।

अब विचार गरौ कि धर्मात्माहरु ईसाई हुन कुनै आवश्यक नै छैन, किनभने उनीहरु त धर्मबाटै मुक्तिमा जानेछन् र यसबाट धर्मादि आचरण नै मुक्तिको साधन हो, ईशा होइनन् भन्ने सिद्ध हुन्छ । त्यसले ईसाईहरूको पाप र स्वर्गबीच अन्योन्याश्रित सम्बन्ध देखिन्छ । नारी हिंसा वा यसप्रकारको हिसा हप्ताको एक दिन प्रायश्चित गऱ्यो भने सबै ठीक हुने देखिन्छ । नारी मात्र होइन संसारभरि नै कसरी ईसाई धर्मले उत्पीडन गरिरहेछ भन्ने सन्दर्भमा बर्ट्रान रसेलको भनाईबाट यो लेखको अन्त्य गर्नु सान्दर्भिक हुन्छ ।

उनको भनाइ यस्तो छः यशु खिष्टले शुभसमाचारमा उपाख्यान भनेका कुराहरु तपाइँहरूले भेट्नु हुन्छ, तिमी शैतानहरु, विषालु सर्पका सन्तान तिमीहरु, नरकमा दिने यातना, दण्डबाट कसरी बचौला । उनले आफ्ना उपदेश नसुन्ने मानिसलाई यसो भन्थे । यस्तो प्रकारको धम्कीको भाषा कुनैपनि उच्चस्तरको दयावान प्रकृतिको व्यक्तिले बोल्छ ? यशु खिष्ट अगाडि भन्छन् "मानसपुत्रले आफ्ना दूतहरु पठाउँछन्, उनीहरूले जुनजुन मानिसले अपराध गरेका छन्, ती सबैलाई आफ्नो राजधानीमा जम्मा गर्नेछन् र अधर्म र अन्याय गरेको छ तिनीहरु अनन्त आगोको खाडीमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फ्याँकिदिनेछन्, त्यहाँ दाँत किटकिटाहट, अलापविलाप गरिरहेका आवाजहरु सुनिनेछन् । यस प्रकारका भनाइहरु बारम्बार दोहोऱ्याइएको पाइन्छ । तिमी पापीहरु, तिमीहरूलाई अनन्त आगोको खाडीमा जाने सराप दिइएको छ भनेका छन् । त्यसपछि उनले 'यदि तिम्रा हातले अपराध गरे भने तिम्रा हातहरु काटिने छन्, तिमीहरु अपाङ्ग जीवनमा प्रवेश गर्नेछौ, त्यसपछि तिम्रा हातहरु नरकमा जानेछन्, त्यहाँको कहिल्यै ननिभ्ने आगोमा रहनेछन् जहाँ पापीहरूको देह मर्ने छैन र आगो निभ्ने छैन । उनले यस्ता कुराहरु दोहोऱ्याई दोहोऱ्याई भनेका छन् । मलाई लाग्छ यस्तो सिद्धान्त अर्थात् अनन्त आगोको खाडी पापीहरूका लागि सजायँको ठाउँ हो, यो सिद्धान्त क्रूरताको पराकाष्ठ हो । यसै सिद्धान्तले संसारमा क्रूरता ल्यायो र संसारका मानिसहरूको पुस्तालाई क्रूरतम यातना दियो ।

मलाई त लाग्छ यस धर्मलाई अँगालेका मानिसहरू धेरैजसो अत्यन्तै दुष्ट र पापी छन् । तपाईंले यो कोतुहलपूर्ण तथ्य के भेट्नु हुन्छ भने कुनै पनि अवधिमा धर्म जति जति तीब्रतम र आग्रहपूर्ण बन्छ, त्यति नै बढी क्रूरता र गएगुज्रेको अत्यन्तै असामाजिक स्थिति भएको पाइन्छ । विश्वासका तथाकथित युगहरूमा जुनबेला मानिसहरूले ईसाई धर्ममा पूर्णतामा विश्वास गर्थे त्यसबेला चरम यातनाका साथै यसबारे कौतुहलता एवं खोजी पनि भइरहेको थियो । लाखौं अभागी महिलालाई बोक्सीको आरोपमा जलाइयो । धर्मका नाममा सबैखाले मानिसमाथि सबै प्रकारका क्रूरताको प्रयोग गरिन्थ्यो, व्यवहारमा लागू गरिएको थियो । ... मलाई साँच्चै नै भन्न मन लागेको छ कि चर्चहरूका संगठित ईसाई धर्म संसारमा विकास हुने नैतिकताको शत्रुका रूपमा देखिएको छ र अब पनि मुख्य दुश्मनका रूपमै रहेको छ (ह्वाइ आइ एम नट् अ क्रिश्चियन) ।

यसप्रकार ईसाई धर्म नारीका सन्दर्भमा मात्र होइन मानव शत्रुकै रूपमा आफूले उभ्याए भैं लाग्छ । संसारभरिनै यसको आक्रामक अभियानले संसारलाई पाखण्डको शिक्षा दिनका लागि अग्रसर भइरहेको सन्दर्भमा नारीमाथि उल्लेखित अत्याचारको प्रसङ्ग केवल उल्लेख गर्नु एउटा सानो प्रयास मात्र हो, अरू यसमा उल्लेखित अनेकौ घृणित प्रसङ्गहरु पवित्र बाइबलमा हामी पढ्न सक्छौ ।

चर्चको दृष्टिमा पुरुषको तुलनामा स्त्री तल्लो दर्जा भएको कारण चर्चको पूर्ण सदस्यताको अधिकार दिइन्नथ्यो । स्त्रीहरु धर्माचार्य (क्लर्जी),

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्माधिकारी (विशप), धर्मपाल आदि पदहरु प्राप्त गर्न सक्दैनथे । पोपको पदमा स्त्री जाति पदाशीन हुने भन्ने कुरा त अहिलेसम्म कल्पना बाहिरको कुरा हो । यसमा यस कुराको तर्क दिइन्छ कि ईसा मसीहका सबै बाह्र मूल शिष्य (Apostal) पुरूष थिए । ईसा मसीह चाहन्थे भने ती मूल शिष्यमा स्त्रीलाई पनि राख्न सक्थे तर त्यो उनले किन गरेनन्? (शर्मा गीतेश, धर्म के नाम पर, सन् २००३, पृ. १७८) ।

आरम्भदेखि नै नारीका प्रति ईसाई धर्मको रवैया पूर्वाग्रहग्रस्त रही आएको छ । सन्तपाल र सन्त अगस्टाइन (सन् ३०) ले स्त्रीहरु सम्बन्धी विधानलाई कठोर बनाए । सन्त पाल विवाहित यहुदी थिए । उनी आफ्नी स्वास्नी त्यागेर सन्त बनेका थिए । सन्त अगस्टाइनका तीनजना स्त्रीहरूसँग सम्बन्ध थियो र जसबाट एउटा छोरो जन्मियो । यिनै सन्त अगस्टाइनले स्त्री-पुरुषको प्रेममा यौन सम्बन्धलाई पापको संज्ञा दिए । उनले लेखेको संहिताले काफि प्रसिद्धि पायो । **जिससको एउटै घरका दिदी-बहिनी प्रेमिका थिए । उनी मार्था र माग्दिलाना दुबैलाई प्रेम गर्थे । तर, क्रिश्चियनले यो कुरा लुकाउँछन् ।** तर ईसाई धर्मले स्त्रीलाई मूल पापको दोषी मान्दै पुरूष समान मान्दैन र पुरूषको अधिनता स्वीकार्न बाध्य पारेको छ । ईश्वरका सामू भलै स्त्री समान होलिन् तर ईसाइले पुरुष समक्ष समान मान्दैन । अहिले पनि रोमन कैथोलिक चर्च यस प्रकारको पूर्वाग्रहग्रस्त मान्यताबाट मुक्त छैन । ईसाई र बाइबल नारी समानताको मृगमरीचिका हो ।

ईसाई धर्ममा हिंसा

यदि तिमी गोस्पेल (ईसाई धर्मग्रन्थ) लाई सही अर्थमा बुझ्दछौ भने यो कुराको कल्पना गर्दै नगर कि यसको प्रसार उत्पीडन, दुःख अथवा घोर गर्जन अथवा तीव्र चिच्चाहट विना सम्भव छैन । ईश्वरको शब्द एउटा तरबार हो, एक युद्ध हो, एउटा विनाश हो । (मार्टिन लुथर सन् १५२० मा अपालतिनलाई लेखेको पत्रबाट उद्धृत ।)

माथिको भनाइ ईसाई धर्मकै प्रोटेस्टेन्ट सम्प्रदायका प्रवर्तक मार्टिन लुथरका हुन् । मार्टिन लुथर चर्च सुधारक जर्मन निवासी थिए । उनले बाइबलको गहिरो अध्ययन गरे । तर आफ्नो चारैतिर फैलिएको भ्रष्टाचार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथा सांसारिकताको वातावरणले केही दिनमा नै उनलाई वैराग्य लाग्यो । केही दिनपछि उनी रोम गए । त्यहाँको पोपको विलासी जीवन देखेर उनलाई घृणा लाग्यो । ईसाई जनताको पैसा बटुल्न उनीहरु नाना किसिमका उपायहरु रच्थे । तिनीहरूले क्षमा प्रदानपत्र (Indulgence) को प्रारम्भ गरे । इन्डलजेन्सको अर्थ थियो- धार्मिक कार्यका लागि चर्चलाई अर्थदान गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छन् । लुथरले यस प्रथाको घोर विरोध गरे । उनले भने- पापको प्रायश्चित पैसा दिएर हुँदैन । (काफ्ले मायाप्रसाद, विश्वको इतिहास, पाठ्यक्रम विकास केन्द्र त्रिवि काठमाडौ, २०४०: पृ. १८२)

लुथर र पोपका बीच यो एक प्रकारको क्रुसेड थियो । यस तथ्यलाई अगाडि बढाउँदै काफ्ले लेख्छन्- सन् १५२० ई. मा लुथरले 'एन ओपन लेटर टु दि क्रिश्चियन स्टेट' (An Open letter to the christian nobility of the German nation Concerning of the Christian state) लेखे । ईश्वर र उनका अनुयायीहरूबीच केवल बाइबल छ र मानिस केवल ईश्वरप्रति उत्तरदायी हुन्छ । (ऐ. १८२) चर्चमा मौलाएको अनाचार, भ्रष्टाचारको विरोध गर्दै चर्चमा पादरीहरूको कुनै आवश्यकता छैन ।

लुथरले इन्डलजेन्स प्रथालाई धर्मविरूद्ध घोषित गरे । रोमका पोपका लागि यो एक प्रकारको हाँक थियो । १५२० ई. मा पोपले लुथरलाई धर्मच्यूत गरे । लुथर यसबाट डराएनन् । उनले पोपको अवज्ञाको आशालाई ब्रिटेन वर्गको खुला बजारमा जलाए । यस प्रकारले लुथर रोमन कैथोलिक चर्च तथा पोपका कट्टर विरोधी भए । उनका समर्थकहरूको संख्या बढ्न थाल्यो । चर्चको विरूद्ध प्रतिवाद (Protest) गर्नाले उनका अनुयायीहरूलाई प्रोटेस्टेन्ट (Protestant) भनियो । यस प्रकारले ईसाई धर्म अन्तर्गत एउटा नयाँ सम्प्रदायको प्रादुर्भाव भयो (काफ्ले ऐ. १८३)

लुथरको शुरूको भनाइबाट साँच्चिकै ईसाई धर्म अगाडि बढेको पाइन्छ । त्यसका लागि केही ऐतिहासिक प्रसङ्ग र बाइबलमा भएका हिंसात्मक भनाइलाई हेर्दा यो धर्म हिंसाकै सहारामा अगाडि बढेको र अहिले पनि बढिरहेछ ।

यहुदी, ईसाई र इस्लामको उदय हुनुभन्दा अगाडि बेविलोन, सुमेरू, असेरिया, अरब, मिश्र, इरान आदि क्षेत्रहरूमा बहुदेववाद र मूर्ति पूजाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रचलन थियो । यी तीनवटै धर्मका अनुयायीहरूबाट पहिलेदेखि चल्दै आएका धर्महरूमाथि निरन्तर गरिएको प्रहारको फल त्यहाँ ती धर्महरूको कुनै अवशेषसम्म पनि भेटिंदैन ।

बाइबलमा धार्मिक आक्रमणका लागि यसप्रकार आदेश दिइएको छ, यिशुले यसो भन्दै बोल्नुभयो 'स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ । यसकारण गएर सबै देशका जातिहरूलाई चेला बनाओ र पिता, पुत्र र पवित्र आत्माका नाउमा वप्तिस्मा देओ । (मत्ती अध्याय २८ पदः १८/१९।।) म पृथ्वीमा मेल गराउन आएको हुँ भनी नसम्झ । मेल गराउन होइन, तरबार चलाउन म आएको हुँ । किनकि म मानिसलाई उसको बाबुको विरूद्धमा र छोरीलाई उसकी आमाको विरूद्धमा र बुहारीलाई उसको सासुको विरूद्धमा अलग गराउन आएँ । मानिसका शत्रु तर उसको आफ्ना परिवारभित्रैकाहरु हुनेछन् (मत्ती अध्याय १० पद ३४/३५/३६ ।।)

यहुदीहरूले आफ्ना शत्रुहरूलाई ठूलो मारकाट र विनाश गरेर तरबारले मारे । आफूहरूलाई घृणा गर्नेहरूमाथि तिनीहरूले आफूखुसी गरे । राजधानी शुशनमा यहुदीहरूले पाँच सय मानिसहरूलाई मारेर नाश गरे । तिनीहरूले पर्शन्दाता, दल्पोन, अस्पाता, पोराता, अदल्पा, अरीदाता, पर्मश्ता, अरीशै, अरीदै र वैजाता । हम्मदाताका छोरा यहुदीहरूको शत्रु हामानका यी दशै जना छोराहरूलाई पनि मारे । (एस्तर, अध्याय ९ । पद ५/६/७/८/९/१०।।)

अनि परमप्रभुले मोशालाई भन्नुभयो "यी मानिसका सबै नाइकेलाई लिएर परमप्रभुकै अगाडि चर्को घाममा झुण्डाइदेऊ । र परमप्रभुको भयानक क्रोध इस्रायलीहरूबाट हटोस् ।" मोशाले इस्रायलीहरूका न्यायकर्ताहरूलाई भने "तिमीहरु हरेकले पोरको बाल-देवतालाई पुज्ने सबै मानिसहरूलाई मार ।" इस्रायलीहरु भेट हुने पालको ढोकामा रोइरहेका थिए । त्यसबेला एकजनाले मोशा र इस्रायली समुदायकै सामने आफ्नो परिवारमा मिद्यानी आइमाईलाई ल्यायो । जब एलाजारको छोरो हारूनको नाति पीनहासले त्यो देखे, तब तिनले समुदायको मध्यबाट उठेर आफ्नो हातमा एउटा भाला लिएर त्यस इस्रायलीको पछिपछि भित्री कोठामा गएर त्यस इस्रायली र त्यस आइमाईलाई दुवैको भुँडी रोपिदिए । त्यसपछि इस्रायलीहरूबाट त्यो विपत्ति हट्यो । विपत्तिमा मर्नेहरु चौबीस हजार थिए । (गन्ती, अध्याय २५। पद । ४/५/६/७/८/९।।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परम प्रभुले मोशालाई भन्नुभयो "मिद्यानीहरूसँग तिमीहरूले बदला लेओ । परमप्रभुले मोशालाई आज्ञा गर्नुभए अनुसार तिनीहरूले मिद्यानसँग लडाइँ गरे र तिनीहरूका पुरुषहरु जतिलाई मारे । अनि इस्रायलीहरूले मिद्यानी स्वास्नी मानिसहरु र नानीहरु कैद गरे र धन सम्पत्ति लगे । तिनीहरु बसेका जम्मै सहरहरु छाउनीहरु यिनीहरूले जलाइदिए । – मोशाले तिनीहरूलाई भने "के तिमीहरूले सबै स्वास्नी मानिसहरूलाई जिउँदै राख्यौ । हेर, यिनीहरूले नै ता बिलामको युक्तिद्वारा अपराध गर्न लाएका थिए । यसै समुदायको बीचमा विपत्ति पनि आएको थियो । यसकारण सबै नाबालिकहरूमध्ये केटा जतिलाई र पुरुषको सम्पर्कमा आएका स्त्रीहरूलाई मार । (गन्ती, अध्याय ३१, पद १-१७।।)

यी र यस्ता अनेकौं हिंसाजन्य घटनाहरूबाट बाइबल भरिपूर्ण छ । ईसाईका ईश्वर यहोवा, पैगम्बर मोशा अनि ईश्वरको छोरा यिशुका भनाइहरूबाटै स्पष्ट हुन्छ, हिंसाकै बलमा यो धर्म अगाडि बढेको देखिन्छ ।

हेनरी चार्ल्स लीको पुस्तक 'ए हिस्ट्री अफ इन्क्विजीसन अफ द मिडिल एजेज (A History of the inquisition of the middle ages) मा उल्लेखित एक इन्क्विजिटर घोषणा-पत्रमा यो कुरा स्पष्ट उल्लेख गरिएको छ- 'आफ्नो वाणी र व्यवहारमा विधर्मी अत्यन्त विनम्र र संयमित छन् । उनीहरूलाई आफ्नो वस्त्रहरूमाथि कति पनि गर्व छैन । उनका वस्त्र न धेरै महँगा छन् न एकदमै सस्ता । उनीहरु धोखाबाजी, जालसाँजी र झुटबाट बच्नको लागि कुनै प्रकारको व्यवहार गर्दैनन् । उनीहरु आफ्नो श्रमबाट जीविका चलाउँछन् । मोची (जुत्ता सिउने पेशा) उनका शिक्षक हुन् । तिनले धन जम्मा गर्दैनन् । आफूसँग जे छ त्यसैमा उनीहरु सन्तुष्ट छन् । खाने पिउने विषय वा मामिलामा उनीहरु पवित्रता र सादगीलाई अपनाउँछन् । आफ्नो आचरण र व्यवहारमा यस्तो इमान्दारी, संयमित र सादगीपूर्ण हुँदाहुँदै पनि विधर्मीहरूको घोर निन्दा गरिन्छ र उनीहरूलाई निर्मम क्रुर यातनासँगै दण्ड दिइन्छ । यो पक्षको सबैभन्दा ठूलो विडम्बना यो थियो कि विधर्मीहरूमाथि यो सबै दमन धार्मिक न्यायालय (Inquisition) का नाउमा तिनीहरु (ईसाईहरु) ले गरे जो सबैभन्दा दयालु, बुद्धिमान, न्यायप्रिय र सन्त प्रकृतिका व्यक्ति मानिन्थे र जसको धर्मको जग नै प्रेम र न्याय थियो ।' (शर्मा गीतेश, धर्म के नाम पर, पृ. ८८ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाइबलमा बारम्बार याहवको त्यो भूमिकामा जोड दिने गरिएको छ। तसर्थ त्यसको निम्ति सुवाओट वा सेवाओत विशेषणको समेत प्रयोग गर्ने गरिएको छ, जसको अर्थ सेनाहरूको देवता हुन्छ। (शे. तोकारेवः, धर्मको इतिहास, अनु युवाराज पन्थी : पृ. २१९)

तोकारेव बाइबलको प्रसंगलाई उल्लेख गर्दै लेख्छन् : प्यालेस्टिनका मूल बासिन्दाहरूको निर्ममतापूर्वक संहार गरियोस भन्ने त्यो देवताको आदेश थियो। लडाइँमा जितिएको कैनानी नगर जेरिकलाई भूमिसात गरिएको थियो तथा त्यहाँका बासिन्दाहरूको नरसंहार गरिएको थियो। .... इजरायलीहरूले आफ्ना निम्ति छोडिएका ती सजीव सामग्रीहरु युद्ध अभ्यास गर्नका निम्ति भरपुर उपयोग गरेका थिए। पछि आएर सम्पूर्ण कैनान देश कब्जा गरेपछि पनि उनीहरूले शान्तिपूर्ण रूपमा बस्ने बासिन्दाहरूको समेत अकल्पनीय रूपबाट निर्मम नरसंहारजारी राखेका थिए। यहोवाले उनीहरूलाई कत्ति पनि नरम व्यवहार गरेन र हरबखत कठोर दण्ड दिन उक्साइरहेको थियो। ... यहोवाले चाहेका राजा डेविडद्वारा जितिएका देशहरु र नगरहरूका सबै बासिन्दाहरूको केवल नरसंहार मात्र गरिने नभएर उनीहरूलाई सबैभन्दा बढी कष्ट दिएर मारिन्थ्यो। (ऐ. पृ. २१९-२०)

परमप्रभुले भन्नुभयो सहर अर्थात यरूशेलमभित्र चारैतिर जा, र त्यसमा गरिएका सबै सबै घिनलाग्दा कामहरु देखेर शोक र विलाप गर्ने सबै मानिसहरूका निधारमा चिन्ह लगा। .. तिमीहरूले कसैमाथि दया नगर्नु। बूढा मानिस, तरूणी, तन्हेरी, बालकहरु र स्वास्नीमानिसहरु सबैलाई खतम पार, तर त्यो चिन्ह भएको कसैलाई पनि नछोड। मेरो पवित्र स्थानदेखि नै सुरू गर। .. भवन विटुलो पारिदेउ। चोकहरु मारिएका लासहरूले भरिदेउ। जाउ यसकारण तिनीहरूले गएर नाश पारे। (इजकिएल अध्याय ९। पद। ४-२७।)

यस्तै खालको निर्मम उदाहरण बाइबलमा उल्लेखित छ- अमेनियाको रब्बा नगरको विजयपछि डेभिडले त्यहाँका बासिन्दाहरूलाई निकालेर आराले चिरी दुई टुक्रा पार्ने गर्दथ्यो र फलामको हेग उनीहरूमाथि घुमाउँथ्यो। फलामको वञ्चराले उनीहरूलाई कटाउँथ्यो अनि इटाको भट्टीमा झोसिदिन्थ्यो। अमोनियाका सबै नगरहरूमा त्यस्तै गरिएको थियो। रक्तपात मच्चाउने मामिलामा यहोवाका अगाडि अजटेको विटिजलोपोच्त्ली र फिनियाको देवता मालोख केही पनि थिएन। त्यस्तो भीषण रक्तपातपूर्ण अवधारणा युद्धहरूकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपज थियो । (तोकारेव ऐ. २२०)

एक ईश्वरवाद र ईश्वरको दूतको रूपमा पैगम्बरको अवधारणाको प्रारम्भ यहुदी धर्मबाट हुन्छ । यहुदीहरूको धार्मिक ग्रन्थको संकलनलाई ओल्डटेष्टामेन्टको रूपमा जानिन्छ । यसको एक ग्रन्थ जेनेसिस (उत्पत्ति) १-१२ का अनुसार पैगम्बर अब्राहमलाई ईशापूर्व दुईहजार वर्ष पहिले ईश्वर यहोबाको सन्देश प्राप्त भयो । जसमा कनान क्षेत्र उसको अनुयायीहरु अर्थात यहुदीहरूको प्रतिश्रुत (Promised Land) वा अङ्गीकृत स्थल हो, जहाँ उनीहरूले आफ्नो राज्य हुनेछ । अङ्गीकृत स्थलमा अधिकार गरेर आफ्नो राज्य स्थापित गर्नमा यहुदीहरूलाई सयौ वर्ष अनवरत संघर्ष गर्नुपऱ्यो । (शर्मा गीतेश, ऐ. पृ. ८९)

यहुदीहरूको उक्त अङ्गीकृत स्थल कनानको क्षेत्र नै इजरायल हो । यो क्षेत्र यहुदीहरूको आगमन पूर्व रक्तपात वा हिंसाबाट रहित थियो भन्ने होइन । विभिन्न देवी देवताहरूलाई मान्ने कविलाहरूमा आपसी हिंसात्मक झडप पहिला पनि हुन्थे । यहुदी धर्मको प्रादुर्भावबाट यी संघर्षहरूले अरू उग्ररूप धारण गऱ्यो । प्रारम्भमा यो क्षेत्रमा पहिलादेखि रहेका विभिन्न कविलाहरु र यहुदीहरूबीच संघर्ष हुन्थ्यो । त्यसपछि यहुदीहरु र ईसाईहरु, यहुदीहरु र मसुलमानहरु, ईसाईहरु र मुसलमानहरूका बीच निरन्तर संघर्ष हुँदै आयो । १८ औं शताब्दीको सुरूवातकै बेला ईसाईहरु र यहुदीहरूबीच त शान्ति स्थापित भयो तर यहुदीहरु र मुसलमानहरु तथा ईसाईहरु र मुसलमानहरूका बीच संघर्षको शिलशिला जारी रह्यो । अहिले पनि चलिरहेको छ । एक हजार वर्षदेखि मध्यपूर्वमा हिंसाको रक्तपातले इस्लामको शान्ति र ईसाईको कथित प्रेमको खिल्ली उडाइरहेछ ।

रमाइलो कुरा के छ भने ईसाई र इस्लाम दुवै धर्मको जन्म यहुदी धर्मबाट भयो । यहुदीहरूको धर्मग्रन्थ जेनेसिसलाई ईसाई र इस्लाम दुवै धर्ममा मान्यता प्राप्त छ । र, यहुदीहरूको पैगम्बरलाई इस्लाम र ईसाईले मान्दै आएको पाइन्छ । यहाँसम्म कि यहुदीहरूको धार्मिक आचारसंहिताको एकदमै ठूलो अंशलाई ईसाई र इस्लाम धर्ममा स्थान प्राप्त भयो । तर यी सब तथ्यहरूको बावजुद यी धर्मका अनुयायीहरूबीच सदभाव, सहिष्णुता र सहअस्तित्वको एकदमै अभाव छ । एक हातमा बाइबल र अर्को हातमा तरवार लिएर उनीहरु प्रेम, करूणा र अहिंसाको धज्जी उडाउँदै रहे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहिले पनि धज्जी उडाउँदैछन् ।

यहुदी, ईसाई र इस्लाम तीनै धर्म संगमस्थल जेरूसेलमलाई तीनवटै धर्मका अनुयायीहरू पवित्र भूमि मान्दछन् । ईशापूर्व एकहजारमा यहुदीहरूले जेरूसेलम माथि कब्जा गरे र यहुदी राजा डेविडको छोरो सोलोमनले यसलाई यहुदी राज्यको पहिलो राजधानीको मान्यता दिए । यही नै ईसा मसिह पैदा भए र उनलाई यही नै सुलीमा चढाइयो । यही नै इस्लाम धर्मका अन्तिम पैगम्बर मोहम्मदले दुई पखेटा भएको घोडामाथि सवार भएर स्वर्गारोहणतर्फ लागे । यही घटनाको स्मृतिमा खलिफा उमरले यहाँ मस्जिद बनाए । (शर्मा ऐ. ९१)

जेरूसेलम सर्वधर्म, समभाव, सहिष्णुता, सहअस्तित्वको एक प्रेरणादायी स्थल हुनु पर्दथ्यो । यहाँबाटै तीनवटै धर्मका ईश्वरहरूको दया, करूणा, प्रेम, शान्तिको सन्देश मानवताका लागि उद्घोषित हुनु पर्दथ्यो तर इतिहास यो कुराको साक्षी छ कि यो स्थलको माटो तीनवटै धर्मका अनुयायीहरूबीच भएको हिंस्रक संघर्षको फलस्वरूप बगेको मानव रगतबाट रंगिदै आएको छ । दयालु ईश्वरका अनुयायीहरूले विगत चार हजार वर्षदेखि रगतको होली खेल्दै आएका छन् ।

सम्राट कान्स्तेन्ताइ (कस्टेन्टाइन) द्वारा धर्म स्वीकार गरेपछि नै ईसाईहरूको शक्ति बढेको हो । एक हातमा तरबार र अर्को हातमा बाइबल भन्ने भनाइ वा प्रचलनको जन्म यहीबाट नै भयो । तर बाइबलमा यसको वर्णन आउँछ । ईसामसीहले पीटरलाई जेरूसेसलमको बाहिर गैस्थेमानेको बगैचामा दुईवटा तरबार देखाएका थिए । पाँचौं शताब्दीमा यस घटनाको आधारमा यो कल्पना गरियो कि यी तरबार सत्ता र शान्तिका प्रतिक थिए । यसरी ईसामसिहलाई यो प्रदर्शित गरियो कि संसारमा दुई प्रकारका सत्ताहरु वा शक्तिहरु छन्- आध्यात्मिक (Spiritual) र सांसारिक (Temporal) । चर्च तथा राज्य क्रमशः यी दुई सत्ताको प्रतिनिधित्व गर्दछन् ।

ईसाई धर्मको नाममा अत्याधिक लोमहर्षक अत्याचार भयो । ईसाई धर्मगुरूहरूको आदेशले गैरईसाई, यहुदीहरू, बहुदेवतावादीहरू, मूर्तिपुजकहरू, जनजातिहरू, विधर्मीहरू, मुसलमानहरू आदिको नरसंहार गर्ने क्रम चल्दै गयो। अर्कोतिर आफ्नै सम्प्रदायका विभिन्न शाखा उपशाखाहरूका अनुयायीहरूलाई पनि मृत्युको मुखमा पुऱ्याउने काम गरिन्थ्यो । ईसाई धर्मावलम्वीहरूले सबैभन्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिले बहुदेववादीहरू, मूर्तिपुजकहरू आदि माथि आक्रमण गरे । संसारभरीकै सीने-सूने, ढोल द्यांग्रो आदिवासीका भाषा धर्म-संस्कृति, भेषभुषा, रहन सहन, रीतिरिवाज सम्पूर्ण रूपमा सर्वनाश गरी ईसाईहरू अगाडि बढिरहेका छन् ।

यसै क्षेत्रमा रहेका कनानी जातिहरूप्रतिको घृणा बाइबलमा उल्लेखित छ ।

जब तिनीहरू अधिकार गर्न भनी जान लागेका देशमा परम प्रभु तिनीहरूका परमेश्वरले तिनीहरूलाई ल्याउनुहुन्छ । र, तिमीहरूभन्दा असंख्य र सामर्थी यी सात जाति हित्ती, गिर्गाशी, एमोरी, कनानी, परिज्जी, हिब्बी र यहुदीहरूलाई तिमीहरूका सामुन्नेबाट उहाँले धपाउनुहुन्छ । -तिमीहरूले तिनीहरूलाई परास्त गर्छौ, तब तिमीहरूले तिनीहरूलाई सम्पूर्ण विनाश पार्नु । - तिनीहरूका देवताहरूका मूर्तिहरु तिमीहरूले आगोमा जलाइदिनु । - तिनीहरूले त्यसलाई एकदमै तिरस्कार र घृणा गर्नु । (व्यवस्था अध्याय ७ । पद १-२५।।)

परमप्रभु तिनीहरूका परमेश्वरले तिमीहरूलाई बस्न दिनुहुने कुनै सहरमा कतिपय दुष्ट मानिसहरु गएर त्यहाँका बासिन्दाहरूलाई कहिल्यै नचिनेका देवताहरूलाई पुजौ भनी बहकाएका तिमीहरूले सुन्यौ भने सोधखोज गरेर केरकारगर्नु र त्यस्तो घृणित काम भएकै रहेछ भनी प्रमाण मिल्यो भने तिमीहरूले त्यस सहरका बासिन्दाहरूलाई अवश्य काट्नु । औ त्यस सहरलाई नाश पार्नु र त्यहाँ भएका गाई वस्तु समेत सबैलाई तरबारले मार्नु । त्यहाँका सबै माल मत्तासमेत त्यस सहरलाई जलाइदिनु र परमप्रभु तिमीहरूका परमेश्वरका निम्ति त्यो होमवली झै हुनेछ । त्यो सधैंभरी रास लागिरहोस र त्यसको पुनःनिर्माण नगर्नु । (व्यवस्था अध्याय १३।पद।१२/१३/१४/१५/१५/१६।।)

यसप्रकारले उनीहरु अर्काको धर्म संस्कृति, स्थानीय परम्परा, आदिवासीका भाषा, चालचलन आदिलाई कसरी समाप्त पार्छन् र यस कार्यलाई उनीहरु धर्म भएको मान्दछन् । (शर्मा ऐ. ९४) पृ.

कसरी अरूको सभ्यता, संस्कृति ईसाईहरूले समाप्त पार्दछन् भन्ने अर्को प्रसङ्ग छ । धर्मान्ध ईसाईहरूको भीडले युनानी-रोमनेली संस्कृतिका बहुमूल्य कलाकृतिहरु सैतानका रचनाहरु मानेर नष्ट गरिदिएका थिए । त्यसबेला विद्वानहरु र कलाकारहरूलाई मारिदिएका थिए । इतिहास त्यस्ता थुप्रै तथ्यहरूले भरिपूर्ण छ । सन् ४१५ मा ह्यालेनिस्टिक सभ्यता संस्कृतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्र अलेजेन्ड्रियामा आक्रोशित ईसाईहरूले ज्ञानको अमूल्य निधि, त्यहाँको विश्वप्रसिद्ध पुस्तकालय ध्वस्त पारेका थिए र आगो लगाइदिएका थिए तथा महान विदुषी गणित, खगोलशास्त्र र दर्शन विषयक थुप्रै मूल्यवान रचनाहरूको लेखिका हाइपेटियाको निर्ममपूर्वक हत्या गरेका थिए । सन् ४१० मा पश्चिमी गोथोहरूद्वारा तथा त्यो भन्दा पनि ठूलो स्तरमा सन् ४५५ मा वडालहरूद्वारा रोममा गरिएको कला र विद्वानहरूका स्मारकहरूको ध्वंश धेरै हदसम्म धर्मद्वारा नै प्रेरित थियो । ती नयाँ ईसाईहरूले त्यसरी आफ्नो धार्मिक उत्साह तथा आस्था प्रदर्शन गर्ने गरेका थिए । (तोकारेव ऐ. पृ. ३४१)

यसैगरी पछिल्लो समयमा यी अत्याचारी राजाहरूमा चार्ल्स प्रथमको नामले प्रसिद्धी पाउने फ्रान्सका राजा चार्ल्स मेग्नेको नाउ विशेष रूपले उल्लेखनीय छ । उनले राजद्रोह एवं धर्मद्रोहलाई सबैभन्दा ठूलो अपराध घोषित गर्दै अपराधीहरूको लागि मृत्युदण्डको व्यवस्था गरे । सन् ७७५-९० को उनको शासनकालमा धर्मान्तरण अनिवार्य थियो । जसअन्तर्गत हरेक व्यक्ति ईसाई धर्ममा दीक्षित हुन आवश्यक थियो । चार्ल्स मेग्नेले आफ्नो साम्राज्यलाई विस्तार गरे । पश्चिम युरोपलाई एक बनाए । ३० वर्षको युद्धपछि सेक्सन जातिलाई पराजित गरेर इङ्ल्याण्ड माथि अधिकार गरे । उनको आज्ञाले बन्दी बनाइएका ४ हजार ५ सय सेक्सनहरूको टाउको काटेर कत्लेआम गरियो । उनको आफ्नो राज्यमा चर्चहरु र धार्मिक स्कुलहरूको जाल नै विछ्याए । धर्मको प्रचार प्रसारका लागि सन् ८०० मा पोप लियोले रोमन सम्राटको रूपमा उनको अभिषेक गरे । यो नै कुनै पोपद्वारा पहिलो चोटी गरिएको राजाको अभिषेक थियो । (शर्मा ऐ. पृ. ९५)

धर्मको नाममा भएको हिंसाको इतिहासमा क्रुसेडको नाउ कुख्यात छ । सन् १०९६ देखि सन् १२७२ का बीच पवित्रस्थान जेरूसेलममाथिको अधिकारलाई लिएर भएका आठ क्रुसेड अर्थात धर्मयुद्धहरूमा धर्मको नशामा आएर लाखौं-लाख मानिसहरूले आफ्नो ज्यान गुमाए । यी मध्येकै एउटा धर्मयुद्धमा पचास हजार अबोध बच्चाहरु पनि सामेल थिए । तिनीहरूको निर्मम हत्या र अपहरण गरी दिइएको निर्मम यातना कहालीलाग्दो छ । जेरूसेलम यहुदी, ईसाई एवं मुसलमानहरूको पवित्र भूमि वा पवित्र धार्मिक स्थल हो । तर विडम्बना विगत तीनहजार वर्षदेखि जेरूसेलम अनवरत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आक्रमणहरूको सिकार भइरहेको छ ।

कथित क्रुसेडको अर्थ धर्मयुद्ध हुन्छ । जुन ईसाईले ईसाई विरोधीहरु तथा शंका लागेकाहरु विरुद्ध पोपको स्वीकृतिबाट थालिएको युद्ध नै क्रुसेड (धर्मयुद्ध) थियो ।

जेरूसेलममाथि प्रभाव जमाएका तुर्कहरूको विरूद्ध एक धार्मिक युद्ध क्रसहरूको युद्ध (क्रुसेड) को प्रतिपादन र प्रचार गरियो तथा ईसाईहरूको मध्यमा चलिरहेको युद्धहरूमाथि बिराम लगाउने प्रस्ताव गरियो (ई. १०९५) । यस युद्धको घोषित लक्ष्य थियो जेरूसेलमस्थित पवित्र चिहान घरहरूलाई गैरईसाईहरूबाट पुनः फिर्ता पाउनु । पिटर हरमिट नामक एक व्यक्तिले सम्पूर्ण फ्रान्स र जर्मनीमा धेरै तरिकाले प्रचार गरे । यी व्यक्ति साधारण वस्तहरूमा नांगा खुट्टा, एक गधामा सवार भएर तथा हातहरूमा एउटा ठूलो क्रस लिएर निक्लिए र सडक बजारहरु तथा चर्चहरूमा एकत्रित भीडसमक्ष उग्र भाषण दिए । उनले तुर्कहरूद्वारा ईसाई तीर्थयात्रीहरूसँग बढ्दै गइरहेको क्रुरताहरूको निन्दा गरे तथा पवित्र चिहान घर ईसाईहरूको अतिरिक्त कुनै अन्य कब्जामा हुनु लज्जाको विषय भने । यस प्रतिक्रियाले शताब्दीयौंको ईसाई प्रचार फलीभूत भयो । पश्चिमी दुनियाँमा उत्साहको लहर पैदा भयो र ईसाई साम्राज्यको अभियान अगाडि बढ्यो । (वेल्स, एज.जी. अ सर्ट हिस्ट्री अफ द वर्ल्ड, अनु. नारायण गिरी, पृ. २०२-२०३) पवित्र चिहानघरलाई मुक्त गराउन भारी संख्यामा संगठित सेना होइन बरू भीडको रूपमा फ्रान्स, राइनल्याण्ड तथा मध्य युरोपबाट कुनै नेता अथवा कुनै सरसामानको प्रतीक्षा नगरीकन निस्किए । उनीहरूले भरखरै ईसाई बनेका मतियारहरूलाई पगान सम्झिए र तिनीहरूसँग अत्याचार गरे परिणामस्वरूप तिनीहरूको कत्लेआम गरिदिए । राइनल्याण्डमा यहुदीहरूको एक ठूलो हत्याकाण्डपछि यसैप्रकारको भ्रमको शिकार एक तेस्रो जनसमूह पूर्वतिर गयो र त्यसलाई पनि हंगेरिमा नष्ट गरिदिइयो । स्वयं पिटर द हर्मिटको नेतृत्वमा दुई अन्य ठूला जनसमूह कन्स्टेन्टिनोपल पुगे, वोस्फोरस पार गरे र सेल्जुक तुर्कहरूद्वारा पराजित गराइदिनुको बदला हत्या गराइयो । (ऐ. पृ. २०३-४)

यस्तै नरसंहारको सन्दर्भमा वेल्स अगाडि लेख्छन् । कसरी ईसाईहरूद्वारा निर्दोष मानिसहरको पासविक तरिकाले फ्रान्समा हत्या गरियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फ्रान्सको दक्षिणमा वाल्डोले विश्वास र रहन सहनमा जीससको जस्तै सुरलतातर्फ पुनः फर्कने शिक्षा दिन प्रारम्भ गरे, तर इनोसेन्ट तृतीयले वाल्डोनसीज (फ्रान्सको दक्षिणमा उत्पन्न भएको एक पवित्रवादी धर्मग्रन्थ) र वाल्डोको अनुयायीहरूको विरूद्ध धर्मयुद्धको घोषणा गरिदिए तथा उनीहरूलाई आगो, तरबार, बलात्कार तथा अत्यन्त घृणित क्रुरताहरुद्वारा कुल्चने आदेश दिइयो र पुनः अब **असीसीको सेन्ट फ्रान्सिसले (११८११-१२२६) ईसाको शैलीमा हिँड्ने तथा गरिबी र सेवा, सेवाको जीवन अपनाउने शिक्षा दिए, तब उनका अनुयायीहरू फ्रान्सिस्कनहरूलाई उत्पीडन गरियो, कोर्रा लगाइयो, जेलमा हालियो तथा उनीहरूलाई तितरवितर पारियो । ई. १३१८ मा तिनीहरूमध्ये चार जनालाई मार्सिलिजमा जिउँदै जलाइयो र अर्कोतिर इनोसेन्ट तृतीयले सेन्ट डोमेनिक (११७०-१२२१) द्वारा स्थापित घोर रूढीवादी पन्थको समर्थन गऱ्यो । यसप्रकार चर्चले अतिरेकपूर्ण दाबीहरू, अनुचित विशेषाधिकारहरू तथा तर्कहीन असहिष्णुताद्वारा जनसाधारणको त्यस स्वतन्त्र भक्तिलाई नष्ट गरिदियो ।** चर्चको पतनको बाहिरी शत्रुहरुबाट होइन, बरू आन्तरिक कारणहरुकै नै निरन्तरको कहानी हो । (ऐ. २०७-८) ।

पश्चिमी युरोपका ईसाई शासकले मुसलमानद्वारा हडपेको फिलिस्नीको पवित्र भूमि प्राप्त गर्नका लागि सन् १०९६ देखि १२९१ बीच (क्रुसेड) अन्तर्गत आठवटा सैनिक अभियान भए । क्रुसेडको पृष्ठभूमि मूलतः धर्मान्ध थियो परन्तु यसका साथसाथै बढी भूमि प्राप्त गर्ने र व्यवसायिक हित साधनको महत्वकांक्षा पनि थियो । (शर्मा पृ. ९५-९६)

यहुदीहरुमाथि हिटलरको नेतृत्वमा नाजीहरुले गरेको नृशंस अत्याचारका बारेमा धेरै लेखिएको छ । तर कमै मानिसहरुलाई थाहा छ, द्वितीय विश्वयुद्ध पहिले यहुदीहरु माथि धर्मको नामबाट ईसाई र इस्लामका अनुयायीहरुले सदियौदेखि अत्याचार गरिरहेका थिए । क्रुसेडको दौरानमा धर्मयोद्धाद्वारा युरोपमा यहुदीहरुका गाउँका गाउँ जलाइयो र उनीहरु मृत्युवरण गर्न बाध्य भए ।

सन् १२९० मा इङ्ल्याण्डमा यहुदीहरु विरूद्ध हिंसात्मक आक्रमण गरियो र उनीहरु इङ्ल्याण्डबाट निस्काशित हुनुपर्ने प्रचण्ड अभियान चलाइयो । सन् १३०६ मा फ्रान्समा पनि यसको पुनरावृत्ति भयो । स्पेनमा पनि विधर्मीहरु विरूद्ध चलाइएको अभियानमा मुसलमानका साथै यहुदीहरु पनि हिंसात्मक दमनको शिकार भए । कैथोलिक र प्रोटेस्टेन्टका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बीच भएको विवादमा फ्रान्स र स्पेनबीच ९२ वर्षसम्म युद्ध चल्यो (सन् १५५५-१६४८) । युरोपका विभिन्न देशहरूबीच भएको तीस वर्षीय युद्ध (सन् १६१८-४८) फ्रान्समा कैथोलिक र हुगनोटस्का बीच भएको छत्तीस वर्षीय युद्ध उल्लेखनीय छ । (शर्मा ऐ. ९९) ।

कसरी अत्याचारको शिलशिला कस्तो रह्यो भन्दै शर्मा अगाडि लेख्छन् : अनिश्वरवादीहरु, सुधारकहरूको बढ्दो प्रभाव रोक्नका लागि सम्राट फ्रेडरिक द्वितीयले सन् १२३२ मा विशेष धार्मिक न्यायालय (The Inquisition) को स्थापना गरे यसमा सदस्य पादरी र विशप हुन्थे) पोप ग्रेगोरी दशम (Pope Gregory) ले यसलाई धर्म सम्मत बताउँदै मान्यता दिए । सन् १२५२ मा यसलाई धर्मसम्मत घोषित गरी यो अधिकार प्राप्त भयो, जसअनुसार शारीरिक यातना दिई पाप स्वीकारोक्ति (Confession) को दलिल दिइ दण्ड दिइन्थ्यो । धेरै देशहरूमा यसप्रकारको अदालत स्थापना गरिएको थियो । यसमध्ये स्पेनमा स्थापित अदालत विशेष उल्लेखनीय छ । सम्राट फर्डिनेन्ट (Ferdinand) एवं महारानी इसावेला प्रथम (Isabella) द्वारा सन् १४७९ मा स्पेनका मुसलमान एवं यहुदीहरूलाई अभियोग लगाउने, सजाय दिनका लागि यसको स्थापना गरियो । यहुदीहरु, मुसलमानहरु र प्रोटेस्टेन्टहरु विरूद्ध चलाइएको अत्याचारको शिलशिला स्पेनमा सन् १८३४ सम्म जारी रह्यो । **महारानी इसावेला प्रथमले कुख्यात राज्यधिकारी तोमसदे तोक्वेमादा (सन् १४२०-९८) को आदेशबाट सन् १४८३ मा कमसेकम २००० (दुई हजार) विधर्मीहरूलाई जिउँदै जलाइयो । त्यसले ठूलो संख्यामा यहुदीहरूलाई स्पेनबाट निस्कासित गरेबाट स्पेनको आर्थिक अवस्था डावाडोल हुन गयो । (ऐ. पृ. १०१)**

२४ जुलाई १५५७ मा फ्रान्समा एउटा अध्यादेश (फतवा) जारी गर्दै परम्परावादी कैथोलिक होइनन्, उनीहरू मृत्युका भागीदार हुनेछन् । यो फतवा एडिक्ट अफ कम्पनी (Adict of Compeene) **को नामले प्रसिद्ध छ । नवम्बर १५५९ मा एउटा अर्को आदेश जारी गरी जो प्रोटेस्टेन्टको प्रवचनमा उपस्थित हुन्छ त्यसलाई मृत्युदण्ड दिइन्थ्यो, उनीहरूका घर जलाइन्थ्यो र त्यस्ता जलाइएका घरमा कहिल्यै बन्न बस्न नदिने गरिन्थ्यो । छत्तीस वर्षसम्म निरन्तर प्रोटेस्टेन्ट विरूद्धको हिंस्रक अभियान चलाइयो । फ्रान्समा यी प्रोटेस्टेन्टहरूलाई हुगनोट भनिन्थ्यो ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१ मार्च, १५५२ मा गुइजका ड्युक (Duke of Guise) सहर बाहिर घुम्न गइरहेका थिए । उनले केही प्रोटेस्टेन्टहरू प्रवचन गरिरहेका देखे । विना कुनै चेतावनी ड्युक र उनका अंगरक्षकहरूले निहत्था प्रोटेस्टेन्टहरूको हत्या गर्दै भने "यिनीहरू ईश्वरको समिपमा गइरहेका छन् ।" १७ सेप्टेम्र, १५५७ को पेरिसमा फ्रान्सेली सम्राज्ञी कैथराइनको आदेशबाट पच्चीस हजार (२५०००) हुगनोटहरूको हत्या गरियो । नरसंहारको यो सिलसिला फ्रान्सका अन्य प्रान्तहरूमा ३ अक्टुबर, १५७५ सम्म चल्यो । यस नृशंस हत्याकाण्डकी अपराधीनी सम्राज्ञी कैथोराइनलाई समस्त कैथोलिक राज्यहरूले बधाइ दिए र पोपले कैथोराइनको यस महान धार्मिक कृत्यका लागि पदवी प्रदान गरे । (शर्मा ऐ.पृ. १०१-१०२)

सम्राट लुई चौधौले सन् १७८५ मा आफ्ना मन्त्री लोविस (Louvis) को प्रभावमा आएर हुगनोटहरूविरूद्ध फतवा जारी गरे र उनीहरूलाई तत्कालै धर्मान्तरणको आदेश दिइयो । यस घटनाबाट कमसेकम चार लाख हुगनोटहरु फ्रान्सबाट भागेर इङ्ल्याण्ड र हल्याण्डमा शरण लिए ।

चर्चको आपसी मतभेदको असर इङ्ल्याण्डमा पनि पऱ्यो र त्यहाँ स्वतन्त्र चिन्तकहरु, सुधारवादीहरु माथि व्यापकस्तरमा उत्पीडन भयो । शारीरिक यातना दिइयो, जिउँदै जलाइयो । पन्ध्रौ शताब्दीमा जोन विक्लिफका अनुयायी लोलाई पन्थीहरूले अमानवीय यातनाको शिकार हुनुपऱ्यो । उनको अपराध यो थियो- उनले युद्ध एवं मृत्युदण्डको विरोध र निन्दा गरे । उनले भनेका थिए- चर्चद्वारा आर्जित अथाह सम्पत्तिको जनकल्याणका लागि उपयोग गरिनुपर्छ । सन् १४०१ मा लोलार्डपन्थीहरूलाई जिउँदै जलाउने अधिनियमा पारित गरियो । फलस्वरूप वर्षौ वर्षसंम्म लोलार्डपन्थी जिउँदै जले । (शर्मा ऐ. पृ. १०३)

हेनरी अस्टमले आफ्नो विवाहलाई लिएर निजी स्वार्थका लागि सन् १५५९ मा रोमन चर्चलाई अपदस्थ गरी आफूलाई नै चर्चको प्रमुख घोषित गरे । सन् १५३४ मा उनले रोमन चर्चबाट छुट्टै चर्च अफ इङ्ल्याण्ड स्थापना गरे । त्यसपछि नै क्याथोलिक माथि अत्याचार गर्न थालियो । सन् १५४७ मा हेनरी अस्टमका छोरा एडवर्ड द्वितीयले प्रोटेस्टेन्ट सिद्धान्तहरूलाई स्वीकार गरे । त्यहाँदेखि नै इङ्ल्याण्डमा प्रोटेस्टेन्ट र क्याथोलिकहरु बीच मतभेद चल्दै आयो र परिणामस्वरूप हिंसात्मक युद्धहरु भइरहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्कटकी रानी मेरी (१५८२-८७) ले पोपको आर्शिवादबाट इङ्ल्याण्डमा कैथोलिक चर्चलाई पुनःस्थापित गर्ने चेष्टा गरिन् । उनलाई इङ्ल्याण्डको राजगद्दिमा बसाउनका लागि रोमन कैथोलिक चर्चले कैयौ षड्यन्त्र गऱ्यो तर रानी एलिजावेथ प्रथम (सन् १५३३-१६०३) ले उनलाई बन्दी बनाइन् र १५८७ मा उनकै आदेशले मेरीलाई फाँसी दियो । सन् १५५९ मा रानी एलिजावेथले अध्यादेशबाट प्रोटेस्टेन्ट धर्मलाई राजधर्म घोषित गरिसकेकी थिइन् । हेनरी अस्टमपछि अझ धर्मको विषयलाई लिएर इङ्ल्याण्डमा मारकाट हुँदै रह्यो । यी नरसंहारमा असंख्य मानिसहरु मारिए । जसमा महिला पनि ठूलो संख्यामा थिए । प्रतिद्वन्द्वी धर्मावलम्वीहरूलाई दास बनाइयो, ठूलो संख्यामा महिला पनि थिए । त्यसपछि उनीरूलाई भर्जिनिया, पेन्सिलभानिया आदि उपनिवेशहरूमा जबरजस्ती लगेर बेचियो । वास्तवमा आयरल्याण्डवासीहरु कैथोलिक भएको हुँदा नै त्यस्तो अत्याचारको शिकार भएका थिए । (शर्मा राधाकृष्ण : ग्रेट व्रिटेनका इतिहास, किताब महल)

सन् १५२१ मा चार्ल्स पन्चमले विधर्मीहरूका लागि मृत्युदण्डका साथै उनीहरूको सम्पत्ति जफत गर्ने आदेश जारी गरे । ईसाई अर्थोडक्समा दीक्षित हुन नमान्नेहरूलाई जिउँदै आगोमा जलाउने, फाँसी दिने, उनीहरूको जिब्रो काट्ने आदि सजाय दिने प्रचलन सामान्य विषय थियो । ईङ्ल्याण्डद्वारा प्रोटेस्टेन्ट धर्म स्वीकार गरिएपछि सुधारवादी जोन काल्विन (१५०९-६४) का अनुयायीहरूलाई तातो रडद्वारा डामिन्थ्यो, उनीहरूको अंगभंग गरिन्थ्यो । स्कटल्याण्डमा अपराधीहरूलाई भैं उनीहरुलाई धरपकट गरेर तिनका कानहरु जरैदेखि उखेलिदिइन्थ्यो । तिनका औंलाहरूमा हतियारद्वारा प्रहार गरी अमानवीय पीडा दिइन्थ्यो । अनावास्टिस्टहरु तथा एरियनहरूलाई जिउँदै जलाउने गरिन्थ्यो । तर, जब गैरईसाई धर्मावलम्वीहरूको मुद्दा आउँथ्यो तब क्याथोलिक, प्रोटेस्टेन्ट, अर्थोडक्स सबै एक हुन्थे । यसैगरी इङ्ल्याण्डमा यहुदीहरु माथि पनि ठूलो अत्याचार गरियो । स्पेनमा मुसलमानहरूलाई जिउँदै जलाइयो । **ईसाई र यहुदी अथवा ईसाई एवं विधर्मीहरूका बीच भएका विवाहहरूलाई मान्यता दिइदैनथ्यो र विवाहिताहरूमाथि विद्रोहको आरोपमा ठूलो जरिवानाको सजाय दिइन्थ्यो । ईसाईहरूमा रंगभेद पनि कम थिएन । कुनै निग्रो ईसाई भएता पनि गोरी (ईसाई) स्त्रीसँग विवाह गऱ्यो भने उसलाई जिउँदै जलाउने गरिन्थ्यो ।** (शर्मा ऐ. १०४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी बेलायतमा धार्मिक अत्याचारको सिलसिला चलिनैरह्यो । सन्तपालका अनुयायीहरूले पोलिसियन सम्प्रदायहरूको स्थापना गरे । ग्रिक चर्च र वाइजेन्टाइन न्यायालयको आदेशमा दुई सय वर्षसम्म पोलिसियन सम्प्रदायका अनुयायीहरूलाई दण्डित गरिदैरह्यो । मैनुअलकी आमा थियोडोरा द्वितीयको आदेशमा एक लाख पोलिसियनरूलाई मृत्युदण्ड दिइयो जसले गर्दा आखिरमा अस्तित्व रक्षाका लागि उनीहरु बुल्गेरियामा गएर शरण लिनु पर्‍यो ।

स्पेन, फ्रान्स, इटली आदि देशहरूमा (ऐ.पृ. १०४) कैथोलिकले प्रोटेस्टेन्टविरूद्ध अत्याचार गरे भने इङ्ल्याण्डमा प्रोटेस्टेन्टले कैथोलिक एवं सुधारवादीहरूविरूद्ध अत्याचार गरे ।

चार्ल्स प्रथमले (सन् १६००-४९) आफूलाई ईश्वरको प्रतिनिधि घोषित गर्दै इङ्ल्याण्डमा राज गरे । सन् १६२९ देखि १६४० सम्म संसद विघटन गरे । उनले प्युरिटन तथा स्कट सुधारवादीहरूलाई दिएको चरम यातनाबाट इङ्ल्याण्ड गृहयुद्धमा फस्यो । संसदका प्युरिटन नेता ओलिमर क्रमवेलको नेतृत्वमा राजाविरूद्ध चलेको गृहयुद्धमा अन्ततः चार्ल्स प्रथमको हार भई सन् १६४९ का उनको शिरोच्छेदन गरी मृत्युदण्ड दिइयो ।

अर्कोतर्फ स्पेनमा राजा फर्डिनेन्डु पाँचौ (१४५२-१५१६) ले सन् १४८१ मा विधर्मीहरूलाई विनाश गर्नका लागि धार्मिक न्यायालय (The Inquisition) को स्थापना गरे । उनको शासनकालमा मुसलमान, यहुदी, नास्तिक एवं ईसाई धर्मका सुधारकहरु (प्रोटेस्टेन्ट आदि) का विरूद्ध क्रुसेड छेडियो । उनीहरूको सम्पत्ति जफत गरी लुटपाट गर्दै चरम यातना दिई देश निकाला गरियो ।

उत्तर अफ्रिकाका मुर जातिका मानिसहरू जुन मुसलमान थिए, जसले आठौं शताब्दीमा स्पेनमाथि शासन गरे । उनीहरूको विरूद्ध फर्डिनेन्डले सफाया आन्दोलन चलाए । सन् १४९२ मा मुरको अन्तिम गढ ग्रानाडामा अधिकार जमाए । यसप्रकार सम्पूर्ण जातिको धर्ममाथि अत्याचार गरी स्पेनबाट मुरलाई निस्कासित गरेर स्पेनमा विधर्मी विरूद्ध शदियौं अभियान चलाइयो । सन् १६०० देखि १६७० का बीच त्यहाँ ३१,९१२ मानिसहरूलाई विधर्मी भएको आरोपमा जिउँदै जलाइयो । स्पेनको अलावा स्पेन उपनिवेशमा पनि विधर्मी विरूद्ध उत्पीडन, हत्याको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिलसिला जारी रह्यो । (शर्मा ऐ. पृ. १०५)

यी र यस्ता अनेकौं घटनाहरू अहिले पनि ईसाईहरू चलाइरहेका छन् । **"म पृथ्वीमा मेल गराउन आएको होइन । म त तरबार चलाउन आएको हुँ ।"** (मत्ती अध्याय १०।पद ३४) भन्ने भनाइ संसारभरी उनीहरूले चलाएको हिसाबाट प्रमाणित भइरहेछ । मार्टिन लुथरकै माथिको भनाइलाई हेर्दा "यदि तिमी गोस्पेल (ईसाई धर्म ग्रन्थ) लाई सही अर्थमा बुझ्दछौ भने त्यो कुराको कल्पना गर्दै नगर यसको प्रचार, उत्पीडन, दुःख अथवा घोर गर्जन अथवा तीव्र चिच्चाहट विना सम्भव छैन । ईश्वरको शब्द एउटा तरबार हो, एउटा युद्ध हो एउटा विनाश हो" भन्ने अहिलेको संसारमा चरितार्थ भइरहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभ्यताहरूको निर्मम नाश :

ईसाई धर्मले बर्बर हत्या र आगजनीद्वारा सय भन्दा बढी सभ्यतालाई नष्ट गरिदियो । नष्ट गरिएका महत्वपूर्ण सभ्यताका केही नाम यसप्रकार छन् :-

१.	पेगन	सभ्यता	२२.	मलय	सभ्यता
२.	विजेन्तायन	सभ्यता	२३.	बेल्स	सभ्यता
३.	प्राचीन रोमन	सभ्यता	२४.	माग्यार	सभ्यता
४.	हेलेनिक	सभ्यता	२५.	जर्मेन	सभ्यता
५.	हेलेबेत्ती	सभ्यता	२६.	फ्रेक	सभ्यता
६.	ऋषियन	सभ्यता	२७.	सेक्सन	सभ्यता
७.	ग्रीक	सभ्यता	२८.	गाथ	सभ्यता
८.	यूनानी	सभ्यता	२९.	स्कॉट	सभ्यता
९.	इन्का	सभ्यता	३०.	मोचे	सभ्यता
१०.	कुश	सभ्यता	३१.	प्रेतानी(ब्रेतानीया)	सभ्यता
११.	नुविया	सभ्यता	३२.	नार्मन	सभ्यता
१२.	अक्सुम	सभ्यता	३३.	बोबिलोनीया	सभ्यता
१३.	शीवा	सभ्यता	३४.	जुनी	सभ्यता
१४.	केल्ट	सभ्यता	३५.	हित्ती	सभ्यता
१५.	क्रेट(कृति)	सभ्यता	३६.	एमरित	सभ्यता
१६.	सुडानी	सभ्यता	३७.	अकन	सभ्यता
१७.	बाँटू	सभ्यता	३८.	अग्नि	सभ्यता
१८.	घाना	सभ्यता	३९.	अशान्ते	सभ्यता
१९.	लुन्डा	सभ्यता	४०.	माली	सभ्यता
२०.	एकटेक	सभ्यता	४१.	मिस्री	सभ्यता
२१.	मय(माया)	सभ्यता	४२.	आर्यन	सभ्यता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खण्ड – २

क्रिश्चियनको संक्षिप्त इतिहास

दक्षिण एशियाली क्षेत्रमा क्रिश्चियन आततायीहरूले धावा बोल्न थालेको ५ सय वर्ष अघि भारतको तटवर्ती क्षेत्रमा भास्कोडिगामा आएपछि हो । क्रिश्चियनहरूले सन् १६१६ मा तिब्बतको साङपामा पहिलो चर्च निर्माण गरे । सन् १६२८ मा पूर्वी तिब्बतको सिगात्सेमा अर्को चर्च बनाए । सन् १७०३ मा तिब्बतमा इटालियन पादरी प्रवेश गरे । सन् १७६९ मा उनीहरूले आफ्नो अखडामा ८० जनालाई धर्म परिवर्तन गराए । नेपालमा सन् १७६० मा 'आवर लेडिज एजुम्सन'ले पहिलो चर्च काठमाडौं ठमेलमा र दोश्रो भक्तपुरमा निर्माण गरे । पृथ्वी नारायण शाहले सन् १७६९ मा काठमाडौं उपत्यका आफ्नो नियन्त्रणमा लिएपछि धर्म परिवर्तन गराउने ५७ जना पादरीहरूलाई देश निकाला गरे । पछिल्लो चरण सन् १९५० मा डेबिट मुखिया (सिक्किमी नागरिक) चर्च स्थापना गर्ने पहिलो व्यक्ति थिए । सन् १९५० र ६० का बीच तानसेन, गोरखा, ओखलढुंगामा चर्चहरू बनाइए ।[1] २०१८ सालमा अमेरिकी गैरसरकारी संस्था पिसकोर भित्रिएपछि संस्थागत रूप धारण गर्दै २०२८ सालको नयाँ शिक्षाबाट विधिवत ईसाईकरणका जराहरू फैलिए ।

वि.सं. २००८ सालमा युरोपियन क्याथोलिक मतको 'युनाइटेड मिशन टु नेपाल' नामक ईसाई संस्था शिक्षा र स्वास्थ्य सेवाको आवरणमा स्थापित हुन लाग्यो । त्यसैबाट नेपालको पूर्वी सीमापार दार्जिलिङबाट प्रोटेस्टेन्ट मतका नेपालीभाषी ईसाईहरूले पहिले पोखरामा र त्यसपछि काठमाडौंमा चर्चहरू खडा गरे र त्यसपछि लुकिचोरी ईसाई मिशन चलाए ।

सिभाइटिक रिलिजन तथा यहूदी र ईसाईमध्ये यहूदीहरू आफ्नै यहूदी 'नश्ल'मा सीमित रहेकाले यसले अन्य धर्मावलम्बीलाई धर्म परिवर्तन गराएको पाइएको छैन । तर ईसाईको विस्तार विश्वस्तरमा हत्या-हिंसा, साम-

---

1. Indian Evangelical Mission, 4 Kingston Road, Bangalore 25, Dr Rev: Theo Doce Williams.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाम, छल-छाम नीतिबाट भएको इतिहास छ । अहिले ईसाईत्व पश्चिमा साम्राज्यवादको धारिलो हतियार बनेर नेपालमा आएको छ । माओवादीको धर्मनिरपेक्षता, जातीय पहिचानको गुलियो नारामा पर्दाभित्रबाट बाईबल प्रवेश गरेको छ ।

कथित पहिचान र जातिको आवरणमा निर्वाचन मार्फत सदनमा क्रिश्चियनहरूको कब्जा गराउने नयाँ रणनीति हो । वि.सं. २०१५ सालमा संसदका लागि प्रथम आम निर्वाचनमा भाग लिन आयोगमा दर्ता गराउन जाँदा योगी नरहरिनाथको दल 'कर्मवीर महामण्डल'को आवेदनलाई दलको नीति सनातन 'वैदिक समवाद' भएकाले अस्वीकार गरिएको थियो । यसबाट स्पष्टरूपमा हिन्दूआवरणमा पश्चिमा साम्राज्यवादको केन्द्रले योगी नरहरिनाथ विचारमाथि प्रहार गऱ्यो । २०२८ सालको नयाँ शिक्षाको विरोध गर्दा योगीलाई पञ्चायती सरकारको जेल चलानबाट क्रिश्चियनहरूकै नियन्त्रणमा हिन्दू आवरणमा पञ्चायतभित्र ईसाई पादरीहरूको प्रभावशाली भूमिका भएको देखिन्छ । त्यही दातृरस नै माओवादको नयाँ आवरणमा प्रदार्पण गर्न आयो, निर्दोषहरूको हत्या गर्दै ।

यो कुनै क्रान्ति होइन, विश्व इतिहासमा हेर्दा १२ औं शताब्दीको जस्तो क्रिश्चियनहरूको क्रुसेड ज्यादती हो । क्रिश्चियानिटी ईस्वी सन् प्रथम शताब्दीमा शुरू भएको हो । यहूदी समुदायभित्र जिससका केही अनुयायीले यहूदीको धर्मग्रन्थ 'ओल्ड टेष्टामेन्ट' बाट आफूलाई क्रमश अलग्याउँदै 'न्यु टेष्टामेन्ट'मा संलग्न हुँदै गए । सन् ३१२ मा रोमन सम्राट सन्सेनटाइनले क्रिश्चियन धर्म ग्रहण गरेपछि यसलाई राज्य धर्मको स्थान दिए । उनको समयदेखि ईसाईको इतिहास यूरोपकै प्रमुख अंग हुन पुग्यो ।[2] ई.सं. १०५४ तिर ईसाई विभाजित भए क्याथोलिक पश्चिम जगत र अर्थोडक्स पूर्वी जगतको रूपमा । सन् १२ औं शताब्दीको शुरूमा धर्म युद्ध क्रुसेडको अभियान चलाएर ५० औं लाख निर्दोष मानवको हत्या गरे । यो अभियान अत्यन्तै क्रूर रूपमा चलाएको पाइन्छ । २० औं शताब्दीका क्रिश्चियन हिटलरले ६० लाख यहूदीहरूको हत्या गरे । ई.सं. १०९७ बिजेन्टाइन साम्राज्यका अधिपति एलोक्सियसको अग्रसरतामा रोमन पोपको

---

2. Indian Evangelical Mission 4 Kingston Road, Banglore 25, Dr. Rev. Theodoce Williams.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहयोगले चलाएको क्रुसेड युद्ध २० औं शताब्दीको अन्त्यतिर कम्युनिष्ट आन्दोलनलाई बदनाम गर्दै मार्क्सवाद, लेनिनवाद र माओवादको आवरणमा दक्षिण एसियामा निर्दोष मानवहत्याको साथ उदय भएको छ । नेपालमा माओवाद यसको ज्वलन्त उदाहरण हो ।

२०६३ जेठ ४ गते जनआन्दोलनले माग नै नगरेको धर्मनिरपेक्षता घोषणा गरियो । त्यसपछिका दिनहरूमा माओवादी संगठन क्रिश्चियनसँग सम्बन्धित एन.जी.ओ/ आई.एन.जी.ओद्वारा जातीय मुक्ति मोर्चाका ब्यानर र तुलहरू झुण्ड्याइए । कथित जनयुद्ध आवरणको क्रुसेड युद्धका क्रममा गाउँ-गाउँमा मन्दिरहरू भत्काइए, देवमूर्तिहरू तोडिए, गौमाताको हत्यागर्दै आलो रगत ब्राह्मणहरूलाई कोचाएर नखानेलाई मृत्युदण्ड गरियो, ग्रामीण क्षेत्रमा चली आएको कुल धर्ममाथि आक्रमण गरे । किरियापुत्रीको हत्या र अपहरण गरियो, संस्कृत विश्व विद्यालय र बहुमूल्य संस्कृत ग्रन्थहरूमाथि आगो लगाइयो । यो कुनै क्रान्ति होइन, क्रिश्चियनहरूको नयाँ साम्राज्यवादी मोडल हो ।

सन् १५८१ मा चेम्पियन नाम गरेका फादरले प्रोटेस्टेन्ट धर्म छाडेर क्याथोलिकहरूको सदस्य बने । परिणामतः बेलायतकी रानी एलिजाबेथको आदेश बमोजिम उनलाई टायबर्न नामक ठाउँमा बध गरियो । फादर ओकल्यान्डलाई ५ पटक सिकञ्जी नाम गरेको पेचमा कसिएको थियो ।[३] त्यसैगरी युद्धकालमा कथित माओवादीले बर्माले खोल्ने, जिब्रोमा प्वाल पारिदिने जस्ता धेरै नै अमानवीय यातना दिने कार्यहरू गरी प्रोटेस्टेन्ट क्रिश्चियनहरूको ठीक अनुयायी बनेर देखाए ।

दक्षिण कोरियाको नयाँ मोडल नेपाल

सन् १९८६ मा सिंगापुरमा भएको क्रिश्चियनहरूको एशिया साउथ प्यासिफिक कंग्रेसले "Winning Asia to Christ by Asian" अर्थात् एसियाका स्थानीय मौलिक धर्मसंस्कृतिलाई समाप्त पारेर क्रिश्चियानिटी फैलाउनका लागि एसियालीहरूलाई प्रयोग गर्ने रणनीति निर्माण गऱ्यो । शान्ति र सेवाका नाममा सनातन हिन्दू, बुद्ध धर्ममाथि अनास्था, घृणा सिर्जना गराउने र चर्च विस्तार गर्ने नीति बनाए ।[४]

३. आचार्य चतुर्सेन, सोना र खुन, रहस्य के हो ? स्वामी चन्द्रेश
4. Asian Evangelistic Fellowship, GPO Box 579, Singapore Dir. Dr. G.D. James.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोरियाली प्रायद्विपमा बुद्ध धर्मप्रति र दक्षिण एसियामा सनातन हिन्दू धर्ममाथि प्रहार गरिएको छ । अर्कोतर्फ दलाई लामामार्फत बुद्ध धर्मको बदनाम गर्ने र हिन्दू सम्राटको आवरणमा सनातन हिन्दूधर्म संस्कृतिमाथि प्रहार पश्चिमाहरूका दुई भिन्न पाटा देखिन्छन् । भारतमा ब्रिटिस सामाज्यवादको स्थापनाको उद्देश्य सम्बन्धमा तत्कालीन इष्ट इन्डिया कम्पनी अध्यक्ष लर्ड मेकालेले सन् १८५७ मा ब्रिटिस संसद्मा यसरी भनेका थिए, 'इङ्ल्यान्डलाई भाग्यले भारतको विस्तृत साम्राज्य सुम्पेको छ । यस शासनबाट ईसामसिहको झन्डा विजयोल्लासका साथ भारतको एक छेउदेखि अर्को छेउसम्म फर्फराइरहेछ, जसबाट भारतलाई ईसाई बनाउने काममा कुनै किसिमको विलम्ब हुन नपाओस् ।' (सोर्सेज अफ इन्डियन ट्रेडिसन, उधृतांश, भारतीय चिन्तन परम्परा, ३५६)

एसियाली राष्ट्रहरूलाई विभाजन, द्वन्द र विभिन्न फरक-फरक आयामबाट आफ्नो नियन्त्रण कायम गर्न पश्चिमा राष्ट्रहरूको वृहत अध्ययन पश्चात सिधाबाटो एकपछि अर्को असफल बन्दै गएपछि ईसाईहरूको राजनीतिकरण गर्नुपर्ने निष्कर्षका कारण दक्षिण कोरियालाई प्रयोग गरिएको छ । राष्ट्रसंघीय महासचिव वानकि मुन र विवादास्पद संस्था एपेक अगाडि सार्दै प्रचण्डमार्फत बुद्धको आवरणमा लुम्बिनी प्रयोग गर्ने प्रयत्न मात्र होइन, पास्टर सन म्योङ्ग मुन लगायतको नेपालमा सक्रियता अझ खतरा छ । पछिल्लो चरणमा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टरको उद्देश्य पनि योभन्दा भिन्न छैन ।

दक्षिण कोरियाको बाटो नेपाल हुँदै उत्तर कोरिया र चीनलाई घेराबन्दी गर्न आधार क्षेत्रको रूपमा यसप्रकारको नयाँ रणनीतिमा दक्षिण कोरियालाई प्रयोगमा ल्याइएको छ । यो शितयुद्धकालीन अवस्थामा सोभियत संघको घेराबन्दीजस्तै दक्षिण एसियालाई आफ्नो मुट्ठीमा पार्ने रणनीति अर्न्तगतको अभियान भन्दा अतियुक्ति नहोला । दोस्रो विश्वयुद्धमा अमेरिकाले जापानको हिरोसिमा र नागासागीमा आणविक बम खासालेपछि लाखौं निर्दोष जापानीहरूको मृत्यु भयो ।[५] जापानको सैनिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था पूर्णरूपमा ध्वंश हुन गयो । सन् १९४५ पछि जापानको दक्षिण कोरियासँग सबै सम्बन्ध टुट्न गयो । यही समयदेखि राष्ट्रसघंको

---

5. Gospel of Jesus Church 1548 Semohoya Tansshi P.O. Tokyo

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आवरणमा पश्चिमा साम्राज्यवादले दक्षिण कोरियामा आफ्नो पकडसँगै क्रिश्चियनीकरण गर्दै एसिया महाद्विपमा प्रयोग गरिने शिलशिला प्रारम्भ भयो । यस समयमा उत्तर तथा दक्षिण कोरियामा प्रशस्त संख्यामा ईसाई पादरी बनिसकेका थिए ।

दोस्रो विश्वयुद्धमा नटुंगिएको अध्यायलाई पश्चिमा साम्राज्यवादी शक्तिले ईसाईत्वको प्रबर्द्धन गरी दक्षिण एसियामा आफ्नो राजनीतिक अभिष्ट पूरागर्न चालेको गोटीका रूपमा माओवादको आवरणमा पहिले माओकै चीन ध्वंशगर्दै दोस्रो भारत ध्वंशगर्ने अभियानमा फ्यूजन भएर आएको छ । पछिल्लो चरणमा दक्षिण कोरियालाई केन्द्र बनाएर कोरियाली संस्कृति लोप गराउने कार्य भई रहेकोमा भारत र नेपालमा माओवादी ब्यानरमा ईसाईत्वको विस्तार गरियो । जसरी कोरियाली जनताले मान्दै आएका बुद्धधर्मको लोकप्रियतालाई नियन्त्रण गर्न क्रमश ईसाईत्वको धारले बौद्ध मतलाई पराजित गर्न दूरगामी योजनाको रचनाजस्तै सनातन संस्कृतिलाई दक्षिण एसियामा ध्वंशगर्न माओवादको रचना गरियो, सर्वहारा सांस्कृतिक क्रान्तिको आवरणमा ।[६]

यथार्थमा यो दोस्रो विश्वयुद्धकै समयमा रचिएको षड्यन्त्र थियो । माओकै समयमा चीनमा माओको उत्तराधिकालमा बुढेसकालको कमजोर अवस्थाको फाइदा लिंदै माओकै ब्यानरमा च्याङ्चिङ लगायतले चलाएको सांस्कृतिक क्रान्ति खतरनाक थियो । जसलाई देङ्गले सच्याए, हु जिन्ताओले खिष्टानीकरण विरूद्ध सांस्कृतिक नीति सन् २०११ मा पार्टीको प्लेनमबाट पारित गराए । राजनीतिमा स्थानीय धर्म, संस्कृति, संस्कार र दर्शनले प्रभाव पारेको हुन्छ । सुदूरपूर्वका देशहरूमा बौद्धदर्शन एवं संस्कृतिको प्रभाव छ भने दक्षिण एसियामा हिन्दू, बौद्ध, मुस्लिम, सनातन संस्कृतिको । बौद्ध धर्ममा विशेष लोकप्रिय रहेका चीन, जापान, उत्तर र दक्षिण कोरिया आपसमा एकीकृत शक्तिको रूपमा एसिया पूर्वको उदाउँदो महाशक्ति नै हो । यसलाई विभाजन गरेर शक्ति हत्याउन पाश्चात्य शक्ति पूर्वका देशहरूमा ईसाई धर्मको प्रत्यक्ष र परोक्ष ढंगबाट प्रबर्द्धन गर्दै यहाँको जन मनोविज्ञानमा प्रवेश गरेको छ ।

---

6 Korea International Mission Inc. IPO Box 3476, Seoul, Dr. Rev. David J. Cho.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिण एसियामा माओवाद र हिन्दू आवरणका जोगी र दक्षिणपंथी पार्टीहरू मार्फत दोहोरो रणनीतिअन्तर्गत घोगा फल्ने तर गेडा नलाग्ने मनसान्टो मकै जस्तै वर्णशंकरकरण गर्दै शक्ति नियन्त्रणको नवीनतम् रूप खडा गरिरहेको अवस्था हो ।

भारत-नेपाल, श्रीलंका लगायतका मुलुकहरूमा ईसाईत्वको आफ्नो शक्तिको लक्षित स्थिति प्राप्तगर्न पहिचान र जातीय आत्मनिर्णयको नाममा माओवाद र जातिवादको आवरणमा द्वन्द निम्त्याई आफ्नो अग्राधिकार कायम गर्ने प्रयत्न भइसकेको छ । हाम्रै अगाडि साक्षी छ, दक्षिण अमेरिका, कंगो, हाइटी, इराक, भारत, अंग्रेजकालीन उत्तर अमेरिका, (आदिवासी रेड ईण्डियन), अष्ट्रेलीयन र भियतनाम आदिको प्रसंग । नेपालमा एमाओवादी, मधेश र जातिवादी आवरणमा त्यसरी नै कब्जा गरेर चीन र भारत विरूद्ध केन्द्रित गर्ने रणनीति अन्तर्गतको तथाकथित संविधान सभाको विघटनपछि त्यसैलाई निरन्तरता दिँदै कब्जा गर्न विभिन्न तवरले अस्त्र फालिएको छ ।[७] यसलाई असफल नबनाए स्वयं भारत र चीनले नै सबैभन्दा महंगो मूल्य चुकाउनु पर्ने देखिन्छ ।

नेपाल र पास्टर मुनमार्फत राजनीतिक प्रयोग

नेपाली युवा युवतीहरूलाई युनिभर्सल पिस फेडेरेशन, वर्ल्ड युनिफिकेशन मुभमेन्ट, सुन्दरी प्रतियोगिता आदि जस्ता गैरसरकारी संस्था र विभिन्न माध्यमसँग जोड्दै ईसाई सैनिकीकरण अभियानमा लगिएको छ । त्यस्तै वर्तमान अवस्थामा राजनीतिक दलहरूबाहेक यहाँका विभिन्न जातीय संगठनहरूलाई मुनको ईसाई संस्था मार्फत प्रयोग गरिँदै छ । ब्राह्मण, क्षत्री, ठकुरी, दशनामी, जनजाति, आदिवासी भित्र यसको प्रभाव सशक्त छ । बाइबलकै सिद्धान्तलाई राजनीतिक रंगमार्फत सेवा र शान्तिको बहानामा प्रयोग गरेको बुझिन्छ । संसारका अन्य धर्मसँग हातेमालो गर्दै क्रमबद्धरूपमा ईसाईको बर्चस्व माथि पार्न यसप्रकारको रणनीति अपनाएको सहजै आँकलन गर्न सकिन्छ ।

मुनसँग भेट गर्ने दलका नेताहरूमध्ये पूर्व प्रधानमन्त्री मनमोहन अधिकारी, माधवकुमार नेपाल, पूर्व सभामुख तारानाथ रानाभाट, उपराष्ट्रपति परमानन्द झा,

7. Bharat Evangelical Mission 41 Main Road, Saint Thomas Mount, Madras 16

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, जसलाई युनिभर्सल पिस फेडेरेशनद्वारा 'नेतृत्व तथा सुशासन शीर्षकमा पदक पनि दिएको थियो। मुनका छोरा हृयोङ्ग जी मुन र योता मुनले तत्कालीन संविधान सभाका अध्यक्ष सुवास नेम्बाङलाई सिंहदरबारमै भेट्न पुगेका थिए। यसप्रकार मुनको संस्थाले उच्चतहका वरिष्ठ व्यक्तिहरूलाई भेटेर सम्मान गर्दै आफ्नो कुटनीतिक एवं रणनीतिक पाइलाहरू अघि सारिरहेको पाइन्छ। शान्ति र प्रेमको शब्दाडम्बरमा नेपाली राजनीतिमा ईसाईजगत खतरनाक रूपमा प्रवेश गरेको छ। मुनमार्फत मात्र होइन आरजु राणा र सुजाता जोष्ट (कोइराला) मार्फत दर्जनौ गैरसरकारी संस्थामार्फत राजनीतिलाई प्रभाव पार्न प्रभावशाली नेतृत्वको परिवारलाई नै जेलिएको पाइन्छ। त्यतिमात्र होइन, नेपालमा कतिपय संचारगृह, प्रभावशाली संचारकर्मीहरू समेत जेलिएका छन्, विभिन्न आर्थिक प्रलोभनमा।

यो अवस्थामा नेपाललाई जोगाउन र हाम्रो सांस्कृतिक, धार्मिक र प्रजातान्त्रिक राजनीतिक प्रणालीको रक्षा कसरी गर्ने हामी सबैको चुनौति हो। विश्व ईसाईकरण अभियानलाई शसक्त बनाउँदै दक्षिण एसिया कब्जा गर्ने उद्देश्यअनुरूप ईसाईत्वको गोप्य सञ्जाल चलिरहेको छ। यो सञ्जालको उत्पति दोस्रो विश्वयुद्धको नीतिको पछिल्लो प्रयोग हो।

प्रधानमन्त्री भएपछि गुरूआमा यलिनरलाई भेटेर बाइबल र दक्षिणा लिएका डा. बाबुराम भट्टराईले अन्तिमसम्म पनि पुनः संविधानसभा नै किन भने ? यो उनको आफ्नो गुरूआमासँग गरेको प्रतिबद्धता थियो, त्यसैले अन्तिम समयमा पनि बरू निर्दलियता स्वीकार्दै ब्यूरोक्रेसीलाई सुम्पने, तर पश्चिमा मोडल भन्दा बाहिर दललाई नसुम्पने अडान कसे। बाह्यरूपमा संविधान सभालाई जनताको आफ्नो मतमार्फत संविधान निर्माण गर्ने भनिए पनि सारमा त्यो थिएन।

क्रिश्चियन निशानामा शिक्षा र विश्वविद्यालय

'मैले भारत वर्षको पूर्व-पश्चिम व्यापक भ्रमण गरें, त्यहाँका जनतामा नैतिक बल र धर्म प्रतिभा भेटें। हामीले उनीहरूको सांस्कृतिक र आध्यात्मिक परम्पराको मजबुत ढाडलाई जबसम्म भाँचिदिंदैनौ, तबसम्म गुलाम बनाउन सक्दैनौ।'[८]

---

8 - Lord Macaulay (२ फेब्रुअरी, १८३५) बेलायती संसदमा पेस गरेको प्रस्तावको अंश।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वभरिका ईसाईहरूको सहयोगमा बौद्ध तथा हिन्दूराष्ट्र नेपाल र हिन्दू बाहुल्य देशहरूमा सन् १९५० को दशकदेखि ईसाईत्वको प्रहार सवल पार्न यसप्रकारको अभियान संस्थागत गरिएको हो। नेपालमा २०२८ सालको नयाँ शिक्षा सेन्टजेभियर्स, सेन्टमेरिज र अमरज्योति उच्च मावि जहाँका छात्र पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई माओवादको ब्यानरमा ईसाईकरणमा सामेल गराइए । जसरी दक्षिण कोरियामा ईसाई धर्म पुनः कमजोर हुनसक्ने स्थितिलाई मध्यनजर गरी विश्वविद्यालयमा प्राज्ञिक खेती तयार गर्न तथा युवा धनलाई ईसाईत्वको भण्डारण गर्ने उद्देश्यले प्रथम निशाना यहोवा महिला विश्व विद्यालय र योनसेई विश्वविद्यालयमा प्रवेशद्वारा नजिक धर्मप्रचारको थालनी गरियो ।[9] यहाँबाट ठुलो मात्रामा प्राज्ञिक खेतीहरू सफल भए । त्यसरी नै नेपालमा २०२८ सालको नयाँ शिक्षामार्फत प्रवेश गरे ।

यो अभियानको थालनी गरेको दुईमहिना पनि नबित्दै ती विद्यार्थीका कारण उनीहरूको मण्डलीको आकार बिष्फोटक अवस्थामा पुगेको पाइन्छ । पछि विश्वविद्यालयका डिनले प्रा.योङउ किमलाई पठाई उक्त मण्डलीमा विद्यार्थीको प्रवाह रोक्नका लागि भेट्न पठाएका थिए, तर उनी त्यही आबद्ध भए । विश्वविद्यालय र गिर्जाघर बीच विवाद बढ्दै गयो, यही क्रममा कट्टर ईसाईमतमा धर्मान्तरण भएका प्राध्यापक र विद्यार्थीहरू पनि निष्काशित भए । नेपालमा पञ्चायतको नयाँ शिक्षाबाट विश्वविद्यालयमा प्रवेश गरेको मन्दविष २०४६ सालको परिवर्तन पछि ईसाईत्वले तिब्ररूपमा छलाङ्ग मार्‍यो । त्यसैले अहिले यहाँको प्राज्ञिक उत्पादन हाम्रा लागि होइन, पश्चिमाहरूका लागि भएको छ । स्पष्ट भाषामा भन्नुपर्दा साम्यवादी र प्रजातान्त्रिक राष्ट्रहरूमा ईसाईत्वको राजनीतिक जरा गाड्न अहिले दक्षिण कोरियन भूमि खतरनाक प्रयोगमा आएको छ । त्रि.वि.वि.देखि नेपालका सबै विश्वविद्यालयका निजी विद्यालयहरू पश्चिमा शिक्षा प्रणालीका कारखाना बनेका छन् ।

सन् १९७५ देखि नै पाष्टर सन् म्योङ्ग मुनले न्यूयोर्कमा रहेको ईसाई ब्रदर क्याथोलिक सेमिनरीलाई खरिद गरेर एकीकरण थेउलोजी सेमिनरी (अर्थात बाइबल स्टडी) सुरु गरेका थिए । उनले नेपालमा खेलिरहेको भूमिका कम खतरनाक छैन । नेपाली राजनीतिमा मुनको संस्थाले राजनीतिक अग्राधिकार

---

9 Korean International Mission For Christ, P.O.Box 5381, Mission Hills, Calif 91345, Dir. Rev. Won Yongkoh.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जमाउन नेपाल परिवार दल खडा गरेको छ । घोषित रूपमै आएका जातीय पार्टीहरू तराईका क्षेत्रीय दलहरू अर्को पाटो हो । जसलाई बाबुराम भट्टराईले सरकारमा महत्वपूर्ण स्थानमा ल्याए, गुरूआमा यलिनरकै सुझाव र सल्लाहमा । हिन्दू तथा बौद्ध परिवारलाई क्रमशः ईसाईत्वको पारिवारिक तथा सामाजिक रूपान्तरण गर्न प्रशस्त गृहकार्य गरिरहेको पाइन्छ । Asian Public Peace Ambassador लगायतका संस्थामार्फत एक देशको नागरिक अरूदेशका नागरिक सँग विवाह गराउने प्रलोभन देखाएर नेपालका युवायुवतीहरूको सांस्कृतिक पारिवारिक पृष्ठभूमि खलबल्याउन उद्यत रहेका यस्ता संस्थाहरू सक्रिय छन् । जसरी विश्वविद्यालय मार्फत विद्यार्थीहरूमाथि नै प्रहार गरिएको छ । त्यसरी नै सांस्कृतिकरूपमा ठिमाहा सन्तान उत्पादन साथ दिर्घकालीन रणनीति अपनाइएको छ । यस प्रकारको अन्तरजातीय विवाहमा बाँधिएका बरबधुलाई परिवारजनले अस्वीकार गर्ने समस्या र एकअर्काको सांस्कृतिक मनोवैज्ञानिक पृष्ठभूमिको पृथकताले उब्जने नैराश्यता र उनीहरूका छोराछोरीमा पार्ने नकारात्मक असरले भरिने गरेको पाइन्छ ।

सन् १९६५ मा दश महिनाभित्र ४० देशहरू भ्रमण गरेका पास्टर सनम्योङ्ग मुन, जसलाई ईसाई सञ्जालको निमित्त प्रशस्त वैदेशिक सहयोग प्राप्त भएको भनाइ छ र यतिबेला उनी अर्को राजनीतिक विश्वविद्यालय माओवादी पार्टी विशेषतः प्रचण्ड र बाबुरामहरू मार्फत नेपालमा सक्रिय छन् ।[10] सन् १९७५ मै बी.पी. कोइरालालाई काठमाडौंमा जर्मन मुलुकका नागरिक शदुनरलाई भेट्न पठाएको पाइन्छ ।

विश्व ईसाई अभियानलाई सशस्त्र बनाउन नेपाल र दक्षिण एसियामा शसक्त अभियान चलिरहेको छ । नेपालको दरबार हत्याकाण्ड पनि अन्तर्राष्ट्रिय स्तरमा सैन्य हस्तक्षेपद्वारा भएको खुलासा हुँदैआएको छ । दरबारको सुरक्षा गर्ने, नेपाली सेना जसका उच्च हाकीमका छोराछोरीहरू सेन्ट म्यारिज, जेभियर्सजस्ता स्कुलमा बिना शुल्क पढ्ने गर्दछन् । राष्ट्रसंघको आवरणमा सेनाभित्र पकड जमाइसकेको पश्चिमा सञ्जाल नै दरबार हत्याकाण्ड गराउन सफल भएको छ । सैनिक दृष्टिकोणबाट वि.सं. १९०३ को कोतपर्वपछि राजनीतिक रूपमा बहादुर शाहको अवशानपछि र शैक्षिक रूपमा नेपालमा

---

10 Korea Evangelical Church 12, Mookyo Dong Changku Seoul.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहिले सक्रिय पाष्टर सनम्योङ्ग मुनलाई कोरियाली जनताको विरूद्धमा एवं विश्व ईसाईकरणको पक्षमा पाश्चात्य सेनासँग मिलेर देशद्रोह गरेको अभियोग पनि लागेको थियो । सन् १९५५ जून ४ गते कोरियाली प्रहरीले मुनलाई जेल सजायँ सुनाएको थियो ।[11] उनको नेपालका प्रवासी नेपाली पत्रकार माफ पनि गहिरो प्रभाव छ । विवादास्पद संस्था एपेक मार्फत प्रचण्डको आवरणमा बुद्धको जन्मस्थल लुम्बिनी कब्जा गर्ने अभियानमा उनको भूमिका महत्वपूर्ण थियो । **यहाँसम्मकी राष्ट्रसंघीय महासचिव वानकी मुन प्रचण्डको निम्तोमा लुम्बिनी आउने कुराको विरोध भएपछि नेपालमा आफूलाई प्रभावशाली दाबी गर्ने एक दैनिकमा बानकि मुन बुद्धिस्ट भएकोले चाहना राखेको भनेर (२०६८ चैत्र ६ कान्तिपुर सम्पादकीय) लेखाइयो । जबकि उनी क्रिश्चियन हुन् । यसबापत कतिपय प्रवासी पत्रकारहरूलाई मोटो रकममा बिक्री भएको सहजै बुझ्न सकिन्छ** । कोरियाको राष्ट्रिय सैनिक सेवा छाडेर अमेरिकी सैन्य विभागमा प्रवेश गरेका मुन ईसाईत्वको जरा गाड्न कुशल कुटनीतिज्ञ मानिन्छन् । उनी र उनी संलग्न संस्थाहरू अहिले नेपालका हरेक क्षेत्रमा चौतर्फी सक्रिय छन् । कतिपय जानेर र कतिपय अन्जानमा, कतिपय आर्थिक प्रलोभनमा यस्तो जघन्य राष्ट्रघाती अभियानमा सक्रिय छन् । जस्तो माल्पी इन्टरनेशनल एकेडेमीअन्तर्गतका विद्यालयहरूमा बाइबल राखिएको छ, जुन खतरनाक छ राष्ट्रियता र संस्कृति रक्षाका लागि ।

ग्रामीण क्षेत्रबाट उच्च शिक्षाका लागि शहर आएका साधारण विद्यार्थी, जो काठमाडौंलगायत पोखरा, विराटनगर, बुटवल, वीरगन्ज, नेपालगञ्ज, जस्ता नेपालका शहर बजार र सदरमुकाम वरिपरि समाजसेवाको आवरणमा प्रयोग भएका भेटिन्छन् । सस्तो डटपेन बिक्री गर्ने बहानामा बाइबलको प्रचारमा देखिन्छन् । बाहिर जिल्लाबाट उच्चशिक्षाका लागि शहरका कलेजहरूमा पढ्ने सुन्दर भविष्यको खोजीमा रहेका युवाहरूलाई उनीहरूको यौवन उमेरमा वैदेशिक यात्राको प्रलोभनमा प्रयोग गरिएको छ, जतिबेला धर्म संस्कृतिप्रति खासै रूचि हुँदैन ।

धार्मिक सांस्कृतिक एवं आध्यात्मिक विचलन पैदागरी नेपाली समाजलाई भाँड्ने संस्कृति, अस्मिता लोपगराई ईसाईत्वको मधुर विष

---

11 National Missionary Society of India 102 Peter's Road, Royapettah, Madras, 600014, Dr. Bishop R.D. Joshi

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रवाह गर्न विश्वविद्यालय र कलिला युवा युवतीहरूलाई प्रयोग गरिएको छ, लागूऔषधको मन्द विष जस्तै । यहि अभियान अन्तर्गत कुनै समय पाष्टर मुनका चेला रहेका पद्मरत्न तुलाधरले गाई काट्ने उद्घोष गरेका थिए । माओवादीले संस्कृत विश्वविद्यालयका प्राचार्यहरूमाथि आक्रमण गर्दै सांस्कृतिक जगमाथि हमला गर्दै आइरहेका थिए ।

त्यतिमात्र होइन, कम्युनिष्ट आवरणमा मार्क्सवादी विद्धान र विश्लेषकको आवरणमा प्रायोजित लेखकका मात्र लेख, रचना, अन्तर्वार्ता र स्तम्भ प्रकाशन गर्न समेत कतिपय संचार मिडियामा पत्रकारहरूलाई मोटो रकमका साथ ईसाई संस्थाहरूले प्रयोगमा ल्याइरहेका छन् । (कारणवश उनीहरूको नाम खुलाउन असमर्थ छु) जसले निरन्तर संस्कृति, वर्ग संघर्षका विषय होइन, जातीय मुद्दाहरू प्रायोजित रूपमा उठाइरहेका छन् । योजनाबद्ध रूपमा सञ्चार मिडियालाई अघोषित रूपमा पश्चिमा साम्राज्यको हितरक्षार्थ प्रयोग गर्नु उनीहरूको अभियान छ । यसकारण मुलुकको रक्षाका लागि आफ्नो परिवार र संस्कृतिको पनि रक्षा गर्नु अनिवार्य छ ।

२०२८ सालको नयाँ शिक्षा नीतिबाट प्रवेश गरेको ईसाईत्व चरम र विकृतरूपमा पश्चिमा संस्कृति बोकेर विश्वविद्यालयदेखि सडक चोक र गल्लीहरूसम्म पुगेको छ । राष्ट्रिय रूपमै नीति निर्माणको तहबाट यसको नियन्त्रण गर्न सकिएन भने अहिले देखिएको जातीय अन्तरद्वन्द जस्तै अब प्रत्येक घरघरमा द्वन्द शुरू हुनेछ ।

माओवाद-बाइबल सम्बन्ध

ब्रिटिस इन्डियाको शीतल राजधानीको रूपमा प्रयोग भएको दार्जिलिङ क्रिश्चियन आधार क्षेत्र बन्यो । त्यहाँ हुर्किएको पश्चिमा स्वार्थले रंगिएको उग्रवामपन्थी दृष्टिकोणबाट प्रभावित निर्मल लामा नेपाली कम्युनिष्ट आन्दोलनमा नश्ल र भाषिक नाताले गाँसिन आइपुगे । उनैलाई केन्द्र बनाएर वाम विभाजन चौमको रूपमा हुन पुग्यो । त्यही श्रृङ्खलाको विकसित निरन्तरता चौम, माले, मशाल, एमाले, एकता केन्द्र र माओवादी हो ।

सन् १९५० को शुरूमै नेपाली भूमिलाई जातीय युद्धमा परिणत गराउने योजना **अमेरिकी गुप्तचर संस्था सीआईएका पूर्व अधिकारी 'जोनकेनेथ न्याउस'ले आफ्नो पुस्तक *'अर्फान्स अफ द कोल्ड वार'*** मार्फत खुलासा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेका छन् । न्याउस लेख्दछन्, 'नेपाल तिब्बतसहित क्षेत्रमा युद्ध, लोभ र व्यापारद्वारा मात्र पकड राख्न सम्भव छैन । यसका लागि स्थानीय जातिलाई विभाजित गर्नुपर्दछ भन्ने आफैंले लेखेको काठमाडौं प्रतिवेदन सम्झन्छु । 'सन् १९९७ मा ७४ वर्षको उमेरमा काठमाडौं जाँदा जातीय संघर्ष विस्तार भएको छ । मैले के ठानें भने अब हाम्रा सीआईएका अधिकारीले नेपाललाई (आई.एल.ओ १६९) राष्ट्रसंघमा प्रवेश गराउन सके हिमालय पर्वतमालालाई हाम्रो मुख्यालयले तताउनेछ ।'

भारतको विषयमा उनी लेख्छन्, 'यदि जातीय द्वन्दले भारतको राष्ट्रिय अस्तित्वलाई तत्काल खतरा नपुग्ने हो भने भारत सहमत देखिन्छ । किनकि दुई शताब्दीभन्दा बढी ब्रिटिस शासनको व्यापक प्रभाव छ । यो स्थितिमा तिब्बतलाई केन्द्र बनाएर चीनलाई कमजोर पार्ने रणनीतिमा भारतलाई अगाडि सार्न सकिन्छ । नेपाल, बर्मा, पाकिस्तान, बंगलादेश, भुटान र भारतसँग तिब्बतकै माध्यम चीनको सीमा जोडिएको छ । यदि तिब्बत चीनबाट छुट्ने हो भने भौगोलिक रूपमा चीनको उक्त देशहरूसँगको समन्वय टुट्ने छ । त्यतिबेला भारतले आफूलाई शक्तिशाली ठान्नेछ । यसरी भारतलाई चीनविरूद्ध उभ्याउन सहज हुन्छ ।'

प्राग्ऐतिहासिक कालमा भृगु ऋषिका पुत्र वृत्तासुर कठोर तपस्या गरेर तीनै लोकका अधिपति ब्रह्मा, विष्णु, महेश्वरका स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा अकन्टक राज्य गर्न पुगेर त्यसबाट अत्तालिएका स्वर्गका राजा इन्द्र उनीहरूसँग उपायको खोजी गर्न पुगे । त्रिलोक पतिहरूले वृत्तासुरसँग मिलेर जानुमै कल्याण भएको सुझाव दिए । मितेरी साइनोमा गाँसिएको इन्द्र पुनः छलबाट वृत्तासुरको हत्या गर्न सफल भए भन्ने पौराणिक आख्यान रहेको छ । यस ब्रह्महत्याले इन्द्र आफै अग्निकुण्डमा पसेर अन्त्य भए । अहिले मार्क्सवाद र माओको बदनाम गर्न चलाइएको माओवाद ठीक यस्तै अवस्थामा पुगेको छ ।

नेपालमा इन्काथारुपी वामपन्थीहरू प्रगतिशील नाराको आवरणमा एकातर्फ घोर हिन्दू धर्मविरोधी छन् भने अर्कोतर्फ ईसाई धर्मलाई पथप्रदर्शकका रूपमा ग्रहण गर्दै आइरहेका छन् । क्रिश्चियन वा कम्युनिष्टमध्ये पश्चिमाहरूले पहिलो प्राथमिकता ईसाईकरणलाई नै दिएका छन् । माओवादीले एकातर्फ धर्म निरपेक्षताको नारामा देशव्यापी रूपमा हिन्दूधर्म माथि प्रहार गर्दै थियो भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्कोतर्फ त्यसको विकल्पमा माओवादीका अधिकांश केन्द्रीयदेखि स्थानीय धेरै कार्यकर्ता क्रिश्चियन धर्मका अनुयायी बन्दै थिए । प्रधानाध्यापक मुक्तिनाथ अधिकारीदेखि वाचनशिरोमणि पण्डित नारायणप्रसाद पोखरेलसम्मको हत्या यही प्रभावको परिणाम थियो । तत्कालीन अवस्थामा गण्डक इन्चार्ज रहेका बाबुरामको क्षेत्रमा भएको यो हत्या आफैमा रहस्यमय छ वि.सं. २०४६ को परिवर्तन पछि नेपाल भित्रिएको पश्चिमी राष्ट्रको सहयोगमा मानवअधिकार, बालअधिकार र गरिबी निवारणका नामबाट ईसाईकरणको अभियानतर्फ केन्द्रित छ ।[१२] यस सम्बन्धमा रोमन क्याथोलिकका धार्मिक, राजनीतिक प्रमुख पोप बेनेडिक सोह्रौं भन्छन्, 'ईसाईकरण तरिकामा आजको परिवर्तनलाई हेरेर केही सुधार ल्याउनु पर्छ ।' द्वितीय विश्वयुद्धपछि राजनीतिक र आर्थिक रूपमा दुई ध्रुवीय विश्वपरिवेशले युरोपेली उपनिवेशका रूपमा रहेका अफ्रिकी, एसियाली देशहरू एकपछि अर्को गरी मुक्त हुँदै गए । अबको विश्वमा शक्तिबाट भन्दा विचारबाट सम्राज्य कायम गर्न सकिने निष्कर्षमा ईसाईकरण अभियान थालियो र यो अभियानका सहायक तेस्रो विश्वका मुलुकहरूमा उग्रवामपन्थ हुने ठहर पश्चिमाहरूको छ । जसरी धार्मिक रूपमा मुस्लिम बाहुल्यका आधारमा पाकिस्तान र बंगलादेश विभाजित भए, त्यसरी नै भारतमा नागाल्यान्ड, मिजोरमको माग भइरहेको छ । भारतको माओवादी युद्ध जो विहार, झारखण्ड र छत्तीसगढ जस्ता आदिवासी बाहुल्य रहेको स्थानमा संगठित छ । ईसाईकरण दक्षिण एसियाली आदिवासी, जनजाति र दलितहरूकै बाहुल्य रहेको स्थानमा फैलिएको छ । यसैगरी दक्षिण एसियाको कथित माओवादी क्रान्तिलाई ईसाईकरणको विश्व अभियानबाट छुट्याउन सकिँदैन । अन्तराष्ट्रिय क्रान्तिकारी संगठन रिमको केन्द्र बेलायतमा छ र यसका अध्यक्ष बब अबाकियन आर.सी.पी. अमेरिकाका अध्यक्ष हुन् । 'रिम' तेस्रो विश्वका मुलुकमा जनयुद्धको आवश्यकता देख्छ । यसका नेतृत्वकर्ताहरू अमेरिका र बेलायतमा ठूलाठूला पूस्तक व्यापार गर्छन् । तर त्यहाँ युद्धको औचित्य देख्दैनन् । क्रिश्चियन राष्ट्रहरूमा सशस्त्र संघर्षको आवश्यकता देख्दैनन् । यसरी ईसाईकरणको मूल अभियानमा आरसीपीका संयोजक बब अबाकियनले कम्युनिष्ट अन्तर्राष्ट्रियतावादको शब्द दुरूपयोग गर्दै कम्युनिष्ट अन्तराष्ट्रियतावादी हुने हुनाले देशभक्तिवाद र राष्ट्रवाद बोक्ने

12. Salvation Army CPO Box 1192, Seoul 100

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मतप्रति असहमति राख्नें गरेका छन् । देशभक्ति र राष्ट्रियातामाथि आक्रमण गर्दै कम्युनिष्टहरूका निमित्त राष्ट्रिय गौरव भन्ने मान्यतामाथि आफूले विश्वास नगर्ने कुरा आफ्ना दस्तावेजहरूमा उल्लेख गरेका छन् । उनीहरूका निमित्त राष्ट्र र राष्ट्रियताको कुनै वर्गीय स्वरूप छैन । त्यो वर्गभन्दा माथि उठेको छ, यो माओ विचारधारा विपरीत छ ।

यस सम्बन्धमा माओ भन्छन्, 'कम्युनिष्टहरूले अन्तराष्ट्रियवादका नाममा देशभक्ति परित्याग गर्नु ठीक होइन । एकजना कम्युनिष्ट अन्तराष्ट्रियतावादी र देशभक्ति हुनु अनिवार्य छ ।'[13] माओवादीप्रति युरोपियन युनियनलगायत पश्चिमाको सहानुभूति हिन्दू धर्ममाथिको प्रहार र धर्म निरपेक्षताको आवरणमा ईसाईकरणलाई सहयोग गरिरहनु पनि हो । नेपालका प्रत्येक गाविसमा दुईवटा र नगरपालिकाका वडामा एउटा चर्च राख्ने विश्व ईसाई समुदायको लक्ष्यलाई धर्म निरपेक्षताको आवरणमा विस्तार गरिएको छ ।

सन् १९७९ को फ्रैंन्सको राज्यक्रान्तिपछि क्रिश्चियेनहरूको सार्वजनिक गतिविधिमा कडाइ गरिएको थियो । सन् १९१७ को रूसको अक्टोबर क्रान्तिपछि, १९४९ को चिनियाँ जनवादी क्रान्ति र कोरिया युद्धपछि सरकारी निगरानीमा बाहेक अन्य गतिविधि गर्न रोक लगाइएको थियो । तर यसको ठीक विपरीत नेपालमा कम्युनिष्ट आवरणमा गैरसरकारी संस्थामार्फत हिन्दू संस्कृतिमाथि आक्रमण गर्न सहयोग गरिएको छ । विश्वमै गैरसरकारी संस्थाहरू स्थापना गरेर ईसाईकरण गर्ने अभियानमा अमेरिकाको न्युयोर्कमा केन्द्र रहेको इभान्जेलिकल मठ युद्धस्तरमा लागेको छ । युरोपका नर्डिक मुलुकहरू अमेरिकाको डलरमा चलेका मानवअधिकारवादी संस्था र सीआईएको सहयोगमा रहेको इभान्जेलिकल मण्डलीको सहयोगमा धर्मनिरपेक्ष र ईसाईकरण नङमासुजस्तो हुन पुगेको छ ।

सन् १९९९ सेप्टेम्बर १२ को द इकोनोमिक टाइम्सका अनुसार अमेरिकाले रबर्ट सिप्पललाई भारत, नेपाल, चीनलगायतका मुलुकमा आफ्ना प्रतिनिधिमार्फत धार्मिक स्वतन्त्रतासँगै ईसाईकरणको प्रभावको विस्तारमा कानुनी र व्यवहारिक ध्यान दिन भनिएको थियो । अहिलेसम्म हेर्दा रिम र माओवादीहरूको दक्षिण एसियामा चलेको क्रान्तिबाट विश्व साम्राज्यवादले

---

१३. माओत्सेतुङ (१९४९) 'चिनियाँ कम्युनिष्ट पार्टीको सातौं महाधिवेशनको दोस्रो पूर्ण अधिवेशनमा प्रस्तुत प्रतिवेदन' चुनिएका रचनाहरू, भाग-४ प्रगति प्रकाशन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईसाईकरण गर्ने उद्देश्य पूर्तिका लागि उपयोग गरिरहेको देखिन्छ । स्थापना कालदेखि नै रिमभित्र अमेरिकाको आर.सी.पी.को नेतृत्व मात्र होइन, भइरहेका क्रान्तिलाई आफ्नो निर्देशनमा चल्नुपर्ने विश्लेषण गर्छ ।

रिमको समितिभित्र गलत विचारको आलोचना गर्नु पूरै रिमको विरोध होइन तथापि आर.सी.पी.ले त्यसरी नै लिने गरेको छ । पहिले रिमको तीन सदस्यीय समितिमा आर.सी.पी., सी.पी.आई.एम.एल. र टर्कीको टी.के.पी.एम.एल. छानिएका थिए । रिमको गठनसँगै मोहनविक्रमको नेकपा (मसाल) पनि सहभागी भयो, जसको नयाँ रूप एनेकपा (माओवादी) हो । पछि सैद्धान्तिक मतभेदका कारण उनीहरूले रिमको समितिबाट राजीनामा दिए । आर.सी.पी.ले आफ्नो अनुकुल इरान र बंगलादेशका पार्टीहरूलाई सामेल गर्‍यो । यसरी अमेरिकाको छाता संगठन रूपमा रिममा पकड रहँदासम्म शाब्दिक रूपमा विगतमा माओवादीलाई आतंककारी भने पनि व्यावहारिक रूपमा पश्चिमा मुलुकहरूले माओवादी युद्धलाई ईसाईकरणको सहयोगीका रूपमा उपयोग गर्दै आएका छन् । यतिबेला आर.सी.पी.ले माओवादका नाममा स्वयं माओका विचारहरूमाथि नै आक्रमण गर्दै आइरहेको छ । खासगरी राष्ट्रियताका विषयमा 'विश्वका मजदुरहरू एक होऔं' भन्ने नाराका आधारमा माओको विचारमाथि प्रहार गरिएको छ ।

राष्ट्रियता सम्बन्धी माओ स्पष्ट थिए, तर रिमभित्र माओवादको आवरणमा माओको विचारलाई ध्वंश गर्ने अन्तर्राष्ट्रियतावादलाई मात्र हेर्ने र राष्ट्रियतालाई गौण मान्ने प्रवृत्ति वैचारिक रूपमा चलाइयो ।[14] राष्ट्रियता गौण हुनुको परिणाम धर्म, संस्कृति र राष्ट्रियताका आधारस्तम्भ समाप्त गर्ने र ईसाईकरणलाई खुला मार्ग तय गर्नु थियो । यसरी विश्वक्रान्तिको मुख्य अन्तरविरोध साम्राज्यवाद विरूद्ध छ, तर संघर्ष भने व्यवहारमा साम्राज्यवाद परस्त हुँदै गईरहेको छ ।

रिमका संयोजक बब अबाकियनले ठूलो कसरत साथ राष्ट्रियता र राष्ट्रिय आन्दोलनमाथि हमला गर्दै आएका छन् । यसको मूल उद्देश्य तेस्रो विश्वका राष्ट्रिय मुक्ति आन्दोलनलाई ईसाईकरणमा उपयोग गरेर उग्र वाम आवरणमा विश्व साम्राज्यवादको केन्द्र कायम राख्नु हो । उग्र

---

14 Bab Abakain (1979), Mao Tse Tsung immortal contribution R.C.P. Publication, Chicago.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिणपन्थीमार्फत आधार निर्माण गर्नु हो । नेपाल धर्मनिरपेक्ष राज्य हुनुपर्दछ भनेर २०४७ साल बैशाखमा पहिलो पटक नेपालका क्रिश्चियनहरूले काठमाडौंमा प्रदर्शन गरे । माओवादीले २०५२ माघ २३ गते प्रस्तुत ४० सूत्रीय एजेन्डामा धर्मनिरपेक्ष राज्य अग्रस्थानमा राखे । पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय ०४७ सालको संविधानमा जनमतसंग्रह र धर्मनिरपेक्षता हुनुपर्दछ भन्ने पक्षमा थिए । (स्रोत : डा. केशरजंग रायमाझी, संविधानसभा र ताजा निर्वाचन, अन्नपूर्ण पोष्ट दैनिक, ११ भाद्र २०६८)

यलिनरको भूमिका

गोरखाको लुइँटेल स्कुल (अमरज्योति उच्च मावि) की स्वयंसेवी हुन् गुरूआमा यलिनर । न्यूयोर्क भ्रमणको बेला प्रधानमन्त्री डा. भट्टराईले आफ्नो गुरूआमालाई पनि भेटे । बाबुरामकी गुरूआमा हत्याहिंसामा विश्वास गर्दिनन् भने पनि उनले आफ्नो चेलालाई बाइबल पढ्न भन्नुबाट धर्मनिरपेक्षताको लक्ष्य पूरा भएको देखिदैन र १७ हजारभन्दा बढी मानव हत्याको रगतको जगमा देशव्यापी रूपमा चर्चको विस्तारसाथ संस्थागत गर्न गुरूआमाले दिएको सुझाव हो भन्ने बुझ्न कठिनाइ छैन ।

सेक्सपियरको कथा जस्तै राजा डंकनको हत्या गरेर म्याकवेथमा भएको घटनाअनुसार राजा वीरेन्द्रको हत्याबाट उदय घटनाक्रमको सल्लाह गुरूआमाले दिएको भन्दा अत्युक्ति नहोला । स्कटल्यान्डमा राजा डंकनको हत्या गरेर म्याकवेथले सत्ता हत्याउँछन् र त्यसपछि हत्याको पीडामा मुक्त हुन नसकेमा म्याकवेथ दम्पति रातभर निदाउन सक्दैनन, जसरी १७ हजारको रगतमा उदय भएका माओवादी निदाउन सकिरहेका छैनन् । उनीहरूलाई पश्चिमा शक्तिहरूले ईसाई केन्द्र निर्माणको लागि दबाब दिएका छन्, तर अघोषित रूपमा ।

राजा डंकन रगतबाट मुछिएका दुर्गन्धित हात सफा गर्न, विक्षिप्त भएर सुगन्धका लागि संसारभरिको अत्तर छर्केर वासना छर्ने असफल प्रयास गर्छन्, जसरी यतिवेला माओवादीले गरिरहेका छन् । अन्त्यमा विक्षिप्त म्याकबेथ युद्धमा पराजित भएर मर्छन् । यो कथालाई राम्रोसँग बुझेकी गुरूआमा यलिनरले १७ हजारको रगत, राजा वीरेन्द्रको हत्याकाण्ड र अन्त्यमा राष्ट्रियताको हत्या गरेको रगतले कटकटिएको आफ्नो छात्रको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात र यही पापबाट उत्पन्न मानसिक पीडाजन्य अनिद्राबाट पीडित आफ्नो प्यारो चेलालाई बाइबल उपहार दिएर निद्रा नलागेको बेलामा यो पढ र संस्थागत गर भनेर उनलाई ५ सय डलर दक्षिणासहितको सन्देश दिइन् ।

'रिम' क्रिश्चियनको पाटो

पूर्वी युरोपका समाजवादी देशहरूको पतनपछि अमेरिकाको एकल ध्रुवीय प्रभावले सन् २००० पछि ईसाई र इस्लामबीच संघर्ष बढ्दै गइरहेको छ । जसको प्रभाव सीआईएले खडा गरेको इराक र अफगानी तालिवानमाथि हमला गऱ्यो । चेचेन्या, बोस्नियादेखि पूर्वी टिमोर, फिलिपिन्स, इजिप्टसम्मका युद्धहरू धार्मिक समूहसँग जोडिएका छन् । ईसाई र इस्लामबीच युद्ध जहाँ भइरहेका छन्, मानवअधिकारको आवरणमा पश्चिमा हस्तक्षेप बढेको छ । पोलपोटले कम्बोडियामा भियतनामी फौज रहुन्जेल अमेरिका, बेलायतका प्रिय पात्र भई सहयोग पाएका थिए । भियतनामी फौजले कम्बोडिया छाड्नेबित्तिकै स्वार्थ पूरा नहुने देखेपछि उनी हत्यारा भए ।

नेपालका माओवादी, क्रिश्चियनमण्डली यिनीद्वारा संरक्षित कथित पहिचानको नामबाट जातिवादीहरूका पछाडि राजनीतिक सांस्कृतिक दुराशय छ । नेपाललाई क्रिश्चियन बाहुल्य बनाएर अर्को मिजोरम, मेघालय र नागाल्यान्ड जस्तै छुट्टै क्रिश्चियन राज्यका लागि सशस्त्र विद्रोह गर्ने अवस्थामा पुऱ्याउने उद्देश्य रहेको छ । जातीय पहिचान, जनमतसंग्रह र संघीयता त्यसैको अर्को पाटो बनेर आएको छ । ताकि नेपालमा विकेन्द्रीकरण र स्थानीय स्वशासनले जातिहरू पनि सुरक्षित हुन्छन् ।

मार्क्सवादी दर्शनको वैज्ञानिक सार्वभौमिकता स्वीकार गर्दा बितण्डा मच्चाउने अराजकतावादी अभ्यास यसलाई बदनाम गर्ने विसंगत पक्ष हुन् । यसको सार्वभौमिकताको जाँच गर्दा सन् १९१७ को रूसी अक्टोबर क्रान्ति र सन् १९४९ को चिनियाँ नयाँ जनवादी क्रान्ति यसको औचित्य पुष्टि गर्ने जीवन्त प्रयोगका धरोहर हुन् । समाज विकास क्रममा यस दार्शनिक ध्येयअनुकूल रही औचित्य पुष्टि गर्नु संवर्द्धन संरक्षण र प्रयोगका नितान्त आवश्यक पहलहरूमा अवलम्बन हुन पुगेका समायोजित प्रयास दार्शनिक पक्षकै संगत उपलब्धि मान्नुपर्छ ।

जहाँसम्म सोभियत संघ विघटनको प्रसंग छ, यसमा दार्शनिक पक्षको त्रुटि नभई व्यवहारिक प्रयोगकै क्षेत्रमा रहेका कमीकमजोरीहरूको समयमै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपचार हुन नसक्नुको परिणाम मात्र हो । स्टालिनको मृत्युपछि बढेको खिष्टानीकरण नै विघटनको कारण हो । यस घटनाले विश्वव्यापी पैमानामा केही प्रहार त गर्नसक्छ, तर निर्णायक पराजयको कारक तत्व मान्न सकिँदैन । एकातर्फ सोभियत संघको विघटनलाई मार्क्सवादी दर्शनको असफलता भन्ने, अर्कोतर्फ चीनले लिएको अर्थव्यवस्थालाई पूँजीवादसँग जोडेर प्रोपागान्डा गर्नु र हेर्नु पूर्वाग्रही विश्लेषण हो । सन् १९५६ मा रूसले लिएको बाटो गलत भन्नेहरूले सन् १९९० को सोभियत संघको दुर्घटनालाई समाजवादको असफलतासँग जोड्नु पनि विपरित कुरा हो । चीनले सन् १९७७ पछि लिएको बाटो गलत हो भन्ने तर्क हो भने सन् १९९० को सोभियत संघ विघटनलाई मार्क्सवाद प्रयोगको असफलता भन्नेहरूको निरन्तरता मान्ने के आधार छ ?

नेपालको सन्दर्भमा कम्युनिष्ट आन्दोलनभित्र वाम आवरणमा स्वयं यसको दार्शनिक पक्षलाई न्यूनीकरण गर्दै रणनीतिक लक्ष्यलाई किनारा लगाएर प्रगतिशील आन्दोलनलाई ध्वंश गर्ने रणनीति वि.सं. २०३६ सालदेखि सतहमै प्रकट भएको इतिहास र त्यसका भ्रूणहरू ताजै छन् । खासगरी पछिल्लो चरणमा माओ विचारधाराको जगमा स्थापित र उनकै निरन्तरतामा रहेको देङको नीतिमाथि माओवादकै आवरणमा आक्रमण भइरहेको छ र त्यसको भूमिका 'रिम' ले निर्वाह गरिरहेको बुझ्न पनि कठिनाइ छैन । नेपाली सन्दर्भमा पूर्व कोसीदेखि झापाली मालेको कम्युनिष्ट आत्मसम्मानसमेत परित्याग गर्दै राष्ट्रिय आत्मसमर्पणवादका रूपमा पतन हुँदै बहुदलीय जनवादको रूपमा समाप्त त भयो नै, यसका सिद्धान्तकार मदन भण्डारीको पनि भौतिक रूपमै षड्यन्त्रपूर्वक (कम्युनिष्ट आन्दोलनको विसर्जन गराएर) हत्या गरे । हालको २१औं शताब्दीको जनवादको आवरणमा सुरक्षित ठान्नेहरूले एकपटक मदन भण्डरीलाई फर्केर हेरेर उनका अनुयायी र बहुदलीय जनवाद विरासत ठान्नेहरू व्यावहारिक र सैद्धान्तिक रूपमा कहाँ छन् भन्ने कुराबाट शिक्षा लिन नसके यसको पतनलाई कसैले रोक्न सक्दैन । १२ बुँदे सम्झौता सैद्धान्तिक र व्यवहारिक रूपमै साम्राज्यवाद र एकाधिकार पूँजीवादसँगको आत्मसमर्पण हो र देङलाई संशोधनवादी भन्नु र १२ बुँदे ऐतिहासिक भन्नुजस्तो लज्जास्पद विषय वा विश्लेषण के हुनसक्छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मार्क्सवाद लेनिनवाद र विश्व कम्युनिष्ट आन्दोलनको अनुभव चिनियाँ कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त मानिन्छ । माओ विचारधारा यही पृष्ठभूमिबाट किसान संघर्षसँगै विकसित र स्थापित हुँदै एसियाली परिवेशमा जन्मियो, हुर्कियो र आधुनिक चीनको निर्माण गर्ने आधारशिला रह्यो । यसैको निरन्तरता आत्मसाथ गर्दै देङ सियाओ पेङले आत्याधुनिक चीनको मार्ग प्रशस्त गर्दै माओ विचारधारलाई रक्षा गरेको छर्लङ्गै छ । यसबाट विश्व कम्युनिष्ट आन्दोलन अनविज्ञ रहन सक्दैन । जसलाई सी.पी.सी.ले मार्क्सवाद, लेनिनवाद, माओविचारधारा, देङ थ्यौरीसहित आफ्नै मोडलको समाजवाद अगाडि सारेको छ ।

यसको मान्यताले विश्वव्यापी रूपमा साम्राज्यवादी केन्द्रमा ल्याएको आर्थिक, राजनीतिक र वैचारिक संकटबाट अत्तालिएर साम्राज्यवादी गुरूयोजनामा देङमाथि प्रहार हुँदैछ । सन् १९८४ मा स्थापना भएको 'रिम' माओवादको आवरणमा माओ विचारधाराका विकसित मान्यता ध्वसं गर्ने अभियानमा चलाइएको सी.आई.ए. रणनीतिमा वर्गसंघर्षलाई ध्वंश गर्दैछ । साम्राज्यवादीद्वारा चलाइएको जातीय आत्मनिर्णयका गैरसर्वहारा वर्गीय एजेन्डा बोक्नेहरूको देङमाथि आक्रमण शाश्वत् सत्यलाई तोडमोड गर्ने दुष्प्रयास स्वरूप साम्राज्यवादको स्वार्थ अनुकूल शब्दजालको षड्यन्त्रमार्फत चलाइएको प्रपोगान्डा भन्दा भिन्न होइन । नेपालमा 'माओवाद'को आवरणमा चलाइएको ध्वंसात्मक अभियानको साम्राज्यवादी प्रपोगान्डाको प्रलापभन्दा भिन्न अस्तित्व नै छैन । यसलाई २१ औं शताब्दीको जनवादको आवरणभित्र बहुदलीय जनवादरूपी रातो रङको पश्चिमा विचारधाराको पृथकरूपमा बुझ्न सकिँदैन ।

५० वर्षपछिको साम्राज्यवादी नेतृत्व लिने गुरूयोजना अन्तर्गत (CIA) पश्चिमाहरूले आफ्नो रक्षार्थ नयाँ अनुहार सहितको नेतृत्व लिने षड्यन्त्र चलाएको प्रष्टै छ । जसरी पञ्चायतको अवस्थामै चौम, माले, मसाल ब्रान्डमा वैचारिक धारालाई नियन्त्रित गर्दै त्यसैको नयाँ रूपमा क्रियाशील गराउने परियोजना अन्तर्गत स्थापित हुन पुग्यो । अन्ततः साम्राज्यवाद सँगको टकरावमा यही तत्व राजतन्त्र समाप्त गर्ने औजार बन्न पुग्यो । यो ब्रान्ड पहिलो चरणमा बहुदलीय जनवादको प्रयोग थियो भने यसैको निरन्तरता दोस्रो चरणमा २१ औं शताब्दीको जनवाद आएको हो भन्ने बुझ्नु अनिवार्य छ ।

'रिम'ले संसारमा कही पनि समाजवादी सत्ता देख्दैन । त्यसो भए जनवादी गणतन्त्र चीनदेखि क्युवासम्म, उत्तरकोरियादेखि विघटित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोभियत संघसम्मको प्रगतिको जग के हो त ? यतिबेला संसारमा जहाँ-जहाँ प्रगतिशील सत्ता छन्, त्यहाँ रिमले आक्रमणको निशाना बनाएको छ । तर क्रिश्चियन मुलुकहरू साम्राज्यवादी सत्ता स्थापना भएका देशकहरूमा उसले क्रान्तिको औचित्य देख्दैन । यसका भ्रूणहरूले उग्र र उत्तेजक नारा र एजेन्डामा नेपाललाई साम्राज्यवादको केन्द्रका रूपमा जसरी अल्ट्रा राइटिस्ट ओपनियन सेन्टरका रूपमा 'मध्यपूर्व' ध्वंस गर्न इजरायलको प्रयोग गरिरहेको छ, त्यसरी नै चीन र भारत विघटन गर्न क्रिश्चियन राज्य बनाएर नेपाललाई आधार इलाका बनाउन खोजेको देखिन्छ । यो ध्वंसात्मक अभियानको दीर्घकालीन रणनीतिअन्तर्गत अल्ट्रा लेफ्ट ब्रान्डमा रिमको प्रयोग सिंगो दक्षिणएसियामा प्रयोग भइरहेको त होइन ? यसैको केन्द्रका रूपमा नेपालमा माओवादी ब्रान्ड प्रयोगमा ल्याइएको स्पष्ट छ ।

नेपालका माओवादीले बोकेको जातीय आत्मनिर्णयसँग जोडेर उठाइएको संघीयताको एजेन्डा वर्गसंघर्षलाई समाप्त गर्ने ग्राइन्ड डिजाइन मात्र नभएर चीन र भारत ध्वंस गर्ने साम्राज्यवादीहरूको दीर्घकालीन वैचारिक एजेन्डाकै कडी हो । त्यसकै आधारमा बाइबलको विस्तारले सबैलाई गम्भीर मात्र बनाएको छैन, यो अवस्थामा छिमेकमा लागेको आगोले चीन र स्वयं भारत भोलिका दिनमा सुरक्षित रहन सक्ने कि नसक्ने ? रिम र माओवाद ईसाईकरणमा तीव्र छलाङ मारेको छ । भारतीय उपमहादेशमा ईसाई मिसन विस्तारको कार्य तीव्र छ ।

'रिम' र माओवादीहरूले क्रिश्चियन धर्मसापेक्ष राज्यहरूमा धर्मनिरपेक्षताको आवश्यकता देख्दैनन् । अमेरिकाको राष्ट्रपति पदमा क्याथोलिक बाहेक क्रिश्चियन भित्रैका अरू शाखा सम्प्रदाय अथवा यहूदी राष्ट्रपति बनाइँदैन । अमेरिकी राष्ट्रपतिले संविधानको होइन, बाइबलको शपथ खान्छन् । तर माओवादीहरू बुझ पचाएर यो विषयलाई उठाउँदै उठाउँदैनन् ।

यतिबेला क्रान्तिकारी आवरणमा नेपालमा प्रवेश पाएको जाति, भाषा, धर्म, लिंग आदि क्षेत्रमा विस्तार भएको मार्क्सवाद, माओ विचारधारा र वर्गसंघर्ष विरोधी अराजकतावादी एजेन्डाको परिणाम हामीले मात्र होइन, चीन र स्वयं भारतले पूर्वसोभियत संघ तथा युगोस्लाभियाको भन्दा खतरनाक दुष्परिणाम भोग्नु पर्नेछ । यस्ता अहम् सैद्धान्तिक प्रश्न नेपालका जिम्मेवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्धिक वामपन्थी वैचारिक नेतृत्वसहित नेपालमा भर्खर स्थापित अन्तर्राष्ट्रिय रूपमा हुजिन्ताओ र राष्ट्रिय रूपमा योगी नरहरिनाथ विचारधारा अंगाल्ने संगठनले चिर्न सके प्रगतिशील आन्दोलनको रक्षा हुनेछ ।

एकतर्फ 'रिम'को ब्रान्डमा २१ औं शताब्दीको जनवाद माओवादको आवरणमा वर्गसंघर्षका मान्यता समाप्त गर्ने प्रयत्न र अर्कोतर्फ बहुदलीय जनवादको आवरणमा मार्क्सवाद लेनिनवादको बदनाम गर्ने खतरनाक साम्राज्यवादी ग्राइन्ड डिजाइन स्पष्ट नै छ ।

यो अवस्थामा नेपालको प्रजातान्त्रिक प्रगतिशील धारासँगै राष्ट्रिय स्वाधीनताको रक्षा गर्न झुटलाई सयौंपटक दोहोर्‍याएर सत्य सावित हुन्छ भन्ने हिटलरका प्रचारमन्त्री गोयबल्सको सिद्धान्त पछ्याएको रातो कलररूपी कथित कम्युनिष्ट भ्रमबाट मुक्त गर्दै संगठित गर्न जरूरी छ । अन्यथा यो ब्रान्डले मुलुकलाई इन्काथा मोडेलमै ध्वंस गर्न निर्दोष जनतालाई जसरी हिजो प्रयोग गर्‍यो, त्यसरी नै प्रयोग गर्नेछ । यसबाट सच्चा देशभक्त, प्रगतिशील राष्ट्रिय शक्ति र व्यक्तिका साथै भारत र चीनले पनि हिजोका गल्तीको आत्मसमीक्षा गर्दै नेपाल नीति परिमार्जन गर्नु अनिवार्य छ । अन्यथा हामी त नयाँ अफगान बनौंला, तर भारत र चीन यसबाट सुरक्षित रहने छैनन् ।

क्रिश्चियन मिसनमा बुद्ध धर्म बदनाम प्रयत्न

अमेरिकी खुफिया एजेन्सी (सी.आई.ए.) को सहउत्पादन 'रिम'द्वारा तयार गरिएको माओवादको ओभरकोट लगाएर चीनको स्वशासित क्षेत्र तिब्बतमा कथित तिब्बत मुक्ति आन्दोलनको आधार इलाका निर्माणमा दलाई लामापछि जातीय पहिचानको एजेन्डा बोक्ने माओवादी र क्षेत्रीयतावादीहरू अगाडि आएका छन् । धार्मिक ब्यानरलाई साम्राज्यवादी ग्रान्डडिजाइनमा प्रयोग तथा उपयोग गर्ने रणनीतिमा हिजो हिन्दू सम्राटको मोडेलमार्फत राजतन्त्रको विस्थापन र त्यसैको निरन्तरतालाई संविधानसभा निर्वाचनपछि सांस्कृतिक राजाको अवधारणा अगाडि सारेका डा.बाबुराम भट्टराईमार्फत प्रस्तुत मोडेल फरक-फरक रूपका डिजाइन थिए । विश्व साम्राज्यवादको आधार इलाकाको रूपमा नेपाली भूमिको प्रयोग गर्न बुद्ध धर्मको केन्द्र र अभ्यास विस्तारको गुलियो एजेन्डामा बृहत् अन्तराष्ट्रिय सञ्जाल निर्माण, त्यसको समायोजन र प्रभावकारी इलाकामा खरखजानाको बन्दोबस्तीसहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृहत् गुरूयोजनाको तयारीमा जुटिरहेको खबरबाट कोही पनि बेखबर छैन। कम्बोडियामा फुन्सिङपेकमार्फत सी.आई.ए.ले खमेरूजलाई जसरी प्रयोग गर्‍यो, त्यसैको नयाँ मोडेल नेपालमा प्रयोग भएको प्रष्ट छ। हिन्दू धर्मको जग समाप्त गर्न दरबार हत्याकाण्डपछि हिन्दू सम्राट् मोडेलमार्फत बदनाम गर्दै ध्वंस गर्ने कार्य गरियो। त्यस्तै बुद्ध धर्मलाई बदनाम गर्न दलाई लामा र अर्को रूपमा माओवादीलाई प्रयोगमा ल्याइएको छ। खम्पा काण्डकै मोडेलमा नेपालका गुम्बाहरूभित्र हतियारको ल्यान्ड र माओवादीको प्रयोग खतरनाक छ। धर्म निरपेक्षताका लागि संगम इन्स्टिच्युटका चार्ल्स मेन्डिसमार्फत तीन अर्ब लगानी गरिएको कुरा सार्वजनिक भइसकेको छ।

यसै शिलशिलालाई द्रुत गति दिन एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल दातृरस हतारो गर्दै न्युयोर्क पुगेर संयुक्त राष्ट्रसंघका महासचिव वानकी मुनको स्वागतका साथ लुम्बिनी विकासको आवरणमा यस अभियानको अध्यक्षता गर्ने घोषणा गरे। यस घटनाक्रमले द्वितीय विश्वयुद्धको समाप्तिपछि गरिमामय भूमिकामा स्थापित हुन पुगेको राष्ट्रसंघ आफैंमा पनि विवादरहित छैन भन्ने पुष्टि हुन्छ। यो अवस्थामा शान्तिका अग्रदूत र धार्मिक, सांस्कृतिक आस्थाको केन्द्र बुद्ध धर्मको आवरणमा हिजो पश्चिमा ग्रान्डडिजाइनमा सनातन हिन्दू धर्ममाथि हमला, बाइबल विस्तार, १७ हजारको हत्या र राष्ट्रघात गरेको रक्ताम्य पात्र अघि सारेर बुद्धको बदनाम गर्ने साम्राज्यवादी ग्रान्डडिजाइन त होइन? शान्तिका अग्रदूत गौतम बुद्धलाई, जसरी हिजो सनातन संस्कृति ध्वंश गर्न माओको बदनाम गर्दै माओवादको आवरण प्रयोग गरियो, त्यसैगरी बुद्ध धर्मलाई बदनाम गर्न क्रूर रक्ताम्य अनुहार अघि सारेको प्रष्टै छ। त्यसैपनि राष्ट्रसंघ अफगानिस्तान, इराक, लिबिया हुँदै स्वतन्त्र तिब्बत आन्दोलनसम्म जोडिनु, अनमिन बदनाम भई नेपालबाट फिर्ता हुनु र राष्ट्रसंघ साम्राज्यवादको कठपुतली संस्थाको रूपमा प्रयोग भई रहनुबाट विश्वका न्यायप्रेमी प्रगतिवादी जनता र राष्ट्रमाथि फेरि संशय बढेको छ।

एकातर्फ हिजो जनयुद्धको आवरणमा सनातन धर्ममाथि हमला मात्र गरिएन, धार्मिक स्थलका पूजारीमाथि आक्रमण र हत्यासमेत गरियो र ईसाईकरण प्रोटेस्टेन्ट र क्याथोलिक बाइबलवादलाई छुट दिइयो। अबको विश्व आर्थिक राजनीतिक शक्तिको रूपमा दक्षिण एसिया हो। चीनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घेराबन्दी गर्नु र कमजोर कडीको रूपमा रहेको भारतलाई शक्तिशालीका विरूद्ध पहिलो चरणमा प्रयोग गर्ने रणनीति प्रष्टै छ । यसकारण एकातर्फ माओवादको कथित क्रान्ति ईसाईकरणमा छलाङ मार्दै हिन्दू संस्कृतिमाथि हमला गरेको छ । बेलायतबाट प्रकाशित दैनिक 'द टेलिग्राफ' का अनुसार 'भारतीय उपमहादेश ईसाई विस्तारको क्रियाकलापको लागि उर्वर छ ।' अमेरिकाको कोलोराडो राज्यमा मुख्यालय रहेको ईसाई मिसन जसले ईस्वी संवत् २००० र त्यसपछि आफ्नो कार्यवृत्तका सम्बन्धमा विस्तृत विवरण दिएको छ ।'[१५] माओवादीका कारण ईसाईको ज्योति उत्तरी भारतको हिन्दू बाहुल्य क्षेत्रमा जगमगाएको छ । हिन्दूहरूको पवित्र नगर वाराणसी जहाँ शिव मन्दिर छ, त्यो सैतानको प्रमुख अखडा भएको बताउँछ । भारतको साम्प्रदायिक द्वन्दका विषयमा विदेशी दातृ संस्थाहरूले ईसाई धर्मको प्रश्नलाई भारतीयहरूकै इच्छामै छोडिदिएको भए अहिले देखापरेको समस्या हुने थिएन ।

वि.सं. २०६८ मा माओवादी अध्यक्ष पुष्पकमल दाहालजस्तो १७ हजारका हत्या, लाखौं घरवारविहिन, अपांग र पचासौ लाख द्वन्द प्रभावित गराएको क्रूर राष्ट्रघाती अनुहारलाई लिएर शान्तिको बहानामा धार्मिक आवरणमा बुद्धलाई बदनाम गर्नु ईसाईकरणको अर्को दीर्घकालीन ग्रान्डडिजाइन हो भन्ने समयमै हेक्का राख्नु जरूरी छ । यसैगरी कोरियाली प्रायद्वीपमा अमेरिकी सैन्य अखडाको रूपमा परिचित दक्षिणकोरियाका नागरिक राष्ट्रसंघका महासचिव बानकी मुन र दाहाल जस्ता पात्रले बुद्धको बदनाम गर्ने अभियानमा सहमति जनाउनुले साम्राज्यवादी केन्द्रको अभीष्टभन्दा बाहिर नरहेको पुष्टिमात्र गरेको छैन, १७ हजारको हत्या र राष्ट्रघातले लतपतिएको पात्रलाई अघि सार्नुबाट आफैमा बदनाम हुन पुगको छ ।

नेपालको सन्दर्भमा बृहत् शान्ति सम्झौताको तुईन प्रयोग गर्दै आईपुगेको राष्ट्रिसंघीय मिसन (अनमिन) को दक्षिण एसिया ध्वंशगर्ने ग्रान्डडिजाइनलाई चीन र भारतले बुझेर फिर्ता जानु परेपछि पश्चिमाहरू अत्तालिएका छन् । निरन्तर नेपाली जनताको अपेक्षा हराभरा शान्तिको सट्टा नेपालीलाई दक्षिणएसिया ध्वंसगर्ने केन्द्रको रूपमा नयाँ संस्करणमा उजाड मरूभुमिमा परिणत गर्न निरन्तर लागि परी रहनुका कारण उसको धुमिल चरित्र

15 Overseas Missionary Fellowship, Singapore II.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उदाङ्गिन गएको छ । जसको परिणाम यथास्थानमा पुरानै हुनु नयाँमोडेलमा उसको संलग्नता पुरानै कडीको निरन्तरता हो भन्ने बुझ्न कठिनाइ छैन । सबै संयन्त्रहरू प्रयोग हुँदै आउँदा प्रष्ट भएको छ प्रजातन्त्र, राष्ट्रियता र जनवादको अभ्यास निरन्तर दुरूपयोग गर्दै मौलाएको माले (एमाले), मसाल (चौम) र दक्षिणपन्थीले गुप्तचरमार्फत महान् विचारलाई बदनाम गर्दै आइरहेका छन् । विचारलाई दुरूप्रयोग गर्दै अराजकताको राज्य स्थापना गर्ने ग्रान्डडिजाइन वैचारिक रूपमा स्खलित गराएर मदन भण्डारीको हत्या, दरबार हत्यकाण्ड र बाह्रबुँदेदेखि वर्तमानसम्म दाहाल भट्टराईजस्ता बदनाम पात्रमार्फत माओवादीको प्रयोग अराजकताको राज्य स्थापना गर्न र त्यसैमा रमाउन पल्किएका साम्राज्यवादी गुप्तचरले कब्जा गरिएका दलीय संयन्त्रहरू हल्का क्रयबिक्रयकाका सामान जस्तै भइसकेका छन् ।

यस विशिष्ट अवस्थाको भरपूर प्रयोग गर्ने आँकलनका साथ सम्बन्धित ध्वंसात्मक गतिविधि नेपालको अस्थिर राजनीतिमा छाडा र सर्वाङ्ग निर्वस्त्र रूपमा माओवादी आवरणका कुरूप पात्र अगाडि राखेर बढिरहेको छ । यसले बीजारोपण गरेका दुष्परिणामहरूले पहिलो रूपमा नेपाल त ध्वंस गर्दछ नै, त्यो विकृतिबाट फैलिएको खुफिया सञ्जाल विषाक्त ग्यासरूपी उत्सर्जन सिंगो एसियाली संस्कृति, मूल्य मान्यता प्रगति क्षत्विक्षत् र ध्वस्त पार्ने अस्त्र हो भन्दा फरक नपर्ला । विचारको खोल ओडेर आएको यो मन्दविष लिबियामाथि नेटोको हमलाभन्दा पनि भयानक हुनेमा शंका गर्ने ठाउँ देखिँदैन ।

पुष्पकमल दाहाल र बाबुराम भट्टराई माओवादको आवरणमा सांस्कृतिक सम्पदामाथिको हमला, कालीबाबाको मध्यरात्रि सन्देश, भैंसी पूजाहुँदै आईएनजीओको रूपमा बुद्धधर्मको प्रचारका नाममा बदनाम गर्ने अभियानमा आइपुगेका छन् । शान्तिका अग्रदूतलाई मानवहत्या एवं राष्ट्रघातको रक्तविज अनुहारमार्फत बुद्ध धर्मको बदनाम गर्ने र बाइबल स्थापित गर्ने दीर्घकालीन अभियानको अर्को कडी भएको प्रष्टै छ । गौतम बुद्धले नेपालको पहिचान र उनका अनुयायीहरूले त्यो महान् संस्कृति फैलाए । जसको दुरूपयोग साम्राज्यवादी शाक्तिका आडमा गर्ने षड्यन्त्रविरूद्ध यस धर्मका सच्चा अनुयायी एवम् हिन्दू धर्मावलम्वीहरूको समेत गहन चासोको विषय हो ।

बुद्धमार्गीको सुसंगठित विकास र विस्तार गौतम बुद्धका जन्मदेखि मुत्युसम्मका सबै सम्बद्धपाटाहरूको एकीकृत परियोजनाले मात्र समेट्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सक्दछ । सम्बद्ध पक्षसँगको सहकार्यको निर्बाध अपिल पनि अनिवार्य संलग्नताको आवश्यकता अपरिहार्य छ । यसै आधारमा मात्र विश्वव्यापी रूपमै फैलिएको बौद्धमार्गीको सशक्त अनुशासित सञ्जाललाई दिशाबोध गर्दै एकताबद्ध गर्न प्रेरित गर्न सकिन्छ । धर्म आस्था हो, विश्वास हो, अनुशासन हो, यो आफैमा सार्वभौम छ । यसमा कुनै राज्यविशेषको सीमा अनुबन्धित विषय पनि होइन । धर्म परिवर्तन गराउँदै हिंड्ने विषय पनि होइन । यो स्वस्फूर्त छ । प्रलोभन र बल प्रयोग गर्ने विषय पनि होइन । यति जान्दाजान्दै बुद्धधर्मका अनुयायीहरूबीच अन्तरद्वन्द सिर्जना गर्ने कार्य धर्मको खोल ओडेर तिब्बत स्वतन्त्रताका नाममा दलाई लामाबाट भइरहेको छ ।

त्यस्तै नेपालमा सनातन संस्कृतिमाथि धार्मिक आवरणमा दक्षिणपन्थीहरूले, धर्मनिरपेक्षताको नाममा कांग्रेस, एमाले, मधेशवादी, माओवादीले गरिरहेका छन् । अहिले बुद्धलाई बदनाम गर्ने रूप यसैको परिणाम हो । जुन समग्र हिन्दू तथा बुद्ध धर्मावलम्बीका लागि खेदको विषय हो ।

दलाई लामा साम्राज्यवादको आड र भरोसामा चीनमा पृथक्‌तावादी आन्दोलन मच्चाउन लागिपरेको कुरा छर्लङ्ग छ । दलाईले स्वतन्त्र तिब्बत भन्दैनन्, सुनियोजित रूपमा आत्मनिर्णयको अधिकार भन्दछन्, जुन एजेन्डा माओवादीको आवरणमा नेपालमा मात्र होइन, दक्षिणएसियाका सम्पूर्ण माओवादीको समेत एजेन्डा रहेको छ । यसकारण दलाई लामा एजेन्डाको नयाँ निरन्तरता माओको बदनामगर्दै माओवादको आवरणमा नेपाली भूमि प्रयोग गर्न खोजिरहेका छन् ।

यो सारभूत रूपमा वर्ग संघर्षलाई निस्तेज पार्दै नेपाली समाजको प्रगतिवादी अपेक्षा ध्वंस गर्न सुनियोजित तवरले लागिपरेकोले भ्रममा पर्नु नपर्ने भएको छ । 'धम्मम् शरणम् गच्छामी' यस महान् शिक्षाभन्दा बाहिर धर्म संस्कृतिको रक्षा र विकास हुन सम्भव छैन । त्यसकारण विश्व साम्राज्यवादले माओको नाम बदनाम गराउँदै दाहाल भट्टराईमार्फत चलाइएको यो अभियानमा अघोषित रूपमा नेपाललाई नयाँ अफगानी रूपमा रूपान्तरण गर्दै सनातन धर्म संस्कृति (हिन्दू बौद्ध आदि) ध्वंश गर्ने ईसाई मिसनमा प्रयोग भएको प्रष्टै छ । यो चीन, भारतलगायत दक्षिण एसिया ध्वंस गर्ने दीर्घकालीन ग्रान्डडिजाइनदेखि छिमेकी सम्पूर्ण देशभक्त तहतप्का सचेत रहँदै असफल पार्नै पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा माओवादको एजेन्डाको विस्तारसँगै धार्मिक स्वार्थ पनि जोडिएको छ । यसै सम्बन्धमा बेलायतबाट प्रकाशित दैनिक द टेलिग्राफका दिल्ली संवाददाता जनस्टोक लेख्छन्, 'सामान्य अर्थमा भन्दा भारतीय उपमहादेश पश्चिमी ईसाई मिसनको विस्तारित क्रियाकलापका लागि उर्वर फराकिलो क्षेत्रका रूपमा लक्षित छ ।'[१६] अमेरिकामा प्रधान कार्यालय रहेको आक्रामक इभान्जेलिकल मिसनले विभिन्न माध्यमबाट करोडौं डलर ईसाईकरणका लागि भारतीय उपमहादेशीय राष्ट्रहरूमा प्रवाह गरिरहेको छ । यस संस्थाले सतर्कतापूर्वक दुर्गम क्षेत्रका जातिमाथि अनुसन्धान गरी तथ्याङ्क संकलन गर्छ । कोलोराडोमा मुख्यालय रहेको ईसाई संस्थाले ईश्वी संवत् २००० र त्यसपछि एउटा वक्तव्य प्रकाशित गरेको छ, जसमा ईसाईको ज्योति उत्तरी भारतको हिन्दू बाहुल्य क्षेत्रमा जग्मगाइरहेको छ । (पूर्वोक्तनिबन्ध टाइम्स अफ इन्डिया अक्टोवर १३, १९९९ दिल्ली) यतिबेला हेर्दा २०औं शताब्दीको अन्त्यअघिको यो समाचार टिप्पणी व्यवहारतः लागू भएको देखिन्छ । यो अन्तर्विरोध यतिबेला आएर भारत र पश्चिमा राष्ट्रबीच प्रष्टरूपमा देखिएको छ । अफगानिस्तान र कम्बोडियामा अपनाएका रणनीतिको टकरावमा बाह्रबुँदेले दिल्लीलाई क्रस गरेपछि मुलुक ध्रुवीकरणतर्फ अगाडि बढेको छ ।

क्रिश्चियन मिसन र वीरेन्द्र हत्याकाण्ड

भारतको जासुसी संस्था 'रअ'का पूर्वप्रमुख पि.के. हर्मिज थाराकनले आधिकारिक रूपमै ए.ने.क.पा. माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र बाबुराम भट्टराईको 'रअ'देखि प्रोपश्चिमा साम्राज्यवाद समर्थक भा.ज.पा. सम्म रहेको यूद्धकालीन गोप्य सम्बन्ध थप पुष्टि गरी दिएका छन् । २०५८ **साल जेठ १९ को दरबार हत्याकाण्ड हुनुभन्दा पहिल्यै प्रत्यक्ष सम्पर्कमा रहेका दाहाल र हत्याकाण्डपछि २००२ मा लिखित सम्झौता गरेका दाहाल/भट्टराई नेपालको राजदरबार हत्याकाण्डमा संलग्न रहेको स्वयं थाराकनको खुलासाबाट नै पुष्टि भएको छ ।** क्रिश्चियन धर्मावलम्बी पि.के. हर्मिज ऊनै अधिकारी हुन्, जो नेपालको राजदरबार हत्याकाण्डको समयमा काठमाण्डौको भारतीय दूतावासमा 'रअ' का नेपाल प्रमुख थिए । दरबारहत्याकाण्डपछि थाराकन 'रअ'को प्रमुख बने । प्रचण्डले राजा वीरेन्द्र र मदन भण्डारीको हत्या भारतले गरेको भन्दै खुला भाषण गरे । बाबुरामले 'रअ' र सि.आई.ए.ले गराएको भन्दै

16 Bible Presbyterian Mission, I, A Gilistoad Road, Singapore ll

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेख लेखे । एकातर्फ उग्रराष्ट्रवादी आवरणमा राजा वीरेन्द्रलाई जोड्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रजातान्त्रिक शक्तिबीच अविश्वास सृजना गराउने र राष्ट्रवादीहरूलाई भ्रममा पार्ने, अर्कोतर्फ सि.आई.ए.को ग्राइण्डडिजाइनमा 'रअ'मार्फत नेपाललाई केन्द्र बनाएर चीन विरूद्ध केन्द्रित इण्डोपश्चिमा केन्द्र विस्तार साथ सत्ताकब्जाको रणनीति थियो भन्ने प्रष्ट भएको छ । यसबाट पूर्व सैनिक सचिव विवेक शाहले लेखेको 'मैले देखेको दरबार'ले माओवादीले देहरादुनको चक्राटामा तालिम लिएको कुरालाई पुष्टि गरेको छ । उक्त पुस्तकको मूल सन्देश दरबार हत्याकाण्ड सुनियोजित षड्यन्त्र थियो भन्ने हो । त्यत्तिमात्र होइन छिमेकमा आतङ्कवादको प्रभाव रहेको आरोप लगाउने भारतको 'रअ' नै दक्षिणएसियामा भारतलाई आतङ्कवादको टान्सबोर्डर केन्द्र बनाउन लागिपरेको पनि स्पष्ट भएको छ । भारतको कट्टर दक्षिणपन्थी शक्ति जो सारमा चीन विरोधी भएकाले हिन्दू सम्राटको रूपमा राजालाई उकास्ने र समाप्त गर्ने योजनामा थियो भन्ने प्रष्ट भएको छ । सूचनाको बहुकेन्द्र वैदेशिक जासुसी संस्थाको प्रमुख भइसकेका थाराकनले नै सूचनाको खुलासा गर्नुले स्वयं भारत पूर्ण असफल रहेको कुराको आफैमा प्रष्ट भएको पाइन्छ ।

२०५८ साल असोज १८ पछि गठन भएको लोकेन्द्रबहादुर चन्दको सरकार विस्थापन पूर्वराजा ज्ञानेन्द्रको भारत भ्रमणको सल्लाहमा सूर्यबहादुर थापा सरकारको गठन भएको थियो । जसमार्फत वीरगञ्जमा महावाणिज्य दूतावास सोल्जरबोर्ड चिनियाँ बोर्डरनजिक विस्तार, भारतीय राजदूतलाई वार्षिक ५ अर्बसम्म प्रत्यक्ष बाँड्ने छुट दिइयो । एमाले, कांग्रेस (देउवा) सरकारको समयमा नेपाली सेनाको भारतीय सेनाको जस्तै पोशाक पनि परिवर्तन गरियो जुन समयमा प्रधानसेनापति प्यारजंग थापा थिए ।

आतङ्कवाद नियन्त्रण भनेर एकातर्फ शाही नेपाली सेना र भारतीय सेनाको त्यतिबेला पोशाक एउटै बनाउनुको रहस्य, जसमार्फत भारतीय गोरखा सेना (जसको नेपालीसँग वर्ण मिल्छ) लाई नेपाली सेनाको ब्यानरमै प्रवेश गराउने र अखडा बनाउने दोहोरो रणनीति रहेछ भन्ने प्रष्ट भएको छ । यसकै परिणामस्वरूप भारतीय सेना रूपन्देहीको सालभ्फण्डीमा प्रवेश गरे । तत्कालीन चिनिया राजदूत सुनहेपिङ्गले नेपाल सरकारसँग तत्काल कडा आपत्ति जनाएपछि भारतीय सेना फिर्ता भए र भारत सरकारको तर्फबाट विदेशमन्त्री यशवन्त सिन्हाले नेपाललाई अरू सहयोग गर्ने सेनानै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रवेश नगर्ने भन्दै बक्तव्य दिए । यसबाट पश्चिमानीति स्पष्ट भएको छ, भारतमा (जो सरकारमा थियो) र 'रअ' मार्फत एकातर्फ दाहाल भट्टराई अर्कोतर्फ नेपाली सेना र दरबार दुबै तर्फबाट खेलिएको थियो ।

भारत र त्यहाँको गुप्तचर संस्था 'रअ'ले एकातर्फ पशुपतिदेखि तिरुपतिसम्म रेडकोरिडोरको प्रपोगण्डा गर्ने र नेपालमा भारतीय सेना हुल्ने अर्कोतर्फ प्रचण्ड, बाबुराममार्फत आतङ्क मच्चाई आधारभूमि खडागर्ने दोहोरो खेल खेलिरहेको देखिन्छ । यता दरबार हत्याकाण्डपछि दरबारको सुरक्षा शाही नेपाली सेनाको होइन, दरबारको छुट्टै शाही बाहिनी गण थियो भन्ने वक्तव्य तत्कालीन प्रधान सेनापति प्रज्वलशमसेर राणाले दिनु गैरजिम्मेवारीको पराकाष्टा थियो । अर्कोतर्फ हत्याकाण्डपछि दरबारमा रहेको सेना दाङ, मंगलसेन, सोलु-सल्लेरी, अर्घाखाँची, बेनी, जहाँजहाँ सरुवा गरियो, त्यही त्यही माओवादीद्वारा हमला गराउँदै हत्या गराइएको आशंका छ । यो पनि योजनाबद्ध रूपकै श्रृखला भएको स्पष्ट हुन आउँछ । यसबाट नेपालको राजदरबार हत्याकाण्डमा पुष्पकमल दाहाल र बाबुराम भट्टराईको संलग्नता थियो भन्ने पुष्टि भएको छ । दरबार हत्याकाण्डका सबै प्रमाण नष्ट गर्ने क्रममा घोर दक्षिणपंथी र दाहाल/ भट्टराई एउटै केन्द्रमा थिए भन्ने पुष्टि भएको छ । भा.क.पा. (माओवादी)को नेतृत्वसँग दाहाल र भट्टराईले कहिले पनि सिधा सम्पर्क नराखेको र भारत भित्रका पश्चिमा समर्थक एस.डि. मुनि, आनन्दस्वरूप वर्मा, स्वामी अग्निवेस जस्ता संदिग्ध तत्वहरूसँग मात्र सम्बन्ध रहनु आफैंमा रहस्यमय छ ।

यतिबेला आएर 'रअ'कै पूर्व प्रमुख मार्फत यी रहस्यहरूलाई किन खुलासा गरियो? यहाँ प्रश्नचिन्ह छ । जसरी इन्दिरा गान्धीको हत्यापछि पश्चिमाहरूलाई खालिस्तान विद्रोहको औचित्य नरहेझैं राजीव गान्धीको हत्यापछि तमिलको औचित्य नरहेजस्तै, दरबार हत्याकाण्ड, धर्मनिरपेक्षता र खिष्टानीकरण पछि अब इण्डो सि.आई.ए. लविलाई पुष्पकमल दाहाल, बाबुराम भट्टराईको औचित्य सकिएको हुनसक्छ । आफैमा ईशाई धर्मका अनुयायी थाराकनको खुलासाबाट नेपाललाई भारतीय व्यानरमार्फत पश्चिमाहरूको केन्द्र निर्माण साथ, दक्षिण कोरिया, अफगानिस्तान जस्तो रणनीतिक स्थल बनाउने प्रयत्नको वृहत रणनीति अन्तर्गतको षड्यन्त्र कति खतरनाक छ भन्ने कुराहरूको थप पाटाहरू अझै खुल्न बाँकी छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माओवाद र क्रिश्चियन सम्बन्ध जनमुक्ति सेनाले नबुझेको जनयुद्ध, सेनाको उच्च नेतृत्वको षड्यन्त्र नबुझेको सेना र दरबार, उस्तै थिए। ब्रिटिस साम्राज्यको बफादार पात्रको रूपमा, उदय जंगबहादुर र २००७ सालपछि शाह राजाहरूले त्यही राणा परिवारमा शुरू गरेको वैवाहिक सम्बन्ध नै दरबार भित्रको पश्चिमा केन्द्र थियो। लामो समयदेखि शक्ति केन्द्रको रूपमा बकिङ्घम प्यालेसको महेन्द्र मन्जिल भित्र रहेको राणा परिवारको नेक्सस बसुन्धरा र बारबरा एडम्स जसले पश्चिमाहरूको रणनीतिलाई सहयोग पुऱ्याए। यो घेरालाई क्रस गर्दै गएका राजा वीरेन्द्रको बढ्दो अन्तराष्ट्रिय प्रजातान्त्रिक, राष्ट्रवादी स्थिर छविका बीच नेपाललाई अस्थिर बनाउन सेना र दरबार भित्रकै पश्चिमा लविमार्फत दरबार हत्याकाण्ड गराइयो। दरबारको सुरक्षा सेनाको जिम्मा होइन भन्ने तत्कालीन सेनापति र दरबारका सेना सरुवा गरिएको ठाउँमा माओवादी हमला रहेको दावी र भारतको चक्राटामा माओवादीलाई तालिम संयोग होइन, नियोजित्त थियो भन्ने प्रष्ट भएको छ। माओवादीले भाइ धीरेन्द्र मार्फत राजा वीरेन्द्रलाई पहिलो राष्ट्रपतिको प्रस्तावको खुलासा स्वयं दाहालले गरेका छन्। यही वार्ता प्रसंगलाई जोडेर वीरेन्द्रसँग आघोषित कार्यगत एकताको गोयबल्स प्रपोगाण्डा गरियो।

नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले माओवादी युद्ध राजा परस्त भएको भन्दै अर्को प्रपोगण्डा गरे। गद्दार पुष्पलाल प्रपोगण्डा गर्नेका लागि यो नयाँ कुरा थिएन। तथापि सांस्कृतिक रूपमा क्रिश्चियनसँगको गहिरो सैद्धान्तिक मतभदेका कारण मोहनविक्रम सिंहलाई किनारा लगाइयो। उनले माले र माओवादीको भूमिका पाउन सकेनन्। यस विषयमा राजा वीरेन्द्र पक्कै अनभिज्ञ थिएनन्। सेना र दरबार भित्रको घोर दक्षिणपन्थी लवि र दाहाल भट्टराई इण्डो सि.आई.ए. रणनीतिक ऐजेण्डा एकै सिक्काका दुई पाटा थिए। जसको कारण निर्वाचित सरकार र राजा वीरेन्द्र बीचको गहन छलफलमा सशस्त्र प्रहरी बल गठन भयो। जुन दरबार र सेनाभित्रको घोर दक्षिणपन्थी लविलाई मन परेको थिएन भन्ने सहजै अनुमान गर्न सकिन्छ। माओवादीको प्रायोजित युद्धमा स्मरणीय छ, सशस्त्र प्रहरी बलसँग उसले कहिं पनि जितेको थिएन। कृष्णमोहन श्रेष्ठको हत्या गर्दै एकातर्फ वार्ताको नाटक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मञ्चन भयो भने अर्कोतर्फ सेनाभित्र कुमार फुदुङ्ग जस्ता मात्र होइन, इण्डो-पश्चिमी बृहत रणनीति अन्तर्गतको उच्चनेतृत्व, दाहाल/भट्टराई र भारतभित्रको 'रअ' पश्चिमा रणनीतिक एजेण्डामा एउटै केन्द्रमा थिए । यसकारण २०६२/०६३ को आन्दोलनको पृष्ठभूमि मात्र होइन, कृष्णप्रसाद भट्टराई हराऊ अभियानदेखि दरबार हत्याकाण्ड, मदन भण्डारी हत्याकाण्ड र माओवादी युद्धको उदयलाई समग्रमा उल्लेखित पृष्ठभूमिबाटै हेर्नुपर्ने हुन्छ । यी सबै हत्याकाण्डका पछाडि सीआईए रणनीति रक्षार्थ कथित नेपाली सेनाको नेतृत्वको संलग्नता रहेको स्पष्ट छ ।

रोल्पाको होलेरीमा ७१ जना प्रहरीलाई माओवादीले अपहरण गर्दा समेत तत्कालीन सरकारको निर्णयलाई अस्वीकार गरेर सेनालाई यसको नेतृत्वले मुकदर्शक राख्नु के संयोग मात्र थियो? २०६८ साल चैत्र २८ गते जनमुक्ति सेनाका क्याम्पमा मध्यरातमा पुष्पकमल दाहालको सहमतिमा डा. बाबुराम भट्टराईले सेना प्रयोग गरेर कब्जा गराए । यसबाट के पुष्टि भएको छ भने पुष्पकमल दाहाल र बाबुराम भट्टराईलाई जनमुक्ति सेनाको आवश्यकता इण्डो-पश्चिमा रणनीतिमा वीरेन्द्र हत्यकाण्डका सबै प्रमाण नष्ट गर्न, दरबार भित्र रहेका दुईवटा गणका सैनिक जवानहरूको सुनियोजित हत्या गर्ने अवस्थाको आवश्यकीय शर्तको रूपमा षड्यन्त्रको घेरासम्म मात्र थियो । होलेरी घट्नापछि बढेको माओवादी मनोबल अत्यन्त खतरनाक थियो । पञ्चायत विरोधी संघर्षमा लामो समयदेखि संघर्षशील र स्थापित वैचारिक नेतृत्वको छानीछानी हत्या शुरू भयो । मध्यक्षेत्रमा कांग्रेस कार्यकर्ता राममणी ज्ञवाली, आदित्य ज्ञवाली, पूर्वमा कृष्णप्रसाद सापकोटा जस्ता एमाले कार्यकर्ता रूकुमका हरिभक्त ओली, बर्दियाका गोविन्द पौडेल, जस्ता इमान्दार कार्यकर्ताको घाँटी रेटीरेटी अमानवीय तवरले हत्या गरियो । नव कांग्रेस-एमालेको रक्षा र पुरानाको हत्याको श्रृंखलाको तीव्रताका बीच राजाको माघ १९ को कदमले सात दल र माओवादी १२ बुँदे सम्झौताको अवस्था श्रृजना भयो ।

कोत पर्व पछि साम्राज्यवादको चंगुलमा रहेको सेना जतिसुकै राजाप्रति बफादार भनेपनि सारमा त्यो थिएन भन्नेकुरा वि.स १९०३ को कोतपर्व, २०५८ जेष्ट १९ को दोश्रो महाकोतपर्व (दरबार हत्याकाण्ड) र राजा ज्ञानेन्द्रको विस्थापनले पुष्टि गरेको छ । २०१७ सालको कदम फौजी थिएन राजनीतिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नै थियो । पञ्चायत एउटा राजनीतिक प्रणाली भएझैं प्रहरी आन्तरिक सुरक्षाको प्रमुख पाटो थियो । राजा महेन्द्रले शिष्टममा विश्वास गरे, सेनामा होइन । त्यस्तै राजा वीरेन्द्रले माओवादीको प्रायोजित द्वन्दमा पनि 'सशस्त्र प्रहरी बल' निर्माणको योजनासाथ आएर सेनाको विश्वासमा भर परेनन् । यी विविध कारणले सेनाको सुरक्षा घेराभित्रै राजा वीरेन्द्रको हत्या भयो । जब दरबार हत्याकाण्ड पछि राजा ज्ञानेन्द्र आए, माघ १९ को कदम सेना, माओवादी र असोज १८, २०५८ को कदम सेनाको बलमा थियो । सेनाको पूर्ण विश्वास र गुप्तचर संयन्त्रको विश्वासले वैचारिक नेतृत्वप्रतिको बेवास्थाको परिणाममार्फत प्रस्तावित गणतन्त्र निलम्बित राजतन्त्रको वर्तमान अवस्था हो । यहाँसम्मकी महेन्द्रकालीन अनुभवी राजनीतिज्ञहरू डा. केशरजंग रायमाझी, राजेश्वर देवकोटाहरू समेत घेराबन्दीमा परे । अति दक्षिणपन्थी मण्डलेको गिरोह जसले अन्ततः दरबार हत्याकाण्ड हुँदै माघ १९ सँगै राजतन्त्रलाई सडकमा पुऱ्याइदिए ।

नेपालमा राजतन्त्र जरैबाट उखेल्दा मात्र सनातन संस्कृति मेटाउंदै खिष्टानीकरणको कार्ययोजना पूरा हुने आकलन पश्चिमा शक्तिको थियो । राजकीय सत्ताको नेतृत्वमा यद्यपि युवराज भएपनि सोचै नबनाएका दीपेन्द्र र सत्ता निरन्तरताको क्रमिकतामा छुटिसकेका ज्ञानेन्द्रलाई जोडेर प्रपोगण्डा गरिनु कुटिल हत्याकाण्डका योजनाकारको प्रतिरक्षा गर्ने नाभी रणनीति हो । राष्ट्राध्यक्ष एवं नेपाली सेनाका परमाधिपतिको सुरक्षा नेपाली सेनाकै प्रधानसेनापतिले आफ्नो क्षेत्र आकर्षित हुँदैन भन्ने खुला अभिव्यक्ति यस काण्डको अर्को निर्णायक संवेदनशील पाटो हो । यसले नेपाली सेनाकै उच्चनेतृत्व समूह नेपाललाई अस्थिर बनाउन उद्यत पश्चिमा शक्तिकेन्द्रको दलदलमा फसिसकेको यथार्थ पनि उद्घाटित गर्दछ । यही निरन्तरताको अर्को पाटो कथित माओवादी युद्ध हो ।[१७] हत्याकाण्ड लगतै युवराज दीपेन्द्रमाथि दोषारोपण गर्दै प्रपोगण्डा र अर्कोतर्फ स्थापना भएको गणतन्त्र संस्थागत गरौं भन्ने नारा साथ माओवादीले राजा ज्ञानेन्द्रमाथि दोषारोपण केन्द्रित गर्दै सैन्य सुरक्षा भित्रको षडयन्त्र ढाकछोप गर्नु संयोग थिएन, नियोजित थियो ।

---

१७ वासिङ्टनपोष्ट फरेन सर्भिस, जुन २००१ 'प्रिन्स किल्स इन नेपाल रोयल फ्यामिली स्युसाइड न्याम्पिज लिंक्ड टु डिस्प्युड ओभर अ ब्राइड' पमिला कन्ट्यावेल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इतिहासको जगबाट हेर्दा

नेपाल पुनःएकीकरणमा नेतृत्व दिएका पृथ्वीनारायण शाह उनका उत्तराधिकारी बहादुर शाह र पछिल्लो चरणमा भीमसेन थापा बाहेक नेपालको शासनको केन्द्रमा ब्रिटिस विस्तारवादको प्रभुत्व रहेको छ । जसको कारण वि.सं. १९०३ को कोतपर्व, त्यसको १ सय ५५ वर्ष पछि २०५८ साल जेष्ठ १९ को नारायणहिटी दोश्रो महाकोतपर्व घट्यो र बदलिदो विश्व परिवेशमा त्यो अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पूँजीवादको निरन्तरताको रूपमा आइरहेको छ ।

यसकारण पश्चिमाहरूद्वारा (सि.आई.ए र एम. आई-६) त्रिविअन्तर्गतको प्रशिक्षित तथाकथित बौद्धिकताको पगरी गुथेकाहरूको कब्जामा रहेको सिनासको बाटोमार्फत बहादुर शाहलाई बाइपास गरी भीमसेन थापामाथि प्रहार गर्दै पृथ्वीनारायण शाह, जंगबहादुर, राजा महेन्द्र र त्यही ब्यानरमा बी.पी. कोइरालालाई राखेर बडो चतुरताका साथ ब्रिटिस विस्तारवादसँगै पश्चिमा साम्राज्यवादको नयाँ मोडलमा सत्ताकब्जाको जग निर्माण गर्ने प्रयत्न भइरहेको छ ।

ब्रिटिस मोडलमै जंगबहादुरको उदयपछि जातपात र छुवाछुतको बीजारोपण गरे, जसको विरूद्ध जनस्तरबाट लखन थापाले विद्रोह गरे । त्यही निरन्तरता नयाँ मोडलमा माओवादको ब्यानरमार्फत जातीय पहिचानको आवरणमा अहिले देखिएको छ । त्यसैगरी वि.सं. ०१७ सालको कदमपछि वि.सं. २०१८ मा अमेरिकी गैरसरकारी संस्था पिसकोर नेपाल भित्र्याइयो । सन् २००४ मा फर्केको पिसकोर अनमिनको (वि.सं. २०६८) बहिर्गमन पश्चात पुनः बाबुराम सरकारले भित्र्याएको छ ।

वि.सं. २०२८ सालको झापा काण्डदेखि पछिल्लो चरणमा तथाकथित माओवादी युद्धको शुरूवातमा पिसकोरको मुख्य भूमिकालाई लिन सकिन्छ । पिसकोरको आगमनपछि युनाइटेड मिशन हस्पिटलदेखि कतिपय स्कूलहरू मार्फत क्रिश्चियन मिसन पहिलो चरणमा प्रवेश गऱ्यो । राणाहरूसँग सम्बन्धविच्छेद गर्नुपर्ने त्रिभुवनको इच्छा र चाहना विपरीत राजा महेन्द्रले त्यही राणा परिवारसँगको सम्बन्धमा निरन्तरता दिए । अन्तत सेनाको घेराभित्र उनको हत्या कि मृत्यु ? अहिलेसम्म रहस्यमय छ । वि.सं. २०३३ सालमा पिसकोर मार्फत पाल्पा र रोल्पामा वि.सं. २०४० सालसम्म अध्ययन गरेकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुलिया चाङ्ब्लक वि.सं. २०४७ पछि नेपालमै अमेरिकी राजदूत बनेर आउनु संयोग थिएन । मदन भण्डारीको हत्यासँगै माओवादी युद्धको वीजारोपण र राजदरबार हत्याकाण्ड पिसकोरकै जगमा थियो भन्ने प्रष्ट भएको छ ।

एकातर्फ पिसकोर भित्र्याउनु र अर्कोतर्फ जंगबहादुरले साम्राज्यवादसँग लडेको सेनालाई साम्राज्यवादीकै हितरक्षार्थ प्रयोग गरेजस्तै राजा महेन्द्रले सेनालाई साम्राज्यवादको नयाँ रक्षाकवच राष्ट्रसंघीय शान्ति सेनामा पठाउनु ऐतिहासिक भूल थियो । दरबार हत्याकाण्डमा तत्कालीन शाही नेपाली सेनाको घेराभित्र राजा वीरेन्द्रसहित उनका परिवारको कत्लेआम गराइयो । कोतपर्वको पूर्वसन्ध्या र भीमसेन थापाको हत्यापछि, जसरी नेपाली सेनाको चेनअफ कमाण्ड जंगबहादुर राणाजस्ता ब्रिटिस साम्राज्यवादका नेपाली एजेन्टहरूको हातमा पुग्यो र कोतपर्व भयो, त्यसरी नै राजा महेन्द्रले रोपेको गलत विष झाँगिएर अमेरिकी साम्राज्यवाद सि.आई.ए.को पकडमा दरबार र नेपाली सेनाको चेन अफ कमाण्ड पुगेकोले, जंगबहादुरकै लिगेसी प्रज्जवल शमशेर ज.व.राको कमाण्डिङको समयमा २०५८ जेष्ठ १९ को दरबार हत्याकाण्ड भयो । बाह्य रूपमा कतिपय सकारात्मक कामहरू भएका भएपनि सत्ताको मूल जग पश्चिमाहरूको पकडमा त्यसै गएको होइन । यसकारण नेपाललाई वास्तविक रूपमा मुक्त गर्न यसको ऐतिहासिक घटना क्रमलाई जगबाट समीक्षा गरेर पुनःनिर्माण गर्नुपर्ने अबको महत्वपूर्ण पाटो हो ।

वैदिक समवाद र मार्क्सवाद

नेपाली कम्युनिष्ट आन्दोलनमा मार्क्सवादको आ-आफ्ना स्वार्थअनुकूल ब्याख्या गर्दै सारमा पश्चिमा साम्राज्यवादको रक्षाकवजका रूपमा परिवर्तनकामी आक्रमणमा दक्षिणपन्थी अवशान यहाँका कथित कम्युनिष्टहरूको समान विशेषता हो । मार्क्सकै गुरू हेगेल नै वेद र वैदिक दर्शनबाट प्रभावित थिए त्यसैले उनका शिष्य मार्क्सको दर्शन हेगेलबाट प्रभावित छ । यसरी हेर्दा वेदको आधारलाई उनले युरोपको परिवेशमा मार्क्सवादको परिकल्पना गरे । यसर्थ वेद नै मूल दर्शन हो, मार्क्सवाद त वेदको हाँगो एउटा सानो बच्चा हो ।

त्यसैलाई कसैले ज.व.ज. कसैले एक्काइसौं शताब्दीको जनवाद त कसैले नयाँ जनवाद भन्दै बच्चाको नाक, कान, घाँटी पक्रेर दृष्टिबिहीनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात्ती छाम्दै ब्याख्या गरेजस्तो गर्नु र त्यसलाई वहसको विषय बनाउनेहरूले वैज्ञानिक दर्शन वेदको अध्ययन गर्नु अनिवार्य छ ।

त्यतिमात्र होइन विश्वप्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका छन्, 'हामी वैदिक दर्शन, वेद र हिन्दूहरूका प्रति अत्यन्त आभारी छौं, किनभने उनीहरूले हामीलाई गणित विद्या दिँदैनथे भने विश्वमा कुनै आविष्कार कदापि सम्भव हुने थिएन ।' (स्रोत Ignited minds: Unleashing the power of India by |A.P.J. Abdul Kalam)

जहाँसम्म सनातन वैदिक संस्कृतिलाई राजतन्त्रसँग जोडेर हमला गरिएका छ यो त नेपालका कथित कम्युनिष्ट आवरणका ईसाईहरूले पश्चिमा पादरीलाई हेरेर धाराणा बनाए जस्तै हो । यो देशमा राजतन्त्रले आफ्नो कारणले आफ्नो अस्तित्व राख्न सकेन । खासगरी बहादुर शाहको अवशानपछि प्रवेश पश्चिमा साम्राज्य वि.सं.१९०३ को कोतपर्व र जंगबहादुरको उदयपछि संस्थागत रूप धारण गऱ्यो । राजा त्रिभुवनले तोडेको घेरा वि.सं. २०१७ सालको शाही कदमको पर्दाभित्र अमेरिकी गैरसरकारी संस्था पिसकोर मार्फत वैदिक शिक्षालाई विस्थापन गर्दै वि.सं. २०२८ सालमा लागु गरेको नयाँ शिक्षा र यसको प्रतिरोध गरेका योगी नरहरिनाथको जेलचलान पछिल्ला दृष्टान्त हुन् ।

जसरी पृथ्वी रूखसित होइन रूख पृथ्वीसँग गाँसिएको र वनजंगलका रूख समय अनुसार काट्दै नयाँ वृक्षारोपण गरिन्छ, तर जमिन भने रहिरहन्छ । त्यस्तै साश्वत सनातन धर्म कुनै राजा या राजतन्त्र माथि या पार्टीमा आधारित हुँदैन । त्यसलाई अनुशरण गर्ने र अंगाल्ने अधिकार सम्पूर्ण मानवको स्वतन्त्रता हो । त्यो राजाहरूलाई पनि स्वतन्त्रता छ, तर बेलायतकी महारानी प्रोटेस्टेन्ट क्रिश्चियन हुनैपर्ने भने भुटानका राजा बौद्धमार्गी हुनैपर्दछ ।

विश्व प्रशिद्ध वैज्ञानिक जुलियस आर ओपेन हेमर जसलाई एटम बमका पिता पनि भन्ने गरिन्छ । उहाँ भन्नुहुन्छ 'आधुनिक विज्ञानमा हामीले जेजे कुराहरू अहिले प्राप्त गरिरहेका छौं, ती सबै हिन्दूहरूको प्राचीन दर्शन 'वेद' को आधारमा अलिकति फेरबदल सरलीकरण र परिष्कृत गरेको मात्र हो ।'

(स्रोत द ताओ अफ फिजिक्स) । by Fritj of Capra

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबैभन्दा पहिला एटम बम विष्फोटन भएपछि मानिसहरूले उहाँलाई सोधेका थिए के यो सबभन्दा पहिला एटम बमको विष्फोट हो ? उत्तरमा उहाँले भन्नुभयो, 'हो यो वर्तमान कालका लागि' अर्थात् प्राचीनकालमा महाभारत युगमा धेरै एटमवमहरू विष्फोट भइसकेका थिए । *स्रोत: www.gosai.com*

यतिबेला मार्क्सवादी आवरणमा होस् या माओको आवरणमा पश्चिमा साम्राज्यवादी गुरूयोजनाअनुसार वैदिक सनातन संस्कृतिमाथि हमला गरिएको छ । हिन्दू सम्राट्वादी दक्षिणपन्थी हुन् या धर्म निरपेक्षतावादी उग्रवाम तथा जातिवादी दायाँ र बायाँ कोणबाट एउटै केन्द्रमार्फत हमला गरिरहेका छन्, जुन एउटै हो । वास्तवमा वेदमा आधारित वैदिक समवादलाई पक्रेर मार्क्सले साम्यवादको धारणा अघिसारे । तत्कालीन यूरोपको परिवेशमा मार्क्सको विज्ञान वेदकै विज्ञान हो भने उनले भन्ने गरेको द्वन्दात्मक भौतिकवादी सिद्धान्त 'वादे वादे जायते तत्वबोध' संस्कृत शब्द जसको अर्थ वाद-प्रतिवादबाट नै निश्कर्ष निस्कन्छ भन्ने नै हो । यसकै सार द्वन्दात्मक भौतिकवाद हो । कार्लमार्क्सका गुरू हेगेलको सिद्धान्त वाद-प्रतिवादकै निश्कर्ष समवाद हो । समवाद वेदको मूल मर्म हो ।

'यावद भ्रियेत जठर-तावत्स्वत्व हि देहिनाम् ।

अर्धिकै यो भिमन्योत-सस्तोनो दण्ड मर्हाति ॥ (भागवत)

अर्थात् जतिले पेट भरिन्छ त्यति हो मानिसको (स्वत्व) आफ्नो भन्ने कुरा यसभन्दा बढी चाहिन्छ भनी जो ठान्दछ त्यो चोर हो, त्यो दण्डनीय हुन्छ ।

'येनहरि मनमा निरतअतेन-देवत्वऋः समानश ।' -ऋग्वेद ३-६०-२

अर्थात हे ऋभूहरू तिमीहरूले आफ्ना बुद्धि ज्ञान र शक्तिले जे जस्ता वस्तुहरू निर्माण गऱ्यौ ति सबै कार्यहरूद्वारा तिमीहरूले देवत्व प्राप्त गऱ्यौ ।

वेदमा आधारित वैदिक समवादले श्रमलाई पूंजागर्ने, इमान्दार मेहनती, कुशल श्रमिकलाई देवता मान्छन् । जसलाई मार्क्सले प्रगतिशील धारामा 'संसारका मजदुरहरू एक हौं' भनी नयाँ रूपमा संश्लेषण गर्दै जसले आवश्यकभन्दा बढी जम्मा गरेको छ, त्यसलाई खोस' भन्नुभयो ।

वैदिक दर्शनले उद्यमविहीन भएर सयौं वर्ष बाँच्नुभन्दा एकघण्टा उद्यम गरेर मर्नुचाहिँ उत्तम हो भन्ने मान्यता राख्छन् ।

'अहम् भूमियाददाम आर्याय' अर्थात् यो भूमि उत्पादनको साधन कर्तव्य कर्म पालन गर्ने मेहनत परिश्रम गर्नेलाई दिनुपर्दछ ।' जसलाई आधुनिक प्रगतिशील धारामा 'जसको जोत उसको पोत' भन्न थालियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेगलबाट प्रशिक्षित मार्क्सले पूर्वीय दर्शलाई (हिन्दू सनातन धर्मको ग्रन्थ) लाई विज्ञान मान्नुभयो र ईसाई धर्मलाई अफिम भन्नुभयो त्यो युरोप भर क्रिश्चियन पादरीहरूको औचित्यहिन क्रियाकलापको आधारको निश्कर्ष थियो । यस प्रसङ्गमा अमेरिकी राजनेता तथा पूर्वराष्ट्रपति थोमस जेफर्सनको भनाइ छ, ('क्रिश्चियन धर्मले शुरूवातदेखि नै सबैलाई क्रिश्चियन बनाउँदै लाखौ निर्दोष मानिसलाई अमानवीय यातना दियो । कतिलाई जेलनेल ठोक्यो, कैयौंलाई जिउँदै आगोमा होम्यो, कैयौंलाई मानसिक प्रताडना दियो । तरपनि संसारभरिका मानिसलाई क्रिश्चियन बनाउने कुरामा एक इञ्च प्रगति भएन । यस्तो विनाअर्थको जोरजबर्जस्ती र हिंसाको के प्रयोजन ? संसारभरीका मानिसलाई क्रिश्चियन बनाउन खोज्दा क्रिश्चियन धर्मले विश्वको आधा जनसंख्यालाई ढाँटेर छलेर दिग्भ्रमित पारेर मुर्ख बनाउने दुष्प्रयास गर्‍यो भने आधा जनसंख्यालाई पाखण्डी बनायो ।'

संसारभरका समाजवादी, राष्ट्रवादी आन्दोलनलाई समाप्त पार्न जातीय नारा र धर्मको प्रयोग गर्दै आइरहेको पछिल्लो चरणमा हिन्दू सम्राट र 'रिम' मार्फत माओवाद र दलाई लामामार्फत बुद्धिजमको आवरणमा प्रवेश गरेका छन् । रूसी अक्टोवर क्रान्तिपछि सन् १९२२ को वसन्त याममा रूसमा भीषण भोकमरी फैलिएको थियो । लेनिनले पीडितलाई खाद्यान्न उपलब्ध गराउने भन्दै चर्चको सम्पत्ति अधिग्रहण गरेका थिए ।'[१८] जुन धर्मको आवरणमा भएको क्रिश्चियन ज्यादतीलाई रोक्नु थियो । सोभियत संघमा लेनिनले त्यहाँको परम्परावादी अर्थोडक्स चर्चलाई नियन्त्रणमा लिएका थिए । चीनले अहिले आएर सन् २०११ पछि पश्चिमा क्रिश्चियानिटीका विरूद्ध विशेष कार्यक्रम नै सञ्चालन गरिरहेको छ ।

स्टालिनको मृत्युपछि रूसमा बढेको ईसाईकरणले कम्युनिष्ट आवरणका गेनेडी एनाएमहरू तयार गर्दै सोभियत संघ विघटित गरायो भने नेपालमा जनै काट्ने पूर्व माले उर्फ एमाले, मसाल र पछिल्लो माओवादी गेनेडी एनाएमकै नयाँ संस्करण मार्क्सवादको ब्यानरमा बहुदलीय जनवाद र एक्काइसौं शताब्दीको जनवाद भन्दै ध्वंश गर्न उद्यत छन् र यी नयाँ आवरणका पाखण्डी हुन् । यिनीहरू अन्ततः जातिवादी एजेण्डामा रूस जस्तै नेपाललाई विघटन गराउन उद्यत देखिएका छन् ।

---

१८. रिचर्डस् पाइप्सः साम्यवाद एक इतिहास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कम्युनिष्ट आवरणमा पश्चिमा साम्राज्यवादी षड्यन्त्र विरूद्ध सनातन संस्कृतिको रक्षा हाम्रो सन्दर्भमा टड्कारो बनेको छ । पश्चिमा साम्राज्यवादका घरेलु एजेण्टहरूले गोरखपुरपन्थीको आवरणमा वैदिक सनातन संस्कृतिमाथि गोयबल्स संस्करणका साथ विभाजन र अनास्था सृजना गर्न भ्रम फिँजाई रहेका छन् । भारतमा भारत-अमेरिकी आणविक सम्झौता विरूद्ध खरो उत्रिएलगत्तै भा.क.पा. (मार्क्सवादी) विरूद्ध पश्चिम बंगालमा त्यहाँका चर्च र भा.क.पा. (माओवादी) ले संयुक्त रूपमा अभियान चलाएर तृणमूल कांग्रेसलाई सहयोग गरे । वैदिक दर्शनमा ब्राह्मण भनेको विचार दिन सक्ने व्यक्ति हो । यस विपरित बाहुनवाद भन्दै अर्थहीन प्रपोगण्डा गर्ने कथित वामबौद्धिक भन्नेहरू मार्क्सवादको आवरणका पश्चिमा गुप्तचरहरू हुन् । ब्राह्मणवाद भन्ने पश्चिमा कथित वाम बौद्धिकहरूले अहिले पनि इण्डोनेशियाको बालीमा गएर अध्ययन गर्दा हुन्छ । त्यहाँ एकै घरमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र छन् । कामअनुसारको श्रम विभाजन त्यहाँ गरिएको छ । पूर्वीय वैदिक वैज्ञानिक दर्शनका पिता वेदव्यासले 'चरित्रहिन व्यक्तिको घरमा बस्नुभन्दा नरकमा बस्नु राम्रो' भनेजस्तै खराब चरित्र बोक्नेहरू नै सही विचारलाई ध्वंश गर्न आएका छन् । त्यस प्रवृत्ति विरूद्ध सम्झौताहिन, निर्मम र कठोर संघर्ष आजको आवश्यकता हो ।

मध्ययुगमा क्रिश्चियन धर्मको विस्तार गर्न चर्च र धर्म प्रचारकहरूमा मिसनरी उत्साह थियो । त्यसैले पश्चिमी युरोपको उपनिवेश विस्तारमा चर्चसँग सहकार्य भयो । चर्च र बाइबलकै अगुवाइमा उत्तरी अमेरिका, ओसिनिया (प्रान्त टापुराज्यको देशहरू) पूर्वी एसिया र उत्तरपश्चिम अफ्रिकामा क्रिश्चियनहरूको विस्तार सँगसँगै स्पेन, पोर्चुगल, फ्रान्स, बेलायतजस्ता पश्चिमी युरोपेली देशहरूले उपनिवेश खडा गरेका थिए । त्यहाँ चर्चहरूले सास्कृतिक रूपले योगदान पुऱ्याएका थिए । युरोपको परिवेशमा मार्क्सले क्रिश्चियन ज्यादतीलाई सहन नसकेर धर्म अफिम हो भन्नुभयो ।[१९]

जिसस क्राइस्ट र क्रिश्चियन धर्मको सम्बन्ध आफैमा विवादास्पद छ । कार्लमार्क्सका गुरू हेगेलको 'जिसस नजरथ एउटा मिथक हो' भन्ने दाबी छ । उहाँको विचारमा एलेक्सान्डियाका बुनो बावेर यहूदी सन्त फिलोले क्रिश्चियन धर्म जिससको समयभन्दा केही अघि शुरू गरेका

१९ के. आर्स्मस्ट्रङ, अ हिस्टोरी अफ गड पोज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थिए । जिसस इतिहासको कुनै कालखण्डमा थिएनन् भन्ने मान्यता छ । हुन पनि बाइबलका अभिलेखमा जिससको व्यक्तिगत जीवनको जानकारी अत्यन्त कम छ ।

वेद र मार्क्सवाद

मार्क्सवादी दर्शनको वैज्ञानिक सार्वभौम स्वीकार गर्दा वितण्डा मच्चाउने अराजकतावादी अभ्यास, यसलाई बद्नाम गर्ने विसंगत पक्ष हुन् । त्यसरी नै सनातन संस्कृतिको वैदिक दर्शन वेदको वैज्ञानिकतालाई कर्मकाण्डी र समान्तवादी संकिर्णतामा खिष्टानीकरणको गुरुयोजना अनुरूपको हमला अर्को अराजकतावादी चिन्तन हो ।

हजारौं वर्ष पूरानो वैदिक दर्शन र वेदका वैज्ञानिक आधारभूत सिद्धान्तलाई पक्रदै मार्क्सले आधुनिक विश्वमा त्यसलाई प्रगतिशील रूपान्तरण सहित दिशा निर्देश गर्नुभयो । यसको प्रयोगको सार्वभौम तथ्यलाई स्वीकार्दा सन् १९१७ को रूसी अक्टोबर क्रान्ति र सन् १९४९ को चिनियाँ जनवादी क्रान्ति यसको औचित्यता पुष्टि गर्ने जीवन्त प्रयोग हुन् । चिनियाँ कम्युनिष्ट पार्टी र पूर्व राष्ट्रपति हु जिन्ताओको मौलिक शैलीका धर्म संस्कृतिको रक्षाका साथ पश्चिमा संस्कृति नियन्त्रण गर्नुपर्ने सी.पी.सी. को नीति र निर्णयले वेद र मार्क्सवादको सार्वभौमिक सम्बन्धलाई आजको एक्काइसौ शताब्दीमा आएर अझ पुष्टि गरेको छ । प्रसिद्ध जर्मन पण्डित म्याक्स मुलरले हिन्दूहरूको षडदर्शन, (महर्षि कपिलको सांख्य दर्शन, महर्षि पतञ्जलीको योगदर्शन, महर्षि जैमिनीको पूर्व मीमांशा, महर्षि व्यासको (वेदान्त) उत्तर-मीमांसा, महर्षि कर्णादको वैशेषिक दर्शन, र महर्षि गौतमको न्याय दर्शन) सबैलाई आधुनिक युगको जुनसुकै साहित्यभन्दा उत्तम एवं कमसेकम १५ हजार वर्ष पुरानो स्वीकार्नु भएको छ । *(स्रोत : www.gosai.com)*

कार्ल माक्सकै गुरू हेगेलले सनातन संस्कृतिलाई प्रशंसा गरेका छन् । जसको प्रभाव स्वयं मार्क्समा पर्न गयो । जसरी क्रिश्चियन र मुसलमान धर्म सशस्त्र संघर्षबाट प्रचारित भयो, तर त्यस विपरीत बुद्ध धर्म शान्ति, सदचार र ज्ञानद्वारा प्रचारित छ । त्यस्तै मार्क्सवादी दर्शनको प्रयोग श्रृंखला साम्यवादी सशस्त्र क्रान्तिबाट प्रचारित भयो, तर वैदिक समवाद ज्ञानद्वारा प्रचारित छ । समाज विकासक्रममा यस दार्शनिक ध्येय अनुकुल

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

रहि औचित्यता पुष्टि गर्न संर्वधन, संरक्षण र प्रयोगका नितान्त आवश्यक पहलहरूमा अवलम्बन हुन पुगेका समायोजित प्रयास दार्शनिक पक्षकै संगत उपलब्धि मान्नुपर्दछ ।

जहाँसम्म सोभियत संघको विघटनको प्रश्न छ, अन्तर्वस्तुमा हेर्दा अक्टोबर क्रान्ति, खासगरी स्टालिनको मृत्युपछि बढेको खिष्टानीकरण र त्यसकै जगमा मार्क्सवाद माथिको प्रहारमा ध्यान नदिएको परिणाम हो । जुन चीनले पूर्व राष्ट्रपति हु जिन्ताओको समयमा सन् २०११ मा आएर सोभियत संघको विघटन वेदको जगमा रहेको मार्क्सवादको आधारभूत मान्यतालाई कम आँकलन गर्नुको परिणाम हो भन्ने स्वीकारेको छ । यसरी हेर्दा सोभियत संघको विघटन दार्शनिक पक्षको त्रुटि नभई व्यवहारिक प्रयोगकै कमिकमजोरीहरूको परिणाम स्वरूप घट्न पुगेको आकश्मिक घट्ना मात्र हो । यस घटनाले विश्वव्यापी पैमानामा आंगिक प्रहार त गर्न सक्छ, तर निर्णायक पराजयको कारक मान्न सकिँदैन ।

वेदमा आधारित वैदिक समवाद नै मार्क्सको नयाँ जनवादी सत्ताको स्थापनाको कल्पना हो । मार्क्सवाद र माओवादका नाममा जातिवादी कठमुल्लाहहरूले धर्मनिरपेक्षताका नाममा वेदमाथि गरेको हमला मार्क्सवाद माथिको परोक्ष हमला हो । ब्राह्मणवाद भन्ने अराजकतावादी कठमुल्लाहरू पशु जस्तै हुन् । जसले समाज परिवर्तनको अग्रगामी विचार दिन सक्छ त्यसलाई नै ब्राह्मण भनिन्छ । विचार दिन नसक्ने ब्राह्मण (विद्वान) हुँदैन । जातले कोही पनि ब्राह्मण हुन सक्तैन । वेदव्यास वाल्मीकि, वैज्ञानिक संस्कृत व्याकरणका रचयिता विद्वान पाणिनि, कार्लमार्क्स, ऐंगेल्स, मार्क्सवादलाई प्रयोगमा ल्याउँदै नयाँ विचार दिने लेनिन, यसको संरक्षण गर्ने स्टालिन, मार्क्सवाद लेनिनवाद तथा विश्व कम्युनिष्ट आन्दोलनको अनुभवमा जन्मिएका माओले विचारधाराको रूप दिनुभयो त्यसैले यी सबै ब्राह्मण हुन् । त्यसैगरी साम्रांज्यवादी हमला विरूद्ध ल्याटिन अमेरिकाका ह्युगो चाभेज, विघटित रूसलाई सम्हाल्दै नेतृत्व दिएका पुटिन, दक्षिण अफ्रिकाका नेल्सन मण्डेला, इराकका आयतोल्लाह खुमेनी, अहमदिनेजाद आधुनिक विश्व राजनीतिका ब्राह्मण हुन् । ब्राह्मण त्यो हो, जसले विचारधारात्मक रूपमा समाजमा अग्रगामी चिन्तनसहित आफ्ना मौलिक संस्कृतिको रक्षाकासाथ परिवर्तन गर्न सक्छ । यसकारण जातिवादी एजेण्डा बोकेर ब्राह्मणमाथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कम्युनिष्ट आवरणमा आक्रमण गर्नेहरू पश्चिमा साम्राज्यवादका एजेन्ट हुन् भन्ने कुरा व्यवहारमा प्रष्ट छ ।

मार्क्सवादको आधारभूत मान्यता वर्ग संघर्ष ध्वंश गर्न साम्राज्यवादीद्वारा चलाएको जातीय अत्मनिर्णयका गैरसर्वहारा वर्गीय एजेण्डा बोक्नेहरूले गरेको माओवादको ब्यानरमा माओ विचारधारामाथि हमला भनेको मार्क्सको आवरणमा मार्क्सवादको जग वेदमाथिको हमला शाश्वत सत्यतालाई तोडमोड गर्ने दुश्प्रयास मात्र हो । यसकारण उग्र र उत्तेजनात्मक नारा र एजेण्डामा, नेपालमा माले र माओवादको ब्यानरमा चलाइएको ध्वंशात्मक अभियान साम्राज्यवादी प्रपोगण्डाको प्रलाप भन्दा भिन्न तथा एक्काइसौं शताब्दीको जनवादको आवरणभित्र बहुदलीय जनवादरूपी रेडकलर मण्डले धाराको पृथक रूपमा बुझ्न सकिँदैन ।

वेदमाथि हमला गर्दै हिन्दू आवरणमा सनातन संस्कृति ध्वंशगर्न पश्चिमा साम्राज्यवादी गुरूयोजना अनुसार वि.सं. २०२८ सालमा पञ्चमण्डलेहरूले लागू गरेको नयाँ शिक्षा कालो कलरको साम्राज्यवादी ब्यानर हो । समग्रमा माले, मसाले र मण्डलेहरू आवरणमा फरक देखिए पनि सारभूत रूपमा एउटै तत्व देखिन्छ । अहिले विज्ञानको अनुसन्धानले प्रष्ट पारेको छ, विश्वका सम्पूर्ण धर्म र दर्शनहरू सनातन वैदिक दर्शनबाट नै उत्पन्न भएका हुन् । बुद्ध, जैन, शिख, किराँत मात्र होइन, आज जुन क्रिश्चियन धर्म छ, त्यसका प्रवर्तक यशु क्रिस्ट समेत आफ्नो जीवनकालको १८ वर्ष[२०] हिमवत् खण्डको काश्मिर, जगन्नाथपुरी, नेपाल र तिब्बत भ्रमण गरी हिन्दू सनातन, बौद्ध र नाथ सम्प्रदायहरूको दर्शनको अध्ययन गर्नुभएको कुरा होल्गर क्रिस्टनले आफ्नो पुस्तकमा लेखेको बीबीसीद्वारा सार्वजनिक गरिएको वृत्तचित्रबाट पनि थाहा हुन्छ ।

५० वर्ष पछिको साम्राज्यवादी नेतृत्व लिने गुरूयोजनाअन्तर्गत पश्चिमाहरूले साम्राज्यवादको रक्षार्थ नयाँ अनुहार सहितको नेतृत्व लिने षड्यन्त्र प्रष्टै छ । जसरी पञ्चायतको शुरूवातमै (वि.सं. २०१८) अमेरिकी गैरसरकारी संस्था पिसकोरको आगमन, त्यसैको जगमा विकसित र संगठित समूहहरू चौम, माले र मसाल ब्राण्डमा वैचारिक धारालाई नियन्त्रित गर्दै नयाँ रूपमा क्रियाशील गराउने परियोजना अन्तर्गत स्थापित हुन पुगे । वि.सं.

२०. डा. स्वामी प्रपन्नाचार्य वेदमा के छ ? साझा प्रकाशन, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०२८ को झापा व्यक्ति आतंकवादको ब्राण्ड पहिलो चरणमा बहुदलीय जनवादको प्रयोगको रूपमा आयो । त्यसैको निरन्तरता वि.सं. २०५२ पछिको व्यक्ति आतंकवाद एक्काइसौं शताब्दीको जनवादको आवरणमा जातिवादी एजेण्डासहित उदय भयो ।

यो सरासर मार्क्सवाद, लेनिनवाद र माओविचारधारा, वैदिक समवाद विपरित छ । राष्ट्रवादको 'आवरणमा मुलुकका राष्ट्रिय आधारस्तम्भ सनातन संस्कृति, राष्ट्रिय पुँजीको संरक्षण र सम्वर्द्धन गर्न नसक्ने राष्ट्रिय पुँजीपति विरूद्ध दलाल एनजीओ/आइएनजीओ, सनातन संस्कृति विरूद्ध बाइबलकरण, वैदिक शिक्षा विरूद्ध नयाँ शिक्षा लागू गर्नेहरू सारमा राष्ट्रघाती, देशद्रोही अपराधी, जनघाती हुन् भन्ने कुरा घाम जतिकै छर्लङ्ग छ । त्यस्तै ब्राह्मण, क्षेत्री र दशनामीका आवरणमा पार्टी खडा गरेर अराजकता मच्चाउनेहरू कालो कलरका जातिवादी कठमुल्लाहहरू हुन् । त्यसैले यस्तो बद्नाम तत्वदेखि सनातन संस्कृति रक्षकहरू सचेत हुन अनिवार्य छ ।

त्यतिमात्र होइन, पूर्ववर्ती माले र पछिल्लो संस्करणमा माओवादी वर्ग संघर्षका कडी र प्रजातन्त्रिक तत्वमाथि केन्द्रीकृत प्रहारले मात्र नपुगेर सनातन संस्कृति माथि हमला गर्न रातो झण्डा बोकेर मार्क्सवाद, लेनिनवाद र माओको ब्यानरमा निर्णायक प्रहार गरिरहेका छन् । यस ऐतिहासिक घटनाक्रमबाट अनविज्ञ रहँदै सतहि रूपमा यस मुलुकको परिवर्तनको एजेण्डालाई बुझ्ने प्रयास गरियो भने यो भन्दा ठूलो ऐतिहासिक गल्ती अरू हुन सक्तैन ।

यो नेपाली जनआन्दोलनका चरणबद्ध, खुड्किलाहरूको समष्टिगत सत्यार्थ किटानी हो । त्यतिमा मात्र सीमित नभएर सनातन संस्कृतिमाथि घोर दक्षिणपन्थी भारतीय एकाधिकार पूँजीवादी शक्तिका एजेन्ट दक्षिणपन्थीहरू वैदिक दर्शन तथा सनातन संस्कृतिलाई बनारसीकरण गर्दै बदनाम गरिरहेका छन् । हाम्रै अगाडि हजारौं वर्ष पुरानो वेदका रचयिता वेदव्यास तनहुँमा, विश्वकै प्राचीन संस्कृत व्याकरणका रचयिता पाणिनि अर्घाखाँचीमा रहेको ऐतिहासिक प्रमाण ताजै छ । यस विपरित खस जातिहरू दक्षिणबाट आएका हुन् भन्ने राष्ट्रघातीहरूले सर्वप्रथम वेदव्यास र पाणिनिको मात्र अध्ययन गर्दा हुन्छ ।

बौद्धिक दलाली स्वरूप यसको अभिष्ट पनि अन्ततः पश्चिमा साम्राज्यवादकै रक्षाकवचको भूमिका निभाउनु हो । भारतको भा.ज.पा.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालका दक्षिणपन्थी सारमा पश्चिमा भूमिकामा रहेका एउटै तत्व हुन् । यसबाट सनातन संस्कृतिको रक्षा गर्नु हाम्रो अर्को चुनौति हो ।

नेपालको प्रजातान्त्रिक र प्रगतिशील आन्दोलनमा सर्वप्रथम नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक पुष्पलाल र डा. केशरजंग रायमाझीले फरक भूमिकामा माओविचारधारा र डीएन अडिट धारामा घरेलु प्रतिक्रियावाद र साम्राज्यवाद सँग भिड्ने रणनीति अख्तियार गरे । यसबाट अतालिएको साम्राज्यवादी केन्द्रले दरबारभित्रको घोर दक्षिणपन्थी केन्द्रको साथ लिंदै हमला शुरू गऱ्यो । पहिलो चरणमा पुष्पलालले अघिसारेका सैद्धान्तिक मूल्य मान्यतालाई जीवन्त प्रयोगमा ल्याउने संगठनात्मक संरचना ध्वस्त गर्न माले उर्फ एमाले, चौम उर्फ मसाल र मण्डल मोडल रणनीतिक प्रयोगमा उत्रियो । तर ती प्रस्तावनाहरू आफ्नो लक्ष्यमा आँधीविरूद्ध उभिएको मौलो सरि अडिग रहे । जसको ऐतिहासिक संवोधन वि.सं. २०३६ र वि.सं. २०४६ को संयुक्त आन्दोलनले गऱ्यो ।

यसले स्थापित गरेका मान्यताहरू विरूद्ध प्रहार गर्ने अस्त्रहरू समाप्त भएपछि, दोश्रो चरणको ध्वंशात्मक रणनीतिको रूपमा मदनको हत्या गराउँदै बहुदलीय जनवादमाथि गुप्तचरद्वारा संगठन कब्जा गराएर पुष्पलालको ब्यानर बदनाम गर्ने र अर्कोतर्फ एक्काइसौं शताब्दीको जनवादको नाम दुरूपयोग गर्ने प्रयत्नमा पश्चिमाहरू अहोरात्र जुटिरहेका देखिन्छन् । तथाकथित संविधान सभाको विघटन पश्चात अतिदक्षिणपंथी साम्राज्यवादी केन्द्रको गुरूयोजना अनुसार भारत स्थित दक्षिणपन्थी शक्तिलाई प्रयोग गर्दै नेपालको सैन्य शक्तिको दुरूपयोग गर्ने षड्यन्त्र कायम नै देखिएको छ । दरबार हत्याकाण्ड देखि नै सतहमा आएको यो अभियान सत्ता कब्जाको साजिस कम्युनिष्ट आवरणका एमाले, एमाओवादी, तराईका क्षेत्रीय दल दक्षिणपन्थीहरूको संयुक्त कारबाहीको रूपमा अघि बढाउने प्रयत्न भइरहेको छ ।

दरबार हत्याकाण्ड पश्चात सम्पूर्ण सत्तालाई आफ्नो विरासत ठान्ने घोर दक्षिणपन्थी प्रभाव स्वरूप परिणामत निलम्बित राजतन्त्र र प्रस्तावित गणतन्त्रको अवस्था सृजना भयो । अल्ट्राराइटिस्ट र अल्ट्रालेफ्टको संरक्षक आन्तरिक केन्द्र नै रक्षात्मक अवस्थामा रहेको स्थितिमा कुनैपनि आवरणको गलत अभ्यास भनेको अस्थिरतामार्फत विदेशीको क्रिडास्थल बनाउनु हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गृहयुद्धको वीजारोपणसहित भुटान र फिजीमोडलमार्फत अफगानीमोडल सिफ्ट गर्नु हो ।

अलकायदाको प्रयोगका रूपमा रातो कलरमा माओवादी र कालोकलरमा मधेशवादी, तराईका क्षेत्रीय दल एउटै उद्देश्यका फरक केन्द्र हुन् । चीनलाई माओवादी निकट, मधेशवादीलाई भारत निकट देखाउँदै (क्रिश्चियन) पश्चिमा साम्राज्यवादको कसिलो केन्द्र मार्फत राष्ट्रवादको आवरणमा बार्गेनिङ गर्ने घोर दक्षिणपन्थी राष्ट्रवादको कछाड खुस्केजस्तै माओवादी आवरणको अलकायदा र प्रचण्ड बाबुराम आवरणको बिन लादेन प्रवृत्ति छरपष्ट भइसकेको छ । त्यसरी नै तराईका जातिवादीहरू यसैको अर्को पाटो बनेका छन् ।

अल्ट्रा राइटिष्टको रूपमा साम्राज्यवादले मध्यपूर्वमा हमास, अफगानिस्तानमा तालिवान, इराकमा सद्धाम हुसेन, भारतमा भा.क.पा माओवादी, नेपालमा माले, मसाल, मण्डल, जनवादी मोर्चा पछिल्लो चरणमा मधेश र माओवादी, दक्षिण अफ्रिकामा प्यान अफ्रिकानिष्ट काँग्रेस आवरणमा प्रयोग गर्न खोजेजस्तै हो ।

नेपाल सन्दर्भमा भएका यी प्रयोगहरू समग्रमा ५० वर्षपछिको साम्राज्यवादी हितरक्षार्थ पश्चिमा रणनीतिमा सेना र माओवादी गठबन्धन निर्माण साथ माओवाद कै आवरणमा माओकै चीन ध्वंश गर्ने र पश्चिमा (क्रिश्चियन) केन्द्र बनाउने षड्यन्त्र अनुरुप भएको हो ।

इतिहास साक्षी छ, वि.सं. २००७ देखि वि.सं. २०१५ सम्म आइपुग्दा त्यस समयमा दलहरूको चुनावी प्रतिस्पर्धालाई राष्ट्रिय सहमतिको सम्बोधन ऐतिहासिक राजनीतिक पाटोको निष्कर्ष निकाल्न नसक्नुको परिणाम स्वरूप त्यतिबेलाका ऐतिहासिक राजनीतिक हस्तीहरू टंकप्रसाद आचार्य, डा. के.आई सिंह, डा. डिल्लीरमण रेग्मीलगायत ठूलो राजनीतिक धारा किनारामा रहन गयो । त्यसैगरी बाह्य रूपमा भारत तथा तत्कालीन सोभियत संघ बीचको प्रगाढ सम्बन्धसँग गहिरो विमति राख्ने नेपाली काँग्रेसको उन्मुक्त सत्ता उपस्थितिको पृष्ठभूमि, चीन र रूस बीचको चीसिँदो सम्बन्ध र त्यस समयको मौजुदा अर्न्तविरोधको परिणाम नै २०१७ साल थियो ।

यो भन्दा भिन्न, वर्तमान अवस्था भारतको ब्यानरमा चीन घेर्ने रणनीति अन्तर्गत पश्चिमा साम्राज्यवादको बढ्दो प्रभाव चीनलाई स्वीकार्य हुन सक्दैन । यो स्थितिमा चीन, भारत र नेपाल त्रिदेशीय रणनीतिमा समस्याको एकल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाधान खोज्नुको विकल्प छैन । पश्चिमा रणनीतिमा भारतले नेपालमा स्थान सुरक्षित खोज्नु तामिललाई उठाएर सिंहालीलाई झुकाउन खोज्दा श्रीलंकामा जुन हविगत भोग्नुपऱ्यो त्यही अवस्था भोग्नुपर्ने निश्चित छ ।

मार्क्सवाद र जातिवाद

आजभन्दा १६५ वर्ष पहिले वेदको वैदिक समवादलाई तत्कालीन युरोपको परिवेशमा साम्यवादी नयाँ जनवादी राज्यसत्ताको परिकल्पना साथ कम्युनिष्ट घोषणा-पत्र जारी गरेदेखि यताको इतिहास ठूला ठूला घटना क्रमहरूबाट गुज्रिरहेको छ । युरोपका सम्पूर्ण साम्यवादी सत्ताहरू ढलि सकेका छन् । मानव समाजको इतिहासले वर्गसंघर्षको धारालाई छोडेर वर्गमुक्ति पछ्याएको छ । जनवादी गणतन्त्र चीन, क्यूबा, ल्याटिन अमेरिका, ब्राजिल, दक्षिण अफ्रिका, इरान जस्ता साम्राज्यवाद विरोधी राष्ट्रहरूमा जीवन र जगतलाई बुझ्ने र बदल्ने साधनका रूपमा हिजोको जस्तो पुरानो ध्वंश होइन स्थानीय कला संस्कृति र धर्मको रक्षाका साथ द्वन्दात्मक भौतिकवादको सुसंगत दृष्टिकोणको विकास भएको छ । क्रान्तिको व्यवस्थित हतियारका रूपमा आर्थिक राजनीतिक, सामाजिक सांस्कृतिक विचारधाराको विकास भएको छ । संसारको दोश्रो ठूलो अर्थतन्त्र र सबैभन्दा ठूलो राजनीतिक पार्टी चीन र चिनियाँ कम्युनिष्ट पार्टीले 'वैदिक समवाद'लाई नै मार्क्सवादको मुल मर्म र त्यही नै माओ विचारधाराको रक्षासम्म विकसित गर्दै लगेको छ । सन् २०११ मा पूर्व राष्ट्रपति हु जिन्ताओले सी.पी.सी. को नीति र कार्यक्रमका रूपमा पारित गराउँदै "पश्चिमा (क्रिश्चियानिटीमा आधारित) संस्कृति र विचार फैलाएर चीनमा आफ्नो पकड कायम गर्ने र त्यसपछि चीनलाई विभाजन गर्ने लक्ष्यका साथ दीर्घकालीन रणनीति बनाएर पश्चिमाहरूले काम गरिरहेकाले यस्तो गम्भीर र जटिल षड्यन्त्रलाई बुझेर सचेत हुन र त्यस्ता गतिविधिको निगरानी र प्रतिवाद गर्दै चीनलाई अखण्ड राख्न चिनियाँ मौलिकपनका अध्यात्म धर्म र संस्कृतिको संरक्षण र संवर्द्धन गर्न प्रभावकारी उपाय अवलम्बन गर्न गराउन हामी सबै केन्द्रित हुन जरूरी छ ।' राष्ट्रपति सी.जिन पिङले वृद्धाश्रम घटाउँदै छोराछोरीले बाबुआमालाई अनिवार्य हेरचाह गर्नुपर्ने नीति सार्वजनिक गर्दै मातृदेवो भवः, पितृदेवो भवः भन्ने वेदको मूल सी.पी.सी.ले पक्रेको छ । *(सत्यको खोज अक्टोबर २०११)*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युरोपमा अठारौ र उन्नाइसौ शताब्दीमा मार्क्सवादको व्यापक प्रचार भयो । पूँजीवादको शोषण र उत्पीडनको पर्दाफास गर्दै आफ्नो वैज्ञानिक चिन्तन र संसार बदल्ने विधिको विकासबाट यसले विश्वव्यापी रूपमा उत्पीडित वर्गभित्र प्रभाव पार्‍यो । सन् १९७१ को पेरिसविद्रोह, सन् १९१७ को रूसी अक्टोबर क्रान्ति, सन् १९४९ को चिनियाँ जनवादी क्रान्ति लगायतका लहरहरूले विश्वको आधा भूगोल प्रभावित पार्न सफल भयो ।

मार्क्सवादको विकासलाई रूपान्तरणका लागि प्रारम्भिक चरणदेखि नै यसभित्र ध्वंशात्मक प्रवृत्तिहरू देखा पर्न थाले । मार्क्स र ऐंगेल्सको समयमा वर्नस्टिन, लेनिन र स्टालिनको समयमा काउत्सकि, माओको समयमा लिनप्यायो कम्युनिष्ट आन्दोलनका विरूद्ध योजनाबद्ध रूपमा कम्युनिष्ट आवरणमा लागे । यता वैदिक दर्शनलाई ध्वंश गर्न वैदिक सनातन संस्कृतिलाई कर्मकाण्ड र राजामहाराजाहरूसँग जोड्दै भाष्यकरण गर्ने र बौद्ध दर्शनलाई ठूलाठूला गुम्बा र दलाई लामासँग जोडेर पृथकतावादी कठमुल्लाहीकरण गर्ने प्रयत्न गरियो । अर्कोतर्फ मार्क्सवादी आवरणमा नेपालमा मात्र होइन संसारभर बर्नस्टिन, काउत्सकी र लिनप्यायोका चेलाहरूले वैज्ञानिक दर्शन वेद र सनातन हिन्दू संस्कृतिमाथि सामन्तवादी संस्कृति भन्दै हमला गरे । तर उनीहरू दलाई लामामाथि हमला गर्दैनन् । यता सन् १९७७ पछि देङस्यायोपिङको आर्थिक नीति चीनले अगाडि सारेपछि सन् १९८४ मा 'रिम' को स्थापनासाथ माओवादको आवरणमा एकातर्फ वैदिक सनातन संस्कृति माथि र अर्कोतर्फ मार्क्सवाद र माओ विचारधारामाथि दुबै कोणमा हमला गरियो र माओवादको ब्यानरमा भारत र नेपालमा ईसाईकरणको अभियानलाई तिव्र पारियो ।

लेनिनले भन्नुभएको छ 'उत्पीडित मुलुकहरूको जातीय आन्दोलनको मूल्याङ्कन विधिवत प्रजातन्त्रको दृष्टिकोणबाट होइन बरू साम्राज्यवाद विरोधी संघर्षबाट प्राप्त हुने वास्तविक परिणामको दृष्टिकोणबाट गरिनुपर्दछ । जातीय समस्यालाई हेर्ने अर्को महत्वपूर्ण दृष्टिकोण वर्ग संघर्ष हो । लेनिनले तत्कालीन रूसी समाजको सन्दर्भमा जातीय आत्मनिर्णयको अधिकारको पक्षपोषण गरे । एकातर्फ लेनिनले तत्कालीन रूसी समाजको सन्दर्भमा जातीय आत्मनिर्णयको कुरा उठाए भने उनले नै जातीय राज्य जातिको हकमा, यस्तो मागको सिधा विरोध गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्कालीन रूसले आफ्नो देशमा बहुमतको संख्यामा रहेका र रूसी जातिको बसोबासको ईलाका भन्दा बाहिर सघन रूपले बसोबास गरेका अन्य विकसित जातिहरूलाई अधिनस्थ जाति घोषित गरेर आएको थियो । यता चीनमा साम्राज्यवादबाट उत्पीडित नवऔपनिवेशिक देश हुनुको कारणले त्यहाँका सबै जातिहरू स्वतः विदेशी नव औपनिवेशिकताबाट थिचिएका थिए । रूसमा साम्राज्यवादी शासकवर्गका रूपमा रूसीजाति थियो र त्यसका विरूद्धमा आत्मनिर्णयको अधिकारको प्रश्नलाई लेनिनले न्यायपूर्ण ठहऱ्याएका थिए । जबकी चीनमा, विदेशी शक्तिको उपनिवेश भएकाले त्यहाँ साम्राज्यवाद विरोधी राष्ट्रिय मुक्ति संघर्षका रूपमा बढाईयो ।

यसबाट प्रष्ट हुन्छ कि जातीय पहिचान या आत्मनिर्णयको अधिकारको मुद्दा साम्राज्यवाद विरोधी संघर्षसँग जोडिएको कुरा हो, त्यसको रक्षार्थ होइन । तर नेपालमा चलाईएको जातीय पहिचान या संघीयताको मुद्दा साम्राज्यवादको हितरक्षार्थ विश्व समाजवादी राष्ट्र विरूद्ध केन्द्र निर्माणको प्रयत्न हो ।

अफ्रिकी राष्ट्र रूवाण्डामा ईसाई मिशिनरीको प्रवेश साथ सयौं वर्षदेखि मिलेर बसेका Hutu (हुतु) र तुत्सी (Tutsi) आवश्यकताको सिद्धान्त प्रयोग गर्दै कहिले हुतु र कहिले तुत्सीलाई उचाल्दै द्वन्द चर्काइएको छ । जुन गृहयुद्धले १० लाख भन्दा बढी रूवाण्डाली मारिए, दशौं लाख घरबारविहीन बन्न पुगे । रूवान्डा संसारकै गरिब राष्ट्रमा परिणत भयो । आफैंले जातीय द्वन्द चर्काईदिएर नरसंहार गराई दिएपछि शान्ति स्थापनाका नाममा त्यहाँ बहुराष्ट्रिय सेना प्रवेश गराइयो । अहिले नेपालमा कथित माओवादीको जातीय पहिचानको एजेन्डा होस् या बाहुन, क्षेत्री, जनजाति, क्षेत्रियतावादी, मधेशका नाममा गराइएको यो अराजकता ठीक रूवाण्डा रणनीतिको नयाँ आयाम हो । यो भित्र्याउने र बोक्नेहरू देशद्रोही राष्ट्रघाती हुन् । अखण्ड, स्वाभिमान, शिवसेना जस्ता अतिवादीहरू कालो कलरका जातिवादीहरू हुन् ।

वि.सं. २०१८ मा भित्रिएको पिसकोरको जगमा निर्मित र विकसित कथित कम्युनिष्ट मुभमेण्ट मार्फत विकसित माले र वि.सं. २०३१ को चौथो महाधिवेशनको न्यूक्लियसबाट विकसित मसाल, माओवादी, मार्क्सवादीहरू सिद्धान्तच्यूत भएर मार्क्स, लेनिन र माओको आवरणमा रूवाण्डाको मिशन भित्र्याइरहेका छन् । जुन खतरनाक छ, राष्ट्रियता र प्रजातन्त्रताको रक्षाका लागि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मनिरपेक्षताको केन्द्रमा चीन

नेपालमा धर्मनिरपेक्षता या सापेक्षता हामीमा मात्र केन्द्रित छैन । यसका पछाडि गहन र दीर्घकालीन, रणनीतिले काम गरिरहेको छ । खासगरि विगत तीन दशकमा चीनले गरेको विकास र प्रगति महाशक्तिको रूपमा पश्चिमाको लागि चिन्ताको विषय हो । बुद्ध धर्मको आवरणमा दलाइ लामालाई केन्द्रमा राखेर भारतमार्फत स्वतन्त्र गतिविधि नेपालमा छ भन्ने कुरा काठमाडौं बौद्धमा पटकपटक तिब्बती आत्मदाहका घटनाहरूबाट प्रष्ट छ । यो सामान्य होइन ।

यही शैलीमा चर्चहरूको विस्तार गर्दै पछि तिनै चर्चलाई, शेल्टर बनाएर चीन विरूद्ध, गतिविधि गर्ने रणनीतिका साथ कथित माओवाद खडा गरिएको छ, संघीयता, जातीय पहिचान र धर्म निरपेक्षताको आवरणमा । यसकारण पश्चिमाहरू युरोपियन युनियनको आवरणमा अनियन्त्रित डलरको खोलोमा कथित जातिवादी कठमुल्लाहरूको सल्लाहमा आइरहेका छन् । जातिवादी एजेण्डामा द्वन्द चर्काउने र गृहयुद्धका आधारमा बहुराष्ट्रिय सेना भित्र्याउने पश्चिमाहरूको दीर्घकालीन रणनीति हो । नेपाली सेनामा सेतो ड्रेस त्यसैको अर्को पाटो हो । प्यारजंग थापाको समयमा नेपाली सेना भारतीय सेनाको एउटै ड्रेसमार्फत प्रवेशको असफलता पछि यो आएको हो ।

ब्रिटिश साम्राज्यवादले भारतलाई टुक्रायो । पहिलो चरणमा भारत-पाकिस्तान बनाईएपछि दोश्रो चरणमा पूर्वी पाकिस्तानलाई आस्थाको आधारमा टुक्रयाएर बंगलादेश खडा गरियो । अब भारतलाई स-साना राज्यमा खण्डित गर्ने पश्चिमा रणनीति कस्तो छ भन्ने कुरा Breaking india पुस्तकमै धेरै कुरा उजागर भएको छ । अहिले नै भारत विभाजन गर्दा चीनलाई चुनौती दिने अर्को शक्ति नरहने निष्कर्षका साथ पहिलो चरणमा भारतलाई उपयोग गर्ने रणनीतिअनुरूप पश्चिमाहरू दिल्लीको केन्द्रीय तहबाट दक्षिण एसिया घेर्ने रणनीतिमा छन् भन्ने कुरा भारतले समयमै हेक्का राख्दा राम्रो हुनेछ ।

कहाँ छ धर्मनिरपेक्षता

संसारमा कहाँ छ धर्मनिरपेक्षता ? यो त केबल पश्चिमाहरूले हामीलाई बाइबलकरणका लागि फालेको पासो हो । एकातर्फ हिन्दू साम्राट र बुद्धिज्मको ब्यानरमा हिन्दू तथा बौद्ध धर्मलाई बदनाम गर्ने र अर्कोतर्फ आफै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मसापेक्ष रहेका पश्चिमाहरूले निरपेक्षताको जामा पहिराई दिएका छन्। ६४ वटा पश्चिमा देशहरू क्याथोलिक पोपको आदेशमा चल्दछन् ती राष्ट्रहरू हुन् १. अण्डोरा २. अन्टिगुवार ३. बुर्बुडा ४. अर्जेन्टिना ५. अष्ट्रेलिया, ६. अष्ट्रिया, ७. बेल्जियम, ८. बेलीजे, ९. बोलिभिया, १०. ब्राजिल, ११. बुरूण्डी, १२. क्यामरून् १३. कभर्डे, १४. चिली, १५. कोलम्बिया, १६. कोष्टारिका, १७. फ्रान्स, १८. चेकोस्लोभाकिया, १९. डोभिनिका, २०. डोभिनिकन रिपब्लिक, २१. इक्वेडर, २२. हङ्गेरी, २३. ग्वाटेमाला, २४. होण्डुरस, २५. आयरल्याण्ड, २६. इटाली, २७. जमैका, २८.किरिवाटी, २९. लेसोथो, ३०. लिकस्टेन्टेन, ३१. माल्टा, ३२. लक्जेम्वर्ग, ३३. मेडागास्कर, ३४. मेक्सिको, ३५. मोनाको, ३६. पेरू, ३७. द निदरल्याण्ड्स, ३८. निकारागुवा, ३९. पनामा, ४०. पाराग्वे, ४१. द फिलिपिन्स, ४२. पोल्याण्ड, ४३. पोर्चुगल, ४४. रूमानिया, ४५. रूवाण्डा, ४६. सेन्टलुसिया, ४७. द फिलिपिन्स, ४८. साउटगर, ४९. प्रिन्सिपे, ५०. सिचेलस, ५१. युक्रेन, ५२. बेलुरसिया, ५३. जर्जिया, ५४. लिथूआनिया, ५५. मोल्डेभिया, ५६. स्पेन, ५६. लातभिया, ५९. अरमानिया, ६०. इस्टोनिया, ६१. स्वीजरल्याण्ड, ६२. उरूग्वे, ६३. जाम्बिया, ६४. क्यानडा छन्। क्युबा र भेनेजुएला साम्राज्यवाद विरूद्ध कठोर संघर्ष गरिरहेका छन्।

वाष्टिष्ट र ग्रीक अर्थोडक्स चर्चको धर्ममान्ने राष्ट्रहरू

१. वहामस, २. साइप्रस, ३. ग्रीस, ४. डेनमार्क, ५. फिनल्याण्ड, ६. आइसल्याण्ड, ७. युगोस्लाभिया

एङलिकन चर्चको धर्म मान्ने राष्ट्रहरू

१. बार्बाडोस २. सेन्ट्रल ३. अफ्रिकन् रिपब्लिक, ४. न्यू क्यालेडोनिया, ५. गाबुन, ६. घाना, ७. आइभरिकोष्ट, ८. लाइबेरिया, ९. मलाबी, १०. मोजाम्बिक, ११. ट्रान्सकी, १२. स्वीजरल्याण्ड, १३. तान्जानिया, १४. त्रिनिदाद, १५. टोबागो, १६. इङ्ल्याण्ड, १७. जिम्बावे

यी मुलुकहरू आफ्नो देशमा ईसाई कायम राख्दै क्रिश्चियन फण्ड मार्फत एसियामा एकातर्फ धर्मनिरपेक्ष र अर्कोतर्फ दलाइ लामा अगाडि सारेर हिन्दू र बुद्ध धर्ममा फुट पार्न क्रियाशिल छन्, विभिन्न एन.जी.ओ./आई.एन.जी.ओ.मार्फत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रोटेष्टेन्ट धर्मावलम्बी राष्ट्रहरू

१. फ्रेन्च पोलिनोसिया, २. जर्मनी, ३. कोनिया, ४. नरू, ५. पपुवान्यूगिनी, ६. सुरिनाम ।

बुद्ध धर्मावलम्बी देशहरू

१. भुटान, २. बर्मा, ३. कम्बोडिया, ४. चीन, ५. ताइवान, ६. श्रीलंका, ७. थाइल्यान्ड, ८. जापान

इस्लामिक राष्ट्रहरू

१. अफगानिस्तान, २. अल्बानिया, ३. अल्जेरिया, ४. बहराइन, ५. बंगलादेश, ६. ब्रुनाई, ७. चाड, ८. ब्रुकिनाफासो, ९. कमरोस, १०. जिबुटी, ११. मिश्र, १२. इथियोपिया, १३. गाम्भिया, १४. गिनिया, १५. गिनियाबिसाउ, १६. इन्डोनेसिया, १७. इरान, १८. इराक, १९. जोर्डन, २०. कुवेत, २१. लेबनान, २२. लिबिया, २३. मलेसिया, २४. माल्दिभ्स, २५. माली, २६. मरिटानिया, २७. मोरक्को, २८. नाइजर, २९. नाइजेरिया, ३० ओमान, ३१. पाकिस्तान, ३२. कतार, ३३. साउदी अरेबिया, ३४, सेनेगल, ३५. सिंगापुर, ३६. सोमालिया, ३७. कजाकिस्तान, ३८. कुजेकिस्तान, ३९. अजरबैजान, ४०. किर्गिजिया, ४१. ताकिजस्तान, ४२. तुर्किस्तान, ४३. सुडान, ४४. सिरिया, ४५. ट्युनिसिया, ४६. टर्की, ४७. युनाइटेड अरब इमिरेट्स, ४८. यमन

एकातर्फ पश्चिमा राष्ट्रहरू आफूहरू बाइबल बोकेका छन् भने अर्कोतर्फ हामीलाई धर्मनिरपेक्षताको आवरणमा ध्वंश गर्न खोज्दै छन् । जुन खतरनाक छ एसियाली स्थिरताका लागि । यसबाट सचेत रहँदै त्रुटि सच्याउँदै अघि बढ्नुको हामीसँग विकल्प छैन ।

बाइबल साम्राज्यवादको असम्भव कल्पना

समग्रमा हेर्दा बाइबलको प्रयोग, साम्राज्यवादी चिन्तन र व्यवहार बारे अहिले प्रशस्त पाठ्य सामग्रीहरू छन् । पश्चिमाहरूको हरियो डलरमा २०६३ जेष्ठ ४ गते अनाधिकृत रूपमा एकाएक धर्म निरपेक्षता घोषणा र चर्चको विस्तारपछि यो षड्यन्त्र बारे जनतामा आफै चेतना वृद्धि भएको छ । मार्क्सको 'धर्मअफिम' शब्दको दुरुपयोग गर्दै कथित नक्कली कम्युनिष्टहरूको प्रपोगण्डा र हिन्दूसनातन संस्कृतिलाई राजासँग जोडेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रहार गर्दै पश्चिमाहरूले एकछिनलाई सफलता पाएको अनुभव गरेपनि यो उसैको लागि अब मृत्यु सरह भएको छ ।

बाइबलको षड्यन्त्र छताछुल्ल मात्र भएको छैन, हिजोसम्म यस विषयमा चासो नै नदिने हामीजस्ता नयाँ मात्र होइन, पूराना पुस्ताका धार्मिक विद्वानहरूमा बाइबलले फैलाएको भ्रम बारेको सामग्रीहरू हजारौंको संख्यामा पुगेका छन् । यो गति दिन प्रतिदिन तीव्र छ ।

बाइबलको नक्कली रूपबारे पाठ्यसामग्रीहरू हेर्दा थाहा हुन्छ । बुद्धका उपदेशहरूबाट सारिएको बाइबलको दस्तावेज आफैमा कति पूर्ण छ ? यो आफैमा प्रश्न चिन्ह खडा छ । हिन्दू तथा बुद्ध धर्मलाई बदनाम गर्न एकातर्फ दलाई लामा र अर्कोतर्फ राजालाई हिन्दू सम्राट यो पश्चिमाहरूकै दोहोरो रणनीति थियो । अमेरिकी एउटा कम्पनीले बुद्धको फोटो जुतामा राखेर अपमान गर्दा दलाई लामाले त्यस विरूद्ध एउटा वक्तव्य समेत निकाल्ने शाहस गरेन । त्यो कसरी बुद्ध धर्म गुरू हुन्छ ? यो क्रिश्चियनहरूद्वारा बुद्ध धर्मलाई बदनाम गर्न तयार गरिएको षड्यन्त्र हो । संसारका हिन्दूहरूका सम्राट भन्दै राजा ज्ञानेन्द्रलाई घोषणा गर्नेहरू नेपाललाई धर्मनिरपेक्षता घोषणा गर्दा कहाँ थिएँ ? यो त हिन्दू सनातन संस्कृति समाप्त गर्ने खतरनाक षड्यन्त्र थियो । हिन्दू सम्राट बनाउन उक्साउनेहरू वास्तवमा हिन्दू आवरणमा सि.आई.ए एजेण्टहरू थिए । जो जनगणनाबाट सिद्ध भइसकेको विषय फेरि जनमतसंग्रह एजेण्डामा हिन्दू आवरणबाटै उठाएर कथित धर्म निरपेक्षतालाई संस्थागत गर्न खतरनाक रूपमा लागिरहेका छन् ।

यसकारण लडाँई उग्रवामपन्थी अतिवाद मात्र होइन दक्षिणपन्थी नक्कली हिन्दू आवरणका अतिवादीहरू सँग पनि हो, वेद दर्शन हो, विज्ञान हो । पूर्वीय दर्शनका हाँगा पातहरू पक्रेर पश्चिमाहरूले आफ्नैपनबाट त्यसलाई विश्वव्यापी फैलाए । अबको हाम्रो चुनौति आफ्नै माटोमा जन्मिएका दर्शनलाई पक्रनु हो । पश्चिमाहरूले जस्तो विभाजन होइन जोड्नु हो । यस विषयमा योगी नरहरिनाथको देश दर्शनलाई अति महत्वपूर्ण ऐतिहासिक दस्तावेजको रूपमा लिइँदै आइएको छ ।

बाइबल साम्राज्यका पिछलग्गुहरू आमा र आत्माको इज्जत र विश्वास बिक्री गरेर भ्रम छर्न न्वारनदेखिको बल लगाइरहेको परिणाम दिनप्रतिदिन नाङ्गिएका छन् र पतनको डिलसम्म पुगेका पनि छन् । भारत मार्फत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिचालित विश्व हिन्दू परिषद् सी.आई.ए.को अर्को पाटो हो । जसरी पश्चिमाहरूले हिन्दू मुसलमान र चीन विरूद्ध अस्थिरताका लागि भारतमा मठाधीसहरू र त्यसका नेपाली शाखा, दलाई लामामार्फत बुद्ध धर्मको बदनाम गर्ने प्रयत्न जस्तै हिन्दू सनातन संस्कृति बदनाम गर्ने अर्को पाटो हो । अहिले पनि जनमतसंग्रहको एजेन्डा बोकेर रा.प्र.पा. (नेपाल) हिन्दू आवरणको क्रिश्चियन मिसन बोकिरहेको छ ।

ओशोले भनेका छन्, 'स्वतन्त्रतापछि पनि भारत दुर्गन्ध, कुरूपता, ग्लानि, दुःख, कष्टले आक्रान्त छ । मानव इतिहासमै कुनै पनि देश स्वतन्त्रता पश्चात् यति पतीत र घटिया भएनन् । यसको मूल कारण धर्म निरपेक्षता हो ।[२१]

कथित हिन्दू संगठन र सी.आई.ए. लगनगाँठो

सन् १९९० मा सीआईएद्वारा राजीव गान्धीको हत्या गरेर कांग्रेस (आई) कै ब्यानरमा बेरोकटोक भित्रिएको उदारवादी पश्चिमा गतिविधिलाई जनस्तरसम्म आईएनजीओ, एनजीओमार्फत बलियो संगठित जग प्रदान गर्ने पछिल्लो रणनीतिक आधार निर्माण हुन पुग्यो । खालिस्तान विद्रोह रच्ने सीआईए पञ्जावसँगको चिसोपन खाटा पार्ने बहानामा मनमोहन सिंहलाई कांग्रेसको ब्यानरमा भारतको प्रधानमन्त्री बनाउँदै राज्यसत्ताको केन्द्र नै कब्जा गर्न पुग्यो । अहिले कांग्रेस (आई) को पतन यी र यस्तै द्वैध चरित्र केन्द्रित गतिविधिको परिणाम हुन् ।

सन् १९९० पश्चात् भारतमा राष्ट्रिय स्वयंसेवक संघ (आर.एस.एस.) ले बृहत सञ्जाल फिँजाइसकेको छ । जुन सञ्जाललाई संघ र संघ परिवार भनिन्छ ।

आर.एस.एस.को भारतीय सञ्जालमा भारतीय जनता पार्टी, शिव सेना, बजरंग दल, विश्व हिन्दू परिषद् लगायत पर्दछन् । आर.एस.एस.ले सन् २००० पश्चात् नेपालमा पनि विभिन्न रूपरंगमा आफ्नो सञ्जाल फैलाई रहेको छ ।[२२] नेपालमा राणा केन्द्र हिन्दूज्मको आवरणमार राप्रपा (नेपाल) राप्रपा नेपाल, शिवसेना, पशुपतिसेना, हिन्दू स्वयंसेवक संघ, अखण्ड नेपाल पार्टी, स्वाभिमान पार्टी, नेपाल जनता पार्टी, नेपाली जनता दल, समाजवादी जनता पार्टी,

---

२१ ओशो (धर्म और राजनीति पेज न. ८९), हिन्दी संस्करण डायमन्ड बुक्स) दिल्ली ।

२२ स्वदेशी आवरणमा आर्थिक नवऔपनिवेशिक दासता, भूपेशकुमार सिंह (एन.जी.ओ. एक खतरनाक साम्राज्यवादी जालो, पेज न. ६९, नेपाली संस्करण)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनता दल युनाइटेड, जनता पार्टी नेपाल जस्ता स-साना संगठनहरू पश्चिमा साम्राज्यवादी रणनीतिक साझेदारका रूपमा एउटै उद्देश्य केन्द्रित छन् ।

२०६० सालमा हिन्दू स्वयंसेवक संघले राजनीतिलाई हिन्दूकरण, हिन्दूलाई सैनिकीकरणको नारा दिएर कथित राष्ट्रिय जागरण सञ्चालन गरेको थियो । शिवसेनाको नेपालका ५० जिल्लामा उपस्थिति रहेको छ । यसैगरी आर.एस.एस.को जस्तै उद्देश्य र मान्यता बोकेको दाबी गर्ने हिन्दू स्वयंसेवक संघको नेपालका प्रमुख शहरहरूमा सम्पर्क रहेको छ । यसले नेपालमा रहेका अतिवादी हिन्दू संगठनहरूको छाता भएको दाबी गर्दछ । तर इसाइकरणविरूद्धको आवाज मन्द छ । भारतमा मुस्लिम समुदायसँग भिडन्त गर्ने काम गर्दछ, तर क्रिश्चियनसँग भिड्दैन । किनकि सी.आई.ए.को लगानी हिन्दू मुस्लिम भिडन्त, क्रिश्चियानीकरण र समाजवादी राष्ट्र चीनविरूद्ध भड्काउनु, अस्थिरता सिर्जना गराउनु हो । अर्कोतर्फ ईसाईहरुले मुसलमान प्रयोग गर्दै अयोध्याको बाबरी मस्जिद र गुजरातको गोदरा हत्याकाण्ड रचेका हुन् । तर कुनै पनि चर्च उनीहरूको निशानामा पर्दैन । अर्कोतर्फ क्रिश्चियनहरूको बाहुल्यता रहेको गोवालाबाट घूसपैठ ढाकछोप गर्न भाजपाका क्रिश्चियनलाई जिताइन्छ । जहाँ भाजपाको तर्फबाट उपमुख्यमन्त्री नै क्रिश्चियन छन् । गोवामा बीजेपीलाई समर्थन ईसाईहरूको दूरगामी र कुटिल रणनीतिक अभ्यास हो । यसरी पश्चिमा शक्तिले यस संगठनलाई कसरी प्रयोग गरिरहेछ भन्ने स्पष्ट हुन्छ । इन्दिरा गान्धी, राजिव गान्धी, सञ्जय गान्धीको हत्या गरेर 'रअ'ले सी.आई.ए.को इशारामा काम गर्दै हिन्दू मुसलमान संघर्ष चर्काएको छ ।

'भारत उदय' को नारा दिएर सीआईएले हिन्दूभित्रै क्रिश्चियन घूसपैठ गतिविधिलाई महत्व दिने, मुस्लिम विरोधी दंगा भड्काउने काम गऱ्यो ।[२३] तर धर्म परिवर्तन गराउँदै हिंड्ने ईसाई प्रवृत्तिलाई आँखा चिम्लिन्छ किन । २०६१ भदौ १६ मा नेपालमा मुस्लिमविरोधी दंगा भड्काउन् हिन्दू आवरणमा पश्चिमा क्रियाशील रह्यो । नेपालमा मुस्लिम समुदायका मस्जिद निजी सम्पत्ति र शहरबजारमा आगो लगाइएको थियो । काठमाडौंमा तीन मस्जिद, चार मदरसा र अन्य ठाउँमा भएको आक्रमणको जिम्मा शिवसेना नेपालले

---

२३ भूपेशकुमार सिंह, भारत सरकारको सहयोगी कदम (दायित्वबोध जुलाई-डिसेम्बर १९९८) नयाँ दिल्ली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिएको थियो । जुन सी.आई.ए. रणनीतिअन्तर्गत हिन्दू मुस्लिमबीच द्वन्द चर्काएर ईसाईकरण गर्दै आफ्नो साम्राज्य कायम राख्ने दीर्घकालीन रणनीति अन्तर्गत साम्प्रदायिकतालाई निम्त्याउन गरिएको थियो । यसमा सेना, जनपथ प्रहरीको संलग्नता र निष्क्रियता थियो । कांग्रेस नेता चिरञ्जीवी वाग्लेको घर प्रहरीकै संलग्नतामा आगो लगाइएको थियो ।

गुजरातमा (अतिवादी) मुस्लिम प्रयोग गर्दै हिन्दू दंगा गराएर नरसंहार मच्चाउन सी.आई.ए. रणनीतिअन्तर्गत निम्त्याइएको गोदरा हत्याकाण्डसँग भा.ज.पा. नेता नरेन्द्र मोदीलाई जोडेर एकातर्फ बदनाम गर्ने र अर्कोतर्फ शिवसेना बजरंग दललगायतका संठनलाई उपयोग गर्ने पश्चिमा क्रिश्चियनहरूको दोहोरो रणनीति रहेको छ । तथापि मोदीलाई अमेरिकाले भिसा नदिएर नेपालका माओवादीसँग जस्तो दोहोरो रणनीतिमा खेलिरहेको थियो । जसरी कथित माओवादीलाई आतंककारी पनि भन्ने सुरक्षा पनि दिने कार्य अमेरिका, युरोपियन, भारत 'रअ' र नेपाली सेनाले गरेको थियो ।

स्वामी विवेकानन्दले भन्नुभएको छ, धर्मको नाममा गरिने कट्टरपन र साम्प्रदायिकता धार्मिक वितण्डा मच्चाउने र धर्म परिवर्तन गराउने तत्व विरूद्ध संघर्ष गर्नुपर्दछ । अर्काको आस्थामाथि चोट पुऱ्याउने कथित धार्मिक नेताहरू कुवाका भ्यागुता हुन् ।[२४]

पोपजोनले घोषणा गरेका छन्, पहिलो सहस्राब्दीमा ईसाईहरूले युरोपमा, दोस्रोमा अफ्रिकामा कब्जा जमाए । अबको तेस्रो सहस्राब्दीमा एसियामा ईसाई धर्मले कब्जा गर्ने छ ।[२५] त्यसका निम्ति हिन्दू मुस्लिमबीच विभाजन र द्वन्द ईसाईकरण अगाडि बढाउने उसको नीति हो । १ अर्ब हिन्दूका सम्राट भन्दै राजा ज्ञानेन्द्रलाई राज्यविहीन 'हिन्दू सम्राट' घोषणा गर्ने विश्व हिन्दू परिषद्लगायत हिन्दू आवरणका क्रिश्चियनको २०६३ जेठ ४ गते सी.आई.ए.को निर्देशनमा नेपाललाई धर्मनिरपेक्षता घोषणा गर्ने कार्यमा समर्थन रहेको देखिन्छ । यसंकारण हिन्दू आवरणका ईसाई, कसाई र सी.आई.ए. जालोबाट नेपाल र भारतलाई मुक्त गर्न नसके पोपजोनको घोषणा लागू नहोला भन्न सकिन्न । समयमै सबैलाई चेतना होस् ।

२४ स्वामी चन्द्रेश शंखघोष, पेज नं. २०६, प्रकाशक बूढानीलकण्ठ आश्रम, बूढानीलकण्ठ ।

२५ क्रिष्टोफर हिचेन्स, मिसनरी पोजिसन, मदर टेरेसा इन थ्योरी एण्ड प्राक्टिस वर्सो लन्डन १९९५ पृ. ५०, पृ. ६०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल, चीनको तिब्बत (चीन स्वशाषित क्षेत्र) र भारतमा हिन्दू आवरणका धेरैजसो साधुसन्त जोगीहरू 'रअ' मार्फत सी.आई.ए.द्वारा परिचालित छन् ।[२६], जुन माओवादीदेखि घोर दक्षिणपन्थीहरूसँग जोडिएका छन् । चाहे ती भारतीय सेनाका पूर्व जनरल पाइलटबाबा, नेपाली नागरिक कालीबाबा, विश्व हिन्दू परिषद्का अशोक सिंघल, कथित गोरखनाथ पीठका आदित्यनाथ, रविशंकर, स्वामी कमलनयनाचार्य, स्वामी चन्द्रेश, ओशोको आवरणमा स्वामी आनन्द अरूण, रामदेवलगायतका भारतीय कथित साधुसन्त आवरणमा पश्चिमा परस्त गतिविधि गर्दै आइरहेका छन् । जोगीको भेषमा राजनीति गर्न आउने भारतीयहरू 'रअ' का गुप्तचरहरू हुन्, कुनै धार्मिक आस्था होइन । यी कथित पण्डाहरूको पश्चिमा परस्त गतिविधिहरूको विरोध गर्दैनन् । क्रिश्चियन ट्रष्टको लगानीमा गतिविधि गरिरहेका छन् ।

स्मरण रहोस्, नेपालको सन् २००१ (२०५८ जेठ १९ गते) को हार्ड सैन्य 'कू' भारतमा भा.ज.पा. सरकारकै समयमा भएको थियो । भारत विरूद्ध सुरूङ युद्ध घोषणा गर्ने माओवादी र त्यसका नेता प्रचण्ड उर्फ छविलाल (पुष्पकमल) दाहाल र डा. बाबुराम भट्टराईले सन् २००२ मा बाजपेयी जो प्रधानमन्त्री थिए, उनलाई आफूहरू भारत विरोधी नभएको पत्र बुझाएर । (प्रा. एस.डी. मुनी जेएनयु, नेपाल ट्रान्जिट प्वाइन्ट) । माओवादी र नेपालका घोर दक्षिणपन्थी, मण्डलेको केन्द्र वीरेन्द्र हत्याकाण्डमा सीआईएसँग जोडिएको देखिन्छ । यो घटना 'रअ'ले भारतमा बाजपेयी भाजपा सरकारलाई समेत गुमराहमा राख्न सफल भयो, वर्तमान भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो कुरालाई तोड्न जरूरी छ । डा. केशरजंग रायमाझीलाई राजावादी गद्दार भन्ने, प्रचण्ड–बाबुरामहरू कमल थापासँग गोप्य भेटघाट गर्दछन्, राष्ट्रवादी आवरणका नाममा । स्रोत अनुसार प्रचण्ड र कमल थापा, एमाओवादी नेतृ हिसिला यमीकी दिदी तिमिला यमीकोमा लामो समयदेखि गोप्य भेटघाट गर्दछन् । जहाँ कांग्रेसका कृष्ण सिटौला, रामचन्द्र पौडेल, नरहरि आचार्यसम्मको वार्तालाप हुने गर्दछ भने पुनर्गठित ने.क.पा. माओवादी खुलेआम वार्तामा छन् । यो सी.आई.ए. रणनीतिअन्तर्गतकै गठजोड हो भन्ने कुरा बुझ्न आवश्यक छ ।

---

२६ मैलकम, मगारिज, समथिव ब्युटिफलफर गड, मदर टेरेसा कलकत्ता, हार्पर एन्ड रोड, न्युयोर्क १९७१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म निरपेक्षतावादी कथित माओवादी र हिन्दू धर्मको मसिहा हुँ भन्ने कथित कीर्ते राजावादी मण्डलेहरू सैद्धान्तिक रूपमा रणनीतिक साझेदार हुन् । सुरूङ युद्ध (भारतविरूद्ध) र बाजपेयीलाई पत्र यो कल्पना गर्न पनि गाह्रो हुन्छ । सारमा यो सी.आई.ए. गठजोड हो । यिनको न कुनै सिद्धान्त छ न त विचार नै । चेन्नइमा प्रभाकरण (लिट्टे नेता), अरूणाञ्चलमा दलाई लामा, गोरखपुरमा मोहनविक्रम सिंह, दिल्लीमा प्रचण्ड, बाबुराम, सी.आई.ए. एजेन्डाअन्तर्गत एउटै उद्देश्यका फरक केन्द्र थिए । जसलाई 'रअ'ले संरक्षण र परिचालन गरेको थियो र छ । पश्चिमा केन्द्रका राजनीतिक मठाधीस बी.पी. भारतीय सत्ता केन्द्रसँग प्रत्यक्ष विरोधाभाषी भूमिकामा उत्रिँदा भारतमा उनको शाख समाप्त भएको अवस्थामा त्यही रणनीतिका अनुचरहरू मोहनविक्रम, चित्रबहादुर केसी गोरखपुरमा सुरक्षित रहनु दरबारमा बीरेन्द्र मारिँदा प्रचण्ड, बाबुराम होलेरीदेखि दिल्लीसम्म सुरक्षित हुनु संयोग होइन, नियोजित थियो ।

नवऔपनिवेशिक दासताको धार्मिक आवरण

अन्तर्धार्मिक सञ्जालको नाममा चलेको गैरसरकारी संगठन होस् या कथित कीर्ते राजावादी मण्डले कीर्ते विश्व हिन्दू महासंघ यिनका गतिविधि न त धार्मिक सरोकार राख्छन् न त धार्मिक विश्वाससँग आस्था नै रहेको छ । कीर्ते विश्व हिन्दू महासंघका कतिपय नक्कली नेताका श्रीमती र छोराछोरी नै भात ईसाई बनेका छन् । भारतमा राजनीतिक रूपमा अगाडि आएको जो संघ जस्ता संगठनहरूभित्रको सभ्रान्त पश्चिमा रणनीतिको उद्देश्यसँग गाँसिएको तप्का जो त्यस संगठनको नेतृत्व तहमा इतिहासदेखि हावी रहँदै आएको छ । क्रिश्चियन ट्रष्टको अकुत आर्थिक, प्राविधिक र रणनीतिक क्षमता प्रयोग गर्दै सी.आई.ए.को साम्राज्यवादी नीति र उद्देश्यलाई हिन्दू आवारणमा पूरा गर्न लागिपरेका छन्, जो ईसाई (क्रिश्चियन) सहवर्तीले गर्दछन् । अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टरका निम्ति माओवादी र राप्रपा नेपाल निकट हुनु, साम्यवाद र वैदिक राज्य स्थापनाका लागि किमार्थ होइन । २०७० मंसिर ४ को निर्वाचनपछि कार्टरले कमल थापा र प्रचण्डसँग लामो वार्तालाप गरी नेपालका दलहरूको धर्मनिपरपेक्षतामा प्रतिबद्धता नखल्बलिने अभिव्यक्ति दिनु क्रिश्चियन एजेन्डामा केन्द्रित थियो भन्ने कुरा प्रष्टै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिन्दूत्वको आवरणमा रहेकाहरू राजा वीरेन्द्रको हत्या गर्ने सी.आई.ए., उसको भ्रातृ संगठनको रूपमा रहेको भारतीय खुफिया एजेन्सी 'रअ' नेपाली सेनाको राणा केन्द्र र त्यसैले सञ्चालन गरेका संगठन राप्रपा नेपाललगायत पश्चिमा परस्त सी.आई.ए. मिशन प्रेरित रहेको देखिन्छ । यसलाई धर्मप्रतिको आस्था र विश्वास होइन कि सन् १९७४ अप्रिल १४ मा सिक्किमका तत्कालीन प्रधानमन्त्री लेण्डुप दोर्जेले राष्ट्रघाती संविधानसभाले मुलुक नै विलय गराउने निर्णय कथित जनमत संग्रहमार्फत अनुमोदन गराएर[२७] भारतमा विलयको वैधानिकता दिएजस्तै ०६३ जेठ ४ र ०६४ जेठ १४ गते सी.आई.ए.को पकडमा रहेको नेपालको संविधानसभाले गरेका धर्मनिरपेक्षतालगायत राष्ट्रघाती निर्णयलाई पनि जनमतसंग्रहको नौटङ्कीमार्फत अनुमोदन गराउने षडयन्त्रभित्र ईसाई राज्य गठन मुस्लिमहरूको बीचमा इजरायल बनाएजसरी विशाल चीन र भारतको बीचमा नेपाल पृथक् क्रिश्चियन राज्य स्थापना पश्चिमा साम्राज्यवादको मूल अभिप्राय हो । ९५ प्रतिशत परम्परागत सनातनी हिन्दू, बौद्ध, खस, किराँतलगायत ॐकार परिवारका धर्मावलम्बीहरूको संख्या जनगणनामै प्रष्ट छ । जनमत संग्रह किन र कसका लागि ? यो समग्रमा पश्चिमा एजेन्डा हो । चीनविरूद्ध फ्रि तिब्बत, भारतविरूद्ध फ्रि कास्मिर, जनमत संग्रह, नेपालमा धर्मको जनमत संग्रह एउटै रणनीतिका फरक पाटा मात्र हुन् ।

माओवादको आवरणमा खुनी जनहत्यारा, अपराधी, भ्रष्ट पतितहरूले सीआईए एजेन्ट बबअभाकियनवाद मार्फत 'रिम'को ब्यानरमा ट्रटस्कीवाद र लिनप्याओवादको जगमा माओकै चीन ध्वंश गर्ने सी.आई.ए. एजेन्डाजस्तै हिन्दू राष्ट्रको निशाना नै जनमतसंग्रहमार्फत नामेट पार्न राप्रपा (नेपाल) को प्रयोगको रणनीतिका सन्दर्भमा बुझ्न आवश्यक छ । यो विश्व साम्राज्यवादको आडमा राजा वीरेन्द्रको हत्या गर्ने हत्यारो सैन्य हेडक्वार्टरको एजेन्डा पनि हो । एमाओवादी, राप्रपा नेपाल र नेकपा (एमाले) का चुनावी घोषणापत्रमा जनमतसंग्रह एजेन्डा समान रूपमा रहनु संयोग होइन, नियोजित रूपमा नै आइरहेको छ । इतिहासमा माले, मसाल र मण्डल एउटै हुन् भन्ने कुरा जनमतसंग्रह समान रहनुले स्पष्ट गर्दछ । तत्कालीन प्रधानसेनापति रूक्मांगद कटवालले पहिलो संविधानसभामा जनमतसंग्रह एजेन्डा पेस

---

२७ सुनन्दा के दतरायः फुटाऊ र हत्याऊ (नेपाली संस्करण, मकालु प्रकाशन, काठमाडौं)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुको रहस्य खुल्दै गइरहेको छ । बेबीकिङको सी.आई.ए. एजेन्डा पनि उनीमार्फत नै गिरिजाप्रसाद कोइरालाको ब्यानरमा सार्वजनिक गरिएको थियो । जसलाई राजा ज्ञानेन्द्रले अस्वीकार गरे । यी सबैको अन्तर्राष्ट्रिय केन्द्र सीआईए हेडक्वाटर रहेको खुलासा गरेको छ ।

हिन्दूत्वका लागि धर्मध्वजीहरूको साम्राज्यवादमा निर्भरता, स्वेच्छिक होइन, पश्चिमा परस्त विचारधारामा निहित छ । यस सम्बन्धमा सन् २००५ (वि.सं. २०६१) तिर जतिबेला विश्वहिन्दू परिषद् र कथित नक्कली कीर्ते राजावादी विश्व हिन्दू महासंघका नेता क्रमशः अशोक सिंघल, भरतकेशर सिंह र राप्रपा नेपालका अध्यक्ष कमल थापाहरूले राजा ज्ञानेन्द्रलाई हिन्दू सम्राट बनाएर सी.आई.ए.लाई खुसी तुल्याउन तछाडमछाड गरेको सन्दर्भ स्मरणीय छ । केही समय उनीहरूले राजालाई १ अर्ब हिन्दूको सम्राट भन्दै गुनराहमा राख्न सफल भए । जब २०६३ जेठ ४ गते युरोपियन युनियन र पश्चिमा मोडलमा मरेको पुनर्स्थापित संसदले 'धर्मनिरपेक्षता' घोषणा गऱ्यो, यस्तो घातक घोषणाको कसैले विरोध गरेन । किनकि सी.आई.ए.का पाल्तु कुकुर हिन्दूत्व आवरणमा पश्चिमाकै नोकरको रूपमा रहेका थिए र छन् । क्रिश्चियन बहुराष्ट्रिय कम्पनीको विज्ञापनमा चलेका नेपालका सञ्चार मिडिया जसले (जेठ ४, २०६३) त्यो घोषणालाई बेलायती म्याग्नाकार्टासँग तुलना गरे ।[२८] साम्राज्यवादी एन.जी.ओ. र आई.एन.जी.ओ.को सहारामा पालिएका कथित पत्रकार, बौद्धिक बेश्याहरूले धर्मलाई राजासँग जोड्दै हल्लाको प्रपोगण्डा गरे । यस प्रकारको आर्थिक, नवऔपनिवेशिक कार्यनीतिहरूको अनुमोदन साथ राप्रपा (नेपाल) लाई उदय गराउन खोज्नु र अर्कोतर्फ योगी नरहरिनाथको वैदिक समवादी राज्य स्थापना गर्ने नेपाल पुनःएकीकरणका नायक पृथ्वीनारायण शाहको असली हिन्दूस्थान नीतिलाई गणतन्त्रको ब्यानरमा होस् या राजतन्त्रको प्रयोग गर्न खोज्नु सारमा एउटै उद्देश्यका फरक पाटा हुन्, यसका पछाडि वीरेन्द्र हत्या गर्ने सैन्य केन्द्र नै परिचालित रहेको छ । साम्राज्यवादीहरूद्वारा कथित माओवादको आवरणमा जातीय हिंसा भड्काउन नसकेपछि धार्मिक हिंसा भड्काउने प्रयोगको रणनीतिअन्तर्गत क्रिश्चियनहरुले हिन्दू आवरणका मठाधीस अगाडि सारिरहेको छर्लंग देखिन्छ ।

---

२८ हिमाल खबरपत्रिका २०६३ जेठ १६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाली कांग्रेस भित्र क्रिश्चियन

सन् १९९० को परिवर्तन पछि काग्रेस भित्र विश्व बैंक र आईएमएफको अगुवाईमा निजीकरणको नाममा सी.आई.ए.को प्रत्यक्ष प्रभाव हावी हुन गयो। डा. निलकोइन तत्कालीन यु.एस.एड. अन्तर्गत खुला बजार अर्थनीति र उदारीकरणको निर्देशकको आदेश पालना गर्दै सोसलिस्ट इन्टरनेसनलको छात्रवृत्तिमा जर्मनीमा पढ्न गएका महेश आचार्य र राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा (२०४८) मा गिरिजाले नियुक्त गरेका रामशरण महतलाई अगाडि सार्दै[२९] ३७ वटा राष्ट्रिय उद्योगहरू कौडीको मूल्यमा दलाल पूँजीपतिलाई बिक्री गरेर कमिसन खाई डुबाइयो। टंकप्रसाद आचार्यले बोकेको राष्ट्रियता र प्रजातन्त्रसँगै डोऱ्याउने अडान गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलाई समाप्त गर्न गिरिजालाई प्रयोग गर्दै किनारा लगाइयो। पश्चिमा धारविरोधी रहेकाहरूलाई सी.आई.ए.को निर्देशनमा दरबारभित्रको राणा केन्द्र चलायमान गराई भ्रष्टाचारको मुद्दामा जेल हालियो। त्यसको शिकार चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी, खुमहादुर खड्का चरणबद्धरूपमा हुन पुगे। उनीहरूको पार्टीभित्र बलियो पकड थियो। स्मरण रहोस्, तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले इराकमा अमेरिकी हमलाको समर्थन गऱ्यो। त्यसको विरूद्ध चिरञ्जीवी वाग्लेले कडा असहमति जाहेर गरेका थिए। त्यसैगरी जोशीले सशस्त्र प्रहरी बल त्यसको नाम अर्ध सैन्य बल राख्ने सेनाको योजनामा कडा असहमति जनाएका थिए। उनकै कारण सशस्त्र प्रहरी बल नामाकरण हुन गयो। त्यसैगरी रा.प्र.पा.का रविन्द्रनाथ शर्मा भ्रष्टाचारको कारबीमा परे। मुख्य कारण उनी पनि पश्चिमा धार विरोधी थिए। तर सी.आई.ए. र क्रिश्चियन आई.एन.जी.ओ.सँग जोडिएकाहरू दरबार र सेनाको पश्चिमा धारसँग सम्बन्धित कसैलाई पनि कारबाही गरिएन। ('त्यसको अर्थ भ्रष्टाचारमा कारबाही हुनुहुँदैन भन्ने होइन) षडयन्त्रात्मक अभिष्टसँग गाँसिएकोमा असहमति मात्र हो।

यहाँसम्म कि कांग्रेसभित्र चर्को गणतन्त्रको नारा दिएका गगन थापा र नरहरि आचार्य नै दरबारिया भएको गिरिजाप्रसादले कोइराला निवास विराटनगरबाट सार्वजनिक गरे। तर यी दुबै जना पश्चिमा सी.आई.ए.

२९ द वर्ल्ड बैंक, पार्टनरसीप विद नन गभर्नेन्ट अफ भोलन्टरी अर्गनाइजेसनः विश्व बैंक, १९९७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्रका विश्वासपात्र रहेको कुरा विस्तारै बाहिर आइरहेको छ । दमननाथ ढुंगाना जसलाई कुनै समय दरबारिया निकटको आरोप पनि लगाइन्थ्यो र हाल उनी एन.टी.टी.पी. डिल्लीबजारको भोजन गृहमा कार्यरूत छन्, उक्त केन्द्र सीआईएको शाखा भएको खुलासापछि ढुंगानाको स्थान कांग्रेसका रामचन्द्र पौडेलले लिए, उनले नेपाललाई धर्म निरपेक्ष बनाउन १७ करोड धनराशि लिएको कुरा कांग्रेसी वृत्तमा रहेको छ । (स्रोत पूर्व गृहसचिवसँगको वार्तालाप) र त्यसका लागि तनहुँमा उनका प्रतिस्पर्धी गोविन्दराज जोशीलाई विस्थापित गरियो । २०७० मंसिर ४ को निर्वाचनमा ईसाई कांग्रेसलाई योजनाअनुसार जिताइएको चर्चा छ । नयाँ राणा केन्द्रको उत्तराधिकारका रूपमा शेरबहादुर देउवालाई स्थापित गर्न खुमबहादुर खड्का, किनारा लगाइए भने नरहरि आचार्यमार्फत सी.आई.ए. एजेन्डा हावि गराउन चिरञ्जीवी वाग्ले पाखा लगाइए ।

यसका लागि दरबार र सेना भित्रको विश्वासपात्र (सी.आई.ए.) राणा केन्द्रले २०५८ जेठ १९ मा हार्ड सैन्य 'कू मार्फत तख्तापलट गरे । त्यही केन्द्र अख्तियारको आवरणमा परिचालन गरियो । तर कांग्रेसभित्रका अन्य ठूला भ्रष्टाचारीलाई संरक्षण गरियो । आई.एन.जी.ओ.सँग जोडिएको सी.आई.ए. (क्रिश्चियन) पक्षधरलाई केन्द्रमा हावि गराइयो । यहाँसम्मकी ढुण्डीराज शास्त्रीसम्मलाई पत्र काटेको अख्तियारले विजय गच्छेदार, लाउडा, धमिजा काण्डका गिरिजाप्रसाद कोइरालालाई कारबाही गरिएन । सेना र पश्चिमा आई.एन.जी.ओ.को पकड रहेकाले एमालेभित्रका कुनै पनि भ्रष्टाचारी कारबाहीमा परेका छैनन् । यसको कारण उद्‌गमदेखि सी.आई.ए. रणनीतिअनुरूप इतिहासका विभिन्न कालखण्डमा निर्देशन तामेली सहज र चुस्त भूमिकाबाटै निभाउँदै आउनु हो ।

बाइबल साम्राज्य स्थापना गर्न पश्चिमाहरू दीर्घकालीन योजनासाथ काम गरिंरहेका छन् । त्यो षडयन्त्र चौतर्फी रहेको छ । पास्टर 'ओक शु पार्क' जो अन्तर्राष्ट्रिय युथ फेलोसीपका निर्देशक हुन् ।[३०] उनले पुनर्जन्म भन्ने पुस्तक लेखेका छन्, क्रिश्चियन मिसनरीअन्तर्गत अमेरिकी अनुदानमा भारत, नेपाल, श्रीलंकालगायतका एसियाका युवाहरूलाई विभिन्न प्रलोभनमा फँसाईरहेका छन् । जसमा छात्रवृत्तिअन्तर्गत, अमेरिका, बेलायत, युरोप,

---

३० क्रिष्टोफर हिचेम्स, प्रोन एन्ड अल्टर, द नेसनल १९ सेप्टेम्बर १९९७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिण कोरियामा उच्च शिक्षा पढ्न पाइनेसम्मका आकर्षक योजना छन् । उनी दक्षिण कोरियाका नागरिक हुन् । उनी काठमाडौं चर्च थापाथली-११ मा बस्ने गर्दछन् । कांग्रेसभित्र उनको निकै ठूलो प्रभाव रहेको छ । तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङलाई धर्मनिरपेक्षताको घोषणा गर्न ११ करोड उनैले दिएको भनाइ छ । छात्रवृत्तिअन्तर्गत विदेश पठाउने र इशाइ अभियानमा जोड्न शेरबहादुर देउवा, आरजु राणा जसको दक्षिण कोरियनसँग जोडिएको आई.एन.जी.ओ Hosana Foundation खतरनाक रूपमा परिचालित छ । शोभाकर पराजुली, सुजाता (कोइराला) जोष्ट (क्रिश्चियन पति), डा.नारायण खड्का (क्यानेडियन पत्नी), रामचन्द्र पौडेल, डा. रामशरण महत, डा. मीनेन्द्र रिजाल, डा. प्रकाशशरण महत, शंकर भण्डारी र एन.पी. साउदसम्म कार्टर सेन्टरसँग जोडिएको युवा सञ्जालमार्फत जानेर या नजानेर ईसाई साम्राज्य स्थापनार्थको कुलतमा फसेका छन् । भक्तबहादुर बलायरलाई अगाडि राखेर देउवाले ईसाईकरणलाई सहयोग पुऱ्याउने भूमिका निभाइरहेका छन् । वैचारिक नेतृत्व प्रदीप गिरीले गरिरहेका छन्, जसरी दरबार र पञ्चायतभित्र क्रिश्चियन पादरी डा. तुलसी गिरीले गरेका थिए । उनले अज्ञातनामबाट प्रकाशित पर्दाफास (सलिना थापा) लेखनमा भूमिका निभाए ।

नेपालका सन्दर्भमा भन्नुपर्दा कान्तिपुरका राजा जयप्रकाश मल्लको अनुमति लिएर केपुचिन ईसाई पादरीहरू तमाम चेलाचपेटा सहित आएर अनेकानेक प्रलोभनको साथ म्लेच्छ धर्म थोपर्नुका साथै यस भेकका वस्तुस्थितिहरू बुझेर नेपालको अतिरिक्त तिब्बत हुँदै चीनमा समेत बाजी मार्न उद्यत थिए । जब पृथ्वीले वि.सं. १८२५ मा कान्तिपुर एकीकरण गरे तब ती षड्यन्त्रकारी पादरी र तिनका सम्पूर्ण चेलाचेलीहरूलाई अंग्रेज अधीनस्त भारततिरै पठाइदिएका थिए ।

त्यसरी समेत पृथ्वीनारायण शाहले यस नेपाललाई नै बचाएका हुन् र साथसाथै तिब्बत तथा चीन पनि बचेका थिए । लाग्दछ, सो गुन चीनले महशुस गरेको देखिँदैन । जस्तो, नायब बहादुर शाहका नायबी कालमा वि.सं. १८४९ तिर चीन अधीनस्त तिब्बतको दम्भ र अर्धेल्याइका कारण तिब्बतकै धुरा उठेर आएको चीनसँग नेपालले युद्ध नै गर्नु परेको थियो । तर बहादुर शाहका दूरदर्शीतापूर्ण सुझबुझले गर्दा युद्धले अरू बढी रूप लिन पाएन र नेपाल चीनबीच सोही साल प्रसिद्ध वेत्रावती सन्धि भयो, जुन सन्धि अद्यापि पनि जीवितै छ । सो सन्धिको एउटा दफामा उल्लेखित छ : नेपाललाई कुनै विदेशी शक्ति (सम्भवतः अंग्रेज) ले सैनिक आक्रमण गर्न आएमा त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्तिलाई चीनले हटाउन कुनै कसर बाँकी राख्ने छैन भन्ने छ ।

तर, अफशोच छ कि बेलायतले वि.सं. १८७१ तिर बिना कुनै युद्धको घोषणा नेपाललाई विभिन्न नाकाहरूबाट प्रायः एकै साथ अप्रत्याशित रूपमा सैनिक आक्रमण गर्दा उपर्युक्त वेत्रावती सन्धि अनुसार चीनले अंग्रेजलाई धपाउन त परैजाओस, अंग्रेजको विरोधमा एक वचन बोलिसम्म पनि दिएन । जुन नेपाललाई ठूलो धोखा भएकोछ । अन्यथा शायद विशाल नेपालको भूभागहरू गुम्ने थिएन । ब्रिटिस आडमा भएको वि.सं. १९०३ को कोतपर्व र अमेरिकी रणनीतिमा सीआईए र रअद्वारा भएको वि.सं. २०५८ जेठ १९ को दरबार हत्याकाण्डमा समेत चीनबाट ठूलो धोका भएको छ ।

"अंग्रेजको राज्यमा घाम अस्ताउँदैन" भनी कहलिएको अंग्रेजको तुलनामा त्यसरी एक्कासी आइ लागेको युद्धमा एक त नेपालको अत्यन्त कम जन धन र हतियार, त्यसमाथि पनि सम्हालिने अवसरै नपाएको अवस्थामा कुनै महत्वपूर्ण नाकामा नेपालले जीते पनि अधिकांश नाकामा प्रायः हार हुन गएको थियो ।

तब नेपालले सन्धिको सुरसार गर्न लागेको चाल पाएर युद्धभूमिमै रहेका बडाकाजी अमरसिंह थापाले तत्काल सन्धि गर्न हुँदैन, केही महिना भएपनि अंग्रेजलाई आलटाल गरी टारौं र शक्तिको सञ्चय गरी पुनः युद्ध गरेर लखेट्ने छौं भन्ने व्यहोराको पत्र काठमाडौंमा पठाए तर तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाह र मुख्तियार भीमसेन थापाले सन्धिको कुरा चलाउन चन्द्रशेखर उपाध्याय र गजराज मिश्रलाई सुगौली पठाइछाडे । ती कारिन्दाद्वयले चाहिँ केवल सन्धिको कुरा मात्र चलाउनु पर्नेमा वि.सं. १८७२ पौषमा कथित् सुगौली सन्धिमा हस्ताक्षर नै गरिदिए । यी दुईले रामनगर क्षेत्रको जग्गा र अन्य प्रलोभनबाट सन्धि गरी राष्ट्रघात गरे । त्यस तथाकथित् सन्धिबाट बहादुर शाहमा नायवी कालमा वि.सं. १८४९ सम्ममा विजीत पूर्वमा मेची नदीदेखि पनि पश्चिम किल्ला काँगडासम्मका विशाल भूभागहरू गुम्न गयो ।

यहाँ कथित् वा तथाकथित् सुगौली सन्धी यस कारणले भनिएको हो कि ती दुई कारिन्दा मात्रका सहीले सन्धि भएको मानिन्छ राष्ट्रको त्यत्रो विशाल भूभागको अत्यन्त महत्वपूर्ण सन्धिमा नेपाल र बेलायतका राष्ट्राध्यक्षहरूका सही वा लालमोहर चाहिँदैन र ? अर्को कुरा, यदि ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मचारीद्वयकै हस्ताक्षरको भरमा मात्र सन्धि मान्ने हो भने पनि त्यो सन्धि त बेलायतसित भएको थियो, भारतसित होइन। जब बेलायतले भारत छोडेर गयो तब गुमेका ती भूभागहरू नेपालले पाउने हैन र ?

यसै विषयमा अर्को पनि महत्त्वपूर्ण प्रश्न छ। भारत बेलायतबाट स्वतन्त्र राष्ट्र भइसकेपछि वि.सं. २००७ श्रावणमा नेपाल र भारतबीच भएको सन्धिको धारा ८ मा "यसभन्दा पहिले नेपाल र बृटिस भारतबीच भएका सबै सन्धिहरू, सम्भौताहरू र प्रतिज्ञापत्रहरू खारेज गरेको छ" भन्ने वाक्यांश भएको हुँदा विशाल नेपालको गुम्न गएको भूभागहरू नेपालले फिर्ता किन नपाउने ?

प्रसंग बदलौं। पृथ्वीनारायण शाहले यदि एउटा गोरखा राज्यबाट काठमाडौं उपत्यका लगायत पूर्व मेची नदी सम्मका भूभागहरू एकीकरणका साथै राष्ट्रियता सुदृढ नगरिदिएका भए पछिका सन्ततिले थप एकीकरणका अतिरिक्त विदेशी शक्तिबाट नेपाल बचाउन पनि सक्दैन थिए होलान्। ठेट भाषामा राष्ट्र भन्नाले भूभाग मात्र हो जुन निर्जीव हुन्छ। तर, राष्ट्रियता भन्नाले त्यस राष्ट्रको सर्वप्रथमतः धर्म, संस्कार, सभ्यता, संस्कृति आदि हुन् जुन सजीव हुन्छ। यीनै सजीव तत्वहरूले राष्ट्रलाई जीवन्त राख्दछ अर्थात् नेपाल राष्ट्र साहित्यिक भाषामा नेपाल आमा हुन्छिन्। त्यस्तै, यदि राष्ट्र नै नरहेमा कहाँको राष्ट्रियता हुन्छ ? र राष्ट्रियता नभएमा पनि राष्ट्र कसरी रहन सक्छ ? त्यसैले राष्ट्र तथा राष्ट्रियता बीच नङ र मासु जस्तै अन्योन्याश्रित सुसम्बन्ध रहेको हुन्छ। यावत यथार्थतालाई बुझेका दूरद्रष्टा पृथ्वीनारायण शाहले राष्ट्र एकीकरणका साथसाथै नेपालका विविध जातजातिहरूका धर्म, संस्कार, सभ्यता, संस्कृति आदिमा पनि समन्वय तथा एकतामय तुल्याएका थिए।

गोरखा राज्यदेखि पश्चिमका चौबीसी र बाईसी राज्यहरू गरी जम्मा ५३ वटा राज्यमध्ये एउटा त गोरखा नै हो। बाँकी ५२ वटा मध्ये लम्जुङ र कास्की गरी दुईवटा राज्य पृथ्वी कै आधार स्तम्भका आधारमा रानी राजेन्द्र लक्ष्मी शाहका नायबी कालमा एकीकरण भएको हो।

५९ वटा मध्ये उपर्युक्त एकीकृत दुईवटा राज्य घटाउँदा बाँकी ५१ वटा राज्यहरू नायब बहादुर शाहका नायबी कालमा एकीकरण भएको हो। र पृथ्वीनारायण शाहदेखि बहादुर शाहसम्म राष्ट्र निर्माणमा जो जति वीर वीराङ्गनाहरूले महानतम् देनहरू दिएर गए, ती सम्पूर्ण महान आत्माहरूप्रति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रद्धासुमन अर्पण गर्नु हामी सम्पूर्ण नेपालीहरूको कर्तव्य हो ।

तर, नेपाल आमाका त्यस्ता महान सपुत पृथ्वीनारायण शाहप्रति दुष्टहरूबाट कुतघ्नता भएको छ । वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले कान्तिपुर राज्य एकीकरण गरेपछि केपुचिन ईसाई पादरीहरूलाई बृटिश भारततिरै पठाइदिए भनी माथि पनि उल्लेख छ । सोको प्रतिशोधमा बेलायत, अमेरिका, युरोपेली संघ र तिनका पिछलग्गु तत्कालिन शासक भारत समेत मिलेर नेपालको वि.सं. ०६२/०६३ को आन्दोलन पश्चात् नेपालकै दलाल नेताहरू मार्फत पृथ्वीनारायण शाहका सालिकहरू तोडफोड र ध्वस्त गर्ने, पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसमा दिने गरिएको विदा काट्नुका साथै नमनाउने गरेका कथित गणतन्त्र घोषणा गर्ने इत्यादि कुकर्महरू गरे । सिंहदरबार अगाडि पृथ्वीनारायण शाहको शालिकमाथि क्रिश्चियन आन्तरिक फिरंगीको आक्रमण हुँदा नेपाली सेना (क्रिश्चियन धार) मौन रह्यो ।

जहाँसम्म नयाब बहादुर शाहको कुरा छ, उनलाई त तिनै बेलायती ईशाईले नै नेपालकै दरबारिया दलाल र भरौटेहरू लगाएर कायर र षड्यन्त्रपूर्वक हत्या गरे । जुन कृतघ्नताको पराकाष्ठा नै हो । तसर्थ, राष्ट्रिय विभूतिमा पार्नैपर्ने बहादुर शाहलाई पारेनन् । राणा, पञ्चायत र त्यसपछिका शासकको अदूरदर्शिताका कारण निशाना बहादुर शाहपछि पृथ्वीनारायण शाहमाथि केन्द्रित गरे ।

तर, जबसम्म नेपाल राष्ट्र र देशभक्त नेपालीहरू हुन्छन् तबसम्म पृथ्वीनारायण शाह र बहादुर शाह पनि सदा अमर रहिरहने छन् । २४० वर्षपछि क्रिश्चियनहरूले नेपाल भित्रै आन्तरिक फिरंगीहरू मार्फत धर्मनिरपेक्षता, ईसाईकरण, मुलुकविखण्डनका एजेण्डामा नेपाल आमाको छातिमा बुट बजारीरहेको छ । आन्तरिक फिरंगीका षड्यन्त्रलाई पर्दाफास गर्ने अभियानमा अर्जुन ज्ञवाली र पेशलकुमार निरौलाद्वारा लिखित "बाइबल र माओवाद" नामक पुस्तकले राष्ट्रिय पुनःजागरणको महान अभियानलाई अगाडि बढाउने विश्वास लिएको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



योगी नरहरिनाथद्वारा सम्पादित दिव्योपदेश

गोरक्षग्रन्थगमालायामशीतितमं पुष्पम् ८०

ॐ स्वस्ति

श्री ५ बडा महाराजा पृथ्वीनारायणसाहदेव

को

दिव्य उपदेश

(पृथ्वीको अर्ति)

स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः[१] ॥ ॥ श्री ३ सिव[२] गोरषनाथ सहाः ॥ ॥ श्री ५ प्रिथिनारायण[३] सहाः ॥ श्री श्री श्री ५ बुढा,म हाराजा[४] ले तिन सहर, नेपाल र हिन्दुपति[५] को राज लिया पछि पछिल्ला पटक् नुहाकोट[६] मा पाउ लाग्नु भया मा[७] गुरू प्रोहित,[८] थर[९], भैयाद[१०], भारादार[११] र आफ्ना ददा सुरथिसिं[१२] राना, सबैका[१३] बुढापाका छेउ, हुकुम भया का कुरा[१४]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुढा मरै. भाषा[१५] सरै भनि भन्छन्. तिमीहरू सबै छेउ सुनाइ गयाको भया, तम्रा[१६] सन्तानलाई. सुनाउँला[१७] र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउन र यो राजे[१८] थामि षानन्: ॥

उप्रान्त: ॥ हाम्रा मुमाहरू, तिन हुन्. हामी तीन षोपिका पाच पाँडुवा[१९] को अवतारं भयाका थिञु. मेरो विवाहा[२०] मकुवानपुरमा भया को थियो डोला[२१] सुम्पेको थिएन[२२] र डोला पनि लैयाउ.[२३] नेपाल पनि देखि आउ भनि मकवानपुर गञु र पुग्य[२४] पछि दिकवन्दसेन[२५] लाई यवटा[२६] कुरा को. करेउलि[२७] लियेर. भने एकदन्ता हाति र नवलाषि[२८] हिराको हार. दिन्छौ भने डोला पनि लैजाला, दिन्न भन्या, काढि तरबार सित पनि लै जाला भनि हाक पारि. नेपाले. राजाले चिन्नन् र पत्रनन्. भनी स्याषु[२९] बढी रापतिका[३०] तिरैतिर भानु[३१] जैसी. कुलानन्द जैसि. अरू थर थर पनि साथैमा थिया चन्द्रागिरी[३२] मा आइ पुग्या पछि नेपाल कुन्ही[३३] भनी सुध्याञा र त्यो भादगाउँ हो, त्यो पाटन् हो, त्यो काठमाडौं हो, भनि देषा (या) र मेरो मनमा यि तिनै सहर को राजा हुन् पाया ता हुँदो हो भन्ने यस्तो मनमा परि रहेथ्यो उस्तै येला मा ऊ दुवै जैसिले भने हजुरको मनकान्छया अविलाष् पुग्ला महारजा भन्या र मलाई आसर्जे लाग्यो र मेरा पेटका कुरा कसो गरी जानेउ र त्यस्व[३४] भनेउ र भनि मैले भन्दा जसै नेपालमा नजर दिनु भयेथ्यो, उसैबेला, मोच[३५] मा बाहुली दिदा[३६] मनमा नेपालको राजा हुन पाया ता हुँदो हो भन्या जस्तो परेछ भनि विन्ति हजुरमा गऱ्या कै हो, भने र यो कुरा पुग्ला भनि मैले भन्दा हजुरले गौ ब्रहान[३७] अतित[३८] फकीर देउ देवताको मानिता, बहुतै, राष्नु, भया को छ हाम्रा, हातमा पनि सरसोती[३९] को वर्दान छ, हजुरलाई नेपालको राज[४०] बस्य हुनैछ भनेर थांकोट्को ठूलो भन्ज्यान् काटि, रात दिनं गरी कल्ल्हारि घाट तरि घादिन उक्लेउ र चेप्याको षावा लिग्लीग्को आड गरी राषेका मेरा तिन, विर छन् तिनलाई बोलाहाट को रूका लेषन जैसि भन्दा तिनको नाउ के के हो, भनि सुध्याया र रणजित बस्न्यात्. मानसिं रोकाहा[४१] विरभद्र पाठक्, मैधिमा रात दिन गरी आई पुक[४२] भनी लेषी पाठाञा र आइपुगे् र तिन छेउ यकान्त गऱ्या भने दिकवन्दसेन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सित हाक दि आञा नेपाल पनि देषि आञां, हान्नाको मनसुवा पनि राषी आञां तिमीहरू क्या भन्यौ, भनि मैले भन्दा हान्नुहवस्, महाराजा भने र सल्लाह दिया र मैले भने म जसै आर्काको चत्रभङ्ग[४३] गर्न म जांछु मेरो छत्रभङ्ग गर्न अर्को आयो भन्या कसो होला भनि, मैले भन्दा हजूरका हात्रि हउवा[४४] ई. वाईस.[४५] चौविसि आयो भन्या, चेप्यामा रगतको, नदी वहाउला, महाराजा, भन्या र, यकान्तबाट, उठि गोर्षा, गयउ र, पुगेपछि मामा[४६] ज्यू, पनि निलकण्ठ[४७], पशुपतिको दर्शन, लाई, देउघाटको बाटो गरी, जानुभयाको रहे छ । निलकण्ठ, पशुपतिको दर्सन भया, पछि श्री गोरषनाथ को दर्सनलाई गोर्षामा आउनुभयो र दर्सन भया पछि म सित भेट भयो र, मैले भन्या, मामा ज्यू, मकूवानपुर पनि पुगि आञा नेपाल पनि देषि आञा, हान्नको मनसुवा पनि राषि आञां कति कुराले मेरो काज फत्ये होला. अर्ति वक्सनु भया हुँदो हो, भनि मैले भन्दा मलाई पनि पंचरात्रीमा द्रिष्टान्त भयो, हामीले देषता, पाँच पाण्डुवाको अवतार भया जस्तो लाग्दछ कुरूक्षेत्र[४८] को मेला नभै नेपाल फुट्ने छैन, लमजुन् भन्याको गुरूड हो, गोर्षा भन्याको सरप हो, नेपाल भन्याको भ्यागुतो हो, अघि गरूडको आशा छल्नु, तव सर्पले भ्यागुतो षान पाउँछ मेरा साथमा चार जातका सिपाही छन्, इन्मा कस्को सवार गऱ्या चाँडो काज फत्य होला भनि सोद्धा के के जात छन् भनि सोध्नु भयो र बाहुन । षस मगर[४९] ठकुरी इनमा कस्को सवार गऱ्या चाँडो काज फत्य होला भनि सोद्धा बाहुनको सवार भन्या को वयेल हो पातक लाग्छ ठकुरीको सवार भन्याको सिंघ हो पछाडि दगा हुन्छ मग्रको सवार भन्याको टागन घोडा हो षसको सवार गऱ्या चाँडो होला भन्या जस्तो लाग्छ भनि अरू ढेरै कुराको अर्ति दि जानुभयो थ्यो उनै अर्ति लिञा र लमजुंग्या राजा रिपुमर्दन्साह सित भेट गर्न भनी गयां र चेपेघाटमा भेट भयो र घाहा[५०] घरेस[५१] का वात गर्दा जौना[५२] कुराले घाहा वाधुला भने जढ कुरो मेरा पेटमा थियो सोही जढ कुरो कालु पाडेले गऱ्यो र घाहा बलियो बस्यो र मलाई आसर्जे लाग्यो र तर मलाई ता सिझायो दुनिया जस् देषी राजि रहन्छन् । उसैलाई कजाई दिनु भन्ने शास्त्र[५३] मा पनि कहेको छ दुनियाँमा बुझिहेरूं भनी बुझि हेर्दा दुनियाँबाट पनि कालु पाँडेको चाहा रहेछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र कालु पाडेलाई कजाई दिनु भया हामी दुनियादारमा छहारी रहँदो हो भन्या सल्लाह दिया र अब वाइसि चौविसीले क्या भन्छन् भनि बुझ्नु हुँदा वाईसि चौविसीबाट पनि कांलु पाडे कै चाहा रहेछ र कालु पाडेलाई कजात्रि भया घाहा घराईस बलियो राषन्यै छ भन्ने सल्लाह दिया मेरा मनमा मा ता विराज[५४] वषेतिलाई कजाइ दिन आटेको थियो तर ज्याधा बुद्धी कालु पाडे कै ठहऱ्यो र कालु पाडेलाई कजात्रि भया को हो अब पाडे बस्न्यात को जुग वाधि दिन्छु तेरि छोरि सिवराम बस्न्यातको छोरा केहेरसिंह बस्न्यातलाई देउ भनी मागी विहे पनि गरी दिञा र पाडे बस्न्यातलाई देउ. भनि. मागी विहे पनि गरी दिञा र पाडे. बस्न्यातको जुग. वाधि. पाडेको ढाल बस्न्यातको तरबार गरी. नेपालमा चढाइ गऱ्या को हो ॥

उप्रान्त ॥ रणजित बस्न्यात्. मानसिंह रोकाहा, वीरभद्र, पाठक, इनलाई गौटा[५५] न्को. विराइ. लिग्लीगको आडमा राषि म पनि सल्यान[५६] कोट. की देवी. साछ्यात् छन् भनी भन्छन् म पनि सायेत गरी जान्छु भनी बिदा गराया र सायेत गरि म पनि गञु. रे वारिमा थर्पु[५७] पऱ्यो र सल्यानीको थर घर वरा हा उमराउहरू सित सुघात्रजा माइको दर्सन गर्नु हुन्छ कि भन्दा भित्र दर्शण[५८] पुजाहारि टहलुवालाई मात्रै भित्र दर्सन गर्नुहुन्छ जो हुकुम भन्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साभा बिहान ढोकासम्म जाई. पाठ पूजा जप् दर्सन गर्थ्यो र यक दिंका रातमा सोपना भयो र दुई हातमा दुई षड्ग लिया कि सात आठ वर्षकी कन्न्या कुसुमे पछिउरा को घुगुटि[५९] पारि म छेउ आइन र मैले सोध्यात्रां तिमी कसकी छोरी हो भनी मैले भन्दा पुजाहारि राना कि छोरी हुँ भनिन् र ऊ. दुवै षड्ग मेरा हातमा दिन र आरसि प्रमाणको लाल टल्वल् गर्थ्यो पोकीलाबाट झिकी मेरा मुषसम्ममा ल्याई यो षनि निल भनिन् र तम्रो मन कान्छया पुऱ्याई दियाको छ म पनि केही माग्छु थपि जाउ भनि जसै दुई पाईला गै थिन् उसै बेलामा म पनि विम्ज्यौ र भानु जैसि कुलानन्द जैसि पुझाहारि रानालाई डाक्या र सुध्यात्रा जैसीले पनि पुझाहारिले पनि ती माई हुन् दर्सन पाउनु भय छ भने र उसै बेलामा धूप दिप धजा नैवेदे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नित्य पूजालाई सात राग्गा सातै बोका थपि बोर्ला घाटको आम्दानी र घाटै छेउको टार माईलाई संकल्प गरि दिञा र उसै घरि को सायत गरि रात दिन गरि सरासरी आया र सिमलचौर चौतारा मा थर्पु हाली बस्या को थीञा दावा भन्या नुहाकोट्को बहना भन्या षिच्यात्को कुला काटि षेत विराउनको गरी राष्याथ्या वेत्रावतीका वेनि इन्द्रायेनिका थानमा डुंगा तरि जप पाठलाई जांथ्या ध्यान भन्या सल्यानकोटकी देवकिो र इन्द्रायनि[६०] भैरवीको गर्थ्या, महामण्डल भने को नुहाकोट[६१] को सवता रहेछ महामण्डलमा ग्गामि[६२] राना थीयो तं हाम्रा भरको ग्यामि होस् माहामंडल छोडि दे म छेउ आईज भनी पठाञा र हुना ता म हजुरै को हुँ तर जयप्रगासमल्ल[६३] को नुन् षाई हाल्या मरि मेटन्या छु भनि हाक पारि पठायो र येक दिन कचहरिमा बस्याको चिञां. तान्रा लागेछ र तान्रै मा ता. इन्द्रायनिका थान मा बस्या को रहे छु आजको साता दिनमा ठूलो सायेत छ तेसै दिनको सायतले नुहाकोट साध्ये हुन्या छ भन्याको सुन्या र पात्र हेरन जैसी भन्या र पात्रो हेऱ्या र आजका साता दिन विहाउँदो[६४] सनिश्चर[६५] बार ठूलो सायत रहेछ भनि विन्ति गऱ्यो र उहि सायतमा महामण्डलमा उक्लेउ र तरबार पऱ्यो[६६] र हाम्रा नुनका लेषले झुकाई दिने पन्थ बाह्रै वर्षमा मारे भाई दलमर्दनसाहले जेठी तरबार[६७] रानाको थापलामा हाल्यो र नुहाकोट साधे गरी बढाई गरेउ र ककनी शिवपुरीमा ठाना हालि मुर्चा[६८] लाई राषथ्यउ मलाई प्रसुराम[६९] थापाले नेपाल हान्न आउ भनि हात दिई राष्याथ्यो आफ्ना भाईलाई लाष[७०] विषि पुऱ्याउनु बाइसि-चौविसी उठाई पछाडि हान्नु भनि पठाय छ र मैले थाहा पाञा र कहाँ प्रक्याको छ भनि सुध्याञा र पोषराको हटिया[७१] मा डेरा गरिवस्याको छ भनि सुन्या र त्यसलाई वैठाई आउनको सकौला भनि सल्लाह गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या झागल गुरू सक्ला भनि डाकी अह्राई मेरा कम्मरको कोता[७२] षान् दियाँ र गयो र पुगि गाईनेको भेष गरी हातमा बल्छी को टागो लि काषिमा सारङ्गी च्यापी २/४ धार्निको सहर लैगी[७३] अरू उसका लस्करहरू भात षान्या वषत्मा अवसर हेरिस बैठाई आयो र पछाडी सुद्ध[७४] गरि नेपाल षोल्याई पुरुव पश्चिमका दुनियाँ हात गरि नेपाल थियाथ्या ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उप्रान्त ॥ यो राजे दुई ढुङ्गाको तरूल जस्तो रहेछ चीन वादसाह सित ठूलो घाहा राषनु दषिनको समुन्द्र[७५] का वादसाह सित घाहा ता राष्नु तर त्यो महाचतुर छ हिन्दुस्थाना दवाई राषे छ सरजिमी[७६] मा परि रहेछ हिन्दुस्थाना जाम्यो[७७] भन्या कठिन पर्ला भनि किल्ला षोजन आउन्या छ सन्धी सर्पन् हेरि गढि तुल्याई राष्नु र रस्ता रस्ता मा भाजा हालि राष्नु र यक दिन त्यो बल[७८] आउन्या छ जाई कटक नगर्नु झिकी कटक गर्नु र चुरे घाटिमा षुपै काटिन्या छ पाँच सात पुस्तालाई षजना पनि मिल्ने छ श्रीगंगाजीको साध पनि लाग्नेछ लडाईमा पुकेन भन्या लोलोपोतो अनेक कल छल गरि कन पनि यो नेपालको तषत किल्ला हो यो किल्ला पायो भन्या चारै वादसाह[७९] लाई वहाला लाउनै छ ईश्वरले रचना गऱ्याको किल्ला रहेछ स्वधनु पर्ने रहेन छ शिवपुरी[८०] फुल्कोच्[८१] चन्द्रागिरी[८२] महादेउ पोषरि[८३] पालुँ[८४] दाप्चा[८५] काहुल्या[८६] ईनमा पनि कि किल्ला पकी बनाउनु किल्ला पिछे तोप लम्छट् गरी राषी दिनु र पपाँच सिपाही राषी दिनु र यस्व भयापछि चेवा गर्न्या चर्चा गर्न्या भगन्या नास्न्या ढुकूवा फसादि षुनि यस्ताहरूको पनि केही चल्ने छैन चारै वादसाही चढाई गरी आयो भन्या पनि कसै को केही चलन्य रहेनछ ॥

उप्रान्त ॥ राजा रामसाहले बाध्याको स्थिति पनि हेरि सके राजा जयेथितिमल्ल[८७] बाध्याको थिति पनि हेरि सके राजा महन्द्रिमल्ल[८८] ले बाध्याको थिति पनि हेरि सके इस्वर[८९] ले दियो भन्या म पनि यस्ता बन्देजको वाह[९०] हजारको थीती बाँधि जाला भन्या अबीथाषा थीयो[९१] परूव पछिम्को रस्ता वन्ध[९२] गरि नेपालको रस्ता चलाई दिउला आफ्ना अना जात विशेष[९३] को कर्म गर्नु (भन्ने) भन्देज गरि जाला यो तीन शहर भन्याको चिस्व[९४] ढुंगो रहेछ खेलखाल, मात्रै ठूलो रहेछ कुपको पानी खान्या छेउ बुधि[९५] पनि हुँदैन सुरो पनि हुँदैन षेल षाल, मात्रै रहेछ मेरो मनसुवाता दहचोकमा दरबार बनाउँला र चारै दिसा थर घरको गुरू प्रोहित भैयाद भारादार मिर उपराउको घर बनाई छुट्टा दरबार बनाउँला र ई ती शहर मा ता दरबारबाट स्वष[९६] सयल् लाई मात्रै जाला भन्न्या यस्तो अविलाष थीयो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उप्रान्त ॥ देसका महाजनलाई गोड[९७] प्रसाह, देषी उभ आउन न दिनु देसका महाजनहरू, हाम्रा मुलुकमा आया भन्या दुनिञा कंगाल गरि छाड्दछन्, हामीले च्यांगा[९८] पांगालाई तीन सहर नेपाल र नौ लाष, किरायत[९९] र हिन्दुपतिको राजा आर्ज्य थ्येउ देस[१००] का कपरा लगाउँलालाई मन्हाई[१०१] गरिदिनु, आफ्ना देसका कपरा बन्न जान्न्या लाई, नमुना देषाई सघाउनु र बन्न लाउनु र यस्त्र[१०२] भया नगद विदेश जाँदैन, आफ्ना देशको जिनीस जरि बुटि देस लैजानु र नगत षैचनु, नगद षैचि राषनु र प्रजा मोटा भया दर्वार[१०३] बलियो रहन्छ राजाका भंडार भन्याका रैतानहरू हुन्, मुलुकमा इजारा[१०४] पनि न दिनु सर्षारबाट अपमानित[१०५] राखि सर्खारिया तहसिल राषी, साल व सालको कचा[१०६] लिनु क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई दवलथ[१०७] कामाउन नदिनु आदमी हेरि हुर्मुत्[१०८] मात्रै राषी दिनु क्यान भनौला दवलथ् मायाकाले तरबारमा पसि मर्न मार्न सक्दै नन् र हरिप[१०९] को चमक हुन्छ सिपाही भै भारादारले स्वष गरेनन् भन्या चारै षुटमा मेरो तरबार वजनै छ स्वषमा पसो भन्या मेरा साना दुषले आर्ज्याको मुलुक होइन सबै जात[११०] को फुलबारी हो सबैलाई चेतना भया यो फुलबारीको छोटा बडा चारै जात छत्तिसै वर्नले यो असिल[१११] हिन्दुस्थाना हो आफ्ना कुलाधर्म, न छोड्नु, ष्यामिन्[११२] को नुन्को उधार गर्नु कालु[११३] कर्वर्दारका सन्तानलाई कर्वदारि न छुटाउनु दषिनको घाहा सिवराम बस्न्यात्का सन्तान लाई न छुटाउनु भोटको घाहा कालु पाडेका सन्तानलाई नछुटाउनु, पाँडे, बस्न्यात, पंथ, भैयाद, मंग्रलाई मारातप्[११४] दिदा आलोपालो पालो गरी षान दिनु, ई. मेंरा नुन् गुन् का स्वभ्का[११५] सेवक हुन् । यिनीहरूको जीव जान्या विराम गऱ्याको भया पनि आफूले न मार्नु बरू, मारातप् दियेर लडाञीमा भोसी दिनु र जिव जोगाई आयो भन्या बढिया भयो मरि गयो भन्या आफूले मार्नु अर्कैबाट मारी दियाको बढिया हुन्छ तब राजाले सेवकलाई घर मा न मार्नु तब राजाले ठूलो निञा निसाप हेर्नु अन्याय मुलुकमा हुन न दिनु निञा, निसाप, बिगान्यौ भन्याको घुस दिन्या र घुस खान्या ईन दुई को ता धन जीव गरि लियाको पनि पाप छैन ई राजाका महासतुर[११६] हुन् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उप्रान्त ॥ जढ कुरो राजालाई चाहीन्या सिपाहीहरूको घर षेत् मिलाई दिनु र मल् जल गर्छन् र डुबौ[११७] बोटि भित्र हाल्नु पाउँछन् र कविलाको निर्फिकी हुन्छ ढोकामा भया पनि गौडामा भया पनि सिपाहीहरूको छाति बलियो रहन्छ पजनि गर्दामा पनि सये नालका कम्पनी जमाउनु र सये नाल[११८] का सुवेदार चार पाँच लगाउीमा जस पाई आयाका यस्ता आफूले[११९] जाचि सुवेदार, हाल्नु, सुवेदारले पनि सत[१२०] पगरि दुई चार बाढ षाया[१२१] का यस्ता सात पगरि हाल्नु सात पगरिले स्वह हुँदा[१२२] हाल्दा आफू सित मर्ने मार्न्य जाची १६ हुँदा हाल्नु १६ हुदाले पनि आफूसित मर्ने मार्न्य जाची सिपाही हालि आफ्ना आफ्ना पट्टि भर्ना गर्नु पट्टिपट्टिमा सिपाही पनि षस मगर, गुरू, ठकुरि ईनै चार जात, मात्रै खिचोला[१२३] गरि हाल्नु र तरवार पर्दा साह्रो हुन्छ लुहा च्यापन्या[१२४] पनि यिनै चार जात मात्रै हुन् र तरबार पर्दा साह्रो हुन्छ र वैरि त क्या इन्द्रको आसन पनि डगाईछ हजारौं धना हजारौं, पथर्काला[१२५] हजारौं खुडा हजारौं तोप भया इन्द्रको आसन पनि डगाईछ लडाउीमा पनि हान्न्या र सख[१२६] दिन्या इ दुवै बरोबर हुन् जागिर दिंदा पितल्[१२७] दिंदा दुवैलाई बरोबर दिनु मन्यो । भन्या, उसका छोरा खुडा हान्न्या न हुन्ज्याल मरवट् दिनु खुडा हान्न्या भयापछि जागिरमा उकालि दिनु र राजाले विवेक राखी दिया-देस देसका सिपाहि पनि आसा राखी आउँन्छन् र यस्त्र भया तर बारिया सिपाहि हात लाग्छन् राजाका सार भन्याको सिपाहि र रैतीहरू हुन् । राजा चतुर भया सिपाही र रैति हात हात गरि राख्नु र हुल[१२८] कुल हुन पाउँदैन-सिपाही कसैका मलाजा[१२९] मा खस्तैनन् र आफ्नु काजफत्य हुन्छ गुरू मगर खान जाँदा भैयाद भारादार मिर, उमराउ, थर, घर, पुराना पुराना जाँची घुँडा गौडामा[१३०] राख्नु, पूर्व पछिमका खसवाहुन[१३१] लाई दरबारमा पैठ् हुनु नदिनु क्यान भनौला बाहिडा मान्छयाले दरबारमा विथिति गराउँछन् राजाको हुकुम जफत[१३२] गरि राख्नु, मैले ती थुम्[१३३] का वहडा उमराउलाई ईन्द्रवज्र तुलाई राख्याथ्या नगरा निसान पनि दिई राख्याथ्या वाह्रविस[१३४] को गाडो (ठो) वावी (नी) दियाको थियो र सल्ल्यानि लिग्लीग धादिं का मुहुडा मा. जाहा जाहा काज गर्थ्यो फत्य गर्थ्या र यो अैस्वर्जे गन्याको हो आफ्ना घरका पुराना सेवक, जाँची हजूरमा हरोद्म राखी दरोवस्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाधि घर बलियो राख्नु, यस्व भया दरबार बलियो रहन्छ, राजाको चतुराई भाया सिपाही रैति हात गरी राख्नु, कसैका मलाजा पछि गुण[१३५] पछि लाग्नु न दिनु नुन्पछि लाउनु ॥

उप्रान्त ॥ टक्सार[१३६] पनि चोखो चलाउनु अदालथमा पनि ठकुरी[१३७] जाँची दिष्ठा राख्नु मगर जाँची विचारी थाप्नु कचहरि पिछे यक्यक् पण्डित. राखी निञा सास्त्र बमोजिम् अदालथ चलाउनु अदालथका पैसा दरबारभित्र न हाल्नु फकीर फकिडा अतित जोगी सन्न्यासि ब्राह्मणहरू इनैलाई दछिना[१३८] भोर्जन चलाई दिनु उप्रे[१३९] का पैसा दक्षिना चलाई धोति रूमाल चलाई दिनु यस्त्र भया असत्यको दोस् लाग्दैन खानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरू जग्गामा सारीकन पनि खानी चलाउनु ग्रहो बन्न्या. जग्गा मा. घर भया पनि घर अरू जग्गा मा.सारि. कुलो काटि षेत बनाई अवाद गर्नु ॥

उप्रान्त ॥ केही बेलामा हात दिनमा पस्या र म लाई झिकाया र पछाडि दगा दिया र महादुष गरि. पछाडि सुद्ध गरि नेपाल लाई मुर्चा लाञाथ्या. जय प्रकाशमल्ल का. मतलपलाई दषिन बाट नागा[१४०] झिकाया र. नेपाल भित्र पस्न. न दि. सात गाउँ भित्रैमा मिजाञा कास्मेरि[१४१] खान् नवाफ्. मकुवानपुरमा चढ्यो र टअविस[१४२] षोडा ले काटि. घर्काई सिवाना कटाई आञां ती चार पल्टन लिएर सिदुलि गढीमा हाडीसाहेव[१४३] चढ्यो र वा वाही पनिकाटि पथर्काला च्यापि ल्याञा र लषनै[१४४] बाट तीन मुस्ल्मां मेरो चाकरोलाई नुवाकोटमा पिछा परि अयाका थिया ईनै बन्दुकको तुल[१४५] कलायेत तिनै मुसर मानले जान्या को रहे छ र सेषजर वर मम. तकि भेषर्सि तिनै जनालाई अजिटनी दिया र तिलङ्गा[१४६] सघाया को हो. नेपालको किताप[१४७] हेर्दा तुरकाना[१४८] मंग्रात्. मुग्लाना हुन्या रहे छ र तुरकाना अघि गई गये छ मगरात्को राजा मै हुँ. मुग्लानाको दोष मेटनालाई आधा[१४९] थुम मेटी कंषनी जमाया को हो आधा खुडा आधा पथर काला बनाया को हो सहे. नालका कंपनीले छरितो हुन्छ र यस्व भया सये नालका कंपनीले हजार जवान्लाई पाउन्छ किल्ला किल्ला पिछे यक् यक् कंपनी राखी गर्षा[१५०] वाडी दिनु र जगेरा[१५१] बाधी भरि राषनु. ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उप्रान्त ॥ मलाई यवटा कुराको संध्यह[१५२] लागि रहेछ कुन्कुरो भन्या मुग्लाना. नजिकै रहेछ त्यस् जग्गामा छोकडा[१५३] पत्रीया[१५४] रह्ना छन. चित्रकार भन्या का. कोठामा ढोलक् सितार राग तान. मा. भुलनन् राग तान् मा वडो ठूलो मोहो हुन्छ र दवलथ पनि खोलिन्छ देसको भेद पनि तिनै ले लै जान्छन् र हरिपले दगा गर्छ रागको अभ्यास पनि कसैले नगर्नु तिन जात्लाई पहाड आम्. फदरफ[१५५] पनि कसै ले न खोल्नु अथवा फागुलाई यक्दुई गरी झिकि चाडै विदा गराई दिनु र देषको भेद पनि पाउँदैनन् आफ्ना स्वख सयलेलाई ता. सास्त्रबमोजिम्को तिनै सहर नेपालको नेवारहरूको नाच. झिकाई हेऱ्या पनि हुन्छ यिनमा ता दियाको पनि आफ्नै देसमा रहन्छ यस्व भया. आफ्नु देस ग म न[१५६] रहन्छ ॥

(काठमाँडु केलटोल मानमन्दिर गोर्खाली वडा वीर शिवराम सिंह बस्न्यातका वंशधर बखतमानसिंह बस्न्यातको १५० वर्ष पूर्व लिखित जीर्ण प्रतिबाट सम्पादित) ।

पाद टिप्पणी

१. शुद्धरुप 'श्रीकालिका सहाय' । यो वाक्य पृथ्वीनारायण साहका समयदेखि राजेन्द्रविक्रमसाहका समयसम्म निजामति लेखकहरु प्रत्येक लेखको शिरमा लेख्दथे । २. शु.रु. 'शिव गोरक्षनाथ सहाय' । ३. श्री पृथ्वीनारायणसहाय । ४. रणबहादुरसाहको समयदेखि पृथ्वीनारायण साहलाई बडा महाराजा भनी लेखने र बोलचालमा बुढा महाराजा भन्ने चलन १७० वर्ष जति चलेको देखिन्छ । ५. विजयपुर र मकवानपुरका सेन राजाहरुले हिन्दुपति भन्ने पदवी लिएका थिए । अचेलको किराँत र पर्सादेखि तिष्टा सम्मको प्रदेश इनका राज्यमा थिए । ६. प्रसिद्ध नुवाकोट तिन छन् । यो पहिला नुवाकोट त्रिशूलीका बायाँ पट्टिको हो । ७. वि.सं. १८३१ मा । ८. शु.रु. 'गुरु पुरोहित' । ९. परिशिष्टमा छ । १०. महाराजाका भैयाद । ११. मन्त्रिवर्ग । १२. शु.रु. सुरथसिंह । १३. अरुहरुका पनि बुढा पाका । १४. यतिसम्म प्रस्तावना पछिका कुनै लेखकले जोडेको देखिन्छ । १५. शु.रु. बुढा मरे भाषा सरे । १६. शु.रु. तिम्रा । १७. शु.रु. सुनाउनन् । १८. शु.रु. राज्य । १९. पाण्डव । २०. शु.रु. विवाह । २१. दुलही । २२. थियेन । २३. लियेर आउँ । २४. गर्यौं । २५. पुग्यापछि । २६. दिग्बन्धनसेन । २७. एउटा कर लगायेर । २८. परिशिष्टमा । २९. घुम ओढेर । ३०. भैंसेबाट हाटुडा तर्फ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गएको सानु नदी । ३१. भानु ज्योतिषी अर्न्याल । कुलानन्द ज्योतिषी ढकाल । ३२. चितलाङ् । ३३. कुन हो । ३४. तेसो । ३५. जुँगा । ३६. विदा । ३७. ब्राह्मण । ३८. अतिथि पाहुना । ३९. सरस्वती । ४०. राज्य वशमा । ४१. रोकाया । ४२. पुग । ४३. राज्यनाश । ४४. हात्ती हौवा= हात्तीलाई हाड भनि तर्साउने । ४५. परिशिष्टमा । ४६. पाल्पाली युवअराज यद्योतसेन । ४७. नीलकण्ठहद (गोसाइँकुण्ड) का । ४८. महाभारतको युद्ध, अर्थात् ठूलो लडाई । ४९. मगर । ५०. सन्धि । ५१. गेहप्रबन्ध । ५२. जुन । ५३. परिशिष्टमा । ५४. परिशिष्टमा । ५५. परिशिष्टमा । ५६. बुढी गण्डकीका बायाँपट्टिको । ५७. काठ बाँस घाँस र बाबियाले बनेको । ५८. दर्शन । ५९. घुम्टो हाली । ६०. वेत्रावती तल त्रिशूली तटकी इन्द्रायणी देवी । ६१. नुवाकोट । ६२. ग्याँमी रानामगरको एक थर । ६३. जयप्रकाशमल्ल । ६४. विहाउँदो । ६५. शनैश्चर । ६६. लडाईं भयो र । ६७. सेनापतिलाई मार्ने तरबार । ६८. मोर्चा । ६९. परशुराम थापा । ७०. परिशिष्टमा । ७१. हाट । ७२. खुकुरी सहित पेटी । ७३. लगी । ७४. शुद्ध । ७५. अंग्रेज । ७६. समथर भूमि । ७७. हिन्दुस्थानका राजा प्रजा आपसमा मिलेर जमे भने । ७८. सेना । ७९. ७९. परिशिष्ट । ८०. ८१. ८२. ८३. ८४. ८५. ८६. ८७. ८७ जयस्थितिमल्ल= स्थितिराजमल्ल ८८. महेन्द्रमल्ल । ८९. ईश्वर । ९०. परिशिष्टमा । ९१. पूर्वपश्चिम । ९२. परिशिष्टमा । ९३. विशेष । ९४. परिशिष्टमा । ९५. बुद्धि । ९६. सोख । ९७. परिशिष्टमा । ९८. परिशिष्टमा । ९९. किराँत । १००. परदेश । १०१. निषेध । १०२. सो । १०३. स्वराज्य । १०४. ठेका । १०५. अमानत । १०६. लेखा बुझ्नु । १०७. परिशिष्ट । १०८. सम्मान । १०९. शत्रु । ११०. परिशिष्टमा । १११. खास हिन्दुस्थानशुद्ध आर्यहरुको निवासस्थान । ११२. राजा । ११३. परिशिष्टमा । ११४. अधिकार । ११५. सोझा । ११६. राज्यका महाशत्रु । ११७. परिशिष्टमा । ११८. बन्दुक । ११९. ले । १२०. परिशिष्टमा । १२१. दुईचार लडाइँमा सफल प्रवेश गरेका । १२२. हवलदार । १२३. मिसायेर । १२४. शस्त्रसञ्चालनमा समर्थ । १२५. पत्थरले चलाउने बन्दुक । १२६. सगाउने । १२७. वितलप-तिरो न लाग्ने विर्ता (वीरता) १२८. विद्रोह । १२९. पक्षपात । १३०. आफुसँग । १३१. परिशिष्टमा । १३२. आफ्नै हातमा अटल । १३३. परिशिष्टमा । १३४. २४० । को खानगी । १३५. घुस । १३६. परिशिष्टमा । १३७. परिशिष्टमा । १३८. दक्षिण भोजन । १३९. उब्रेका । १४०. परिशिष्टमा । १४१. कासिम अली । १४२. एक सय बिस खाँडा । १४३. मेचर किनलाकूका साथमा आएको प्रबन्धक निजामति अफिसर हार्डि । १४४. लखनऊ । १४५. सञ्चालन कौशल (तुल कलामत ठ्याकठुक ट्याङ) । १४६.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्टमा । १४७. वृत्तान्त । १४८. परिशिष्टमा । १४९. परिशिष्टमा । १५०. थुम् । १५१. शेषभूमिको तिरो भरि राखनु । १५२. सन्देह । १५३. पात्तर केटा । १५४. पात्तरहरु । १५५. आवतजावत । १५६. सुरक्षित । परिशिष्टमा पनि ।

परिशिष्ट

एकदन्ता हात्ती र नवलाषि हिराको हार– दिग्बन्धनसेनकी बहिनी श्रीइन्द्रकुमारीसँग मकवानपुरमा श्रीपृथ्वीनारायणशाहको विवाह हुँदा कन्यालाई पहिराएका गहनाको नाम गोर्खावंशावलीमा चन्द्रहार लेखिएको छ । त्यस चन्द्रहारले सो ठाउँ उज्यालो हुँदा दीप चलाउनु परेन भन्ने पनि लेखिएको छ । पृथ्वीनारायणशाहले भनेको नवलाषि हिराको हार यही होला । 'नवलाषि' भन्ने एक पारिभाषिक शब्द हो । यसको अर्थ बहुमूल्य हो । कन्यादानका साथमा लगाएको यो हार दुलहीलाई दाईजो दिन दिग्बन्धनसेनले स्वीकार न गर्दा, उसै समय खलबल भै पृथ्वीनारायण शाह रित्तै फर्कनु भएको थियो । एकदन्ता हात्तीमा सम्भवतः दुलहीलाई अन्माएका थिए । पछिबाट त्यसका सट्टामा साधारण हात्ती दिएका थिए । यस प्रकार एकदन्ता हात्तीका विषयमा पनि विवाद चलिरहेकै थियो ।

थर घर– श्री ५ द्रव्यसाहलाई गोर्खामा राज्यस्थापना गर्नामा पसेका भारदारहरूमा गणेश पाँडे, नारायणदास अर्याल, भगीरथ पन्थ, गंगाराम राना, सर्वेश्वर खनाल र केशव बोहारा यी छ थर मुख्य थिए । इनका सन्तानमा एक २ जना राजसभामा र युद्ध आदिमा राख्ने गोरखाली राजाहरूको नियम थियो । इनी छ थर कहिन्थे । बोलचालमा थरघर भनिन्थ्यो ।

बाइस चौविसी– उस समय शल्यानादेखि बझाङसम्म २२ राज्य र लमजुङ तनहुँदेखि प्यूठानासम्म २४ राज्य थिए । गोरखालीहरू यिनलाई बाइसी चौबिसी भन्दथे । बाइसी राज्यहरूः– जुमला-रूकुम-शल्याना-मालनेटा-फलावाङ्-गुर्माकोट-दाङ-छिल्ली । जाजरकोट-जाहारी-रोल्पा-बाँफी- । दुल्लू-दैलेख-गोताम- । अछाम-बिमकोट-मुसिकोट- (पल्लो) दर्ना-बझाङ-बाजुरा-थलहरा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौबिसी राज्यहरू:– लमजुङ-कास्की-नुवाकोट-तनहुँ-गरहुँ-भिरकोट-ढोर-पैयूँ । तनहुँ-रिसिङ-घिरिङ-गजरकोट । पाल्पा-गुल्मी-अर्घा-खाँची । पर्वत-गलकोट-मुसिकोट-धुरकोट-इस्मा । प्यूठाना-खुमरी-विमरी ॥

शास्त्रमा कहेको छ- **मनुस्मृति** (७-५४) अनुसार सात वा आठ मन्त्री आवश्यक थिए ।

मौलाञ्छास्त्रविदः शूराँल्लब्धक्षान् कुलोद्‌गतान ।

सचिवान् सप्त चाष्टौ वा प्रुर्वीत परीक्षितान् ॥

कामन्दकीय नीतिसार (४-२५) अनुसार राजा र प्रजाका प्रेमपात्र भएका मन्त्री आवश्यक हुन्छन्–

कुलीना : शुचय : शूरा : श्रुतवन्तोऽनुरागिणः ।

दण्डनीतिप्रयोक्तारः सचिवाः स्युर्महीपते : ॥

महाभारत शान्तिपर्व (८५-११) अनुसार मन्त्रीहरूले आफ्नो नीति प्रजाका सामुन्ने राखेर उनको स्वीकृति लिनु आवश्यक थियो–

अष्टानां मन्त्रिणां मध्ये मन्त्रं राजोपधारयेत् ।

ततः सम्प्रेषयेद्राष्ट्रे राष्ट्रियाय चदर्शयेत ॥

अनेन व्यहारेण द्रष्टव्यास्ते प्रजाः सदा ।

यिनै प्राचीन राजनीतिशास्त्र अनुसार रामसाहका समयदेखि गोरखामा वैध शासन चलिआएको हुनाले पृथ्वीनारायण शाहले प्रधानमन्त्री नियुक्त गर्दा प्रजाको अनुमति लिएको देखिन्छ ।

विराज वषेति– पृथ्वीनारायण शाहसँग काशीयात्रामा सफल परिश्रम गरेका हुनाले इनलाई मन्त्री गराउने इच्छा हुनु स्वभाविक थियो । तर निरंकुश शासन न हुनाले र प्रजाले न पत्यायेका हुनाले कालुपाँडेलाई मन्त्री बनाउन बाध्य भये ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गौटान्को विराई– गोरखा देखि पर लमजुङदेखि वर दरौदी पारि चेपवे वारि लिगलिग कोटका वरिपरि गोपलिङ खोपलिङ् भुशुण्डी छोप्राक आपपिप्पलभन्ज्याङ्ग भिरकोट र गाइखुरे आदि ठाउँलाई गौटानको विराई भनेको हो । खाबाको अथर्ग खाइ हो ।

बराहा उमराउ– चौविसी राजाहरूले राज्यका सीमानामा गढी बनायेर अध्यक्ष वा अमीर राखने गरेका थिये । इनको पदवी अमीर शब्दको बहुवचन उमराउ चलि आयेका थियो । गढीका आसपासका जग्गा खानगीमा दियेर सैनिक भर्ना गर्ने अधिकार इनलाई थियो । उमराउहरू स्थायी रूपले रहँदा भ्रष्टाचार पनि चल्दथ्यो । यसै कारणले पर्वतका राजा कीर्तिवममल्लले आफ्ना भारदारलाई एक पत्रमा शोधेका थिये- "उमराउहरूले कटक गर्न्या बल ल्यायाको छकि देश बुझाउन्या बल ल्यायाको छ त्यो याद पनि गर" स्थायी उमराउहरूमा यो दोष हुने देखेर पृथ्वीनारायण शाहले प्रत्येक वर्ष परिवर्तन गर्ने निर्णय गरेका थिये ।

लाषिविषि– सैनिक सहायताका सट्टामा पहिले एक लाख विस रूपैयाँ दिने नियम थियो । यतिको रूपैयाँ छोटा मोटा राजाहरू दिन समर्थ थियेनन् तापनि जति दिये पनि लाखविसि भन्ने परिभाषा बनेको थियो । यो कुरा वंशावलीहरूमा पनि पाइन्छ ।

चारै वादसाहि– भारत, चीन, रूस र रूमसंग अभिप्राय होला ।

शिवपुरी.......... काहुल्या- पहिले राजधानीको रक्षा अत्यावश्यक हुनाले उपत्यकाका वरिपरिका डाँडामा चार दिशा पट्टि शिवपुरी फुलचोकी चन्द्रगिरी र महादेवपोखरीमा किल्ला (गढी) बनाउने निर्देशन गरेका र यहाँपछि उपत्यकादेखि निकै टाढा रहेका पालुङ दापचा र काहुल्यामा किल्ला बनाउने निर्देश गरेका हुन् । यी ठाउँ नाकामा परेका हुनाले गढ बनाउन गोइ थिये ।

फलामे ढोका– नाकाका गढीबाट वारपार गर्ने ठाउँमा जो फलामे ढोका राखियेका थिये । तिनमध्ये सिन्धुली र चिसापानीका गढीका ढोकाहरू श्री ५ राजेन्द्रविक्रम शाहका समयसम्म रहेको उल्लेख यदुनाथ पोखऱ्यालले यसरी गरेका छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पल्टन कोत निवास उदैपुर गढी गढ् मत्स्यरेखा पनि ।
पौवा गढ् सिंधुली महाँ सखतमा किल्ला त पक्का बनि ॥
पर्थ्यस्को गढ ध्यो उचाइछ अति ठोका फलामका तहाँ ।
लाखौ वैरि निपात् हुन्या छिनमहाँ यस्तो बखत्को कहाँ ॥६॥
चौखमपानि गढी बली सखतमा ऊँचा पर्खाको अति ।
झीशागढ बल्लो तारो चौखुट महाँ प्रख्यात न जान्नू पति ॥
किल्ला जब्बरमा सामूचल अति लोहाकि ढोका तहाँ ।
पान्हीं अकृत पानि पश्चिमदिशा गढ् स्वर्णवारा लेक् महाँ ॥८॥
(पुराना कवि र कविता)

बाह्रहजारको थिति– पहिले गोरखामा बाह्र हजार घर हुनाले राज्य भरको घर संख्या बाह्र हजार मानियेको थियो । राज्यवृद्धिका साथ घरका संख्याको बृद्धि हुँदै जाँदा पनि लागू हुने गरी बाह्रहजार भन्ने शब्द एक परिभाषा बनेको थियो । पृथ्वीनारायण शाहका अन्तिम समयमा राज्य भरको घर संख्या पुगनपुग तीन लाख भयेको हुँदो हो ता पनि बाह्रहजार भन्ने पारिभाषिक शब्द प्रयोग गरेको देखिन्छ ।

रस्ता बन्द गरि– भोट र बङ्गाल विहारको व्यापार मुख्य गरी नेपाली महाजनका हातमा थियो तापनि मुगलानाका सन्न्यासी र वैरागीहरू पूर्व पश्चिमका मुख्य हमिालयका घाटाबाट लुकि छिपी व्यापारी माल लैजान्थे । यसबाट नेपाली व्यापारीको हानी भैरहेको हुनाले सन्नयासी बैरागी आदिको कालो बजार बन्द गर्ने पृथ्वी नारायणशाहको उत्कट इच्छा देखिन्छ ।

चिस्व ढुंगो– उस समय ढुङ्गो शब्द राज्यका अर्थमा व्यवहार हुन्थ्यो । चिसो ढुङ्गाको अर्थ सेलायेको वा फूर्ति न भयेको राज्य हो ।

गोढप्रसाह– शु.रू. गढ पर्सा । पर्सा जिल्लाका लगभग माझमा पारसनाथको मन्दिर छ । इनै देवताका नामबाट जिल्लाको नाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको र यस मन्दिरदेखि थोरै पूर्वपट्टि पर्सा गढको खण्डहर अचेल पनि पाइन्छ । यसैलाई गढपर्सा भनेको हो । यहाँदेखि बाहिरी तराई समाप्त भएर चुरेको जङ्गल सुरू हुन्थ्यो । बारा जिल्ला पट्टि यस्तै नाका बारागढीको खण्डहर पनि पाइन्छ । गढपर्साको अर्थ यस्ता सबै गढीसँग सम्बन्ध राख्तछ ।

च्यांगा पांगा- स्वदेशी घरबुना लोग्नेले लाउने सेतो खाँडी कोरालाई च्याँगा र हर्रो मजिठो पाँगामा रंगायेका स्वास्नीले लाउनेलाई पाँगा भनेको हो । भाङ्रा पाखी खाँडी कोरा मोटा खस्रा जस्तै भये पनि स्वदेशीको नै व्यवहार गर्नु भन्ने अभिप्राय हो ।

सबै जातको फुलबारी हो- यहाँ सबै जात भनेर सम्पूर्ण प्रजालाई लियेको छ । सबै प्रजाको यौटै फुलबारी मानेर पृथ्वीनारायण शाहले उदार विचार थामि लोकतन्त्रको भावना जगाई राखेको देखिन्छ ।

दुवौ वोटि- शु.रू. दुबैबोटि । अर्थात् मोहीबीटि र तलसि बोटि । कविलाको अर्थ हो परिवार । ढोकाको अर्थ हो राजधानी ।

सात पगरि- अनुमान गर्न सकिन्छ कि, जमदार, सार्जङ, निसान, अनिटन, भाट, पुरोहित र बाजानाइक्या होलान् ।

खसब्राहुन- क्षेत्रीय र ब्राम्हण । पूर्व पश्चिम भन्नाले आफ्ना राज्यदेखि बाहिर पूर्व पश्चिममा रहेका ।

तीन थुम- लिग लिग, शल्यान र धादिङका गढीहरू बलिया भयेर पुराना राज्यलाई डग्न नदियेकाले राज्य बढाउन सजिलो भयेको हो भन्ने वाक्यको सारांश हो ।

टकसार पनि चोखो चलाउनु- मल्ल राजाहरूका टक शुद्ध चाँदीका ढालिन्थे । खाली चाँदीको मोलमा र टक मारेका चाँदीको मोलमा अन्तर रहँदैनथ्यो । जयप्रकाश मल्लले अलि २ गरी अरू धातु मिसायेर चाँदीका टक ढालेका थिये । पछि २ कसर ज्यादा बढाउँदा खराब देखिन लागेको थिये । पृथ्वीनारायण शाहले अलि२ गरी अरू धातु मिसाएर चाँदीका टक ढालेका थिए । पछि २ कसर ज्यादा बढाउँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

खराब देखिन लागेका थिए । पृथ्वीनारायण शाहले शुद्ध चाँदीका आफ्ना नामका टक चलाउँदै गरी खराब टकहरू चलनमा आउन रोके । खराब टकहरू भोटमा ज्यादा पुगेका र तिनको चलन नेपालमा रोकिँदा भोटसँग कलह चलेर वि.सं. १८४९ का चीन युद्धका समाप्तिपछि त्यो कलह शान्त भयेको थियो ।

ठकुरी जाँची डिट्ठा राख्नु- उस समयमा ठकुरी र मगर हरूमा स्वार्थीपन कम रहन्थ्यो र द्रव्यका लोभी हुँदैनथे । यसै कराणले घुस न चलोस् भनेर इनलाई अदालत सौपने काम पृथ्वीनारायण साहले गरेका थिये ।

नागा झिकायर- नागा झिकाउने रणजितमल्लको नाम पृथ्वीनारायण शाहले न लिई उनको सम्मान राखेका हुन् । पृथ्वीनारायण साहले गुरू मानेका गुलाबराम बैरागी उनसँग असन्तुष्ट भै जयप्रकाशमल्लसँग मिलेर ५००। सय नागा वैरागीलाई हतियार दी गोर्खाली घेरा उठाउन सिंदुलिको बाटो गरि भक्तपुरतिर पठायेका थिए ।

तिलङ्गा- अंग्रेजहरूले पहिले तैलङ्ग देशमा युरोपीय शैलीसङ्ग जो सैनिक तैयार गरेका थिये ती सैनिक बंगालमा आउँदा बंगालीहरूले तिनलाई तिलंगा भनेका हुनाले यो नाम बन्दुकधारी सैनिकका निमित्त रूढि नाम बन्यो । वा गुरूङ भाषामा पठ्ठा ठिटालाई तिलङ्गा भनिने र चुनि यिसपाही पट्ठा हुनाले सैनिकलाई तिलङ्गा भनिन्छ ।

तुरकाना- पहिले भारतमा आक्रमण गर्ने महमूद गनजवी तुर्क थियो । तेसकारण पछिको अफगान र पठान आक्रमण कारीहरूलाई पनि तुर्क भन्ने चलन चल्यो । पन्ध्रौं शताब्दीका आरम्भमा बंगालका बादशाहले नेपालमा गरेका आक्रमणलाई यहाँ तुर्काना कहियेको छ ।

आधा थुम् भेटि- पृथ्वीनारायण शाहका राज्यमा थुम थुममा उमराउका अधीनमा सैनिक रहन्थे । उनले इ सैनिकलाई आधा मात्र थामि शेष आधा सैनिकलाई बन्दूकधारी कम्पनीमा परिणत गरायेका थिये । मुगलका राज्यबाट आयेका बन्दुकले पनि शासन चलायेका हुनाले मुगलका अधिकारको दोष मेटियो भनेका हुन् । सैनिक शक्ति बढाई अजेय हुनुपर्छ भन्ने अभिप्राय हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गमन- गमनको अर्थ गम्भीर गम खाने खदिलो हो । राज्यको धन बाहिर नगएमा धन धान्यले पूर्ण भै फलने फुलने कुरा स्वभाविकै हो ।

नुवाकोटे देवीघाट पृथ्वी. चिताको शिलालेख-

"मास्तां शाकः कदाचिद्रसनिधि नृपयुग माघमासोऽपि मास्तां,

मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्योदयोऽपि,

यास्मिन राजेन्द्रवर्यो विविधजनमनः शान्तिकृत् ख्यातकीर्तिः

पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमिम् ।।"

भाषा वंशावलीमा १ जना सती गएको भन्ने देखिन्छ । काजी शक्ति बल्लभ भट्टाचार्य (अर्याल, आत्रेय) ले रचना गरेका जयरत्नाकाकर नाटकमा ११ जना सुसारे केटीहरूका साथमा महारानी नरेन्द्रलक्ष्मी र २ जना उपरानी समेत जम्मा १४ जना सहगामिनीहरू भएको कुरा लेखेका छन् । उनी त्यसबेलाका दरबारका पण्डित भएकाले सती गएकाहरू १४ रानीलाई आफ्नो आँखाले देखेका हुनसक्छ र यो कुरा विश्वास योग्य छ । झण्डै १०० वर्षपछिका ललितपुर (पाटन) महावौद्धमा बसेका पं.सुन्दरानन्द बाणाले त्रिरत्न सौन्दर्य गाथामा महारानी समेत ९ जना सती गएको भन्ने लेखेका छन् । त्यसैका आधारमा पर्वतका राजा कीर्तिवन मल्लले जम्मा ९ जना सती गएको भनी आफ्ना मानिसलाई पत्र लेखका छन् । अस्तु सेलाउन जानेले बडामहाराजा पृथ्वीनारायणको र नरेनद्रलक्ष्मी महारानीको २ मात्र अस्तु सेलाएको देखिन्छ ।

यसरी गोरखा (नेपाल) राष्ट्रका निर्माता एवं स्तम्भ बडामहाराजा श्री ५ पृथ्वीनारायण शाह अस्ताउनु भए पनि उनका दिव्य ज्योतिकै न्यानो प्रकाशमा हामी छौं ।

श्री ५ पृथ्वीले परलोक हुनुभन्दा अघि नुवाकोटमा दिनु भएको दिव्य उपदेश (महावाणि) मार्ग-दर्शनीय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्री गणेशाय नमः

भूकम्पमा कालसर्प योग

१९९० साल माघ २ गते दिनको २:२४ बजेको समयमा गएको भूकम्पमा तत्कालनि ग्राहगोचर लग्नको अध्ययन गर्दा २ गते सोमबारे औंसी तिथि पनि परेको रहेछ । ६ वटा ग्रहहरू एकै ठाउँमा जुटेर कालपर्स योगले घेराभित्र पारेको रहेछ, शत्रु मित्र ग्रहको प्रभावमा पृथ्वीले थाम्न बडो मुस्किल भई भूकम्प गएको बुझ्न सकिन्छ । (भूकम्प ८.६ रेक्टर)

१९९० सालको गोचर कुण्डली



१९९० सालको लग्न कुण्डली



२०४५ साल भदौ ५ गते बिहान ४:४५ बजे गएको भूकम्प पनि अर्धकालसर्प योग परेको रहेछ । अलि सानै आएको देखिन्छ । कर्कट लग्नको समयमा गएको भूकम्पको सानो धक्का दिएको २०७२ साल बैशाख १२ गते शनिबार दिनको ११ बजेर ५६ मिनेटमा आएको विध्वंशकारी भूकम्प पनि कालसर्प योग नै परेको रहेछ । नेपालको राशि बृश्चिक पर्दछ । शनि अहिले यही राशिमा बसेको छ । यो पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९९० सालको लग्न कुण्डली



२०४५ सालको लग्नकुण्डली



२०७२ सालको गोचर कुण्डली



२०७२।१।१२ को लग्नकुण्डली



एउटा कारण हो । यो वर्ष शनि राजा मंगल मन्त्री भएको हुनाले पृथ्वीलाई हान्नु यो पनि एकै हो । शनिको मंगललाई शत्रु नै हो भन्दछन् । बृश्चिक राशिको शनि मेष राशिको मंगल हुँदा सोझै छैटौं शत्रु राशिमा परेको हुनाले मंगल पृथ्वीको छोरा भएकाले शनिले ठूलो धक्का दिएको बुझ्नु पर्दछ । यो वर्ष बाढीपहिरोको पनि ठूलो भय छ । पहाड पखेरा खोला किनाराहरूमा पनि ठूलो क्षति हुन सक्छ । पहिले नै सतर्कता अपनाउनु पर्ला । यो सन्देश ज्योतिषीहरूको अनुसन्धान हो, सबैले बुझ्नु पर्दछ । (भूकम्प ७.९ रेक्टर)

उपेन्द्र गौतम/शम्भुहरि बास्तोला
ज्योतिष अनुसन्धान परिषद् नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वास गर्नुहोस् या नगर्नुहोस् त्यो चिन्तनमा भरपर्दछ

- संयोग वा नियति ज्योतिष विज्ञानअनुसार पूर्व संकेत गरिएको २०७२/१/१२/७ महाप्रलय ७.८ रेक्टरको भुकम्पको केन्द्र गोरखाको बारपाक जहाँ माओवादीले युद्धकालमा सबैभन्दा बढी राष्ट्रिय जनावर पूजनीय गाईको हत्या गरेका थिए । हिन्दू परम्परामा गाईलाई आमा र राष्ट्रिय जनावर समेत रहेकोले हत्या गर्नु सर्वथा अपराध मानिन्छ । वैशाख ५ गते त्यही माटोमा शिवजीको मूर्ति बनाई गौहत्या गरिएको थियो ।

पञ्चांग निर्णायक समितिमा क्रिस्तान चलखेल

वैदिक मान्यता बोकेको नेपाली पात्रोलाई समाप्त पार्दै हजारौं हजार वर्षसम्म चलिआएको ज्योतिष पात्रोलाई क्रिश्चियन रणनीतिमा नामेट पार्न पञ्चांग निर्णायक समिति खारेज गर्ने ११ महिने पात्रो बनाउने षडयन्त्रमा ई हरिनारायण मल्ल, हालका पञ्चांग निर्णायक समितिका वर्तमान अध्यक्ष रामचन्द्र गौतम संलग्न थिए । उनको कार्यपत्रमा वेदनिंदा गरी सुरू गरिएको पाइन्छ । उनी वाल्मीकि क्याम्पसका कथित धर्मशास्त्र विभागका अध्यक्ष पनि हुन् । बडागुरूज्यू डा.माधवप्रसाद भट्टराईले त्यो षडयन्त्र असफल पार्दै ज्योतिष विज्ञानको पूर्ण रक्षा गर्न निभाएको भूमिका अविस्मरणीय रहेको छ ।

- गोरखाली र गोरखनाथको अपमान गर्दै गौहत्या गराउने, बाबुराम जस्ता आततायीहरूको उदय विनाशकारी हुन सक्छ । १७ हजारको हत्या र पापले तड्पेको आत्मा थाम्न नसकेर जनता र गौमाताको हत्यारा बाबुराम भुकम्पपछि गोरखनाथको टीका थाप्न पुगेछन् (हेर्नोस् अन्नपूर्ण पोष्ट २०७२/१/२५ ।
- २०६३ साल मा १०.२६ मिनेटपछि दशैको घटस्थापनाको साइतमा विदेशी (क्रिस्तान) गाईको मासु खाएर कञ्चनजंघा र पाथीभरा देवीको क्षेत्रमा दुर्गा माता प्रकट हुने दिन त्यही पाथीभरादेवीलाई नाघेर हवाई उडान गर्दा दुर्घटना हुन गयो । जहाँ डा. हर्क गुरूङ्ग सहित (क्रिस्तान) विदेशीहरूको मृत्यु भयो । कञ्चनजंघा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाथीभरा, पशुपतीनाथ लगायतका देवस्थलहरू नाघ्नु हुँदैन भन्ने मान्यता र विश्वास छ । भूकम्पपछि उद्धारमा आएको अमेरिकी विमान दोलखामा कालिन्चोक भगवतीलाई नाघ्दा दुर्घटना भएको छ ।

- रसुवा, नुवाकोट, सिन्धुपाल्चोक जस्ता क्षेत्र चीनसँग सिमा जोडिएका क्षेत्र हुन् । क्रिश्चियनहरूले चर्चकरण गर्दै आराध्य देव भगवान शिवको मूर्तिमा गौहत्या गर्दै रगत खाएका थिए । नाग देवताको सिन्धुपाल्चोकको जुरेमा हत्या गरिएपछि सुनकोसीमा पहिरो र भूकम्पीय बिनास भएको भन्ने विश्वास छ । विडम्बना नियति या संयोग कथित क्रिस्तानको 'प्रे' (प्रार्थना)कै समयमा भूकम्प आएको छ ।
- पौराणिक धार्मिक स्थल भएका क्षेत्रहरूमा आततायि नास्तिक अपराधीहरूले राज्यको प्रतिनिधित्व गरिरहेका छन् । जसका पछाडि शिवरात्रीमा स्थापित नेपाली सेना होइन त्यो सेनाको नेतृत्व कब्जा गरेको क्रिस्तान (पश्चिमा) धार राष्ट्रिय अनुसन्धान विभागले पश्चिमाको आडमा रक्षा गरेको छ । जस्तो (क) पशुपती क्षेत्रमा माधवकुमार नेपाल, गगन थापा, (ख) देवघाट क्षेत्रमा रामचन्द्र पौडेल (ग) उग्रतारा (डडेलधुरामा) शेरबहादुर देउवा (घ) गोरखकाली गोरखनाथ क्षेत्रमा बाबुराम भट्टराई (ङ) पाथिभरा क्षेत्रमा झलनाथ खनाल, सुवास नेम्वाङ (च) मिथिला क्षेत्रमा विमलेन्द्र निधि (छ) रूरू क्षेत्र चन्द्र भण्डारी (ज) सुनकोशी क्षेत्र अग्नी सापकोटा (झ) बुढानिलकण्ठ क्षेत्र नरहरि आचार्य (ञ) अर्घादेवि क्षेत्रमा टोपबहादुर रायमाझी (ट) स्वर्गद्वारी क्षेत्रमा मोहनविक्रम सिंह (ठ) लुम्बिनी क्षेत्रमा बालकृष्ण खांण (ड) खप्तड क्षेत्रमा भिम रावल (ढ) सुपादेउराली क्षेत्र डा. दुमन थापा (ण) उत्तर गया क्षेत्रमामा डा. रामशरण महत (त) जयबागेश्वरी क्षेत्रमा शुशिल कोइराला (थ) मौलाकाली क्षेत्रमा डा. शशांक कोइराला लगायत क्रिस्तानी ऐजेण्डा पक्षधरहरू रहेका छन् । क्रिस्तान एनजीओमा खटिने एमाले वर्ण शंकरकरण बनेको छ । दक्षिण कोरियाली नारीले पहिलो रात गोराहरूलाई सुम्पे झैं त्यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनरावृत्ति गराउने खेल खेलिँदै छ ।

- पुराणमा नेपाल देवभुमि भएको प्रष्ट लेखिएको छ । द्वापर युगमा युधिष्टिर प्युठानको स्वर्गद्वारीसम्म आइपुगेको महाभारतमा छ । यो देवभूमि समाप्त गर्न पश्चिमा क्रिश्चियन आततायीहरूले राजनीतिक, धार्मिक, सांस्कृतिक, आर्थिक, चौतर्फी निशाना लगाएका छन् । भूकम्पपछि पश्चिमाहरूको राहतको प्याकेटमा सुनियोजित बाइबल भित्रिएबाट धर्मनिरपेक्षताको ईसाई एजेन्डा नांगेभार भएको छ । अब पतन धर्मनिरपेक्षतावादी देशद्रोहीहरूको वंश विनाश भुकम्पको अर्को रूपमा प्राकृतिक विपत्तिकै रूपमा नआउला र ?
- भुकम्पको पुननिर्माणमा ख्याल गर पिपलको रूखमा कुनै देवमुर्ति ढलेको छ भने त्यही नै निर्माण गर । धर्मान्तरण र बाइबलमा रोक लगाउ आमालाई बलत्कार, छोरीलाई बेश्या छोरालाई दास बनाएर दक्षिणकोरिया, दक्षिण अफ्रिका नबनाऊ । स्थानीय निकाय निर्वाचन रोक्नु ईसाईकरण अभियानकै शिलशिला हो । एनजिओको भूमिका क्रिस्तानीकरणकै अर्को पाटो हो ।
- भारतको बफादार ऐजेण्ट देखाउँदै क्रिस्तानी मिसनका अनुयायी डा. बाबुराम भट्टराईले सेना, प्रहरी, नेपाल सरकारको राजपत्र आदेश निर्देशन मार्फत उल्लेखित, जन्ती, मलामी, सम्मान, सलामी, विहेमा घोडा चढी, पल्टनका सजिएका घोडाहरू सरकारप्रमुख, राष्ट्र प्रमुख आउँदा जाँदा तोप पड्काएर दिइने सलामी पछिल्लो पटक पूर्व प्रधानमन्त्री मरिचमान (सिंह) श्रेष्ठलाई बञ्चित गरियो । परम्परागत संस्कृतिमा देखिएको पक्षपात पाखण्डीपन विरूद्ध नाराबाजी मात्र नभएर जनताको मौन चित्कार चर्को रह्यो । यो बाबुरामको क्रिस्तानी मिशन सफल पार्न भारतको विश्वास पात्र बनेर भ्रममा खेल्ने रणनीति हुनसक्छ ।
- जीवित देवीको देशमा कुमारी देवीको निधारमा कण्डमको विज्ञापन गर्दै क्रिस्तानहरूले घोर अपमान गरेका थिए । उनीहरू हाम्रो मौलिक धर्म-संस्कृति र राष्ट्रिय अस्मितामाथि निन्दा, अपमान र तिरस्कार गरी नै रहेका छन् । राज्य व्यवस्था क्रिस्तानको लाचार छायाँजस्तै निरीह छ । राजनीतिक पार्टीका नेताहरू उनीहरूकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोठालाजस्ता देखिन्छन् । यति हुँदा पनि हामी कहिलेसम्म मूकदर्शक बनिरहने ?

- २०७२ बैशाख १२ को महाभूकम्पमा निर्दोष सोझासाझा जनतालाई क्रिस्तान आततायीले प्रभु येशुले रक्षा गर्नुहुन्छ भन्दै चर्चभित्र चुकुल लगाएर सामूहिक हत्या गराएका छन् । कपनको ७ तल्ले इभान्जेलिक र सीतापाइलाको क्याथोलिक चर्च जसमा क्रमशः ८० र ३०० जनाको हत्या भएको छ । यो संख्या हजारौं छ । यो उदाहरण मात्र हो । यी क्रिस्तान पादरी, पास्टरलाई अन्तर्राष्ट्रिय फौजदारी अपराधअन्तर्गत मानव हत्याराको रूपमा कारबाही गरिनुपर्दछ । अहिले राज्यले गैरजिम्मेवार भएर मृतक क्रिस्तानहरूको संख्या लुकाइरहेको छ । त्यसको भर्त्सना गर्दै क्रिस्तानले गराएको सामूहिक हत्याको संख्या सार्वजनिक गर्न जरूरी छ ।
- वर्तमान सत्तापक्ष र प्रतिपक्षीहरूले अभ्यास गरिरहेको लोकतन्त्र (वास्तवमा लुटतन्त्र) जनताको जीवनशैली र मानवताका सवल पक्षभन्दा ठेकेदारले टेन्डर जितेको वा ससुरालीबाट दाइजो नै आएजस्तो गरी देश लुट्ने कार्य भइरहेको छ । देशी विदेशी मतियारहरूबाट पनि सहयोग भइरहेकै छ । यथास्थितिकै चुनावको निरन्तरता रहिरहने हो भने चोर, डाँका, फटाहा, पैसा र गुण्डाको आडमा यो प्रवृत्तिले सफलता पाइरहन्छ । राष्ट्रलाई माया गर्ने अर्को दह्रो शक्ति स्थापित गर्न सकिएको खण्डमा यिनीहरू देश छोडेर भाग्नेछन् । मन्त्री लालबाबु पण्डितको विदेशी नागरिकता, ग्रिन कार्ड, पीआर आदि लिने सेना, प्रहरी, निजामती, राजनीतिक भरौटेविरूद्धको कारबाही अघि बढ्नुपर्दछ । विश्व बैंकलगायत विदेशी बैंकको रकम फिर्ता गराउनुपर्दछ । सार्वजनिक पद धारण गर्दा धर्मघोषणा गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुसूची १

बाइबलको शपथ खाँदै नेपालगन्जको चर्चमा एमाओवादी सचिव कृष्णबहादुर महरा

CC-0. Nepal Sanskrit Academy ,Kathmandu Collection

अनुसूची २

रामचन्द्र पौडेल

पूर्व उपप्रधानमन्त्री, सांसद्, महामन्त्री, ने.का.

प्रना.उ. यादवराज खनालबाट जि.प्र.का. तनहुँबाट निजको व्यक्तिगत पारिवारिक विवरण फ्याक्समार्फत संकलन गरेको, बालाजुस्थित निजको घरको नक्सा, उक्त घरको फोटोकी, जग्गाधनी प्रमाणपत्र, नक्सापास प्रमाणपत्र, प्रधानमन्त्रीको कार्यालयबाट निजको सम्पत्ति विवरण फिकाइएको, सहन्यायाधिवक्ता राजेन्द्र पोखरेलबाट निजकी श्रीमती, छोराछोरीको विभिन्न बैंकहरूबाट खाता लकर

स्मरण रहोस्, २०५८ जेठ १९ गते भएको दरबार हत्याकाण्ड लगत्तै विना अनुसन्धान बेगर नै प्रायोजित रूपमा दीपेन्द्रले नै हत्या गरेको अन्तर्वार्ता सञ्चारमाध्यमलाई रामचन्द्र पौडेलले दिएका थिए । यसबाट हत्याकाण्डबारे उनी पूर्व जानकार भएको आफैंले पुष्टि गरेको देखिन्छ । मूलधारका दैनिक, साप्ताहिक पत्रिकाका कतिपय सम्पादक र रिपोर्टरहरू समेतको भूमिका संदिग्ध छ । आवश्यक नठानिएकोले राखिएन ।

विवरण संकलन गरिएको समेत पाइयो । निजविरूद्ध आयोगमा पर्न आएको द.नं. १९।०६१।४।९ को फ्याक्स उजुरी संकलन पाइयो । साथै निजको फायलको अगाडिपट्टि फाइल नं. Royal लेखिएको देखियो । (स्रोत: विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगको ज्यादतीका सम्बन्धमा जाँचबुझ आयोग २०६३ को अप्रकाशित प्रतिवेदनबाट) उनको नम्बरको अगाडि Royal लेख्नुको अर्थ दरबारभित्रको राणा केन्द्रका सी.आई.डी. थिए भन्ने कुरा प्रष्ट पुष्टि भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखकका बारेमा

पेशलकुमार निरौला लामो समय नेपालको प्रजातान्त्रिक आन्दोलनमा संलग्न भई दुई वर्ष जेल जीवन व्यतित, नेपाल विद्यार्थी संघको केन्द्रीय सदस्य, पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईका स्वकीय सचिव, पृथ्वीनारायण शाह राष्ट्रिय एकता अभियानका महासचिव साथै विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय (केन्द्रीय) समितिका सल्लाहकार हुनुहुन्छ । सोलुखुम्बु जिल्लाको परिचय, सगरमाथा पुकार, ओमकार श्रेष्ठका विचार र रचना आदि पुस्तकको लेखन तथा सम्पादन गर्नुभएका निरौलाका विभिन्न राष्ट्रिय पत्रपत्रिका र जर्नलहरूमा इतिहास, राजनीति, धर्म-संस्कृतिलगायतका विषयमा दुई दर्जन जति लेख प्रकाशित छन् । हाल नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिविमा उपप्राध्यापक रहनुभएका उहाँ त्रिवि प्राध्यापक संघ सिनासका सभापति पनि हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै पुस्तकबाट...

'नेपाल फेरी हिन्दू राष्ट्र हुन्छ । नेपाललाई धर्मनिरपेक्ष बनाउने नेताहरू अदूरदर्शी, पटमूर्ख र अविवेकी मात्र होइनन्, चण्डाल पनि हुन् । ८५ प्रतिशत हिन्दू भएको मुलुक हिन्दू राष्ट्र नभए के हुने ? नेपाल हिन्दू राष्ट्र थियो, आज पनि छ र भोलि पनि हिन्दू राष्ट्र नै रहनेछ ।

सन्त नेता कृष्णप्रसाद भट्टराई

○○○

विश्वेश्वर प्रसाद कोइरालाले पशुपतिनाथलाई अजाबघर (म्युजियम)मा राख्नु पर्दछ भन्ने नास्तिक कुरा गरेर चोट पार्नुभयो । भष्मासुर जस्तो दैत्यलाई बरदान दिने आशुतोष भगवान भोलेबाबा शिवशंकरले बी.पी. जस्तालाई क्षमा गरिदिनुभयो । बी.पी. कोईरालाले मन्दिरभित्रका पशुपतिनाथको मात्र होइन आर्यघाटको दक्षिणपट्टी राममन्दिरको पुलनिरको शिवलिङ्गलाई कुनै संग्राहलयमा राख्नु पर्दछ भने । उनको नास्तिकता र सामाजिक व्यवहार कटु सत्य हो ।

अरविन्द रिमाल

○○○

"धेरै क्रिश्चियनहरू माछाले जस्तै धेरै पिउँछन् र शनिवार राति आफ्ना श्रीमतीहरूलाई पिट्छन् । त्यसपछि आइतबार धर्मको मुकुण्डो ओढेर चर्चमा उपस्थित हुन्छन् ।

डी.बी. गुरुङ

○○○

"कोमल हृदयका स्त्रीहरूले आफ्नै हातले आफ्ना बालकहरूलाई पकाए । मेरो प्रजाकी छोरीको सर्वनाशमा तिनीहरूका नानीहरू नै आफ्ना आहार भए ।

बाइबल विलाप अध्याय४ः पद ।१०॥

○○○

जीसस क्राइष्ट भन्छन् ः म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनि नठान । शान्ति ल्याउन होइन, तर तरबार चलाउनलाई म आएको हुँ । किनकि म मानिसलाई उसका बाबुको विरूद्ध, र छोरीलाई तिनकी आमाको विरूद्ध र बुहारीलाई तिनकी सासूको विरूद्ध ल्याए । मानिसका शत्रु उसको आफ्नो परिवार भित्रकैहरू हुनेछन् ।

बाइबल मत्ती अध्याय १०, पद । ३४ । ३५ । ३६) ॥

○○○

मलाई साँच्चै नै भन्न मन लागेको छ कि चर्चहरूमा संगठित ईसाई धर्म संसारमा विकास हुने नैतिकताको शत्रुका रूपमा देखिएको छ र अब पनि मुख्य दुश्मनका रूपमै रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बर्ट्रान रसेल